# नेपाली

## कक्षा  १२

नेपाल  रकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

पाठ ९

# आमाको सपना

*गोपालप्रसाद रिमाल*



आमा, त्यो आउँछ र ?
"हो, बा, त्यो आउँछ
त्यो बिहानको सूर्य झैँ उज्यालो छर्दै आउँछ
त्यसको कम्मरमा झुन्डिएको शीत जस्तै टल्कने
तिमी एक हतियार देख्ने छौ
त्यसैले ऊ अधर्मसित लड्ने छ
त्यो आउँदा तिमी पहिले त सपना हो कि भनेर
छामछुम गर्ने छौ तर त्यो हिउँ र आगोभन्दा पनि
बढ्ता छोइने भएर आउँछ"
हो र आमा !
"हो, तिमी जन्मँदा तिम्रो कलिलो अनुहारमा
त्यसकै छाया देख्ने आशा गरेकी थिएँ
तिम्रो हिस्सी परेको हँसाइमा त्यसैको सुन्दर छवि
तिम्रो तोते बोलीमा त्यसैको मधुर ध्वनि
तर त्यो मिठो गीतले तिमीलाई
आफ्नो बाँसुरी बनाएनछ !
त्यो तिमी नै हौला भन्ने
मेरो यौवनभरिको सपना थियो
जे होस् त्यो आउँछ
म आमा हुँ, सारा सिर्जनाशक्तिको मुख भएर

म भन्न सक्छु
त्यो आउँछ
मैले यो कुनै अल्छी सपना देखेको होइन !
त्यो आएपछि तिमी यसरी
मेरो काखमा आएर घोप्टिने छैनौ
सत्य कुरालाई तिमी यसरी
चुम्बकिएर कथा सुने झैँ सुन्ने छैनौ
तिमी त्यसलाई आफैँ नै देख्न सक्ने, सहन सक्ने र
ग्रहण गर्न सक्ने हुने छौ
मैले यसरी धैर्य दिनुको सट्टा तिमी सङ्ग्राममा जाँदा
लाख सम्झाएर पनि नमान्ने आमाको मनलाई
सान्त्वना दिँदै बिदा हुने छौ
मैले यसरी रोगीलाई झैँ तिम्रो कपाल
मुसारिरहनुपर्ने छैन
हेरौँला, त्यो हुरी भएर आउने छ
तिमी पात भएर पछ्याउने छौ
उहिले त्यो जीवनलोकबाट झरेर जून जस्तै पोखिँदा
सारा जडता सगबगाएको थियो, बा,
त्यो आउने छ, तिमी उठ्ने छौ ।"
त्यो आउँछ कि आमा,
मधुर उषाले चराहरूको कण्ठलाई जस्तै
त्यो आउने आशाले मेरो हृदयलाई कुत्कुत्याइसक्यो आमा !
"हो, त्यो आउँछ,
त्यो बिहानको सूर्य झैँ उज्यालो छर्दै आउँछ

अब म उठेँ, गएँ

तर त्यो तिमी नै हौला भन्ने

मेरो यौवनभरिको सपना थियो !"

## शब्दभण्डार

१. **उस्तै अर्थ दिने शब्दबिच जोडा मिलाउनुहोस् :**

| **शब्द** | **अर्थ** |
|---|---|
| उषा | युवा अवस्था |
| सपना | कलकलाउँदो |
| यौवन | झिसमिसे उज्यालो |
| कलिलो | रमाइलो भविष्यको आशा वा कल्पना |
| सङ्ग्राम | गति |
| जडता | घाँटी |
| कण्ठ | मूर्खता |
| आशा | लडाइँ |
| | चाहेको वस्तु पाउने इच्छा |
| | कम्पन |

२. **अर्थसँग मिल्ने शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

(क) राती जमिन, रुख, पात आदिमा पर्ने पानीका ससाना थोप्ला

(ख) ओठमा राखी दाहिने कुमतिर फर्काई बजाइने बाँस, निगालो आदिबाट बनाइएको बाजा

(ग) लिने वा समात्ने काम

(घ) सिर्जना गर्ने क्षमता

(ङ) सन्तुष्ट हुने वा पार्ने वचन

(च) वेगसित चलेको हावा

३. **दिइएका शब्दको पर्यायवाची शब्द लेख्नुहोस् र तिनलाई वाक्यमा प्रयोग पनि गर्नुहोस् :**

वायु, आमा, मधुर, गरिमा, करुणा, नगर, दक्ष, एकान्त, धरती, शिशु

४. **दिइएका उखानको प्रयोग गरी आफ्नो जन्मस्थानको वर्णन गर्नुहोस् :**

एकले थुकी सुकी सयले थुकी नदी, नजिकको तीर्थ हेला, जिउँदाको जन्ती मर्दाको मलामी, आफू भलो त जगतै भलो, एक हातले ताली बज्दैन

५. **दिइएका पारिभाषिक शब्दलाई शब्दकोशीय अनुक्रममा मिलाउनुहोस् र शब्दकोशको सहायता लिई तिनको अर्थ पनि लेख्नुहोस् :**

देवानी, फौजदारी, वारेस, सरजमिन, मुचुल्का, अध्यादेश, अधिवक्ता, विधेयक, जमानत, बिगो, इजलास, कायलनामा, हदम्याद, सनाखत, तारिख

## बोध र अभिव्यक्ति

१. **गति, यति, आरोह र अवरोह मिलाई कविताको वाचन गर्नुहोस् र वाचनमा लाग्ने समय टिपोट गर्नुहोस् ।**

२. **'आमाको सपना' कविता वाचन गर्नुहोस् र यिनमा अभिव्यक्त विषयवस्तुको वर्णन गर्नुहोस् ।**

३. **दिइएको कवितांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

आमा, त्यो आउँछ र ?
"हो, बा, त्यो आउँछ
त्यो बिहानको सूर्य झैँ उज्यालो छर्दै आउँछ ।
त्यसको कम्मरमा झुन्डिएको शीत जस्तै टल्कने
तिमी एक हतियार देख्ने छौ
त्यसैले ऊ अधर्मसित लड्ने छ
त्यो आउँदा तिमी पहिले त सपना हो कि भनेर
छामछुम गर्ने छौ तर त्यो हिउँ र आगोभन्दा पनि
बढ्ता छोइने भएर आउँछ ।"

**प्रश्नहरू**

(क) 'त्यो' र 'तिमी' भनेका को को हुन् ?

(ख) किन क्रान्तिको आवश्यकता परेको हो ?

(ग) 'त्यो हिउँ र आगोभन्दा पनि बढ्ता छोइने भएर आउँछ' भन्नुको तात्पर्य के हो ?

(घ) माथिको कवितांशमा कस्तो शैलीको प्रयोग गरिएको छ ?

४. **तलको कवितांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

हो र आमा !
"हो, तिमी जन्मँदा तिम्रो कलिलो अनुहारमा
त्यसकै छाया देख्ने आशा गरेकी थिएँ
तिम्रो हिस्सी परेको हँसाइमा त्यसैको सुन्दर छवि
तिम्रो तोते बोलीमा त्यसैको मधुर ध्वनि
तर त्यो मिठो गीतले तिमीलाई
आफ्नो बाँसुरी बनाएनछ !
त्यो तिमी नै हौला भन्ने
मेरो यौवनभरिको सपना थियो ।"

**प्रश्नहरू**

(क) आमाको सपना के थियो ?

(ख) 'त्यो मिठो गीतले तिमीलाई आफ्नो बाँसुरी बनाएनछ' भन्नुको तात्पर्य के हो ?

५. **कवितामा 'आमा' र 'छोरा' के केका प्रतीकका रूपमा प्रयोग गरिएका छन्, छलफल गर्नुहोस् ।**

६. **कवितामा कस्तो परिवेशको चित्रण गरिएको छ, छलफल गरी उत्तर दिनुहोस् ।**

७. **'मैले यसरी रोगीलाई झैँ तिम्रो कपाल मुसारिरहनुपर्ने छैन' कवितांशबाट कविले के भन्न खोजेका हुन्, आफ्नो प्रतिक्रिया व्यक्त गर्नुहोस् ।**

८. **'आमाको सपना' कवितामा कविले क्रान्ति किन र कसरी आउने कल्पना गरेका छन्, दिइएका बुँदालाई समेत आधार बनाई समीक्षात्मक प्रतिक्रिया लेख्नुहोस् :**

(क) शीत जस्तै टल्कने एक हतियार कम्मरमा झुन्ड्याएर

(ख) बिहानको सूर्य झैँ उज्यालो छर्दै

(ग) हिउँ र आगोभन्दा बढ्ता छोइने भएर

(घ) हुरी भएर

(ङ) जनताले उसलाई पात भएर पछ्याउनुपर्ने स्थितिको सिर्जना गरेर

(च) अधर्मसित लड्न

(छ) आमाको सपना साकार पार्न

(ज) जनताले जीवनरक्षाका लागि अर्को आश्रय खोज्नुपर्ने अवस्थाको अन्त्य गर्न

(झ) सम्पूर्ण जनतालाई स्वतन्त्रता दिलाउन

९. **आमाको सपना के हो र त्यो कसरी साकार हुन सक्छ, 'आमाको सपना' कविताका आधारमा समीक्षात्मक उत्तर लेख्नुहोस् ।**

१०. **दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको छोटो उत्तर दिनुहोस् :**

वाक्यमा प्रयुक्त पदको निश्चित क्रम हुन्छ। कुनै पनि भाषाका नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियाविशेषण आदि शब्द वाक्यमा प्रयोग भइसकेपछि तिनलाई पद भनिन्छ । यिनै पदको रखाइ क्रम नै पदक्रम हो। भाषामा धेरै किसिमका पद भए पनि तिनले वाक्यमा प्रयुक्त हुँदा सम्पन्न गर्ने मुख्य कार्यका आधारमा कर्ता, कर्म र क्रिया गरी तीन प्रकारमा राखेर अध्ययन गरिन्छ । संसारका प्रत्येक भाषाका वाक्यमा प्रयुक्त कर्ता, कर्म, क्रियाको निश्चित क्रम हुन्छ। यसैले पदक्रमका आधारमा संसारका भाषाको वर्गीकरण गर्न सकिन्छ र गरिएको पनि छ। पदक्रमका आधारमा संसारमा छ किसिमका भाषा रहेका छन्। नेपाली, मैथिली, संस्कृत, हिन्दी, जापानी, कोरियन, मङ्गोलियन आदि भाषा कर्ता, कर्म र क्रियाको क्रम भएका भाषा हुन् । अङ्ग्रेजी, चाइनिज, रसियन, स्पेनिस, जर्मन, बुल्गेरियन, मेसाडोनियन आदि कर्ता, क्रिया र कर्मको क्रम भएका भाषा हुन् भने वेल्स, आइरिस, फिलिपिनो र बाइबलिक हिब्रु भाषा क्रिया, कर्ता, कर्मको क्रम भएका भाषा हुन् । फिजियन, मलागसी, तोबा, गिल्बर्टिज आदि भाषामा चाहिँ क्रिया, कर्म र कर्ताको क्रम रहेको हुन्छ। कर्म र क्रिया, कर्ता र कर्म, कर्ता र क्रियाको क्रम भएका भाषा भने अत्यन्तै कम छन् । ब्राजिलको हिक्ज्यारियाना भाषा कर्म, क्रिया, कर्ता र भेनेजुएलाको बाराओ भाषा कर्म, कर्ता र क्रियाको क्रम भएका भाषा हुन् । यस किसिमको पदक्रमलाई सामान्य पदक्रम वा व्याकरणिक पदक्रम भनिन्छ । साहित्यिक भाषामा व्याकरणिक पदक्रममा आएका पद निश्चित उद्देश्यले राखिएका हुन्छन् । यस्ता पद विशेष गरी स्रष्टाको भनाइमा जोड दिन वा शीर्ष बन्न प्रयोग हुन्छन्। नेपालीमा कर्ता, कर्म र क्रियाको क्रममा विचलन भएको पदक्रम आलङ्कारिक वा विशिष्ट पदक्रम हो। यस्तो पदक्रममा व्याकरणलाई भन्दा भावलाई प्रधानता दिइन्छ।

**प्रश्नहरू**

(क) पदक्रमका आधारमा संसारका भाषालाई कति प्रकारमा वर्गीकरण गरिएको छ ?

(ख) नेपाली र अङ्ग्रेजी कस्तो कस्तो पदक्रम भएका भाषा हुन् ?

(ग) व्याकरणिक पदक्रम र आलङ्कारिक पदक्रममा के भिन्नता छ ?

(घ) भाषामा विचलन किन हुन्छ ?

११. **दिइएको कवितांशलाई सामान्य पदक्रममा रूपान्तरण गर्नुहोस् र कवितांशले भन्न खोजेको कुरा के हो, छलफल गरी उत्तर दिनुहोस् :**

सत्य कुरालाई तिमी यसरी
चुम्बकिएर कथा सुने झैँ सुन्ने छैनौ
तिमी त्यसलाई आफैँ नै देख्न सक्ने, सहन सक्ने र
ग्रहण गर्न सक्ने हुने छौ ।
मैले यसरी धैर्य दिनुको सट्टा तिमी सङ्ग्राममा जाँदा
लाख सम्झाएर पनि नमान्ने आमाको मनलाई
सान्त्वना दिँदै बिदा हुने छौ ।

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ १ सुन्नुहोस् र दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) नदीहरू किन छक्क परे ?

(अ) आफू जत्रै खोला देखेर　　(आ) विचित्र स्वरूपका मान्छे देखेर

(इ) एउटा माछाले अर्को माछालाई निलेको देखेर　　(ई) आफू जस्तै अर्को नदी देखेर

(ख) दुई नदीका बिच के के कुरामा समानता छ ?

(अ) सङ्घर्ष, सङ्गीत र व्यथा　　(आ) सङ्घर्ष, सङ्गीत र सपना

(इ) सुख, समृद्धि र सपना　　(ई) सुख, समृद्धि र स्वभाव

(ग) दुई नदी किन सँगसँगै बग्न थाले ?

(अ) सुखदुःखका भावना साटासाट गर्न　　(आ) एकअर्कासित कुराकानी गर्दै रमाउन

(इ) सँगसँगै मिलेर बाँकी यात्रा पूरा गर्न　　(ई) अरूलाई सहयोग गर्न

२. **सुनाइ पाठ १ सुन्नुहोस् र त्यसमा दोभानमा दुई नदीको भेट हुनुपूर्व र भेट भइसकेपछिको अवस्थाको वर्णनबाट जीवनको कुन सन्दर्भलाई व्यक्त गरिएको छ, आफ्नो प्रतिक्रिया व्यक्त गर्नुहोस् ।**

## भाषातत्त्व

१ **तलको तालिकामा दिइएका शब्दको उच्चारण गर्नुहोस् र तिनको अक्षर संरचना तथा अक्षरको बनोट हेर्नुहोस् । तालिकामा दिइए झैँ माथिको 'मधुर उषाले .... आमा' कवितांशमा आएका शब्दको अक्षर संरचना, अक्षरको बनोट तथा अक्षर सङ्ख्या देखाउनुहोस् :**

| शब्द (लेख्य रूप) | कथ्य रूप | अक्षर संरचना | अक्षरको बनोट | अक्षर सङ्ख्या |
|---|---|---|---|---|
| ऊ | उ | उ | स्व | १ |
| आठ | आठ् | आठ् | स्वव्य | १ |
| ऐन | ऐन् | अइन् | स्व (द्विस्व) व्य | १ |
| जा | जा | ज्आ | व्यस्व | १ |
| पढ् | पढ् | प्अढ् | व्यस्वव्य | १ |
| त्यो | त्यो | त्य्ओ | व्यव्यस्व | १ |
| प्वाल | प्वाल् | प्व्आल् | व्यव्यस्वव्य | १ |
| स्त्री | स्त्रि | स्त्र्इ | व्यव्यव्यस्व | १ |
| प्ल्यात | प्ल्यात् | प्ल्य्आत् | व्यव्यव्यस्वव्य | १ |

माथिका उदाहरणमा एउटा अक्षरमा एकभन्दा बढी व्यञ्जन आए पनि स्वर चाहिँ एउटा मात्र आएको छ । यसर्थ अक्षरमा स्वर एक्लै पनि रहन सक्छ र त्यसका अघि वा पछि वा अघिपछि दुवैतिर व्यञ्जन वर्ण आउन सक्छन् । स्वर वर्ण स्वतन्त्र रूपमा उच्चारण हुने भएकाले यी सासको एक झोक्कामा उच्चारण हुन्छन् । अक्षर भनेको सासको एक झोक्कामा उच्चारण हुने भाषिक एकाइ हो । 'ऐन' शब्दमा दुईओटा स्वर छन् । यसमा आएका दुवै स्वर सासको एक झोक्कामा उच्चारण हुने भएकाले अक्षर सङ्ख्याका दृष्टिले एउटै हो । यस्ता स्वरलाई द्विस्वर भनिन्छ ।

२. **तलको तालिकामा दिइएका शब्दको उच्चारण गर्नुहोस् र तिनको अक्षर संरचना तथा सङ्ख्या हेर्नुहोस् । तालिकामा दिइए झैँ माथिको 'मेरो काखमा .... सुन्ने छैनौ' कवितांशमा आएका शब्दको उच्चारण गर्नुहोस् र तिनको अक्षर संरचना, अक्षरको बनोट तथा सङ्ख्यासमेत देखाउनुहोस् :**

| शब्द (लेख्य रूप) | कथ्य रूप | अक्षर संरचना | अक्षर सङ्ख्या |
|---|---|---|---|
| ऊ | उ | उ /उ/ | १ |
| घर | घर् | घर् /घ्अर्/ | १ |
| विशेष | बिसेस् | बि.सेस् /ब्इ.स्एस्/ | २ |
| सञ्चार | सन्चार् | सन्.चार् /स्अन्.च्आर्/ | २ |
| दण्ड | दन्ड | दन्.ड /द्अन्.ड्अ/ | २ |
| व्यवस्था | ब्यबस्था | ब्य.बस्.था /ब्य्अ.ब्अस्.थ्आ/ | ३ |
| सूर्योदय | सुर्योदय | सुर्.यो.द.य /स्उर्.य्ओ.द्अ.य्अ/ /स्उर्.र्य्ओ.द्अ.य्अ/ | ४ |
| संरचनागत | सम्रचनागत् | सम्.र.च.ना.गत् /स्अम्.र्अ.च्अ.न्आ.ग्अत्/ | ५ |
| अनपत्यारिलो | अनपत्त्यारिलो | अ.न.पत्.त्या.रि.लो /अ.न्अ.प्अत्.त्य्आ.र्इ.ल्ओ / | ६ |
| अपरिवर्तनीय | अपरिबर्तनिय | अ.प.रि.बर्.त.नि.य /अ.प्अ.र्इ.ब्अर्.त्अ.न्इ.य्अ/ | ७ |
| अन्तर्विनिमययोग्य | अन्तर्बिनिमययोग्ग्य | अन्.तर्.बि.नि.म.य.योग्.ग्य /अन्.त्अर्.ब् इ,न्इ.म्अ.य्अ.य्ओग्.ग्य्अ/ | ८ |
| उपमहानगरपालिका | उपमहानगर्पालिका | उ.प.म.हा.न.गर्.पा.लि.का /उ.प्अ.म्अ.ह्आ.न्अ.ग् अर्.प्आ.ल्इ.क्आ/ | ९ |

माथिको तालिकामा दिइएका अधिकांश शब्दका लेख्य रूप र कथ्य रूप भिन्नाभिन्नै छन् । यसर्थ नेपाली भाषामा शब्दको लेखाइअनुसार उच्चारण हुन सक्ने स्थिति छैन । यस्तै नेपाली भाषामा लेख्य रूपमा रहेका कतिपय वर्णको उच्चारण सोहीअनुसार हुँदैन । नेपाली भाषामा लेख्य रूपमा रहेका दीर्घ 'ई', 'ऊ' को ह्रस्व 'इ' 'उ', 'ऋ' को 'रि', 'ऐ' को 'अइ' 'औ' को 'अउ' (द्विस्वर) यस्तै व्यञ्जन वर्ण 'श' 'ष' को 'स', 'ञ' को 'न्' र 'ण्' को 'न्', 'वा 'ङ' को उच्चारण हुन्छ ।

तालिकामा एकदेखि नौ अक्षरसङ्ख्या भएका शब्द छन् । शब्दबाट अक्षर खण्डीकरण गर्न थोप्लो (.) चिह्नको प्रयोग गरिएको छ । यसैले एक अक्षर भएका शब्दमा थोप्लो चिह्नको प्रयोग भएको छैन । अक्षर संरचना देखाउँदा दोहोरो तिर्यक् (/ /) भित्र राखिन्छ । त्यसमा प्रयुक्त स्वरव्यञ्जन वर्णलाई छुट्याएर वा नछुट्याई दुवै तरिकाले देखाउन सकिन्छ । माथिको तालिकाको कोष्ठमा स्वरव्यञ्जन वर्ण छुट्याएर अक्षर संरचना देखाइएको छ ।

३. **तलका शब्दको उच्चारण गर्नुहोस् र लेखाइ र उच्चारणमा भएको अन्तर पहिचान गर्नुहोस् :**

| शब्द (लेख्य रूप) | कथ्य रूप | अक्षर संरचना | अक्षर सङ्ख्या |
|---|---|---|---|
| सत्य | सत्त्य | /सत्.त्य/ | २ |
| कन्या | कन्न्या | /कन्.न्या/ | २ |
| अत्याचार | अत्त्याचार | /अत्.त्या.चार्/ | ३ |
| भव्यता | भब्ब्यता | /भब्.ब्य.ता/ | ३ |
| व्याख्या | ब्याक्ख्या | /ब्याक्. ख्या/ | २ |
| विश्वास | बिस्स्वास् | /बिस्.स्वास्/ | २ |
| विद्यार्थी | बिद्द्यार्थि | /बिद्.द्यार्.थि/ | ३ |
| ऐना | अइना | /अइ.ना/ | २ |
| औषधी | अउसधि | /अउ.स.धि/ | ३ |

४. **अनुच्छेदमा दिइएकामध्ये तीन र चार अक्षर सङ्ख्या भएका पद टिपोट गरी तिनको उच्चारण गर्नुहोस् र अक्षर संरचनासमेत देखाउनुहोस् :**

म र डोल्मा विद्यालय जाँदै थियौँ । हाम्रो घरबाट विद्यालय पुग्न करिब १५ मिनेटको पैदल हिँड्नुपर्थ्यो । बाटामा अकस्मात् पानी पऱ्यो । डोल्माले पानी पर्न सक्छ भनेर झोलामा छाता राखेकी रहिछन् भन्ने कुरो उनले छाता झिकेपछि मात्र मलाई थाहा भयो । छाताले थाम्न नसक्ने गरी पानी पऱ्यो । हामी ओत लाग्यौँ । डोल्मासँग यात्रा गर्दा मलाई असाध्यै रमाइलो लाग्छ । उनी पढाइमा मात्र होइन गफ गर्न र कथा भन्न पनि त्यत्तिकै सिपालु छिन् । बाटामा हिँड्दा पनि उनी विभिन्न कथा सुनाउने गर्छिन् । आज पनि आफ्नो देशका बारेमा उनीसित कुराकानी भयो । उनी सधैँ भन्ने गर्छिन्, "ज्ञान पुस्तकमा मात्र सीमित हुँदैन र पढ्ने पढाउने कुरा पनि विद्यालयमा मात्र सीमित हुँदैन । काम गराइ र भोगाइबाट जीवनमा ज्ञान प्राप्त हुन्छ ।" उनको कुराबाट म सधैँ केही न केही प्रेरणा लिइरहेकै हुन्छु ।

५. **दिइएका शब्दलाई उदाहरणमा देखाए जस्तै गरी अक्षर छुट्याएर शुद्ध उच्चारण गर्नुहोस् :**

जस्तै : सिर्जनाशक्ति /सिर्.ज.ना.सक्.ति/

बिहान, अधर्म, हँसाइ, यौवन, सान्त्वना, सत्य, हृदय

६. **दिइएको अनुच्छेदलाई शुद्ध गरी पुनर्लेखन गर्नुहोस् :**

कृषीक्षेत्रलाई प्राथमीकतामा नराखून्जेल भोकमरिको समस्या समाधान हून सक्ने स्थिती छैन । विश्वव्यापिकरण र उदारिकरणको अवधारणाबाट मुलतः यस क्षेत्रमा पर्भाव परेको छ । अविकसीत देशको अर्थतन्त्रमा यो क्षेत्र नै एक मात्र आधारस्तम्भ रहने हूँदा पनि त्यस्ता मुलुकहरूले यस मूद्दालाई चर्कै रूपमा ऊठाउने गरेका छन् ।

## सिर्जना र परियोजना कार्य

१. **दिइएका कविता र गजल पढ्नुहोस् । लय र संरचनाका दृष्टिले यिनीहरूमा रहेका भिन्नता एक अनुच्छेदमा लेख्नुहोस् :**

(क) **पद्य कविता**

### धृतराष्ट्र

जो हाँस्छन्, व्यङ्ग्य गर्छन् जो विकलाङ्गहरूप्रति
लाग्छ ती गर्दछन् व्यङ्ग्य सारा मानवताप्रति ।
कोही चाहेर बन्दैन अपाङ्ग कहिल्यै पनि
पाएको जिन्दगीलाई घृणा गर्दैन तैपनि ।
स्विकार्छ जिन्दगीका ऊ सुखदुःखहरू सबै
होलान् अभाव भाग्दैन जिन्दगीबाट ऊ कतै ।
यहीँ लड्छ, यहीँ भिड्छ, जे गर्नुपर्छ, गर्छ ऊ
जोगाई अस्मिता आफ्नो चाहन्छ तर बाँच्न ऊ ।
अपाङ्गहरूमा हुन्छन् आफ्नै विशिष्टता पनि
नाघ्न सक्छन् कुनै वेला सीमा आश्चर्यका पनि ।
सबलाङ्गहरू ठान्छन् जसलाई असम्भव
त्यही अपाङ्गका लागि बन्न सक्तछ सम्भव ।
नहुँदैमा कुनै अङ्ग सिद्धिदैनन् सबै कुरा
इच्छाशक्ति भए हुन्छन् मान्छेका सपना पुरा ।

*घनश्याम कँडेल*

(ख) **गद्य कविता**

## धर्ती

आकाशसँग
मेरो आफ्नो कुनै साइनो थिएन
घाम, जून
ताराहरूसँग पनि नाता थिएन
जब मैले धर्तीलाई आफ्नो बनाएँ
एक टुक्रा माटासँग
साइनो जोडेँ
त्यसभन्दा धेरै ठुलो आकाश
अनि उषा र सूर्योदय
सन्ध्या, जून र ताराहरू
सबै सबै नै मेरा भए ।

*सुलोचना मानन्धर*

(ग) **गजल**

## जिन्दगी

सुन झैँ हजारचोटि खारे पो जिन्दगी हो
कुन बेहोसीले भन्छ हारे पो जिन्दगी हो ?

गमलामा फूल साऱ्यौ खासै कमाल के भो ?
बाँझो भूमिमा बिरुवा सारे पो जिन्दगी हो ।

हो, काल चन्चले छ आफ्नै लहडमा चल्छ
त्यसलाई च्याप्प छोपी नारे पो जिन्दगी हो ।

औँला समाती खोली तार्न सजिलो हुन्छ
तुफानबाट डुङ्गा तारे पो जिन्दगी हो ।

अर्को जन्म कसैले देख्यो न देख्न सक्छ
यही जिन्दगीमै बाजी मारे पो जिन्दगी हो ।

*बुँद राना*

२. **विद्युतीय सञ्चार माध्यममा प्रकाशित एउटा सामाजिक गद्य कविता सङ्कलन गरी कक्षामा सुनाउनुहोस् र त्यसले दिएको सन्देशका बारेमा छलफल गर्नुहोस् ।**

पाठ
२

# विरहिणी दमयन्ती

*मदनमणि दीक्षित*



मध्यरातमा कर्कोटक नागहरूको त्यो गाउँबाहिर घनघोर जङ्गलको एकान्त छाप्रामा उसलाई केही नभनी एक्लै परित्याग गरेर हिँड्ने निषधराज नललाई विदीर्ण हृदयले खोज्दै कोमलाङ्गी वैदर्भी दमयन्ती जङ्गलको गोरेटामा हिँडिरहिन् । दमयन्तीले नलसित आनन्दित र सुखी जीवन बिताएकी थिइन् । ती वर्षहरूमा तिनी आफ्नो चारैतिर जताततै नललाई मात्र देख्थिन् । कर्कोटक नागहरूको त्यो वनमा पनि तिनमा जताततै नलको भ्रम हुन थाल्यो ।

बौलाही झैँ प्रियतम नल ! कल्याणकर्ता निषधराज ! मेरी छोरी इन्द्रसेना र छोरो इन्द्रसेनका प्यारा पिता मेरा नल ! मलाई यसरी दुखित नतुल्याऊ, मबाट यसरी लुकेर नबस भन्दै बोटबिरुवासँग, फूल र लहरासँग रुँदै, पुकारा गर्दै दमयन्ती एकातिर हिँडिरहिन् ।

आफूसँगै नल छैनन् भन्नेमा विश्वस्त रहेर पनि दमयन्तीले विश्वास नै गर्न सकिनन् । अश्रुधाराले छोपिएका तिनका आँखाबाट तिनी प्रत्येक फूल र हरिया पातमा, वनको प्रत्येक सुगन्धमा, वनमा देखिने चराचुरुङ्गी, मृग र पशुहरूमा नलकै रूप देख्थिन् र फेरि आफैँसित तर्सिँदै आफूलाई समाल्थिन् तैपनि वियोगको त्यो उत्कट ज्वालामा दमयन्तीको हृदय भस्मीभूत हुँदै गयो ।

भोकी, अर्धनग्न, विक्षिप्त र शिथिल भएकी दमयन्तीलाई हिँड्न पनि गाह्रो भयो । तिनले एउटा पिपलबोटको फेदमा आश्रय लिइन् र दाहिने पाखुराको सिरान गरेर शून्य आकाशतिर हेर्दै पल्टिएर आफ्नो मनभित्र जीवनको अर्थ खोज्न थालिन् । बिहानदेखिकै शान्त तिनी एकान्तिक नारीका आँखा पनि शून्य आकाशमा नललाई खोज्दाखोज्दै निद्रालीन भए । सूर्य अस्ताउन केही समय बाँकी थियो । अस्ताउँदो सूर्यका कलिला पहेँला तेर्सा किरण दमयन्तीका मुहार र वक्षस्थलमा पर्न थाले ।

सपनामा दमयन्तीले नलको भाइ जुआडी पुष्करको कालो मुहारमा सेता दन्तपङ्क्ति र रातो पहेँलो आँखा देखिन् । सपनामा पुष्करले दमयन्तीलाई बोलाउँदै शिर सुम्सुम्याइरहेको थियो । दमयन्ती

आतेसमा परेर निसास्सिएर ब्युँझिइन् । तिनले देखिन् एउटा भुसतिघ्रे, कालो, बलिष्ठको, डरलाग्दो नागजातिको पुरुष तिनको मुहारतिर कामुक दृष्टिले हेर्दै कपाल सुम्सुम्याइरहेको थियो । आत्तिएर दमयन्ती झ्वाट्ट उभिइन् र रक्षा माग्दै एकातिर दौडिन थालिन् । कर्कोटक जातिको त्यो नागले पनि दमयन्तीलाई समात्न खोज्दै पछि पछि दौडँदै आइरह्यो । “मलाई रक्षा गर !” जताततै चिच्याउँदै दौडिरहेकी दमयन्तीलाई केही बेरपछि त्यो कर्कोटकले समात्यो र जुरुक्क काँधमा बोकेर आफ्नो छाप्रोतिर दौडियो । दमयन्तीले आफूलाई पूर्णतः असुरक्षित र असहाय ठानिन् । कर्कोटकका काँधमा केही बेर छटपटाएपछि तिनी शान्त भइन् र आफ्नो रक्षाका उपायबारे विचार गर्न थालिन् ।

सूर्य अस्ताइसकेको थियो । कर्कोटकले आफ्नो छाप्राको पिँढीमा दमयन्तीलाई काँधबाट ओराल्यो । भुइँमा उभिएकी दमयन्तीले मुसुक्क हाँस्दै कर्कोटकलाई नमस्कार गरिन् र आफ्नो भोकबारे बताइन् । आफ्नो विजयमा त्यो नागयुवक प्रसन्न भयो । त्यसले पिँढीमा सुकुल ओछ्याएर त्यसमाथि बाघछाला हाल्दै “तिमी यहाँ सुखासनमा बस सुन्दरी, मसित नडराऊ । तिमी नारी हौ । म पुरुष हुँ । नारी र पुरुषको संयोग सृष्टिकारी हुने गर्छन् । यो संयोगमा त्रास किन ? हामी वार्तालाप गरौँ” भन्यो ।

नागयुवक दुष्टात्मा हो भन्ने कुरा त त्यसको कामुक आँखा र स्वरबाटै दमयन्तीले बुझिसकेकी थिइन् । उनले आफ्नो रक्षाको निम्ति उपाय खोज्न तिनले आफूलाई शान्त र संयत राखिन् र आफ्नो दुःख व्यथाबारे बताउन थालिन् । नागयुवकलाई आफ्नो कथा बताउँदा दमयन्तीले नलले जङ्गलको बाटो बिराएर हराएको कुरा मात्र गरिन् ।

“यसको पति नल हरायो । वन एकान्त छ, त्यहाँका नाग नरनारीलाई यस्ती सुकुमारीलाई मैले नगरबाट हरण गरी ल्याएको हुँ भनी आफ्नो बहादुरीको बखान गरेर आफ्ना गाउँलेलाई प्रसन्न तुल्याउने छु । यी नारी मेरी भइसकिन् । यिनीसित राती सुखभोग गर्ने छु” भन्ने विचार गर्दै कर्कोटक नागले दमयन्तीसामु त्यहाँ कुरा गर्‍यो पनि । दमयन्तीले आफूले रक्षक पाएर सन्तुष्ट भएको छु भनी आफ्नो प्रसन्नता जस्तो समेत प्रकट गरिन् । नागले दमयन्तीको भोकको कुरा सम्झियो र तिनका निम्ति कन्दमूल र दुधको खिरका साथ मृगको सुकुटी पकाउने र पोल्ने कुरा गर्‍यो, दमयन्ती खुसी भइन् ।

छाप्रामा आगो बालेर कर्कोटक नागयुवक भोजन पकाउनमा लाग्यो । बाहिर पिँढीमा निस्पट्ट अन्धकार छ । उज्यालो चाहियो भनेर दमयन्तीले चुलाबाट एउटा अगुल्टो मागेर पिँढीतिर लागिन् । दमयन्ती पाएर उन्मत्त र प्रसन्न भएको नागयुवकले छाप्राको कुनाबाट जौको जाँडको घैँटो ल्याएर आफू खाँदै दमयन्तीलाई पनि दियो । आफूलाई भोजनसँगै मात्र मदिरा मन पर्छ, त्यस वेला मात्र खाने छु बरु तिमी आफूले खाऊ भन्दै दमयन्तीले मायालु हातले नागयुवकलाई मदिरा खुवाउँदै रहिन् । कन्दमूलको खिर पकाउँदा पकाउँदै कर्कोटक उङ्न थाल्यो । दमयन्तीले छाप्राको ढोका र

पिँढीमा जाँड पोखेर अगुल्टाले ढोकाको जाँड र छाप्रामा आगो लगाइदिइन् र त्यहाँबाट पूर्व दिशामा सुइँकुच्चा ठोकिन् । कर्कोटक नागयुवकबाट त्यसरी छुटकारा लिए पनि एक कोस पूर्वतिर गएर दमयन्तीले शिंशपा रुखका हाँगामा सावधान बसी रात गुजारिन् ।

किंकर्तव्यविमूढ तथा सधैँ अपराजिता रहेकी तर त्यस वेला आफूलाई पराजित अनुभव गरेर विह्वल भएकी दमयन्ती तीन दिनसम्म जङ्गलको माझ विह्वल हुँदै र बाटामा पाएका कन्दमूल खाँदै हिँडिरहिन् । जङ्गलबिचका साना खुला ठाउँमा छसात घर भएका निषाद र नागको बसोबास देखिँदा ती घरसित समेत तर्सिएर दमयन्ती वन्यप्रान्तकै बाटो हिँडिरहिन् । एकान्त यात्रामा ती एक्ली नारीले आफू र वनस्पति तथा पशुपन्छी अनि नलबिच एकात्मकता रहे जस्तो अनुभव गर्ने गरिन् । वनको बाटामा आफ्नो सामान्य रक्षाका निम्ति तिनले हातमा एउटा लट्ठी लिएकी थिइन् । कुनै अजिङ्गर, कर्कोटक वा निषादयुवकले फेरि बलजफ्ती गर्न नपाओस् । त्यस्ता कुनैले देखिहाल्यो भने पनि कुरूप र बौलाही ठानेर त्यस्ताले आक्रमण नगरुन् भन्ने विचार गर्दै दमयन्तीले आफ्नो केशलाई धुलाले मुसारेर जगल्टा जस्तो बनाइन् । आफ्नो रूपलाई हिलो दलेर विकृत तुल्याइन् । मानिसको परिचय उसको शरीरले भन्दा पनि उसको मस्तिष्क र हृदयले दिने हुँदा शरीरलाई जतिसुकै क्षतविक्षत तुल्याए पनि दमयन्तीको हृदय र बुद्धि भविष्यको उज्यालो आशामा नलप्रति झन् झन् बढी मुग्ध र कोमल हुँदै गयो । जहिले जुन रूपमा भए पनि आफ्ना पति नललाई आफूले अवश्य नै फेला पार्ने छु भन्नेमा तिनको विश्वास झन् झन् दृढ हुँदै गयो । तेस्रो दिनको साँझ सूर्यास्तको समयमा वनका बिच खुला ठाउँमा रहेको खेतमा देखा परिरहेको एउटा ठुलो ढुङ्गानजिक पुगेर दमयन्ती अडिइन् ।

तिनले चारैतिर हेरिन् । टाढा पूर्वतिर पातलो जङ्गलको पारि केही छाप्रा रहे जस्तो तिनलाई लाग्यो । तीन दिनदेखि नरनारीको मुखसम्म नदेखेकी दमयन्तीमा मानिसको सान्निध्यको अनुभवले आनन्द दिन थाल्यो भने आशाका लहर पनि उठ्न थाले । सूर्यास्त हुँदै गयो । टाढाका तिनै छाप्रातिरबाट कुखुरा बासेको स्वर तिनले सुनिन् । त्यो स्वरले उल्लासमय मनोदशामा पुगेकी दमयन्तीको मनलाई तिनै छाप्राका नरनारीतिर, मानिसको सामीप्यतिर तान्न थाल्यो । तथापि दमयन्तीले प्रबल आत्मनियन्त्रणलाई अँगालेर खेतका हरिया मुना र कलिला काँचा जौँका झारद्वारा भोकलाई शान्त पार्दै त्यही ढुङ्गामाथि लम्पसार परिन् ।

तीनदेखि निद हराएकी दमयन्ती तुरुन्तै गहिरो निद्रामा परिन् । मध्यराततिर नललाई सम्झिएर बर्बराइरहेकी दमयन्तीको आँखा खुल्यो । कालोनिलो आकाशमा उत्तरतिर ध्रुवतारा त्यसको दाहिनेतिर सातातारा र देब्रेतिर पाँच ताराका उज्याला तारामण्डलले तिनलाई मोहित तुल्यायो । पूर्वदेखि पश्चिमतिर केही दक्षिणतिर ढल्किएको आकाशगङ्गा दमयन्तीका दृष्टिमा सङ्गीतमय हुन थाल्यो । आकाश र पृथ्वी यस्ता सुन्दर छन् । तिनका बिच आफू एक्ली विरहिणी अवस्थामा अनुभव गरेर दमयन्ती कोमल मधुर स्वरमा वियोग र पीडाको गीत गाउन थालिन् । कति बेरसम्म तिनले गीत

गाइन्, तिनले आफैँ थाहा पाइनन् । आकाशमा बिस्तारै बिस्तारै उभ्रिएर आउँदै पातला बादलले त्यो सुन्दर आकाशलाई दमयन्तीका हृदयमा धुमिल तुल्याउँदै लग्यो । बिस्तारै बिस्तारै दमयन्ती फेरि निदाइन् । यो पछिल्लो निद तिनका निम्ति बढी आनन्ददायी हुँदै गयो ।

आफ्नो सपनामा दमयन्तीले त्यो बाक्लो जङ्गलबिच त्यस्तै एउटा फराकिलो खुला ठाउँमा ऋषिहरूका आश्रमका छाप्रा देखिन् । त्यो आश्रमको चारैतिर मृग, मयूर, सुगा र गाईबाच्छा चरिरहेका देखेर मानवसामीप्य खोज्दै दमयन्ती ती छाप्रातिर अघि सरिन् । फेरि आक्रमण गर्छ कि कसैले भन्ने भयले गर्दा तिनका पाइला सुस्तरी उठिरहेका थिए ।

सपनामै तिनले मानव आवाज सुनिन्, "सुन्दरी !" आफ्नो रूपलाई आफैँले विकृत तुल्याइसकेकी तिनलाई सम्झना भयो तर पाइलो अघि सरिरह्यो ।

त्यही स्वर फेरि सुनियो, "तिमी को हौ ? वनदेवी, राक्षसी, यक्षी वा गन्धर्वी अथवा देवनारी कि मानवी ?" दमयन्तीलाई अचम्म लाग्यो, "सबै नै मानव नै त हुन् । मनुका सन्तान ।" सपनामा दमयन्ती मुसुक्क हाँसिन् । त्यो आश्रममा तिनले यथेष्ट मित्रता तथा सम्मानपूर्ण सत्कारका साथ भोजन गरिन् । सपनामा फेरि तिनले सुनिन्, "अझै उत्तरपट्टि हिँड्दै जाऊ, खोज्दै जाऊ, तिम्रो नल भेटिने छन् । नल पनि तिमीलाई खोज्दै अति पीडित हृदय लिएर तिमीतिरै आइरहेछन् ।"

"कहाँ थियौ यतिका दिनसम्म ?" भन्दै दमयन्ती चिसो ढुङ्गामाथि आफ्नो मुखमा सूर्यको सुनौलो प्रभाती किरणलाई अनुभव गर्दै ब्युँझिइन् । यथार्थ वस्तुस्थितिबारे दमयन्तीले बुझिन् । त्यस्तो सुखकारी सपना देखेकामा तिनी प्रसन्न भइन् र मुख पुछ्दै फेरि उत्तरतिरको बाटो लागिन् । केही बेरपछि एउटा सानो खोला देखियो । दमयन्तीले स्नान गरिन् । किनारामा केराको घारी थियो । केही काँचा, केही पाकेका केराको एक काँगियो नै तिनले खाइन् । दमयन्तीमा शक्ति र साहस फर्कियो । तिनी उत्तरतिर लागिन् ।

निकै बेर हिँडेपछि जङ्गलका बिचमा तिनले अस्पष्ट तर ठुलो आवाज सुनिन् । त्यो आवाज वन्यजन्तुको होइन भन्ने बुझेर तिनी केही पूर्वतिर त्यही आवाजतिर हिँड्दै रहिन् । केहीबेर हिँडेपछि दमयन्तीले घोडा, गोरु र गाडामा चढेका लगभग ५० देखि ६० जना मानिसको डफ्फा देखिन्, गाडा निकै थिए । गाडामाथि खरपातका घुमाउरा छाप्रा हालिएका थिए । सबै घोडा र गाईवस्तुका घाँटीमा साना घन्टी टिङटिङ बजिरहेको सुन्दा दमयन्ती हर्षोन्मत्त भइन् । त्यस्ती दमयन्तीलाई देखेर मानिस अगिल्लो गाडातिर डराउँदै, चिच्याउँदै, दौडिँदै गए । अगिल्लो गाडामा तिनीहरूले केही बेर कुरा गरेपछि उज्यालो सेतो लुगामाथि सुनको मुकुटलाई पहेँलो फेटाले बाँधेको, कम्मरमा चाँदीको बुट्टे पाताको माला पहिरी एउटा प्रौढ पुरुष निस्केर दमयन्तीतिर आयो । त्यस पुरुषले दमयन्तीको परिचय सोध्यो । आफ्नो परिचय दिएर सबै कुरा बताएपछि दमयन्तीले त्यस पुरुषको

नाम र गन्तव्यस्थलबारे सोधिन् । त्यो पुरुष शुचिभद्र भन्ने सार्थवाह रहेछ । यक्षराज कुबेरको मित्र मणिभद्रको कुलमा शुचिभद्र जन्मिएको रहेछ । त्यो सार्थ काशीबाट अयोध्या हुँदै चेदीतिर जान हिँडेको रहेछ । दमयन्तीले निषध नलबारे बताइसकेकै थिइन् । शुचिभद्रको सार्थले कतै कहीँ नललाई देखेको थियो कि । राजा नलबारे केही सुनेको थियो कि भनी सोधिन् ।

शुचिभद्रलाई नलबारे केही थाहा थिएन । विदर्भकी कन्या दमयन्तीबारे सुनेर र कुरा गर्दा सेठ शुचिभद्रले तिनी शिथिल भएकीबारे बुझ्यो र भोजन गर्न आग्रह गऱ्यो । कैयौँ दिनपश्चात् दमयन्तीले मृगको सुकुटी, दही, भात र नुन हालेर उसिनेको कन्दमूल तथा दुध खाइन् । अचम्म मानेर तिनीतिर सेठ हेरिरह्यो । त्यसले भन्यो, "सुन्दरी वैदर्भी, चेदी ठुलो जनपद हो । नल त्यहीँ फेला होलान् नत्र तिनका बारे त्यहाँ थाहा पाइने छ । अहिले तिम्रो अवस्था कुनै निषादी जस्तो छ । तिम्रो शरीरमा यी झारपात अवश्य नै सुन्दर देखिन्छन् तर म तिमीलाई वस्त्र अर्पित गर्छु । ती वल्कलको परित्याग गर र आफ्नो कपाल पनि काँगियोले सम्याऊ ।"

नललाई भेट्ने आशामा दमयन्तीलाई आफ्नो पूर्वसौन्दर्यको सम्झना भयो । तिनले वस्त्र फेर्न स्वीकार गरिन् तर साँझको स्नान र सन्ध्योपासनापछि मात्र भनिन् ।

शुचिभद्र सेठ आफ्नो गाडामा गयो । दमयन्ती एउटा गाडाको पछिल्लो बाँसको सहारा लिएर सार्थसँगै हिँड्न थालिन् । आधा कोसजति गएपछि मध्याह्नको सूर्यको रापले सेक्न थाल्दा शुचिभद्रको सार्थ पद्मसौबन्धिक भन्ने अति ठुलो तलाउको किनारमा जङ्गलबाट निस्केर पुग्यो ।

त्यो विशाल सरोवर अति रमणीय र सुन्दर थियो । राप र जङ्गलको उकुसमुकुसयुक्त निश्चलतामा पिल्सिएको र निस्सासिएको त्यो सार्थ एकैछिन सरोवरको किनारमा अड्यो । शुचिभद्रले भनेर केही युवकले सरोवरको किनारमा बस्न, नुहाउन र भोजन बनाउन मिल्ने ठाउँ खोजे । त्यस ठाउँमा पुगेपछि सार्थका खड्गधारी धनुर्धर रक्षक दलले आफ्नो ठाउँ लियो । सबै जना घोडा र गाडाबाट ओर्लिएर रुखका छहारीमा सुस्ताउन थाले । सार्थसँगसँगै पैदल आइरहेकामा विभिन्न रूप, रङ, भाषा र भेषका सातआठओटी नारी पनि थिए । ती नारीलाई देखेपछि दमयन्तीको मन चञ्चल भएर आँखा भिज्न थाले । दमयन्तीले तिनीहरूसित सामान्य कुरा गर्दै रुखका छहारीमा सुस्ताइन् । सार्थसँग गाडामा रहेका र पैदल यात्रीसमेतले केहीबेर सुस्ताएर सरोवरमा जलक्रीडा गरे । दमयन्ती पनि पानीमा उत्रिइन् र एक्लै पौडिँदै निकै टाढा टाढासम्म गइन् ।

सरोवरमा स्नानपछि शुचिभद्रले दमयन्तीलाई कालो धोती र दुकूलको ओढ्ने दियो । भोजनपश्चात् त्यो सार्थले निकै बेरसम्म त्यही सरोवरछेउ विश्राम गऱ्यो । विश्राम गर्दा घोडा र गाईगोरुलाई समेत नुहाइदिएर चर्न यताउति छोडिदियो ।

यात्राका निम्ति फेरि तयारी गर्दा सूर्य ढल्किन थालिसकेको थियो । उत्तरतिरको अगाडिको जङ्गल साह्रै नै बाक्लो र जङगली पशुले गर्दा रातको निम्ति डरलाग्दो छ भनी सार्थरक्षकहरूले भनेपछि त्यो रात सार्थले पद्मसौगन्धिककै छेउमा विश्राम गर्नु उचित हुने छ भनी सेठ शुचिभद्रले निर्णय लियो ।

सरोवर किनाराको खुला ठाउँमा गहिरो निद्रामा शुचिभद्र सार्थ सुतिरहँदा मध्यराततिर जङ्गली हात्तीको एउटा डफ्फा पानी खान भनी सरोवरतिर आयो । मध्यरातमा हात्तीद्वारा कुल्चिएर शुचिभद्र सार्थ ध्वस्त र विनष्ट भयो । सार्थबिच नरनारी तथा घोडा र साँढेहरूबिच हाहाकार मच्चियो । नारीहरूसँगै सुतेकी दमयन्तीले सुरुमै आफूलाई जोगाएर एउटा अग्लो रुखमा आश्रय लिइसकेकी थिइन् । तिनको सहायताले एउटी अर्की नारी रुखको अर्को हाँगामा बसिन् र हात्तीद्वारा भएको त्यो विनाशलाई दुवैले करुण दृष्टिले हेरिरहेका थिए । सार्थबाट उठेको हाहाकार चिल्लीबिल्ली र क्रन्दनले हात्तीलाई झन् तर्साएर उन्मत्त तुल्यायो । त्यो मध्यरातमा कतै केही देखिँदैन थियो । पानी खाएर हात्तीहरू तलाउबाट फर्किंदा बाँकी रहेको सार्थ झन् किचीमिची हुँदै गयो ।

बिहानको सूर्योदय हुँदा पनि क्षतविक्षत भएका केही नरनारीको ऐया र रोदन चलिरहेको थियो । रक्षक दल र पदयात्रीमध्ये रुख चढेकाहरू दशबाह्र जनाबाहेक सबै मरिसकेका नत्र असाध्य घाइते भइसकेका दमयन्तीले देखिन् । शुचिभद्रको छातीमै हात्तीको पाइला परेको रहेछ । रुखबाट ओर्लिएकी दमयन्तीले रुखमा आफूसँगै रहेकी नारीलाई भनिन्, हेर त बहिनी, सृष्टिकर्ताले मेरो यो शरीर जीवनभरि दुखै भोग्नका निम्ति बनाएको रहेछ तर हेर आज मेरा आँखामा यो बीभत्स दृश्यसामुसमेत आँसु छैनन् । कति पीडा भोगिसकेँ मैले । शुचिभद्रले दिएको यो वस्त्र मेरा निम्ति यत्रो अशुभ भयो । यसलाई म फ्याँक्छु ।" अर्की नारीले एउटी मृत नारीको कम्मरबाट रगतका टाटा लागेको मैलो कपडा ल्याइन् । दमयन्ती त्यसैमा बेरिइन् । दुवै नारी चेदीतिर हिँडे । उज्यालो हुँदै जाँदा बाटामा तिनले वैदिक मन्त्र गुनगुनाउँदै गएका केही ब्राह्मण र क्षेत्रीय पदयात्रीलाई भेटे । कोही कसैसँग बोलेनन् । सबै आआफ्नो बाटो लागे ।

सरोवरमा दुर्घटना भएको केही दिनपछि ती दुवै नारी चेदी जनपदको छेउमा पुगे । अर्की नारी आफ्नो गाउँतिर हिँडिन् । दमयन्तीले आफ्नो बाल्यकालको कुरा सम्झिन् । निकै सानी बालिकाको अवस्थामा रहेकी दमयन्तीले आफ्नी आमाबाट ठुलीआमाबारे कुरा सुनेकी थिइन्, "छोरी, तेरी ठुलीआमा मभन्दा निकै जेठी छन् । तँ जन्मिनेभन्दा निकै वर्ष पहिले मेरी दिदी सुनन्दालाई चेदीराज सुबाहुले अपहरण गरेर लगी आफ्नी पत्नी बनाएका थिए ।"

त्यो सम्झनाले दमयन्तीमा ठुलो शङ्का उत्पन्न गर्‍यो, "सामुन्ने चेदी छ । त्यहाँ सुबाहु र ठुलीआमा सुनन्दा छन् । तिनले मलाई चिने भने नमिठो हुने छ तैपनि चेदी जानैपर्छ । नल फेला परिहाल्छन् कि ।"

दमयन्तीले फेरि आफ्ना केश, वस्त्र र मुहारलाई विकृत तुल्याइन् । निषधराज नलबाट बिछोड भई हिँडेदेखि घाममा परेर तिनको मुहार र शरीर त्यसै पनि डढेर कालो भइसकेको थियो । चेदीभित्र पस्दा दमयन्तीलाई बौलाही जस्तै देखेर सडकका केटाकेटी हा हा हु हु गरी चिच्याउँदै गिज्याउँदै दमयन्तीका पछि लागे ।

चेदी नगरको मूल बाटाको पूर्वतिर काठको आफ्नो दुईतले घरको माथिल्लो बार्दलीमा बसेर रानी सुनन्दा सडकको रमिता हेरिरहेकी थिइन् । बौलाही जस्ती दमयन्तीमा ती वृद्धाको दृष्टि पऱ्यो । दमयन्तीको मुहारको ओज र देहयष्टितिर तिनको ध्यान गयो । आफ्नो सेवकलाई अराएर तिनले दमयन्तीलाई आफूछेउ बोलाइन् र परिचय सोधिन् । दमयन्तीले आफ्नो यथार्थ परिचय लुकाएर आफूले एउटा सम्भ्रान्त परिवारमा सेठकी पत्नीको सिँगारपटार गर्ने सुसारे भएर काम गर्ने गरेको बताइन् । आफ्नी युवती हुन लागेकी छोरीका निम्ति सुनन्दा कुशल सुसारेको खोजीमा थिइन् । सुनन्दाले दमयन्तीसामु आफ्नी छोरीको सुसारे सैरन्ध्रीको काम स्वीकार गर्न आग्रह गरिन् ।

“तपाईं रानी, मेरी मातासरह हुनुहुन्छ तथापि मेरा तीनओटा सर्तलाई स्वीकार गर्नुहुन्छ भने मात्र म यो काम गर्ने छु” भनिन् दमयन्तीले । “मैले कसैको जुठो खान नपरोस्, कसैको पाउ दाब्न नपरोस् र कुनै परपुरुषसित बोल्न नपरोस् ।” भन्ने आफ्नो सर्त प्रस्तुत गरिन् । सुनन्दाले तीनैओटा सर्तलाई स्वीकार गरेर छोरीलाई बोलाएर “तिमी सैरन्ध्री अबदेखि यिनको हेरविचार र स्याहारसुसारमा बस्नू” भनी आदेश दिइन् ।

निषधबाट नलसँगै निस्केकी दमयन्ती चेदी नगरमा आफ्नी ठुलीआमाको भवनमा सैरन्ध्रीका रूपमा रही निषधराज नललाई जसरी भए पनि खोजेर फेला पार्ने उपायबारे सन्तोषका साथ विचार गर्न थालिन् ।

## शब्दभण्डार

१. **दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :**

| **शब्द** | **अर्थ** |
|---|---|
| संयत | व्यापारी लस्करको मुखिया |
| धूमिल | एक जातको रुख, सिसौ |
| कर्कोटक | रूपसज्जाको काममा खटिएकी सेविका |
| कन्दमूल | रुखको बोक्राद्वारा बनेको पोसाक |
| किंकर्तव्यविमूढ | एक प्राचीन जाति |

| | |
|---|---|
| निषाद | बिलखबन्द, यसो गरूँ कि उसो गरूँ भई जिल्ल परेको |
| वल्कल | माटामुनि जराका रूपमा फल्ने डल्लो वा लाम्चो फल |
| सैरन्ध्री | पुराणप्रसिद्ध आठ नागमध्ये एक |
| शिंशपा | सम्भावित |
| देहयष्टि | रेसमी पछ्यौरा |
| दुकूल | स्पष्ट नदेखिने |
| सार्थवाह | दुःखी |
| | मर्यादा वा सीमाभित्र रहेको |
| | लौरो झैँ दुब्लो शरीर |

२. **दिइएका अर्थ दिने शब्द पाठबाट खोज्नुहोस् :**

(क) आकाशमा उत्तरदेखि दक्षिणसम्म ज्योतिपुञ्जका रूपमा फैलिएका साना साना नक्षत्रको समूह

(ख) गाउने र बजाउने कलामा प्रवीण एक देवयोनि

(ग) बस्न र केही राख्न हुने गरी गाराको सट्टा थाम हाली बनाइएको घरको गाराको बाहिरी भाग

(घ) सुसार गर्ने काममा खटिएको

(ङ) जनसाधारणको बसोबास भएको ठाउँ

३. **दिइएका टुक्कालाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

सुइँकुच्चा ठोक्नु, लम्पसार पर्नु, आँखा लाग्नु, मुख फोर्नु, तातो लाग्नु, तेल लगाउनु, सोत्तर हुनु

४. **दिइएका शब्दको विपरीत अर्थ दिने शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

दिन, दुःखी, उदाइसकेको, पराजय, विजित, अपमान, सूर्यास्त, देब्रे, वियोग

५. **दिइएका पारिभाषिक शब्दलाई शब्दकोशीय अनुक्रममा मिलाउनुहोस् र शब्दकोशको सहायता लिई तिनको अर्थ पनि लेख्नुहोस् :**

सरुवा, बढुवा, अधिकृत, निलम्बन, परिपत्र, स्पष्टीकरण, आदेश, टिप्पणी, भरपाई, फर्स्योट, बेरुजु, राजस्व

## बोध र अभिव्यक्ति

१. **'विरहिणी दमयन्ती' कथा पढी यसका आदि, मध्य र अन्त्यका मुख्य मुख्य घटना भन्नुहोस् ।**

२. **कथा पढी दिइएका प्रश्नको उत्तर दिनुहोस् :**

(क) दमयन्ती जङ्गलमा किन एक्लै हिँडिरहेकी हुन् ?

(ख) दमयन्तीले यात्रा गरेका मुख्य ठाउँ कुन कुन हुन् ?

(ग) जङ्गली हात्तीको आक्रमणबाट बच्न दमयन्ती कसरी सफल भइन् ?

३. **कथा पढी दिइएका घटनालाई क्रम मिलाई लेख्नुहोस् :**

(क) जङ्गली हात्तीको कुल्चाइबाट सार्थका धेरै व्यक्तिको ज्यान जानु

(ख) जङ्गलको बिचमा दमयन्तीको सार्थवाह शुचिभद्रसित भेट हुनु

(ग) आफ्ना पति नलको खोजीमा दमयन्ती जङ्गलमा एक्लै हिँडिरहनु

(घ) शुचिभद्रको सार्थसँगै हिँडेकी दमयन्ती पद्मसौगन्धिक तलाउमा वास बस्नु

(ङ) नागपुरुष कर्कोटकले दमयन्तीलाई जबर्जस्ती बोकेर लैजानु

(च) कर्कोटकले रक्सी खाएर उङ्न लागेको मौका छोपी छाप्रामा आगो लगाएर दमयन्ती भाग्न सफल हुनु

(छ) दमयन्ती चेदी जनपद पुग्नु

(ज) चेदीमा आफ्नै ठुलीआमा सुनन्दाका घरमा पहिचान बदलेर सैरन्ध्रीका रूपमा रही नलसँग मिलनको प्रतीक्षा गर्नु

(झ) रुख चढ्न सफल दमयन्तीसहित दशबाह्र जना मात्र हात्तीको कुल्चाइबाट बच्न सफल हुनु

४. **कथामा प्रयुक्त पौराणिक पात्रका नाम भन्नुहोस् र तिनको भूमिका वर्णन गर्नुहोस् ।**

५. **दिइएको कथांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

कुनै अजगर, कर्कोटक वा निषादयुवकले फेरि बलजफ्ती गर्न नपाओस्, त्यस्ता कुनैले देखिहाल्यो भने पनि कुरूप र बौलाही ठानेर त्यस्ताले आक्रमण नगरुन् भन्ने विचार गर्दै दमयन्तीले आफ्नो केशलाई धुलाले मुसारेर जगल्टा जस्तो बनाइन् र आफ्नो रूपलाई हिलो दलेर विकृत तुल्याइन् । मानिसको परिचय उसको शरीरले भन्दा पनि उसको मस्तिष्क

र हृदयले दिने हुँदा शरीरलाई जतिसुकै क्षतविक्षत तुल्याए पनि दमयन्तीको हृदय र बुद्धि भविष्यको उज्यालो आशामा नलप्रति झन् झन् बढी मुग्ध र कोमल हुँदै गयो ।

**प्रश्नहरू**

(क) 'मानिसको परिचय शरीरले भन्दा पनि उसको मस्तिष्क र हृदयले दिन्छ' भन्नुको तात्पर्य के हो ?

(ख) दमयन्तीले आफ्नो रूप किन बदलेकी हुन् ?

६. **दिइएको कथांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

कालोनिलो आकाशमा उत्तरतिर ध्रुवतारा त्यसको दाहिनेतिर सातातारा र देब्रेतिर पाँच ताराका उज्याला तारामण्डलले तिनलाई मोहित तुल्यायो । पूर्वदेखि पश्चिमतिर केही दक्षिणतिर ढल्किएको आकाशगङ्गा दमयन्तीका दृष्टिमा सङ्गीतमय हुन थाल्यो । आकाश र पृथ्वी यस्ता सुन्दर छन् । तिनका बिच आफू एक्ली विरहिणी अवस्थामा अनुभव गरेर दमयन्ती कोमल मधुर स्वरमा वियोग र पीडाको गीत गाउन थालिन् । कतिबेरसम्म तिनले गीत गाइन्, तिनले आफैँ थाहा पाइनन् । आकाशमा बिस्तारै बिस्तारै उभ्रिएर आउँदै पातला बादलले त्यो सुन्दर आकाशलाई दमयन्तीका हृदयमा धूमिल तुल्याउँदै लग्यो ।

**प्रश्नहरू**

(क) माथिको अनुच्छेदमा कस्तो परिवेशको चित्रण गरिएको छ ?

(ख) आकाश र दमयन्तीको हृदयका बिच के समानता छ ?

७. **समीक्षात्मक उत्तर लेख्नुहोस् :**

(क) 'नारी प्रेम र सङ्घर्षका प्रतिमूर्ति हुन्' यस भनाइलाई कथाका आधारमा पुष्टि गर्नुहोस् ।

(ख) दमयन्तीले आफ्नो जीवनमा आइपरेका समस्याको समाधानका लागि कुन कुन उपाय अवलम्बन गरेकी छन् ?

(ग) आफ्नो दृढ सङ्कल्प पूरा गर्न मानिस जतिसुकै सङ्घर्ष गर्न पनि तयार हुन्छ भन्ने कुरा विरहिणी दमयन्ती कथाका आधारमा पुष्टि गर्नुहोस् ।

८. **तलको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

संसारको कल्पना गर्ने एक मात्र इन्द्रिय मन नै हो भनी बताइरहँदा मन चाहिँ कस्तो वस्तु रहेछ भन्ने स्वतः जिज्ञासा हुन्छ । सबै कल्पनाको एक मात्र कारण भएको यो चाहिँ स्वयम्मा कुनै सत्य वस्तु होला भन्ने आशङ्का हुन सक्छ । वस्तुतः मन भनेको आफ्ना

मान्यताको समष्टि मात्र हो । मन वास्तवमा स्थिर एवम् नित्य वस्तु होइन भन्ने त सबै मानिसले दिनदिनै अनुभव गरिरहेकै कुरा हो । भोकले छट्पटाइरहेको व्यक्ति भोजन गर्दै जाँदा एक छिनपछि खानाबाट अमन हुन्छ । कुनै समय कसैका लागि प्राण नै छाड्न तयार भएको व्यक्ति पछि गएर सोही व्यक्ति मलाई मन पर्दैन भनी बताउँछ । यसैले मन नित्य परिवर्तनशील छ । यस्तै मन अत्यन्त चञ्चल छ । आध्यात्मिक यात्रामा लागेकालाई त मन कति चञ्चल छ भन्ने स्पष्ट नै अनुभव हुन्छ । यस्तो कहिल्यै पनि एकनासले नरहने मन कसरी सत्य वस्तु हुन सक्छ ? मन त केवल सङ्कल्प र विकल्पको अर्को नाम मात्र हो । सङ्कल्प विकल्प रोकिनेबित्तिकै मन नष्ट भइहाल्छ । मनले केही कुराको निश्चय गरेको अवस्थामा त्यसलाई बुद्धि र चिन्ता गरेको अवस्थामा चाहिँ चित्त भनिन्छ । यसरी कामअनुसार नै मन विभिन्न रूपमा फेरिरहन्छ । स्थितप्रज्ञ महापुरुषहरूको मन आत्मामा नै विलीन भएको हुन्छ । जीवनलाई वास्तविक रूपमा बुझेका र मौकामा सही निर्णय गर्न सक्ने व्यक्ति नै स्थितप्रज्ञ हुन् । यस्ता व्यक्तिलाई आत्मज्ञानी पनि भनिन्छ । आत्मज्ञानीका विचारमा जहाँ संसार छ त्यहाँ मन अवश्य नै छ अनि जहाँ मन छैन त्यहाँ संसारसमेत छैन । जागा रहँदा वा स्वप्न देख्दा मन छ । यसैले यी दुई अवस्थामा संसार र त्यसबाट हुने सुखदुःखको अनुभव पनि छ । गाढा निद्राको अवस्थामा मन नहुने भएकाले यस स्थितिमा सुखदुःख पनि छैनन् । आगो नभएका ठाउँमा धुवाँ नभए झैँ मन नभएका ठाउँमा संसार र त्यसबाट अनुभव हुने सुखदुःखसमेत रहँदैनन् । यसरी आध्यात्मिक दृष्टिमा मन अनित्य र परिवर्तनशील इन्द्रिय हो । मानिसलाई सुख र दुःखको अनुभव गराउनु यसको मुख्य कार्य हो । यसैले मन नै सुख र दुःखको कारण हो भन्ने गरिन्छ । मनलाई सम्हाल्न सक्ने मानिस सुखदुःखमा समान रहन्छ ।

*स्वामी रामानन्द गिरि*

**प्रश्नहरू**

(क) किन मनलाई कल्पनाको कारक मानिएको हो ?

(ख) मन नित्य परिवर्तनशील छ भन्नुको तात्पर्य के हो ?

(ग) आत्मज्ञानीहरूका विचारमा मन र संसारको सम्बन्ध कस्तो छ ?

(घ) मनलाई किन सुख र दुःखको कारण भनिएको हो ?

९. **'बेरोजगारी समाधानका उपाय' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् ।**

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ २ सुन्नुहोस् र दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) लेखकले जीवनको कुन अवस्था साहित्यमा समर्पित गरे ?

(अ) किशोरावस्था (आ) युवावस्था

(इ) वृद्धावस्था (ई) बाल्यावस्था

(ख) लेखकका सबैभन्दा नजिकका आत्मीय मित्र को हुन् ?

(अ) विद्यालयका साथीहरू (आ) कार्यालयका कर्मचारीहरू

(इ) साहित्यकर्मीहरू (ई) पत्रकारहरू

(ग) लेखकले साहित्यकर्मीहरूका बिचको सम्बन्धलाई के नाम दिएका छन् ?

(अ) नङ र मासुको सम्बन्ध (आ) अक्षर र शब्दको सम्बन्ध

(इ) विचार र दार्शनिकको सम्बन्ध (ई) ज्ञान र ज्ञानीको सम्बन्ध

२. **लेखकले साहित्यकारलाई हृदयजीवी भन्नुको कारण के हो, सुनाइ पाठ २ का आधारमा आफ्नो विचार व्यक्त गर्नुहोस् ।**

## भाषातत्त्व

१. **दिइएको अनुच्छेदमा प्रयुक्त नाम शब्द टिप्नुहोस् :**

आर्या, रतिया, निकेश र पेम्बा एउटै विद्यालयमा पढ्ने र एकआपसमा धेरै मिल्ने साथी हुन् । एकअर्कालाई सहयोग र माया गर्ने उनीहरूले एक दिन सुखदुःखका भावना साटासाट गर्ने, मनोरञ्जन लिने र केही समय प्रकृतिसँग भलाकुसारी गर्ने उद्देश्यले वनभोजको आयोजना गर्ने विचार गरेछन् । वनभोजको व्यवस्थापनका लागि उनीहरूले निकेशलाई टोलीनेता चुनेछन् र सल्लाह गरेर नगरकोट जाने निर्णय गरेछन् । उनीहरू आफूलाई चाहिने चामल, दाल, तरकारी, दही, दुध, मासु सबै सामग्री लिएर त्यहाँ गएछन् । नगरकोट पुगेर उनीहरूले मह, पाउरोटी र चिया खाएछन् । उनीहरूले केही समय घुम्ने योजना बनाएछन् । सूर्योदयको दृश्य अवलोकन गर्ने इच्छाले अगिल्लो दिन पनि त्यहीँ बिताएका पर्यटकको जमात र तिनलाई बिदाइ गर्न फूलका गुच्छा लिएर आएका गाउँलेको हुलसित उनीहरूको भेट भएछ । भेट हुँदा जात्रामा झैँ त्यहाँ मानिसको भिड लागेछ । पर्यटक र गाउँलेसित कुराकानी गरिसकेपछि बगैँचामा फुलेका फूल, सल्लाघारी, आकाशमा उडिरहेका चरा, चउरमा चरिरहेका गाई र बाख्राका बथान हेर्दै उनीहरू अघि बढेछन् । दिनभरि घुमेपछि बेलुका घर फर्केछन् । त्यस दिन उनीहरूलाई घुमाइबाट पनि सिकाइ भएको अनुभव भएछ ।

२. **पाठको पहिलो अनुच्छेदमा प्रयुक्त चारओटा व्यक्तिवाचक नाम टिप्नुहोस् ।**

३. **तलको अनुच्छेदबाट कर्मको काम गर्ने नाम र भेदक विशेषण टिप्नुहोस् :**

सोनवा, असीम र दोर्जेले सौरभलाई टोलीनेता चुनेछन् । सौरभको सल्लाहबमोजिम उनीहरू गोदावरी घुम्न गएछन् । गोदावरीका विभिन्न सुन्दर प्राकृतिक दृश्यको अवलोकन गर्दै त्यहाँ घुमेछन् । बेलुकापख घर फर्किंदा चिप्लेर सोनवा सख्त घाइते हुँदा दोर्जे र सौरभले अस्पताल पुऱ्याएछन् । सौरभले त आफ्नो रगत दिएर उसलाई बचाएछ । यो सबै कुरा थाहा पाएका विद्यालयका अन्य छात्रछात्राले सुखदुःखमा साथ दिने यस्तै साथी सबैले बनाउनुपर्छ भन्दै उनीहरूको प्रशंसा गरेछन् ।

४. **दिइएको अनुच्छेदमा प्रयुक्त सर्वनाम र सार्वनामिक विशेषण टिप्नुहोस् :**

हामीले विद्यालयमा मिलीजुली पढ्यौँ । आवश्यक पर्दा एकअर्कालाई सहयोग पनि गऱ्यौँ । सबैभन्दा खुसीको कुरा चाहिँ जो जो मिल्ने साथी थिए उनीहरूसँगको सहकार्य उल्लेख्य रह्यो । हामीले म र मेरो भन्ने सङ्कुचित विचार त्यागी हामी र हाम्रो भन्ने उदार भावना लिएर एकआपसमा सहयोग गऱ्यौँ । जहाँ तँ, तिमी, तपाईँ र उहाँ भन्ने भेदभाव हुन्छ त्यस समाजमा कसैको उन्नति हुँदैन । प्रत्येक व्यक्तिले यसरी नै सोचे समाजमा हुने भेदभाव आफैँ हराउँछ । जोसुकैले जेसुकै भने पनि जुन कुराले आफ्नो उन्नति हुन्छ त्यसैमा लागिरहनुपर्छ भन्ने विचारबाट प्रेरित भई हामीले सिकाइलाई नै सबैभन्दा बढी महत्त्व दियौँ । हामीमध्ये कोही केही विषयमा सिपालु थिए भने कोही केहीमा । हरेकले आफूलाई जे आउँछ त्यो अरूलाई सिकाउनुपर्छ भन्ने नियम बनाएका थियौँ । त्यसैअनुरूप एकअर्कालाई सहयोग गर्दै हामीले सिकाइलाई अघि बढायौँ । ती दिन सम्झँदा मन आज पनि निकै प्रफुल्ल हुन्छ ।

५. **दिइएको अनुच्छेदबाट पदवर्ग विचलन भएका र नभएका विशेषण टिपोट गर्नुहोस् :**

एक जना वृद्ध सन्त बर्सौंदेखि तपस्यारत थिए । ती सन्तसित एउटा चम्किलो सुन्दर मणि थियो । केही चोरले सन्तसँग मणि भएको थाहा पाए । उनीहरूले त्यो मणि चोर्ने विचार गरे । सन्तलाई समातेर मणि खोजे तर भेटेनन् । वृद्धले मणि गाढेर राखेको बताए । उनीहरूले सन्तले भनेअनुसारको जमिन रातभरि खने तर पनि मणि भेटेनन् । फर्केर आएका चोरलाई सन्तले भनेछन्, "तिमीहरूले यसरी रातभरि खेत खनेका भए तिमीहरूले मणि भन्दा बहुमूल्य सामग्री जुटाउँथ्यौ ।" सन्तले यसो भनेपछि बल्ल उनीहरूको होस खुल्यो । उनीहरूले धन कमाउन मिहिनेत गर्नुपर्ने रहेछ भन्ने बुझेछन् र काम गर्न पनि थालेछन् । अब उनीहरूलाई मिठो खान र राम्रो लाउन चोर्नुपर्ने अवस्थाको अन्त्य भएछ ।

६. **दिइएको अनुच्छेदबाट क्रियायोगी पहिचान गरी टिप्नुहोस् :**

जीवनमा समस्या आउँदा त्यसको तत्काल समाधान गर्नुपर्छ । कुनै पनि समस्या आउँदा अहिले होइन, भरे, भोलि, बिस्तारै समाधान गरौँला भनेर बस्यो भने त्यसले कहिल्यै मानिसको कल्याण गर्दैन । जीवनमा समस्या भन्ने कुरा निश्चित ठाउँ र समयमा मात्र आउँदैन । हरबखत, हरपल, हरदिन, हरघडी जीवनमा समस्या आउन सक्छ । समस्या आयो भन्दैमा भाग्नुहुँदैन, समाधानको उपाय पहिल्याएर अघि बढ्नुपर्छ ।

७. **दिइएको अनुच्छेदबाट नामयोगी र संयोजक पहिचान गरी टिप्नुहोस् :**

गाउँमा खुदो पकाउने चलन घरैपिच्छे भए पनि सविताको घरमा खुदो पकाउँदा चाहिँ म पनि त्यहाँ जान्थेँ । नाजिरको घरनजिकै बस्ने हामु पनि आफ्नी बहिनी निमासँग खुदो खान त्यहाँ जान्थिन् । सविताकहाँ खुदो पकाउँदा हामी त्यहाँ जम्मा हुन्थ्यौँ र खेल्थ्यौँ । त्यस दिन पनि सविताको बारीमा उखु पेलेर खुदो पकाउने काम भइरहेको थियो । सविताकी आमा चुलानेर बसेर खुदो पकाउने भाँडोभित्र हेर्दै हुनुहुन्थ्यो । उहाँले जब बिहानभर खुदो पकाउने काम गर्नुभयो तब हामी वरिपरि बसेर हेरिरह्यौँ । खुदो पाकिसकेपछि जब केही खुदो थालमा राखेर दिनुभयो तब हामीले पनि चम्चाले खुदो खायौँ र खानेबित्तिकै चुलाको पूर्वपट्टि खेल्न थाल्यौँ । खुदाको स्वाद लिँदै खेल्न पाएकाले त्यो दिन अत्यन्तै रमाइलो भयो ।

८. **दिइएको अनुच्छेदबाट विस्मयादिबोधक र निपात पहिचान गरी टिप्नुहोस् :**

म, अग्रिम र तेन्जिङ घुम्न बगैँचामा गयौँ । त्यहाँ पुग्नेबित्तिकै "आहा ! कति सुन्दर बगैँचा रहेछ, हेर त" तेन्जिङले भन्यो । "हो, धेरै सुन्दर छ" मैले जबाफ दिएँ । केही पर पुगेपछि "छ्या ! के गनाएको यस्तो ?" तेन्जिङले सोध्यो । "उः त्यहाँ पर मुसा मरेको रहेछ, त्यही गनाएको नि !" अग्रिमले जबाफ दियो । "अँ त नि ! मरेपछि कसैले उठाएनछ अनि गनाइहाल्छ नि ।" मैले भनेँ । घुम्दाघुम्दै हामी पोखरीनजिक पुग्यौँ । "आबुइ ! कत्रो माछो ।" अग्रिमले पोखरीको माछो देखाएर भन्यो । "खै खै ! म पनि हेरूँ त" तेन्जिङले जिज्ञासाको भावमा भन्यो । यसपछि ज्यादै गर्मी भएकाले तेन्जिङ र म पौडी खेल्न पोखरीमा छिर्‍यौँ । " आच्छु ! कस्तो चिसो पानी ।" तेन्जिङले भन्यो । हामी दुवै पौडी खेल्दै थियौँ । "क्याबात ! कति राम्रो पौडी खेलेको" भनी आफ्नै साथी अग्रिमले प्रशंसा गर्दा हामी दङ्ग पर्‍यौँ ।

९. **पाठको तेस्रो अनुच्छेदमा प्रयुक्त निपात र संयोजक टिप्नुहोस् ।**

१०. **शुद्ध गरी पुनर्लेखन गर्नुहोस् :**

नेपाल बहुभासिक देश हो । यहाँ विभीन्न भासा बोलिन्छन् । नेपालको शंविधानले नेपालमा बोलिने शबै मातृभासालाई रास्ट्रभाषा मानेको छ । नेपालमा बसोबाश गर्ने प्रत्येक नेपाली शमुदायलाई आफ्नो मातृभासामा पढ्न पाउने, यसको शंरक्षण र प्रचारप्रशार गर्न पाउने हक प्रदान गरी शबै भाषालाई शमान रूपमा सम्मान गरेको छ । सबै मातृभाषाको संरक्षण र शवर्द्धनका लागि भाषाआयोगको गठनको व्यवश्था पनि गरेको छ र शोहीबमोजिम भाषाआयोगको गठन पनि भइसकेको छ ।

## सिर्जना र परियोजना कार्य

१. **दिइएका बुँदाका आधारमा एउटा कथा लेख्नुहोस् :**

(क) सानो उमेरमा नै तयामा, खियामा र हेत्छाकुप्पाका आमाबुबाको मृत्यु हुनु

(ख) उनीहरूले जङ्गलका फलफूल, कन्दमूल खोजेर बिहान बेलुकाको छाक टार्नु

(ग) एक पटक धेरै दिनसम्म खानेकुरा नपाउनु

(घ) खान नपाएर हेत्छाकुप्पा बेहोस हुनु

(ङ) जेठी दिदी तयामा र कान्छी दिदी खियामाले भाइ हेत्छाकुप्पा मरेको ठान्नु

(च) उहीहरूले भाइलाई केराको पातले छोपेर हिँड्नु

(छ) हेत्छाकुप्पा होसमा आउँदा उसले दिदीहरू नदेख्नु

(ज) हेत्छाकुप्पा एक्लै हुर्किनु

(झ) हेत्छाकुप्पाको नायुमा नामकी युवतीसँग बिहेको टुङ्गो हुनु

(ञ) हेत्छाकुप्पाले दिदीहरूको खोजी गर्नु

(ट) बिहेमा दिदीहरू आइपुग्नु

(ठ) भाइको बिहेको खुसीमा दिदीहरूले उत्कृष्ट नाच देखाउनु

(ड) त्यही नाच 'साकेला सिली' का नामले प्रचलित हुनु

(ढ) साकेला सिली किरात जातिको सांस्कृतिक नाचका रूपमा प्रचलित हुनु

(ण) तयामा, खियामा, हेत्छाकुप्पा र नायुमालाई किरात सभ्यताका अगुवा मानिनु

२. **पुस्तकालयमा रहेका वा विद्युतीय सञ्चारमा प्रकाशित कुनै एक ऐतिहासिक वा पौराणिक कथा पढ्नुहोस् र त्यसमा प्रयुक्त मुख्य पात्रको चरित्र चित्रण गर्नुहोस् ।**

**पाठ ३**

# घनघस्याको उकालो काट्ता

*तारानाथ शर्मा*



विक्रम संवत् २०२४ पुसको अन्तिम हप्तामा म महाकाली अञ्चलमा थिएँ । मेरो जन्म मेची अञ्चलमा भएको थियो । म सुदूरपूर्वको इलामे शरीर बोकेर सुदूरपश्चिमको बैतडीबाट डँडेलधुरातर्फ हिँडेको थिएँ ।

म नेपाललाई माया गर्ने राष्ट्रवादी मान्छे हुँ र मेरो राष्ट्रको हरेक भागलाई म उत्तिकै स्नेहसित मुटुमा सँगाल्छु । म खप्तडमा वसन्त बिताउन चाहन्छु, तुम्लिङमा हिउँ खेल्न चाहन्छु र राजापुरको काँसे घारीमा झ्याउरे गाउन चाहन्छु । मलाई तिल्केनीको उकालो, घनघस्याको उकालो र चन्दनीको उकालोसित जति प्रेम छ उति नै प्रेम अघोरी गाड, पुवा खोला र टुकुचासित छ । सतबाँझको लेक होस् वा ट्याम्के डाँडो होस्, अन्तु डाँडो होस् वा चन्द्रागिरि होस् जहाँ पनि उस्तै पाराको आफ्नोपनले मेरो मुटु ढुक्दुक्याउँछ ।

जीवनमा कति उकाला काटियो होला र कति ओराला झरियो होला तर थोरै व्यक्तिले मात्र घनघस्याको उकालो चढेका होलान् । यो यस्तो उकालो हो जो कठोरतामा अद्वितीय छ । अघोरी गाडदेखि उकालिन थालेको यो डाँडो सहारा मरुभूमिको तिर्खालाई बिर्साउँछु भने झैँ तपाईंतिर हेरेर खिस्स हाँस्छ । संसारले अनेकौँ काँचुली फेरिसक्यो, देशका अरू भागले हजारौँ नयाँ दृश्य देखिसके तर यो उकालो अनन्तदेखि उस्तै छ । युगहरू बिते र समयले टाप लगायो तर घनघस्याको उकालो उत्तिकै घोसेमुन्टो लगाएको लगाएकै छ ।

टाउकामा चिप्लो न चिप्लो बरफको केश फुलाएर आफ्नो अररो वृद्ध शरीरमा काला रुखहरूको जिङ्ग्रिङ्ग भुत्ला ठड्याई यो घनघस्या गजधुम्म परेर बसेको छ । यो मान्छेसित रिसाएको छ, अग्घोरै रिसाएको छ, अघोरी गाड जत्तिकै रिसाएको छ अनि पोखरेली सेती जत्तिकै रिसाएको छ । सेती नदी पृथ्वीको पेटमा भासिँदै जाओस्, यो चाहिँ ठडिएको ठडियै छ । यसले कहिल्यै त टाउको झुकाउला

कि भनेर मैले निरीक्षण गरिहेरें तर त्यस्तो लक्षण कतै भेटिएन । उल्टो यो झन् झन् दृढ हुँदै गइरहेको पो मैले पाएँ ।

प्रकृतिसित जुध्नु नै जीवनको रमाइलो हो भन्ने भावलाई ह्याकुलाले छोपेर नै म सुदूरपश्चिमको भ्रमणमा निक्लेको थिएँ । बैतडीको शाहीलेकमा अवस्थित विद्यालय भवनमा दुई रात बसेपछि डँडेलधुरा जान तम्सिँदा भरिया पाइएन । नौ बजे भात खाएर हिँड्न तयार भएका हामी चार जना व्यक्ति साढे दश बजेसम्म वाल्ल परेर दुई भरियाको खोजमा यता र उता दुगुर्दै नै थियौँ ।

झट्ट मलाई सहायक अञ्चलाधीशको सम्झना भयो । हामी दुगुर्दै सहायक अञ्चलाधीशलाई भेट्न माथि बैतडी बजारतर्फ गयौँ । सहायक अञ्चलाधीश यमुनाराज पौड्यालज्यूले तत्कालै दुई जना मानिसलाई बोलाएर सत्र सत्र रुपियाँमा पाटनसम्म भारी बोक्न मिलाइदिनुभयो । ११ बजे हामी दशरथ चन्दको सालिकलाई श्रद्धाका दुई थोपा आँसु चढाएर सतबाँझको लेकतर्फ उकालियौँ ।

बाटामा एउटा रमणीय ठाउँ भेटियो । देब्रेपट्टि पर्खालले घेरेको ढिस्कामा राम्रो मन्दिर थियो, जसको छानाको मर्मत हुँदै थियो । पर्खालबाहिर फलामे साङ्लीको अग्लो पिङ थियो । त्यसमा मच्चिएर मैले उत्तर पश्चिमतिरका हिमचुचुरा देखें । सात आठ पसल थिए, जसका वरिपरि भेडाका बथान नुन र चामलका बोरा बोकेर उग्राइरहेका थिए । ठाउँ ठाउँमा बारी थिए, वन थिए र चरनहरू थिए । गाई चराउँदै गोठाला गोठाल्नी विरहलाग्दा गीत कुर्लिरहेका भेटिन्थे । आउने जाने मान्छेका समूह पनि प्रशस्तै देखिन्थे । धेरैमाथि पुगेपछि हिउँले ढाकेको पाखो देखियो ।

नेपाल हिमाली मुलुक हो तापनि धेरैजसो नेपालीले हिउँ कुल्चन पाएका हुँदैनन् । मैले २००१ सालको विशाल हिउँ वर्षा हुँदा फिक्कलमा हिउँमा खेल्नबाहेक र दार्जिलिङमा एक दुई पटक हिउँ फुस्फुसाएको देखेबाहेक हिउँको राम्रो परिचय बेलायतमा मात्र पाएको थिएँ । बेलायती हिउँभन्दा सतबाँझका लेकको हिउँ बेग्लै थियो । यो हिउँ मेरो थियो, मेरो मुटुको थियो र हिमाली हार्दिकता बोकेको र चम्किलो थियो ।

मेरा साथी प्रेमबहादुर प्रधान र म यस हिउँमा निकै बेरसम्म खेल्यौँ । कहिले चिप्ली खेल्दै कहिले हिउँका डल्लाले एक अर्कालाई हिर्काउँदै र कहिले हिउँका रमाइला थुप्रामा आकृति बनाउँदै र लेख्दै हामीले सतबाँझमा समयलाई जिस्क्यायौँ । डाँडामा पुगेर पूर्वतर्फ दृष्टिपात गरेपछि पो हामीलाई थाहा भयो, हामीले सतबाँझलाई छोडेर धेरै टाढा जानु रहेछ । जीवन एउटा नटुङ्गिँदो यात्रा रहेछ । जतिसुकै प्यारो लागे पनि सतबाँझ जस्ता रमणीय स्थानलाई छाड्नुपर्दो रहेछ । ओरालो झरेर तेर्सैतेर्सो बाटो हामी हिँडिरह्यौँ, हिँडिरह्यौँ ।

सल्लैसल्लाको घारीको मध्य भागबाट हिँडेपछि एउटा चौतारो आइपुग्यो । झमक्क साँझ परिसकेकाले तल जङ्गलमुनिको टार अलेलि मात्र देखिन्थ्यो । पहाडबाट झर्दा मधेस पुग्ने वेलाको झैँ दृश्य थियो

त्यो । वास नपाइएला भनेर भरियाहरू र दुई साथीलाई त्यहीँ छाडी प्रधान र म ओरालो दगुऱ्यौँ वासको व्यवस्था गर्न ।

फेदीमा जङ्गल सकिएपछि रमाइलो विशाल चउर आइपुग्यो । त्यसै चउरलाई पाटन भन्दा रहेछन् । फट्याकफुटुक घरहरू देखा परे । बाटामा घरेलु विभागका एक कर्मचारीसँग भेट भयो । कास्कीतिरका ती व्यक्तिले अरूतिर बस्ने ठाउँ पाइँदैन भनेर आफ्नै डेरातिर लगे । डेरामा काठमाडौँ घर भएका दाह्री नै दाह्रीले ढाकिएका स्वास्थ्य केन्द्रका कर्मचारी पनि रहेछन् । ती दुई दयालु सज्जनका पाहुना भएर हामी उनीहरूकै दालभात खाई त्यस रात राम्ररी सुत्यौँ ।

भोलिपल्ट ती भरियाहरू डँडेलधुरा जान मानेनन् । सहायक अञ्चलाधीशले पाटनका प्रधानपञ्चलाई भरिया बन्दोबस्त गर्न लगाउनुहोला भनेकाले खोज्दा खोज्दा साढे एघार बजेतिर मात्र प्रधानपञ्चसित भेट भयो । उनले दुई जना भरिया खोजिदिए तर त्यतिन्जेलमा दिउँसोको १२ बजिसकेको थियो । घरेलु विभागका कर्मचारीले भोलि मात्रै जानोस्, आज मरे पनि डँडेलधुरा पुगिँदैन भनेर जिद्दी गरे पनि हामी १२ बजे पाटनबाट हिँड्यौँ ।

ठिक दुई बज्दा त्यस दिन हामी तेर्सैतेर्सो हिँडेर अघोरी गाड पुगेका थियौँ । अघोरी गाडमाथि अग्लो पारेर तेर्स्याएको फलेकको साँघु तरेर हामीले टोपी खस्ने उकालामा पाइला राख्यौँ । डरलाग्दो जङ्गलले घेरिएको ढुङ्गेनी बाटाले मुटु ढक्क फुल्यो । यही थियो घनघस्याको विकट उकालो ।

मेरो शरीर अलिक मोटो भएकाले उकालो देख्नेबित्तिकै सातोपुत्लो उड्छ । तेर्सो र ओरालो बाटामा म निकै छिटो हिँड्न सक्छु तर उकालो भने मेरा लागि जेमराज जत्तिकै भयावह हुन्छ । म विवश थिएँ । मैले घनघस्या नकाटी भएको थिएन । पाटनका सहृदयी व्यक्तिहरूले दिएका दुई लाँक्रा उखु पहिले टेक्तै र पछि चबाउँदै हामी एकोहोरो उकालिइरह्यौँ, उकालिइरह्यौँ ।

जोगबनीदेखि धरानसम्मको अलकत्रे बाटालाई धिक्कार्दै र भादगाउँदेखि बाह्रबिसेसम्मको फराकिलो कालो बाटालाई सराप्तै हामी ठसठस कनिरह्यौँ । सिंहदरबार अगाडिको चिप्लो बाटो त्यहाँ थिएन, न त्यहाँ भैरहवाबाट बुटवल जाँदा जस्तो तेर्सो सोझो बाटो नै थियो । त्यहाँ त चुच्चे ढुङ्गाहरू पहरामा तेर्सिएका थिए काला रुखका छायामा कच्पल्टिएर । पसिनाले निथ्रुक्क भिजेर हामी छ जना अभागी आकाशतर्फ उचालिइरह्यौँ, उचाइलिइरह्यौँ ।

निल आर्मस्ट्रङहरूलाई त्यति फिटफिटी परेन होला किनभने चन्द्रमामा पुग्दा उनीहरूसित यथेष्ट वैज्ञानिक उपकरण उपलब्ध थिए । हामी भने पानीसमेत नपाएर रोयौँ । निकै माथि पुगेपछि दुइटा पानीका कुला भेटिँदा स्वर्ग पुगेको अनुभव भयो । मरुभूमिका यात्रीले एक्कासि मरुद्यान भेटे झैँ हामी फुलेल भयौँ ।

त्यत्ति हो, अरू पानी कतै भेटिएन । धेरै धेरै माथि हिउँ प्रारम्भ हुने ठाउँमा पो एउटा असाध्यै चिसो धारो रहेछ । बाटामा एक दुई ठाउँ घर भेटिए तर तिनमा मान्छे थिएनन् । धुरामा पुग्ने वेला तीन माइल जति बाटो जमिसकेको हिउँले ढाकिएको थियो ।

चिसो धारामा पानी खाएपछि दुई भरिया लागे हिउँ नै हिउँको पहरातिर । म पनि तिनको पछि लागेँ । चिप्ला हिउँका ढुङ्गा खाली खुट्टाले टेक्दै रामसिंह भरिया र उसको भतिजो उकालिए । म तिनको सहनशीलता देखेर मक्ख पर्दै ठाउँ ठाउँमा चिप्लेर लड्दै तिनीहरूसित धुरातर्फ चढेँ । रामसिंह, उसको भतिजो र म टुप्पामा पुग्दा पाँच बजेको थियो । अरू साथीहरूको पत्तो थिएन ।

पूर्वपट्टि डँडेलधुरा कुइरामा कता हो कता चन्द्रमा जस्तै टाढा भएर बिलाएको थियो । उँधोतिर कहालीलाग्दो कालो जङ्गल थियो, जसलाई छिचोलेर एउटा खोलो तरेर एउटा उकालो चढेपछि मात्र डँडेलधुरा पुग्न सकिन्थ्यो ।

डरलाग्दा चितुवा र भालु लाग्ने पट्टेर जङ्गललाई सेतै ढाकेको हिउँमा खाली खुट्टाका औँलाले मान्छेको आकृति कोरेर रामसिंहले भन्यो, “आज डँडेलधुरा पुग्न सकिँदैन, पोखरातिर राती १२ बजेतिर सम्ममा पुगिएला ।”

“पोखरा पनि पुगिँदैन । तल कतै रित्तो गोठ पाइएछ भने त्यहाँ रात काट्नुपर्छ ।” भतिजो चाहिँले हिउँका डल्लाले छेवैको रुखलाई हिर्काउँदै भन्यो ।

म चाहिँ साथीहरू हिउँमा हराए कि भनेर विचलित भएर कराएँ, “प्रेमबहादुर भाइ !”

प्रत्युत्तरमा हावा मात्र सुइचयँ गऱ्यो ।

“जाऊँ त कसरी जाऊँ, बसूँ त जाडाले सिध्याइसक्यो !” भन्दै मैले हिउँको ढिस्को थुपारेँ ।

बल्ल साढे पाँचतिर साथीहरूले जवाफ दिए तल भिरतिरबाट, “हामीले बाटो हरायौँ !”

हाम्रो आवाजलाई पछ्याउँदै साथीहरू डाँडामा निस्किसकेपछि मैले भनेँ, “आज डँडेलधुरा त कुनै अवस्थामा पनि पुग्न सकिँदैन रे । रामसिंह पोखरासम्म पुगिहालिन्छ कि भन्छ भने उसको भतिजो चाहिँ तल गोठतिर अलपत्रै सुत्ने कुरो गर्छ । त्यसैले छिटो हिँड्न नसक्ने साथी चाहिँ दुई जना भरियासित बिस्तारै आउनुहोस् । हामी तीन जना चाहिँ दुगुर्दै पोखरा जान्छौँ अनि बासगाँसको व्यवस्था मिलाउँछौँ । जस्तै अवस्थामा पनि र जति रात परे पनि तपाईंहरू अवश्य आइपुग्नुहोला ।”

मेरो योजना सबैलाई मन परेकाले प्रेमबहादुर प्रधान, एक जना साथी र म ओरालो कुद्यौँ । लड्दै पछारिँदै धेरै हिँडेपछि बाटो तेर्सियो र फेरि उकालियो । अनेकौँ ओराला र उकाला बाटा हिँड्दाहिँड्दै अँध्याराले भ्याप्पै छोप्यो । चोर, डाँका, भूत, प्रेत र जङ्गली जनावरका आक्रमणको आशङ्काले ढक्क भएको छातीलाई दुई हातले थिचेर हामी तीन जना एक प्राण र एक मुटु भएर दगुरिरह्यौँ ।

हामी यति पछारियौँ, भनेर साध्य छैन । हामीलाई यति तिर्खा लाग्यो, भनेर साध्य छैन । भोक, डर र बाटो बिरियो होला भन्ने आशङ्काले थुर्थर हुँदै दश बजे रातीतिर एउटा डाँडामाथिको गाउँमा हामी पस्यौँ । निकै घरमा बोलाएपछि एउटाबाट थाहा पाइयो, बाटो बिरिएको रहेनछ । अनेकौँ घरमा प्रयत्न गरेपछि एउटा छाप्राकी खड्किनी मकै भुट्न तयार भइन् । लोग्ने परदेश लागेको रहेछ । तल्लो तलामा गाई बाख्रा थिए र माथ्लामा ससाना भन्ट्याङभुन्टुङ छोराछोरी यत्रतत्र पसारिइरहेका थिए ।

दियालाको छेस्को बत्ती जस्तै बालेर ती आइमाईले अँगेनामा बिट नभएको ताप्के जस्तो भाँडामा कुचाले चलाएर तीन घान मकै भुटिदिइन् । पैसा पहिले दिएपछि मात्र उनले मकै हाम्रा रुमालमा हालिदिइन् । प्रशस्त पानी लोहोटाबाट खाएर त्यो अमृत जस्तै मकै खाँदै हामी पोखरातिर लाग्यौँ ।

खड्किनीले भनेकी थिई, "बाटामी गाड पडन्छ ।"

साँच्चै नै बाटामा एउटा खोलो रहेछ । त्यहाँ मन ढक्क फुल्यो । खोलो वास्तवमा मसानघाट हो किनभने मरेका मानिसलाई खोलाकै किनारमा जलाउँछन् । त्यसै हुनाले खोलो भन्ने बित्तिकै दिउँसै पनि मेरो सातोपुत्लो उड्छ भने रातीको त कुरै भएन । त्यहाँबाट केही उकालो लागेपछि नै रमाइलो डाँडो टुप्लुक्क देखापऱ्यो जसमा बाटामा दुवैतिर पन्ध्रसोर ढुङ्गाले छाएका घर थिए । घर सबै बन्द थिए । एक दुई घरका बाहिरपट्टि सिकुवामा मान्छे सुतिरहेका थिए ।

मैले सोधेँ, "पोखरा कता पर्छ ?"

"यही हो !" एउटाले ओढ्ने भित्रैबाट भन्यो ।

"दोकान सबै थुनिएका छन् नि ? यहाँ कतै पनि वास पाइँदैन कि क्या हो ?" प्रेमबहादुर प्रधानले सोध्नुभयो ।

"दोकानमा राती कोही बस्दैनन् । दिउँसो बेचबिखन गरेर बेलुका ती गाउँतिर आफ्ना घरमा सुत्न जान्छन् । बरु अलिक पर्तिर जानोस्, एउटा पसले त्यहीँ सुत्छ । त्यहीँ वास पाइन सक्छ ।" त्यस मान्छेले ओढ्ने झिकेर हामीलाई राम्ररी नियाल्दै भन्यो ।

हामी अघि बढ्यौँ । साँच्चै नै एउटा घरभित्र लालटिन बलिरहेको हामीले देख्यौँ । ढोका निकै घचघच्याएपछि एउटा बुढाले ढोका उघारी लालटिन उचालेर हामीलाई हेर्दै सोध्यो, "रातीहुँदो के चाहियो ?"

मैले घडी हेरेँ, रातीको १२ बजेको रहेछ ।

"हामीलाई एक रातको वास चाहियो ।" मैले भनेँ ।

"यहाँ वास पाइँदैन ।" बुढाले ढोका ढप्क्याउन लागे ।

"त्यसरी निठुरी बन्न तपाइँ पाउनुहुन्न । हेर्नोस्, हामी टाढा पूर्वबाट आएका । वास नदिए पनि केही खानेकुरा भए दिनोस्, हामी किनेर खान्छौँ ।" प्रधानले भन्नुभयो ।

बुढासित खाने कुरो केही रहेनछ । चिउरा, मकै, चामल, आलु केही रहेनछ । ससाना सुन्तलाहरूले भरिएको एक डालो रहेछ ।

"कास्की पोखराका सुन्तला रहेछन् नि त तारा दाइ !" अर्का साथीले व्यङ्ग्य गर्नुभयो ।

हामीले दुई दुई रुपियाँका तिस तिस दाना जति ती चिचिले सुन्तला खायौँ । बुढाले कति गर्दा पनि त्यहाँ वास दिन मानेनन् । उसकै घरअगाडिको चिसो छानु ह्वाङ्गै भएको र फोहोरी कटेरो उनले देखाए । तिनैसँग दुई रुपियाँका तीन अँगाला दाउरा किनेर हामी आगो ताप्दै साथीलाई पर्खन लाग्यौँ ।

राती दुई बजे सास मात्र बाँकी राखेर भरियाहरू र साथी आइपुगे । रामसिंह र उनको भतिजो आगाको छेउमा पातलो तन्ना ओछ्याएर र हामी चार भाइ आआफ्ना सुत्ने थैलाभित्र पसी चिसो न चिसो ढुङ्गाको सिरानी लगाएर भोलि रमाइलो डँडेलधुरा पुग्ने स्वादिलो कल्पना गर्दै साढे दुई बजेतिर कच्पल्टिलो निद्रा सुत्यौँ ।

## शब्दभण्डार

**१. शब्द र अर्थको जोडा मिलाउनुहोस् :**

| **शब्द** | **अर्थ** |
|---|---|
| सुदूर | शरीरबाट अलग हुने सर्पको पातलो छाला |
| स्नेह | कहिल्यै अन्त नहुने |
| सँगाल्नु | उत्तम, अतुलनीय |
| अद्वितीय | खोलो |
| सहारा मरुभूमि | धेरै टाढाको |
| दृष्टिपात | पर्याप्त, चाहिँदो, पुग्दो |
| काँचुली | अप्ठेरो, कठिन |
| अनन्त | जतातत्तै |
| गाड | डरलाग्दो |
| ढुङ्ग्यानी | कुनै कुरा जोगाएर राख्नु |

| | |
|---|---|
| विकट | माया, प्रेम |
| यथेष्ट | ढुङ्गाढुङ्गै भएको |
| भयावह | हेर्ने काम, आँखाले ठम्याउने काम |
| | विरहलाग्दो |
| | संसारको एउटा ठुलो मरुभूमि |

२. **शब्दकोशको सहायताले तलका शब्दको अर्थ लेख्नुहोस् :**

अररो, अग्घोर, उग्राउनु, चरन, विरहलाग्दो, कुर्लनु, आकृति, सहृदय, मरुद्यान, यत्रतत्र

३. **तलका कुनै पाँचओटा टुक्काको प्रयोग गरी एक अनुच्छेदमा गाउँमा रहेका आफन्त वा साथीको घर जाँदाको संस्मरण लेख्नुहोस् :**

ह्याकुलाले छोप्नु, रातोपिरो हुनु, निथ्रुक्क भिज्नु, फिटफिटी पर्नु, मक्ख पर्नु, कानमा तेल हाल्नु, हुरुक्क हुनु, नाक ठाडो पार्नु, हातमुख जोर्नु, श्री गणेश गर्नु, फत्ते गर्नु, दुनो सोझ्याउनु, लखतरान हुनु

४. **पाठमा प्रयोग भएका निम्नलिखित स्थानीय भाषिका तथा कथ्य बोलीको सही रूप लेख्नुहोस् :**

| | | |
|---|---|---|
| बाटामी | गाड | पडन्छ |
| अलेलि | जेमराज | पर्तिर |

## बोध र अभिव्यक्ति

१. **नियात्रा पढी त्यसका मुख्य मुख्य घटना भन्नुहोस् ।**

२. **यस नियात्रामा तपाईंलाई सबैभन्दा रोचक लागेको घटना कुन हो, भन्नुहोस् ।**

३. **पाठको दोस्रो अनुच्छेदमा उल्लेख भएका स्थानको सूची बनाउनुहोस् ।**

४. **तलको नियात्रांश पढी सोधिएका प्रश्नको उत्तर भन्नुहोस् :**

टाउकामा चिप्लो न चिप्लो बरफको केश फुलाएर आफ्नो अररो वृद्ध शरीरमा काला रुखको जिङ्ग्रिडे भुत्ला ठड्याई यो घनघस्या गजधुम्म परेर बसेको छ । यो मान्छेहरूसित रिसाएको छ, अग्घोरै रिसाएको छ, अघोरी गाड जत्तिकै रिसाएको छ अनि पोखरेली सेती जत्तिकै रिसाएको छ । सेती नदी पृथ्वीको पेटमा भासिँदै जाओस्, यो चाहिँ ठडिएको ठडियै छ । यसले कहिल्यै त टाउको झुकाउला कि भनेर मैले निरीक्षण गरिहेरेँ तर त्यस्तो लक्षण कतै भेटिएन । उल्टो यो झन् झन् दृढ हुँदै गइरहेको पो मैले पाएँ ।

**प्रश्नहरू**

(क) सेती नदी र घनघस्याका बिचमा रहेका समानता र भिन्नता के के हुन् ?

(ख) घनघस्यालाई कसरी मानवीकरण गरिएको छ ?

५. **दिइएका नियात्रांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

जोगबनीदेखि धरानसम्मको अलकत्रे बाटालाई धिक्कार्दै र भादगाउँदेखि बाह्रबिसेसम्मको फराकिलो कालो बाटालाई सराप्तै हामी ठसठस कनिरह्यौँ । सिंहदरबार अगाडिको चिप्लो बाटो त्यहाँ थिएन, न त्यहाँ भैरहवाबाट बुटवल जाँदा जस्तो तेर्सो सोझो बाटो नै थियो । त्यहाँ त चुच्चे ढुङ्गाहरू पहरामा तेर्सिएका थिए काला रुखका छायामा कच्पल्टिएर । पसिनाले निथ्रुक्क भिजेर हामी छ जना अभागी आकाशतर्फ उचालिइरह्यौँ, उचाइलिइरह्यौँ ।

निल आर्मस्ट्रङहरूलाई त्यति फिटफिटी परेन होला किनभने चन्द्रमामा पुग्दा उनीहरूसित यथेष्ट वैज्ञानिक उपकरण उपलब्ध थिए । हामी भने पानीसमेत नपाएर रोयौँ । निकै माथि पुगेपछि दुइटा पानीका कुला भेटिँदा स्वर्ग पुगेको अनुभव भयो । मरुभूमिका यात्रीले एक्कासि मरुद्यान भेटे झैँ हामी फुलेल भयौँ ।

**प्रश्नहरू**

(क) घनघस्याको उकालो चढ्दा अन्य विभिन्न ठाउँका सकडलाई सराप्नुपर्ने कारण के हो ?

(ख) निल आर्मस्ट्रङहरूलाई किन चन्द्रमामा पुग्न फिटफिटी परेन ?

६. **पाठमा भनिए जस्तै अहिले पनि घनघस्या क्षेत्रको बाटाको यात्रा त्यत्तिकै कठिन छ त ? त्यस क्षेत्रका साथी अथवा शिक्षकसँग सोधखोज गरी अहिलेको अवस्था थाहा पाउनुहोस् र पहिले र अहिलेका बिचको भिन्नता लेख्नुहोस् ।**

७. **यात्रामा सहभागीले कस्ता समस्याको सामना गर्नुपर्‍यो, छोटकरीमा लेख्नुहोस् ।**

८. **भाव विस्तार गर्नुहोस् :**

(क) यो हिउँ मेरो थियो, मेरो मुटुको थियो र हिमाली हार्दिकता बोकेको र चम्किलो थियो ।

(ख) प्रकृतिसित जुध्नु नै जीवनको रमाइलो हो भन्ने भावलाई ह्याकुलाले छोपेर नै म सुदूरपश्चिमको भ्रमणमा निक्लेको थिएँ ।

९. **दिइएको गद्यांश पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

साँच्चि नै विदेशमा नेपालीलाई परेको समस्या सुनाउने स्थान र समाधानका लागि सल्लाह लिन सक्ने एउटै मात्र थलो दूतावास नै हुन्छ । मानौँ उनीहरू सानातिनादेखि ठुला र गम्भीर

समस्याहरू दूतावासमा सुनाएपछि सहज रूपमा सुल्झिन्छ भन्ने मनोविज्ञान लिएर आउँछन् । दूतावास नै आफ्नो आमाको दोस्रो रूप जस्तै ठान्छन् । विदेशमा पुगेकाले जसरी हरदुःखमा आमा भनेर पुकारिन्छ र सम्झिने गरिन्छ । हुन त यो मेरो अभिव्यक्ति हो । त्यसैले म जस्तै अरूले सम्झिन्छन् कि सम्झिदैनन् दुःखमा आफ्नी आमालाई तर म भने आपत्‌विपत् र दुःखमा जहिले पनि सम्झिन्छु आफ्नी आमालाई । त्यस्तै प्रकारले विदेशमा भएका नेपालीको आमाको रूपमा रहेको हुन्छ नेपाली दूतावास । दूतावासको उपस्थिति नभएका देशमा आफ्ना समस्या, पिरमर्का र मनको बह पोख्ने स्थान कहीँकतै हुँदैन । कम्तीमा आफ्नै देशका दाजुभाइलाई आफ्नै भाषामा आफ्ना समस्या सुनाउँदा मात्र पनि हलुका अनुभव हुन्छ । यिनै मानवीय कोणबाट सोचेर चुपचाप समस्या सुन्ने र सकेसम्म मलमपट्‌टी लगाउने खालका कुरा गरेर सम्झाउने र बुझाउने काम गर्नेतर्फ लाग्नुपऱ्यो कतारमा । यसरी कहिल्यै नभोगिएका, कहिल्यै नसुनिएका र कहिल्यै नसोचिएका विचित्र किसिमका कामबारे सल्लाह तथा सुझाव दिन बाध्य हुनुपऱ्यो कतारमा ।

*जय छाङ्छा*

**प्रश्नहरू**

(क) दूतावासले के काम गर्छ ?

(ख) किन दूतावासलाई आमासँग तुलना गरिएको हो ?

(ग) दूतावासको उपस्थिति नभएका देशमा कस्ता समस्या हुन्छन् ?

(घ) लेखकले कतारमा कसरी काम गर्नुपऱ्यो ?

१०. **दिइएको गद्यांश पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

कुल गार्हस्थ उत्पादनमा औद्योगिक क्षेत्रको योगदान बढाउनका लागि स्वदेशी तथा विदेशी पुँजीको परिचालन गर्नुपर्छ । एकल बिन्दु सेवा केन्द्रका माध्यमबाट वैदेशिक लगानी प्रवर्धन गर्न आवश्यक छ । उपलब्ध स्रोतसाधन र श्रमको उपयोग गरेर औद्योगिक उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गर्न सकिन्छ । लघु, घरेलु तथा साना उद्योगको संरक्षण र प्रवर्धन गरी रोजगारी सिर्जना गर्न सकिन्छ । गरिबी न्यूनीकरण, नेपाली वस्तु तथा सेवाका लागि लगानीमैत्री वातावरण सिर्जना, आयात प्रतिस्थापन र निर्यात प्रवर्धनका माध्यमबाट अर्थतन्त्रलाई सुदृढ गर्न आवश्यक छ । तुलनात्मक लाभ तथा प्रतिस्पर्धी क्षमता भएका नेपाली वस्तु तथा सेवाको उत्पादन वृद्धि गर्नुपर्छ । निर्यात प्रवर्धन तथा आयात व्यवस्थापन गरी आन्तरिक माग पूर्ति गर्न सकिन्छ । द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय व्यापार प्रणालीबाट अधिकतम लाभ लिने गरी वैदेशिक व्यापारसम्बन्धी योजना तथा कार्यक्रम सञ्चालन गर्न आवश्यक छ । खाद्यान्न, औषधी तथा पेट्रोलियम पदार्थ जस्ता अत्यावश्यक

वस्तुको सरल र उचित मूल्यमा सहज उपलब्ध हुने व्यवस्था आवश्यक छ । यसका लागि आपूर्ति व्यवस्थापनमा सुधार ल्याई मूल्य स्थिरता कायम गर्नुपर्छ । गुणस्तरीय वस्तु तथा सेवामा सहज पहुँच पुऱ्याई उपभोक्ताको हकहित संरक्षण गनुपर्छ । खाद्यान्न तथा अन्य वस्तुमा हुने मिसावट, ठगी, कालोबजारी, नियन्त्रण गर्न बजार अनगुमनलाई तीव्र बनाउन आवश्यक छ । यसका लागि विद्यमान ऐन नियमको प्रभावकारी कार्यान्वयन गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्छ ।

**प्रश्नहरू**

(क) केका लागि स्वदेशी तथा विदेशी पुँजीको परिचालन गर्नुपर्छ ?

(ख) गरिबी न्यूनीकरणका उपाय के के हुन् ?

(ग) अर्थतन्त्रलाई सुदृढ गर्न कस्ता उपाय अपनाउनुपर्छ ?

(घ) उपभोक्ताको हकहितको संरक्षण कसरी गर्न सकिन्छ ?

११. **तलका मध्ये कुनै दुईओटा शीर्षकमा निबन्ध लेख्नुहोस् :**

(क) आत्मानुशासन

(ख) पृथ्वी बचाऔँ

(ग) सामाजिक सञ्जालको सदुपयोग

(घ) भ्रष्टाचार मुक्त देश

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ ३ सुन्नुहोस् र दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) यात्राको गन्तव्य कहाँसम्म थियो ?

(ख) लज कसले सञ्चालन गरेको थियो ?

(ग) तिब्बती शरणार्थी क्याम्पमा कस्तो परिवर्तन भएको रहेछ ?

(घ) अन्न कसरी लगिँदै थियो ?

२. **यातायातको विकाससँगै तपाईंको गाउँ वा टोल छिमेकमा कस्तो परिवर्तन भएको छ, सुनाइ पाठ ३ का आधारमा छोटकरीमा भन्नुहोस् ।**

## भाषातत्त्व

१. **लिङ्ग सङ्गति मिलाई दिइएको अनुच्छेद पुनर्लेखन गर्नुहोस् :**

हाम्रा बिचमा धेरै कुरा समान छन् । मेरी छोरा सानै छिन् । तिम्री छोरा पनि सानै छिन् । मेरो छोरी विद्यालयमा पढ्छन् । तिम्रो छोरी पनि विद्यालयमा पढ्छन् । मेरी एउटा भाइ छिन् । तिम्रो एउटा बहिनी छन् । मेरा एउटा दिदी हुनुहुन्छ । तिम्री एउटा दाजु हुनुहुन्छ ।

२. **वचन सङ्गति मिलाई दिइएको अनुच्छेद पुनर्लेखन गर्नुहोस् :**

डोल्मा, रामलाल, महेश र म पुस्तकालय गएँ। पुस्तकालयमा धेरै पुस्तक थियो। मैले पत्रिका पढ्यौँ। डोल्माले कविता पढे। रामलाल र महेशले उपन्यास पढ्यो। पुस्तकालयमा अरू धेरै जना विद्यार्थी थियो। सबै जना पढ्दै थियो। दराजभरि पुस्तकहरू थियो। केही पुस्तक भुइँमा थियो। एउटा पुस्तक भुइँमा झरेका थिए। त्यसको अगाडिको गाता च्यातिएका थिए। मैले त्यो पुस्तक उठायौँ र पुस्तकालय व्यवस्थापन शाखाको कर्मचारीलाई दियौँ। व्यवस्थापन शाखाको कर्मचारीहरूले मलाई धन्यवाद दियो।

३. **पुरुष सङ्गति मिलाई दिइएको अनुच्छेद पुनर्लेखन गर्नुहोस् :**

म, तिमी र विश्वराज छिमेकी हुन्। म बिहान सबेरै उठ्छ। तिमी बिहान सबेरै उठ्छन्। विश्वराज पनि बिहान सबेरै उठ्छु। त्यसपछि हामी तीनै जना भेट हुन्छौँ। हामी आधा घण्टा दौडिन्छन्। त्यसपछि म योगध्यान गर्छन्, तिमी फुटबल खेल्छु र विश्वराज ब्याटमिन्टन खेल्छु। बिहान आठ बजे हामी आआफ्ना घर जान्छन्।

४. **आदर सङ्गति मिलाई दिइएको अनुच्छेद पुनर्लेखन गर्नुहोस् :**

हाम्रो घरमा मेरो मामा आउँछ। मामाले मलाई राम्रा राम्रा किताब ल्याइदिन्छ। मामालाई भेटन पाउँदा मेरी बहिनी पनि धेरै खुसी हुनुहुन्छ। तिमी पनि मेरा मामालाई भेट्न आइज है।

५. **पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा परिवर्तन गरी दिइएको अनुच्छेद पुनर्लेखन गर्नुहोस् :**

मेरो बुबा ७८ वर्ष हुनुभयो। मेरी आमा ७२ वर्ष पुग्नुभयो। मेरा तीन दाजु, दुई भाइ, दुई दिदी र एक बहिनी छन्। मेरी श्रीमती असल र दयालु छिन्। मेरा घरमा दुईओटा गाई, एउटा राँगो र केही बोका पनि छन्। मसँग एक दर्जन कुखुराका पोथी छन्।

६. **एकवचन भए बहुवचन र बहुवचन भए एकवचनमा परिवर्तन गरी दिइएको अनुच्छेद पुनर्लेखन गर्नुहोस् :**

ऊ घर गयो। घरमा उसका दिदीहरू थिए। उसका दाजु काममा गएका थिए। त्यही वेला उसका साथीहरू पनि टुप्लुक्क आइपुगे। उसको आवाज सुनेर गोठको भैँसी पनि करायो। बाख्राहरू पनि म्याँम्याँ गर्न थाले। कुकुरहरू पनि पुच्छर हल्लाउँदै उसका नजिकै आएर सुँघ्न थाले।

७. **तृतीय पुरुषमा परिवर्तन गरी दिइएको अनुच्छेद पुनर्लेखन गर्नुहोस् :**

मेरो शरीर अलिक मोटो भएकाले उकालो देख्नेबित्तिकै मेरो सातोपुत्लो उड्छ। तेर्सो र ओरालो बाटामा म निकै छिटो हिँड्न सक्छु, तर उकालो भने मेरा लागि जेमराज जत्तिकै भयावह हुन्छ।

म विवश थिएँ, मैले घनघस्या नकाटी भएको थिएन । पाटनका सहृदय व्यक्तिहरूले दिएका दुई लाँक्रा उखु पहिले टेक्तै र पछि चबाउँदै हामी एकोहोरो उकालिइरह्यौँ, उकालिइरह्यौँ ।

८. **मध्यम आदरमा रूपान्तरण गरी दिइएको अनुच्छेद पुनर्लेखन गर्नुहोस् :**

तँ मिहिनेती छस् । तेरो बानीबेहोरा पनि राम्रो छ । तेरो पढाइ पनि राम्रो छ । जोसुकैलाई विश्वास गरिहाल्ने बानीमा भने तैँले सुधार गर्नुपर्छ ।

९. **सामान्य आदरमा रूपान्तरण गरी दिइएको अनुच्छेद पुनर्लेखन गर्नुहोस् :**

तपाईं हिजो कहाँ जानुभएको थियो ? आज पनि कतै जानुहुन्छ कि ? अहिलेको समयमा यसरी बाहिरतिर घुम्न ननिस्कनुहोस् । घरभित्रै बसेर व्यायाम गर्नुहोस् । बरु किताब पढ्नुहोस्, लेखहरू लेख्नुहोस् ।

१०. **उच्च आदरमा रूपान्तरण गरी दिइएको अनुच्छेद पुनर्लेखन गर्नुहोस् :**

ऊ भोलि पोखरा जान्छे । उसकी दिदी पनि ऊसँगै पोखरा जान्छिन् । उनीहरू फेवाताल घुम्छन् । उनीहरू कविता लेख्छन् । पोखरामा उनीहरूका साथीहरू पनि छन् । उनीहरू साथीहरूलाई पनि भेट्छन् । एक हप्ता बसेर उनीहरू घर फर्किन्छन् ।

११. **दिइएको अनुच्छेदबाट 'ब' र 'व' को प्रयोग भएका शब्दको अलग अलग सूची बनाउनुहोस् :**

गाउँ बस्तीका मानिसलाई बाहिरतिर घुम्न त्यति धैरै अवसर हुँदैन । खेत, बारी, कुलो, वन, घाँस, दाउरा, वरपर, तलमाथि गर्दै उनीहरूको समय बित्छ । हिउँद, वर्षा, जाडो, गर्मी, हावा, हुरी, बतास, बिहान, बेलुका, दिउँसो, राती आदि सबै याम, समय, मौसममा काम गर्नुपर्छ । उनीहरूले कहिलेकाहीँ जान पाउने ठाउँ भनेका नजिकैको हाट बजार हो । यसबाहेक उनीहरू कहिलेकाहीँ गाउँमा हुने बिहेबटुलो, चाडपर्व, जात्रामेला, उत्सव आदिमा जान पाउँछन् ।

१३. **तल 'ब' को प्रयोग भएका शब्द दिइएको छ । तिनलाई उदाहरणअनुसार वर्गीकरण गर्नुहोस् :**

| धातु/क्रियापद | अव्यय शब्द | बि/बे लागेका शब्द | तत्सम शब्द | तद्भव तथा आगन्तुक शब्द |
|---|---|---|---|---|
| उदाहरण : बस्, बाहिरिन्छ | उदाहरण : अब, तब | उदाहरण : बिकाम, बिचेत | उदाहरण : बाहु, बाह्य | उदाहरण : बाहिर, बखान |

ब्रह्मर्षि, बक्स, बेर्छ, ब्रह्मा, ब्रह्माण्ड, ब्राह्मण, ब्राह्मी, बार्, बास्, बिथोल्, बुन्, बेच्, बेर्, बेहोर्, बाहिरिन्छ, जब, बित्तिकै, बुरुक्क, अब, बेग्लै, तब, बेसरी, ब्यारे, बिछोड, बिजोर, बेइज्जत, बेकार, बेवास्ता, बदनाम, बदमास, बाहिर, अम्बा, बकुल्लो, बखान, बगाल, बयान,

बस्, बच्, बाँध्, बाँच्, बच्चा, बतास, बँदेल, बङ्गुर, बखत, बारुलो, बिजुली, बैँस, बोक्रो, बोसो, बखत, बन्दुक, तलब, बकस, बगैँचा, बन्दकी, पिसाब, हिसाब, बजेट, बस, बाकस, बोतल, बटुवा, बत्तिस, बाक्लो, बुच्चो, बिखालु, बन्द, तलबी, बिचरो, बर्बाद, ब्रिटिस, अम्बर, अम्बिका, कुटुम्ब, बहुब्रीहि, बाहु, ब्रह्मचारी, चुम्बन, चुम्बक, चुम्बी, सम्बद्ध, सम्बन्ध, सम्बन्धी, सम्बोधन, विडम्बना, अवलम्बन, लम्ब, बहुधा, बाह्य, बहुलता

१४. **उदाहरणमा दिइए जस्तै गरी दिइएका शब्दलाई वर्गीकरण गर्नुहोस् :**

| उच्चारण र लेखाइ दुवैमा 'व' हुने शब्द | उच्चारण 'ब' भए पनि 'व' लेखिने शब्द |
|---|---|
| उदाहरण : वर, वास्ता, वकिल | उदाहरण : वस्तु, वस्त्र, वाक्य |

विषम, विषाणु, विषय, वीर, वृत्त, वृद्ध, वेग, वैद्य, व्यक्ति, वासलात, रवाफ, कावासोती, कावा, मेवा, वस्ताद, सवारी, वजन, वरिपरि, वाल्ल, वाक्क, देवर, पेवा, तौलिहवा, पावर, वाक्य, वायरलेस, वार्ड, वस्तु, वस्त्र, वारेस, वाल्ल, ट्वाल्ल, कछुवा, कुवा, खुवा, जुवा, वर, वास्ता, वकिल, जुवाइँ, तुवाँलो, दुवाली, धुवाँ, रुवाइ, धुवाइ, देखावट, बोलावट, ढुकुवा, फुकुवा, खोलुवा, भतुवा, बहालवाला, उमेदवार, वाचा, वाद, वादी, वाम, वायु, वाल्मीकि, वाहन, विज्ञान, विकास, विकृति, विखण्डन, विचलन, विचित्र, विजय, वंश, वक्तव्य, वक्ता, वक्र, वक्ष, वन, वन्दना, वयस्क, वातावरण, वरिष्ठ, वर्ग, वरुण, वर्गीकरण, वर्ण, वर्षा, वर्ष, विच्छेद, विज्ञापन, विदेश, विद्या, विधवा, विवाह, विभूति, विभाजन, विरह, विवेक, विशेष, विश्लेषण, दफावार, जिम्मेवार, फाँटवारी, महिनावारी, नश्वर, ईश्वर, कर्तव्य, गुणवान्, धनवान्, भगवती, पाण्डव, पार्थिव, व्यर्थ, विधि, व्यापार, व्यवहार, व्रज, विराट्, विराम, वैदिक, वैज्ञानिक, वैभव, वैष्णव, वर्ग, व्याकरण ।

## सिर्जना र परियोजना कार्य

१. **तपाईंले गरेको कुनै यात्राका विषयमा छोटो नियात्रा लेख्नुहोस् ।**

२. **साहित्यिक पत्रिकाहरूमा प्रकाशित नियात्रा सङ्कलन गरी त्यसका आधारमा एउटा नियात्रा लेख्नुहोस् ।**

पाठ ४

# व्यावसायिक पत्र

**कर्नाली उत्पादन तथा वितरण केन्द्र**

**चिसापानी, कैलाली**

मिति : २०७८/०१/०२

प. स.

च. नं.

श्रीमान् प्रमुख

ज्वालामाई उपभोग्य वस्तु सङ्कलन तथा वितरण कम्पनी

कोहलपुर, बाँके ।

**विषय : आपूर्ति सम्झौता सम्बन्धमा ।**

त्यस कम्पनीको मिति २०७७/१२/२५ को पत्र प्राप्त भई पत्रको व्यहोरा अवगत भयो । यस कम्पनीबाट उत्पादित तथा सङ्कलित वस्तुको बिक्री वितरण गर्ने र दुई कम्पनीका बिचमा सहकार्य गर्ने भनी त्यस कम्पनीले राखेको प्रस्तावलाई यो कम्पनी सहर्ष स्वीकार गर्छ । यस कम्पनीले विगतका दिनमा अन्य धेरै कम्पनीसँग सहकार्य गरिसकेको छ र त्यसबाट दुवै पक्ष लाभान्वित पनि भएका छन् । त्यसैले आगामी दिनमा अन्य कम्पनीसँग झैँ त्यस कम्पनीसँग पनि सुमधुर वातावरणमा सहयोग आदानप्रदान हुने अपेक्षाका साथ यथाशीघ्र सम्झौता गरी काम अघि बढाउनसमेत यो कम्पनी अनुरोध गर्छ । यस कम्पनीबाट उपलब्ध हुने वस्तुहरूको विस्तृत विवरण र मूल्यसूची हाम्रो वेबसाइटमा उपलब्ध छ । यस कम्पनीबाट उत्पादित तथा सङ्कलित सामानको विवरण यसप्रकार रहेको छ :

१. चामल, मकै, भटमास, दाल, आलु, तरकारी, फलफूल

२. माछा, खसी, भेडा, कुखुरा हाँस, खरायो, गाई, भैँसी, बाखा, घोडा

३. दुध, दही, घिउ, चिज

४. विभिन्न किसिमका बिउ, बिजन

५. फर्निचर तथा विभिन्न किसिमका घरेलु सामान

**भावना चौधरी**

**प्रबन्ध निर्देशक**

**खामको नमुना**

| | | |
|---|---|---|
| **पठाउने**<br>कर्नाली उत्पादन तथा वितरण केन्द्र<br>चिसापानी २, कैलाली | **पाउने**<br>श्री ज्वालामाई उपभोग्य वस्तु सङ्कलन तथा वितरण कम्पनी कोहलपुर ३, बाँके | टिकट |

## शब्दभण्डार

**१. शब्द र अर्थको जोडा मिलाउनुहोस्**

| **शब्द** | **अर्थ** |
|---|---|
| प्रबन्ध | दुई वा दुईभन्दा बढी व्यक्ति वा संस्थाले मिलेर गरिने काम |
| अवगत | खुसीसाथ, खुसीले युक्त |
| दीर्घकालीन | बन्दोबस्त, चाँजोपाँजो |
| सङ्कलित | बेखुसी |
| वितरण | लामो समय |
| सहकार्य | जतिसक्दो चाँडो |
| प्रस्ताव | बटुलिएको |
| यथाशीघ्र | बाँडफाँड |
| | कुनै कामको आरम्भ वा सम्पादनका लागि प्रस्तुत गरिएको विचार |
| | जानेको वा बुझेको |

२. **दिइएका शब्दको विपरीतार्थक शब्द लेख्नुहोस् :**

हार, दाहिने, रुनु, आफ्नो, दिन, आय, सक्कली, निराशा, प्रतिकूल, जस, प्रेम, आकर्षण, जटिल, सबल, सापेक्ष, हर्ष, सपना, अनावश्यक

३. **तलका शब्दको लघुतावाचक शब्द लेख्नुहोस् :**

(क) किरो, कोदालो, गाग्रो, चिम्टा, चरो, थाल, ठेको, पुस्तक

(ख) रोटी, सुन्तला, भात, पराल, पानी, फूल, केरा

## बोध र अभिव्यक्ति

१. **पाठका आधारमा दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) व्यावसायिक चिठीको सबैभन्दा माथि के लेखिन्छ ?

(ख) व्यावसायिक चिठीमा पत्र सङ्ख्या र चलानी नम्बर कहाँ लेखिन्छ ?

(ग) व्यावसायिक चिठीको कुन भागमा कहाँनेर मिति लेखिन्छ ?

(घ) व्यावसायिक चिठीमा सम्बोधन र विषयको रखाइक्रम कस्तो हुन्छ ?

२. **पाठमा उल्लेख भएअनुसार ज्वालामाई उपभोग्य वस्तु सङ्कलन तथा वितरण कम्पनी कोहलपुर, बाँकेले कर्नाली उत्पादन तथा वितरण केन्द्र, चिसापानी, कैलालीलाई मिति २०७७/१२/२५ मा लेखेको पत्र कस्तो हुनसक्छ, अनुमान गरी लेख्नुहोस् ।**

३. **हालसालै प्रकाशित पुस्तक पठाइदिन भनी तपाईंको घरनजिकै रहेको पुस्तक पसलले नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौँलाई लेख्ने पत्रको नमुना तयार पार्नुहोस् ।**

४. **दिइएको चिठी पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

मिति : २०७८/०२/०५

सङ्खुवासभा

आदरणीय दाजु

सादर प्रणाम

हामी यहाँ सबै जना आराम छौँ र तपाईं पनि आरामै हुनुहुन्छ भन्ने आशा र विश्वास लिएका छौँ । तपाईंले चिठीमा गाउँघरको खबरबारे चासो राख्नुभएको रहेछ । त्यही विषयमा यो चिठी लेख्दै छु ।

दाजु, गाउँमा कृषि जागरण सुरु भएको छ । गाउँमै बसेर पनि मनग्गे आम्दानी गर्न सकिने रहेछ भन्ने पुष्टि भएको छ । हेर्नुहोस् न, जगराम काकाले बाख्रापालन र तरकारी खेतीबाटै यस वर्ष दश लाख आम्दानी गर्नुभयो । हामीले पनि गोलभैँडा, कुखुरा र खसी बेचेर तीन लाख कमायौँ । हामीले कटहरे पाखाभरि अलैँचीका बिरुवा रोपेका छौँ, पल्लो खोरियामा बोधिचित्त र रुद्राक्षका बिरुवा लगाएका छौँ । चारओटै टनेलमा राम्रोसँग गोलभैँडा फलिरहेका छन् । आजभोलि गाउँमा भुइँ स्याउ, ड्रागन, घिउफल, किबी जस्ता नयाँ प्रजातिका फलफूल खेती गर्ने चलन आएको छ । हामीले पनि तल्लो बिरौटामा यी फलफूल लगाएका छौँ ।

कोरोना भाइरसको महामारीसँगै धेरै युवा गाउँ फर्किंदै छन् । कृषिमा आधुनिकीकरण र व्यावसायीकरणको सुरुआत भएको छ । कृषिजन्य उद्योग खुल्न थालेका छन् । गाउँमा डेरी, जुस, चिज, फर्निचर, राडीपाखी, अल्लो तथा खाँडीका कपडा आदिका उद्योग खुलेका छन् । व्यवस्थित रूपमा माछापालन, मौरीपालन, बाखापालन, तरकारी खेती, रेसम खेती, भेडापालन, बङ्गुरपालन आदिको सुरुआत भएको छ। गाउँमा विकासका काम पनि धमाधम हुँदै छन् । सडक, कुलो, बिजुली बत्ती, खानेपानीका काम भइरहेका छन् । हाम्रो गाउँदेखि विराटनगर र काठमाडौँका लागि दिवा तथा रात्रि सेवाको बस सञ्चालन भएका छन् । गाउँको उत्पादन सजिलै सहर बजारमा पुग्न थालेको छ ।

दाजु, अब पैसा कमाउनका लागि विदेशमा बस्नु पर्दैन । त्यसैले चाँडै गाउँ फर्किनुहुन्छ भन्ने आशा छ ।

उही तपाइँकी प्यारी बहिनी

सुनिता दङ्गाल

**प्रश्नहरू**

(क) गाउँमा के सुरु भएको छ ?

(ख) जगराम काकाले कसरी आम्दानी गर्नुभयो ?

(ग) कोरोना भाइरसको महामारीपछि गाउँमा कस्तो परिवर्तन भएको छ ?

(घ) कृषिमा आधुनिकीकरण र व्यावसायिकीकरण भनेको के हो, स्पष्ट पार्नुहोस् ।

(ङ) माथिको चिठीको प्रापक र प्रेषकको नाम ठेगाना अनुमान गरी खामको नमुना बनाउनुहोस् ।

५. **दिइएको कार्यालयीय चिठी पढ्नुहोस् र त्यसको प्रत्युत्तर लेख्नुहोस् :**

मिति : २०७८/०२/०७

**पाठ्यक्रम विकास केन्द्र,**

**सानोठिमी, भक्तपुर**

प. स.

च. न.

**विषय : सहभागिता सम्बन्धमा**

श्री नेचासल्यान गाउँपालिका
सोलुखुम्बु ।

यस केन्द्रले स्थानीय तहसँगको सहकार्यमा विद्यालय पाठ्यक्रम तथा पाठ्पुस्तकसम्बन्धी अभिमुखीकरण प्रशिक्षण, तालिम, गोष्ठी, अन्तरक्रिया आदि सञ्चालन गर्दै आएको छ । विभिन्न जिल्लाका १०० भन्दा बढी स्थानीय तहसँगको सहकार्यमा यस्ता कार्यक्रम सम्पन्न भइसकेका छन् । उपत्यकाका विभिन्न नगरपालिका र गाउँपालिकामा पनि यस्ता कार्यक्रम सम्पन्न भएका छन् । ती कार्यक्रम शिक्षण सिकाइका लागि उपलब्धिमूलक रहेको भन्ने प्रतिक्रिया पनि प्राप्त भइरहेको छ । अतः त्यस गाउँपालिकामा पनि यस्ता कार्यक्रम सञ्चालन गर्न आवश्यक भएमा जानकारी गराइदिनु हुन अनुरोध छ । कार्यक्रमको प्रकृति र सहभागीको सङ्ख्याका आधारमा कार्यक्रमको लागत र विस्तृत योजना तय गरिने व्यहोरासमेत अनुरोध छ ।

........................

महानिर्देशक

६. **दिइएको अनुच्छेदबाट चारओटा बुँदा टिपी एक तिहाइमा नबढ्ने गरी सारांश लेख्नुहोस् :**

नेपालमा विविध प्रकारको हावापानी पाइन्छ । नेपालमा ऊष्ण मनसुनी, न्यानो समशीतोष्ण, ठन्डा समशीतोष्ण, लेकाली र हिमाली गरी मुख्यतः पाँच प्रकारको हावापानी पाइन्छ । समुद्री सतहदेखि १२०० मिटरसम्मको उचाइ पाइने हावापानीलाई ऊष्ण मनसुनी भनिन्छ । तराई, भावर, दुन र चुरे पर्वतको आसपासका क्षेत्रमा यो हावापानी पाइन्छ । यस क्षेत्रमा गर्मीमा औसत तापक्रम १५–४० डिग्री सेल्सियससम्म हुन्छ भने हिउँदमा १५–५ डिग्रीसम्म

हुने गर्छ । वर्षामा सरदर २०० सेन्टिमिटरसम्म वर्षा हुन्छ । ग्रीष्म ॠतुमा तातो हावा 'लु' चल्छ । चुरे पहाड र महाभारत पर्वत क्षेत्रमा पाइने हावापानीलाई न्यानो समशीतोष्ण हावापानी भनिन्छ । समुद्री सतहबाट १२००–२१०० मिटरसम्मको क्षेत्रमा यो हावापानी पाइन्छ । ग्रीष्म ॠतुमा न्यानो र हिउँदमा भने निकै जाडो हुने यस हावापानीको विशेषता हो । ग्रीष्म ॠतुमा २४–३० डिग्री सेल्सियस र हिउँदमा ० डिग्री सेल्सियससम्म तापक्रम र १२५ सेन्टिमिटरसम्म वर्षा यस हावापानीको विशेषता हो । महाभारत पर्वतको उच्च भाग र हिमालको तल्लो भाग (२१००–३३०० मिटर) मा ठन्डा समशीतोष्ण हावापानी पाइन्छ । यस क्षेत्रमा तापक्रम १५–२० डिग्री सेल्सियस र जाडामा ० डिग्री सेल्सियसभन्दा तल र वर्षा १०० सेन्टिमिटरसम्म हुन्छ । हिउँदमा हिउँ पर्छ । हिमाली क्षेत्र (३३००–५००० मिटर) को शुष्क ठन्डा हावापानीलाई लेकाली हावापानी भनिन्छ । यो क्षेत्रमा गर्मीमा १०–१५ डिग्री सेल्सियससम्म तापक्रम पाइन्छ भने जाडामा ० डिग्री सेल्सियमभन्दा निकै तल पुग्छ । यहाँ करिब ४० सेन्टिमिटरसम्म वर्षा हुन्छ । समुद्र सतहबाट ५००० मिटरभन्दा माथिको उचाइमा रहेको उच्च हिमाली क्षेत्रमा पाइने हावापानीलाई हिमाली हावापानी भनिन्छ । यहाँको तापक्रम प्रायः ॠणात्मक हुन्छ । यहाँ वर्षाका रूपमा पनि हिउँ पर्छ । यहाँ मध्याह्नपछि हिउँको भीषण वर्षा हुन्छ ।

७. **दिइएको भरपाईको नमुना हेर्नुहोस् र नेपाल प्रज्ञा प्रतिष्ठानबाट कालिका पुस्तकालय, रसुवालाई उपहारस्वरूप प्रदान गरिएको बृहत् नेपाली शब्दकोश (दुई प्रति) त्यस पुस्तकालयका प्रमुखले बुझिलिएको भरपाईको नमुना तयार पार्नुहोस् :**

**भरपाई**

भरपाई दादै जुम्ला कृषि ज्ञान कार्यालयद्वारा आयोजित 'मार्सी धान उत्पादन : कृषि प्रविधि तथा वितरण' विषयक दुई दिने कार्यशालामा विज्ञ प्रस्तोताका रूपमा काम गरेबापत सो कृषि ज्ञान कार्यालयको लेखा शाखाबाट निम्नानुसार पारिश्रमिक बुझिलिई यो भरपाई गरिदियौँ :

| क्र.स. | रकम बुझ्नेको नाम | ठेगाना | रकम | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | डा. मीना विश्वकर्मा | जुम्ला | ३०००/- | |
| २. | सुमन चौधरी | जुम्ला | ३०००/- | |
| ३. | जगत् शर्मा | जुम्ला | ३०००/- | |

मिति : २०७७ चैत्र १५ गते आइतबार

८. **दिइएको तमसुकको नमुना पढी तपाईंको आफ्नो स्थायी ठेगानाको कुनै एक व्यक्तिले त्यहींको अर्को व्यक्तिसँग ऋण लिएको व्यहोरा खुलाई एउटा तमसुकको नमुना लेख्नुहोस् :**

**तमसुक**

लिखितम् खोटाङ जिल्ला दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका वडा नम्बर ६ नेर्पा, मोहोरिया टोल बस्ने शिवकुमारको नाति, दातारामको छोरा वर्ष ३७ को म जयप्रसाद पराजुलीले आफ्नो घरखर्च गर्न भनी ऐजन जिल्ला, ऐजन नगरपालिका, वडा नम्बर ११ खार्मी, ओडारे बस्ने छविलालको नाति, मधुलालको छोरा वर्ष ४० को तपाइँ गङ्गाराम दाहालबाट रु. ५०,०००।- (अक्षरेपि पचास हजार मात्र) आजैका मितिमा ऋण सापटी स्वरूप लिएको छु । यस रकमको वार्षिक आठ प्रतिशतका दरले ब्याज बुझाउने छु र दुई वर्षभित्रमा सम्पूर्ण सावाँ ब्याज चुक्ता गरिसक्ने छु । यदि यस कबोलअनुसार नबुझाएमा मेरो जायजेथा, घरजग्गाबाट कानुनबमोजिम असुल गरिलिन मेरो मन्जुरी छ । यो तमसुक मेरो राजीखुसीसाथ गरेको हुँ । व्यहोरा साँचो हो । झुठा ठहरे कानुनबमोजिम सहने बुझाउने छु । साक्षी किनारामा सदर । मुकाम साहुको घर आँगन । इति संवत् २०७८ साल वैशाख ५ गते रोज १ बार शुभम् ।

साक्षी

.................खोटाङ जिल्ला दिक्तेल रूपाकोट मझुवागढी न.पा. वडा नम्बर ५ बस्ने वर्ष ४५ को व्रतराज राई- १

.................ऐ जिल्ला ऐ नगरपालिका वडा नम्बर ७ बस्ने गणपति सेढाईं - १

.....................लेखक : ऐ.ऐ. वडा नम्बर ३ बस्ने जगत् खतिवडा

आसामीको हस्ताक्षर : औँठा छाप

दायाँ बायाँ

९. **दिइएको सम्झौता पत्र/करारनामाको नमुना पढ्नुहोस् र तपाईंको विद्यालयमा पुस्तकालय भवन निर्माणका लागि विद्यालयका प्रधानाध्यापक, स्थानीय निर्माण कम्पनीका प्रमुखबिच गरिने करारनामाको नमुना लेख्नुहोस् :**

कमलामाई नगरपालिका कार्यालय, सिन्धुली (यसपछि यहाँ पहिलो पक्ष भनिएको छ) र ऐजन जिल्ला, ऐजन नगरपालिका वडा नम्बर ७ निवासी श्री दयाराम उपाध्याय (यसपछि यहाँ दोस्रो पक्ष भनिएको छ) सँग तपसिलका कार्य गर्नका लागि देहायबमोजिमको सर्तको अधीनमा रहेर दोस्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मञ्जुर भई यो सम्झौता गरिएको छ । यो सम्झौताका एक एकप्रति आपसमा बुझिलियौँ, दियौँ ।

**सर्तहरू**

१. गर्नुपर्ने कामको विवरण : दोस्रो पक्षले कमलामाई नगरपालिका वडा न. ७ को वडा कार्यालयका तोकिएका कार्य कार्यालय सहयोगीका रूपमा गर्नुपर्ने छ । कार्यालयको कामका सिलसिलामा आवश्यक परेमा सार्वजनिक बिदाका दिनमा र कार्यालय समयका अतिरिक्त समयमा समेत काम गर्नुपर्ने छ ।

२. दोस्रो पक्षले सेवासम्बन्धी प्रचलित कानुनमा व्यवस्था भएका आचरणसम्बन्धी कुरा पालना गर्नुपर्ने छ ।

३ पारिश्रमिक : मासिक पारिश्रमिक पहिलो पक्षले दोस्रो पक्षलाई महिना समाप्त भएसँगै मासिक रु. १३,५००।- (तेर हजार पाँच सय मात्र) भुक्तानी दिने छ ।

४. सम्झौता भङ्ग गर्न चाहेमा कम्तीमा १५ दिनको समय दिई एक पक्षले अर्को पक्षलाई लिखित रूपमा सूचना दिनुपर्ने छ ।

५. दोस्रो पक्षले कार्यालय प्रमुखको स्वीकृतिमा प्रत्येक महिनामा १ (एक) दिन बिदा लिन सक्ने छ । यस्तो बिदा अर्को आर्थिक वर्षका लागि सञ्चित हुने छैन ।

६. पहिलो पक्षले दोस्रो पक्षलाई चाडपर्व खर्च एक महिनाको तलब बराबरको रकम उपलब्ध गराइने छ ।

७. सम्झौताको अवधि २०७८ साल साउन १ गतेदेखि २०७९ असार मसान्तसम्म एक वर्षको हुने छ ।

| **पहिलो पक्षबाट** | **दोस्रो पक्षको तर्फबाट** |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम थर : .................... | नाम थर : दयाराम उपाध्याय |
| ठेगाना : कमलामाई नगरपालिका कार्यालय | ठेगाना : कमलामाई न.पा. वडा नम्बर ७, सिन्धुली |
| पद : प्रमुख प्रशासकीय अधिकृत | पद : कार्यालय सहयोगी |

कार्यालय : कमलामाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय

रोहबर वडा अध्यक्ष .........

श्री वडा सचिव ......

श्री कमलामाई नगरपालिका वडा नम्बर ..... वडा कार्यालय, सिन्धुली

इति संवत् २०७८ साल साउन १ गते ६ रोज शुभम्

**१०. दिइएको मन्जुरीनामाको नमुना पढ्नुहोस् र तपाईंको जग्गामा रहेको ढुङ्गाखानीबाट तपाईंको टोलमा सार्वजनिक शौचालय निर्माणका लागि चाहिने ढुङ्गा निकाली लैजानका लागि तपाईंले वडा कार्यालयलाई दिएको मन्जुरीनामाको नमुना लेख्नुहोस् :**

श्रीमान् कार्यालय प्रमुख
राजर्षि जनक अध्ययन अनुसन्धान प्रतिष्ठान
जनकपुर, धनुषा ।

**विषय : मन्जुरीनामा सम्बन्धमा ।**

मैले त्यस प्रतिष्ठानबाट 'मैथिली समाजको विवाह परम्परा' विषयमा अनुसन्धान पूरा गरी सोको प्रतिवेदनसमेत बुझाइसकेको छु । यस अनुसन्धानबापत मैले पाउने पारिश्रमिकको दोस्रो तथा अन्तिम किस्ता रकम भुक्तानी हुन बाँकी छ । हाल म मेरो घरायसी कामको चापले गर्दा त्यहाँ कार्यालयमा आई उक्त पारिश्रमिक बुझ्न असमर्थ भएकाले सो पारिश्रमिक बुझी लिनका लागि सिरहा जिल्ला, मिर्चैया नगरपालिका वडा नम्बर ७ स्थायी ठेगाना भई हाल त्यही अनुसन्धान प्रतिष्ठानमा अनुसन्धाताका रूपमा कार्यरत श्री दिनेश भगतलाई मन्जुरीनामा दिएको छु। मैले पाउने उक्त पारिश्रमिकबापतको रकम निज दिनेश भगतलाई उपलब्ध गराइदिनसमेत अनुरोध गर्दछु। व्यहोरा साँचो हो, झुठा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला । इति मिति २०७८ वैशाख ७ गते मङ्गलबार ।

भवदीय
सही :..............
जयेश्वर साह

**११. दिइएको विज्ञापनको नमुना पढ्नुहोस् र नमुनामा जस्तै कुनै पदको पूर्ति तथा कुनै सामानको प्रचारप्रसारका बारेमा एक एकओटा विज्ञापन लेख्नुहोस् :**

ज्योति माध्यमिक विद्यालयको
आवश्यकतासम्बन्धी
सूचना
(पहिलो पटक प्रकाशित मिति : २०७८/०१/११)

यस विद्यालयमा रिक्त रहेको नेपाली विषयको माध्यमिक तृतीय श्रेणी शिक्षक पदमा खुला प्रतियोगिताद्वारा करार सेवामा शिक्षक पदपूर्ति गर्नुपर्ने भएकाले यो सूचना प्रकाशन गरिएको छ । योग्यता पुगेका नेपाली नागरिकबाट यो सूचना प्रकाशन भएको मितिले ३५ (पैंतिस)

दिनभित्र दरखास्त आह्वान गरिएको छ । उक्त मितिबाट सात दिनसम्म दोब्बर दस्तुर तिरी दरखास्त दिन सकिने छ ।

दरखास्तका साथ पासपोर्ट साइजको फोटो दुई प्रति, शैक्षिक योग्यताको प्रमाण पत्र तथा नागरिकताको प्रमाण पत्रका प्रमाणित प्रतिलिपि पेस गर्नुपर्ने छ। दरखास्त दस्तुर रु. १०००।- (अक्षरेपि एक हजार रुपियाँ) यस विद्यालयको नेपाल बैङ्क लिमिटेड, कान्तिपथ शाखामा रहेको च.हि.न १०००००००००००००००००१ मा जम्मा गरी त्यसको सक्कल भौचर संलग्न गर्नुपर्ने छ ।

विज्ञापन न : २/२०७७/०७८

पद : तृतीय श्रेणी

तह : माध्यमिक

विषय : नेपाली

परीक्षाको किसिम : लिखित तथा अन्तर्वार्ता

आवश्यक न्यूनतम योग्यता : सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण

सम्पर्क मिति : २०७८/०२/२१ गते

प्रधानाध्यापक

**व्यावसायिक विज्ञापन**

प्रदूषणरहित समाजको परिकल्पना र स्वस्थ जीवनको कामनाका साथ राप्ती यातायात सेवाद्वारा सञ्चालित विशेष सुविधासहितको

बिजुली बस

आरामदायी सिट

वातानुकूलित सुविधा

निःशुल्क वाइफाई सेवा

विद्यार्थीका निम्ति विशेष सहुलियत

भिडिओ तथा शौचालयको सुविधा

चियाखाजाको निःशुल्क व्यवस्था

बिजुली बसमा यात्रा गर्नुहोस् र आफू स्वस्थ बन्नुहोस् तथा वातावरणलाई पनि स्वस्थ राख्नुहोस् ।

राप्ती यातायात सेवा

दाङ

फोन ०८२-५२४०००

**१२. दिइएको सूचनाको नमुना पढ्नुहोस् र नयाँ वर्षका दिन १२ कक्षाका सबै विद्यार्थी एक दिने शैक्षिक भ्रमण जाने विषयमा विद्यालयका प्रधानाध्यापकबाट जारी गरिने सूचनाको नमुना लेख्नुहोस् :**

**लुम्बिनी कविता महोत्सवसम्बन्धी सूचना !**

लुम्बिनी साहित्य समाज, कपिलवस्तुको आयोजनामा आगामी २०७८ असार १० गतेदेखि १२ गतेसम्म तौलिहवामा त्रिदिवसीय कविता महोत्सव सम्पन्न गरिने भएकाले इच्छुक सहभागीले जेठ ५ गतेभित्र आआफ्ना कविता यस समाजको कार्यालयमा उपलब्ध गराइदिनुहुन र साहित्यप्रेमी सबैलाई कविता महोत्सव समारोहमा उपस्थित भई कविताको रसास्वादन गर्नुहुन यही सूचनामार्फत सादर अनुरोध गरिन्छ ।

कार्यक्रम

मिति : २०७८ असार १० गतेदेखि १२ गतेसम्म

कविता दर्ता गर्ने अन्तिम मिति : २०७८ असार ५ गते

आयोजक

लुम्बिनी साहित्य समाज, कपिलवस्तु

**१३. दिइएको बोलपत्रको नमुना पढ्नुहोस् र तपाईंको विद्यालयमा छात्रावास भवन बनाउनका लागि जारी गरिने बोलपत्रको नमुना लेख्नुहोस् :**

**त्रिभुवन विश्वविद्यालय**

**रेसुङ्गा क्याम्पस, गुल्मी**

**अनुसन्धानमूलक पत्रिका छपाइसम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशन मितिः (२०७८/०४/१० गते)**

यस क्याम्पसको प्राज्ञिक तथा अनुसन्धान विभागबाट हरेक तीन तीन महिनामा 'रुरु अनुसन्धान पत्रिका' प्रकाशन गर्नुपर्ने भएकाले नेपाल सरकारबाट इजाजत प्राप्त प्रकाशन

फर्म/कम्पनी/संस्थाले तपसिलबमोजिमको सर्तको अधीनमा रही रितपूर्वकको बोलपत्र पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

१. यो सूचना प्रकाशित मितिदेखि ३० औँ दिनसम्म बोलपत्र फाराम यस क्याम्पसको आर्थिक प्रशासन शाखाबाट प्राप्त गर्न सकिने छ ।

२. खरिद गरिएका बोलपत्र फारामका महल स्पष्ट रूपमा भरी प्रत्येक पानामा सहीछाप गरी प्रथम पटक सूचना प्रकाशन भएको मितिदेखि ३५ औँ दिन दिनको १२ बजेभित्र यस कार्यालयमा उपस्थित भई वा बोलपत्र र आवश्यक कागजातको स्क्यान गरी अनलाइनमार्फत दर्ता गर्नुपर्ने छ ।

३. बोलपत्रका साथ सम्बन्धित व्यक्तिको नागरिकता, अद्यावधिक नवीकरण गरेको व्यवसाय दर्ताको इजाजतपत्र, अद्यावधिक नवीकरण पत्र, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बरको प्रमाणपत्र, आ. व. ०७६ सम्मको कर चुक्ता गरेको कागजातका प्रमाणित प्रति पेस पेस गर्नुपर्ने छ ।

४. बोलपत्र फारामसाथ जमानतबापतको रकम यस क्याम्पसको नाममा रहेको राष्ट्रिय वाणिज्य बैङ्क, चल्ती खाता नम्बर १००००००००००००००१ मा एकमुष्ट दाखिला गरेको सक्कल भौचर पेस गर्नुपर्ने छ ।

५. दर्ता हुन आएका सिलबन्दी तथा अनलाइनमा दर्ता भएका बोलपत्र फाराम ३६ औँ दिन दिनको ३.०० बजे यस कार्यालयमा नियमपूर्वक खोलिने छ ।

६. बोलपत्र फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक बिदा परेमा बिदापछिको कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्य हुने छ ।

७. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

८. रित नपुगेका र म्याद नाघिआएका बोलपत्रउपर कुनै कारबाही गरिने छैन ।

९. बोलपत्रसम्बन्धी अन्य सर्त बोलपत्र फाराममा उल्लेख गरेबमोजिम हुने छन् ।

१०. अन्य कार्यविधि त्रिभुवन विश्वविद्यालय तथा नेपाल सरकारका आर्थिक प्रशासनसम्बन्धी ऐन तथा नियमावलीअनुसार हुने छ ।

११. थप जानकारीका लागि यस क्याम्पसको कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

क्याम्पस प्रमुख

१४. दिइएका कार्यालयमा प्रयोग हुने टिप्पणी र आदेशको नमुना पढ्नुहोस् र तपाइँ कुनै कार्यालयमा गई टिप्पणी र आदेशका थप नमुना खोजेर ल्याई त्यहीअनुसार टिप्पणी लेख्ने अभ्यास गर्नुहोस् :

पूर्वाधार विकास कार्यालय

गाईघाट, उदयपुर

मिति २०७७/०८/३१

टिप्पणी र आदेश

श्रीमान कार्यालय प्रमुख

विषय : दरभाउपत्र स्वीकृति सम्बन्धमा ।

यस कार्यालयको स्वीकृत कार्यक्रमअनुसार जिल्ला उदयपुर त्रियुगा नगरपालिका वडा न. ५ अन्तर्गतका सडक ग्राभेल तथा ह्युम पाइप निर्माण गर्नुपर्ने सन्दर्भ जानकारीका लागि अनुरोध छ । यस कार्यालयको मौजुदा सूचीमा रहेका निर्माण कम्पनीबाट सात दिनभित्र दररेट पेस गर्न यस कार्यालयको मिति २०७७/०७/०५ गतेको पत्रबाट माग गरिएबमोजिम सात दिनको अवधिभित्र यस कार्यालयमा तपसिलअनुसारका दरभाउपत्र पेस भएको पाइयो ।

तपसिल

| सि.न. | निर्माण कम्पनीको नाम | लागत अनुमान | पेस गरेको कबोल अङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | चाम्लिङ निर्माण सेवा, त्रियुगा न.पा.७, उदयपुर | ४,९०,०००।- | ४,८५,०००।- | -१.०२% |
| २. | पञ्चमी निर्माण सेवा चौदण्डीगढी न.पा. ४, बेल्टार, उदयपुर | | ४,८४,०००।- | -१.२२% |
| ३. | रूपाटार निर्माण सेवा कटारी नपा.२, उदयपुर | | ४,८६०००।- | -०.८२% |

माथि पेस भएका निर्माण कम्पनीहरूको तुलनात्मक अध्ययन गर्दा सबैभन्दा कम लागत अनुमान प्रस्ताव गर्ने पञ्चमी निर्माण सेवा चौदण्डीगढी न.पा. ४, बेल्टार, उदयपुरले उक्त निर्माण कार्य रु. ४,८४,०००।- (अक्षरेपि चार लाख चौरासी हजार मात्र) मा सम्पन्न गर्नेगरी कबोल अङ्क पेस गरेको र उक्त अङ्क लगत इस्टिमेट रु ४,९०,०००।-

(अक्षरेपि चार लाख नब्बे हजार मात्र) (मूल्य अभिवृद्धि करसमेत) भन्दा १.२२% घटी रहेकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम (१) बमोजिम दरभाउ पत्र स्वीकृत गरी उक्त निर्माण कम्पनीलाई माथि उल्लेख भएबमोमिको निर्माण कार्य सम्पन्न गर्ने गरी कार्यादेश दिन मनासिब देखिएकाले आवश्यक निर्णायार्थ पेस गरेको छु ।

**पेस गर्ने**

हस्ताक्षर ........

तुलसी सुवेदी

शाखा अधिकृत

**निर्णय तथा आदेश**

पेस हुन आएको टिप्पणी मनासिब देखिएकाले टिप्पणीमा उल्लेख भएअनुसार दरभाउ पत्र स्वीकृत गरी निर्माण कार्य सम्पन्न गर्नका लागि कार्यादेश दिइएको छ ।

हस्ताक्षर ...............

जगदीश यादव

मिति : २०७७/०९/०३

कार्यालय प्रमुख

१५. **दिइएको 'सम्पादकलाई चिठी' को नमुना पढ्नुहोस् र यस्तै कुनै समसामयिक समस्यामूलक विषयमा आधारित भएर सम्बद्ध पक्षको ध्यानाकर्षण गराउन कुनै राष्ट्रिय दैनिक पत्रिकाका सम्पादकलाई चिठी लेख्नुहोस् :**

मिति : २०७८/०१/११

श्रीमान् सम्पादक
गोरखापत्र राष्ट्रिय दैनिक
धर्मपथ, काठमाडौं ।

**विषय : ध्यानाकर्षण सम्बन्धमा ।**

गोरखापत्रका हालसालैका अङ्कमा बढ्दो प्रदूषण र यसले निम्त्याएका समस्या पढ्नुपर्दा पढ्ने सुन्ने सबैलाई पीडा हुनु स्वाभाविकै हो । विश्वव्यापी रूपमा बढिरेहको प्रदूषणले पृथ्वीको जलवायुमा प्रत्यक्ष रूपमा असर पारेको छ । फोक्सोका रोगी बढेका छन् । अहिले विश्वव्यापी रूपमा देखा परेको कोरोना भाइरसको सङ्क्रमण तीव्र रूपमा फैलनुमा पनि प्रदूषणले केही सघाएको चिकित्सकको ठम्याइ छ । प्रदूषणका कारण फोक्सोको प्रतिरोधात्मक क्षमता कमजोर भएकाले कोरोनाबाट सङ्क्रमित भएका धेरै मानिसको मृत्यु भएको आँकलन

चिकित्सकले गरेका छन् । यस्तै प्रदूषणले गर्दा पृथ्वीको तापमान अनपेक्षित रूपमा बढेको छ । केही दिन पहिले बढेको प्रदूषणका कारण नेपालमा केही दिन विद्यालय नै बन्द गर्नु परेको पीडा हामी सबैले भोगिसकेका छौँ । अहिले प्रदूषण व्यक्तिगत र राष्ट्रिय मात्र नभएर विश्वकै समस्या बनेको छ । मूलतः सवारी साधन, कलकारखाना र विभिन्न समयमा हुने आगलागीबाट उत्सर्जन हुने गरेको कार्बन डाइअक्साइड नै प्रदूषणको प्रमुख कारक बनेको देखिएको छ । यसैले अहिले हरेक देशले प्रदूषणका यी कारणलाई मध्यनजर राखी यसको समाधानमा अग्रसर हुनुपरेको छ । यसका लागि पेट्रोल र डिजलबाट चल्ने सवारी साधनका सट्टामा विद्युतीय सवारी साधनको प्रयोग गर्न अग्रसर हुनुपर्ने देखिन्छ । यस्तै बढ्दो वनविनाशलाई न्यूनीकरण गर्दै वृक्षरोपणका माध्यमबाट कार्बन डाइअक्साइडको न्यूनीकरण गर्न सकिन्छ । आगो लागिसकेपछि इनार खन्ने प्रवृत्तिको अन्त्य गरी आगलागी हुनै नदिन अपनाउनुपर्ने उपायबारे सबै समयमै जानकार हुनुका साथै तदनुरूपको कार्ययोजना ल्याई अघि बढ्न जरुरी छ । हामी सबैले यी उपाय अपनायौँ भने पक्कै पनि प्रदूषण कम हुन्छ र अहिले विश्वव्यापी रूपमा देखा परेको कोरोना भाइरसको नियन्त्रणमा समेत सहयोग पुग्ने छ भन्ने मेरो विश्वास छ । यसैले यससम्बन्धी सामग्रीको प्रकाशन गरेर सबैलाई सचेत र जागरुक बन्ने प्रेरणा यस पत्रिकाले दिने छ भन्नेमा म विश्वस्त छु, धन्यवाद ।

भवदीय<br>
शिव पोखरेल<br>
कीर्तिपुर २, ट्याङ्लाफाँट

१६. **नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग, कार्यालयका वेबसाइट हेर्नुहोस् र तिनमा प्रकाशित सूचना, विज्ञापन, बोलपत्र, करारनामाको नमुना खोजेर कक्षामा प्रस्तुत गर्नुहोस् ।**

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ ४ सुन्नुहोस् र दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) बादलका टुक्राले के गरिरहेका छन् ?

(ख) लेखकका लागि उनी लुगा किन वर्जित छ ?

(ग) लेखकले जाडोलाई कसरी सामना गरे ?

(घ) शारीरिक परिश्रमबाट लेखकलाई कस्तो प्रभाव परेको छ ?

२. **तपाईँलाई कस्तो मौसम मन पर्छ, सुनाइ पाठ ४ का आधारमा भन्नुहोस् ।**

## भाषातत्त्व

**१. उदाहरणअनुसार सरल वाक्यलाई मिश्र वाक्यमा परिवर्तन गर्नुहोस् :**

| सरल वाक्य | मिश्र वाक्य |
|---|---|
| हावा चल्यो । जाडो भयो । | जब हावा चल्यो तब जाडो भयो । |
| तिमी राम्रो पढ । तिमी सफल हुन्छौ । | राम्रो पढ्यौ भने सफल हुन्छौ । |
| किताब बजारमा आयो । म किताब पढ्छु । | ...................................... |
| पानी पऱ्यो । बाटो हिलो भयो । | ...................................... |
| उसले परिश्रम गऱ्यो । उसले मिठो फल पायो । | ...................................... |
| नेपाल सुन्दर छ । संसारलाई थाहा छ । | ...................................... |
| वातावरण प्रदूषण बढ्छ । महामारीको खतरा हुन्छ । | ...................................... |

**२. उदाहरणमा दिए जस्तै सरल वाक्यलाई संयुक्त वाक्यमा परिवर्तन गर्नुहोस् :**

| सरल वाक्य | संयुक्त वाक्य |
|---|---|
| हावा चल्यो । जाडो भयो । | हावा चल्यो अनि जाडो भयो । |
| म कविता लेख्छु । म गीत गाउँछु । म चित्र कोर्छु । म विद्यालयमा पढाउँछु । | म कविता लेख्छु, गीत गाउँछु, चित्र कोर्छु र विद्यालयमा पढाउँछु । |
| किताब बजारमा आयो । मैले किताब किने । | ...................................... |
| पानी पऱ्यो । बाटो हिलो भयो । | ...................................... |
| उसले मह काढ्यो । उसले हात चाट्यो । | ...................................... |
| तिमी सौराहा जाऊ । तिमी हात्तीमा चढ । तिमी जङ्गल घुम । तिमीले जङ्गलमा गैंडा देख्ने छौ । | ...................................... |
| हामी नेपाली हौँ । हामी स्वाभिमानी छौँ । हामी स्वावलम्बी छौँ । समृद्ध नेपाल र सुखी नेपाली हाम्रो चाहना हो । | ...................................... |

**३. सरल वाक्यमा परिवर्तन गरी दिइएको अनुच्छेद पुनर्लेखन गर्नुहोस् :**

धेरै पहिले हलेसी धाम रहेको ठाउँमा घना जङ्गल थियो । त्यहाँ अनेक जङ्गली जनावर थिए । किंवदन्तीअनुसार धेरै अगाडि हलेसी गैरीगुठका वाग्वंशी राई आफ्नो कुकुर र केही साथी लिएर सिकार खेल्दै हलेसी महादेव गुफाको छेउमा पुगेछन् । त्यो अनकन्टार जङ्गलमा एउटा सुन्दर मृग देखापरेछ र वाग्वंशीको कुकुरले त्यो मृगलाई लखेट्न लागेछ । वाग्वंशी पनि कुकुरका पछि दौडिँदै गएछन्, जाँदा जाँदा मृग र कुकुर दुवै जमिनभित्र हराएछन् अनि कुकुर भुकेको आवाज चाहिँ सुनिने तर कुकुर चाहिँ नदेखिने भएछ । रात पनि पर्न लागेकाले वाग्वंशी घर फर्केछन् र खाना खाएर सुतेछन् । भोलिपल्ट उनी केही साथीसमेत भएर पुनः त्यही ठाउँमा आएर कुकुरका पाइलाको डोब पत्ता लगाउँदै र झाडी फाँड्दै

गएछन् । जमिनमुनि एउटा डर लाग्दो गुफा फेला पारेछन् । वाग्वंशीले जे त पर्ला भनेर साथीको सहयोगमा डोरीको सहायताले गुफाभित्र हाम फालेछन् र गुफाभित्र पुग्दा त झिलिमिली उज्यालो रहेछ । त्यहाँ त शिवपार्वती आफ्ना प्रमथगणसहित आनन्दले बसेका रहेछन् । वाग्वंशीले शिवपार्वतीलाई प्रणाम गरी गुफाबाहिर आएछन् । त्यसपछि त्यस गुफाको प्रचारप्रसार भएछ, थुप्रै मानिस भेला भएर गुफाभित्र छिर्ने बाटो बनाई भित्र गएछन् । भित्र जाँदा त शिवपार्वती अन्तर्ध्यान भएका रहेछन्, त्यहाँ त उनीहरूका मूर्ति पो रहेछन् र यसपछि त्यहाँ शिवको पूजा आराधना गर्न थालिएको रहेछ ।

४. **मिश्र वाक्यको प्रयोग गरी तपाईंले एक दिनअघि गरेका कामको बयान गर्नुहोस् ।**

५. **संयुक्त वाक्यको प्रयोग गरी आफ्नो मिल्ने साथीको परिचय दिनुहोस् ।**

६. **सरल, मिश्र र संयुक्त तीनै प्रकारका वाक्यको प्रयोग गरी आफ्नो जीवनको लक्ष्य बारे लेख्नुहोस् ।**

७. **'य' र 'ए' को प्रयोग भएका शब्दलाई अलग अलग सूचीमा देखाउनुहोस् :**

एक, वायु, अनुयायी, एघार, एकतिस, एकाउन्न, यही, यसो, गए, एकता, एकाग्र, यस्तो, यस, त्यस, एकादशी, योग्य, पेय, शिष्य, दृश्य, हास्य, कार्य, वाक्य, गद्य, पद्य, रमणीय, कर्तव्य, धैर्य, जय, वाणिज्य, सौर्य, सौन्दर्य, राष्ट्रिय, एकान्त, लाएँ, लायौँ, खाएँ, देखाएँ, पढायौँ, पढाएँ, दिएँ, मुख्य, मनुष्य, जलमय, अन्नमय, यज्ञ, भय, भए, लिए, दिएर, एकचालिस, एकान्त, एकसरो, हिमालय, यता, यति, त्यस्तो, गए, खाए, आए, बयर, घायल, टायम, डायरी, डायल, कायल, मध्ये

८. **'य' र 'ए' प्रयोग भएका दश दशओटा शब्दको प्रयोग गरी साथीलाई चिठी लेख्नुहोस् ।**

## सिर्जना र परियोजना कार्य

१. **तपाईंले चिनेजानेको कुनै व्यापारिक निकायमा सम्पर्क राखी त्यहाँबाट अरूलाई पठाइएका र अरूले त्यस निकायमा पठाएका पत्र देखाउन अनुरोध गर्नुहोस् र ती पत्रको ढाँचामा पाइने समानता र भिन्नता लेखेर ल्याई कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **कक्षाका विद्यार्थीहरू भरपाई, तमसुक, करारनामा, मञ्जुरीनामा र बोलपत्र समूह बनाउनुहोस् र समूहका सदस्यहरू सम्बन्धित व्यक्ति, संस्था, कार्यालयमा सम्पर्क राखी वा सम्बन्धित संस्थाको वेबसाइट अध्ययन गरी आआफ्नो समूह नामअनुसारको लेखनका नमुना सङ्कलन गर्नुहोस् । सङ्कलित सामग्रीलाई समूहगत रूपमा कक्षामा प्रस्तुत गर्नुहोस् । कक्षामा प्रस्तुत भएका नमुनाका आधारमा हरेक लेखनका थप नमुना लेख्नुहोस् ।**

पाठ ९

# एक चिहान

*हृदयचन्द्रसिंह प्रधान*



हृदयचन्द्रसिंह प्रधान (वि.सं. १९७२-२०१६) द्वारा लिखित 'एक चिहान' (२०१७, सङ्क्षिप्तीकृत रूप २०६७) उपन्यास काठमाडौँको एउटा किसान परिवारमा केन्द्रित छ । कृषि पेसा गरी जीविकोपार्जन गर्ने अष्टनारानको परिवारमा उनकी पत्नी लतमाया, उनका तीन छोरा शिवनारान, पुननारान र हर्षनारान अनि छोरी नानीथकुँ छन् । अष्टनारान बिरामी भएको अवस्थाबाट उपन्यासको सुरु भएको छ । त्यसपछि अष्टनारानको मृत्यु, नानीथकुँ र डाक्टर गोदत्तप्रसादका बिचमा भएको सम्बन्ध, सुरमान सुब्बाले नानीथकुँसँग बिहे गर्नका लागि गरेको षड्यन्त्र, हर्षनारान र पुतली तामाङका बिचमा भएको विवाह, नानीथकुँ र रामखेलावनका बिचको विवाह आदि घटना मुख्य रूपमा यसमा आएका छन् । यस उपन्यासमा विपन्न मानिसले भोग्नुपरेका पीडाको चित्रण गरिएको छ । श्रमको महत्त्व बोध गराउनु यस उपन्यासको मुख्य उद्देश्य देखिन्छ । उपन्यासमा काठमाडौँ उपत्यका, हिमाल, पहाड र तराईका मानिसका बिचमा अन्तरजातीय विवाह र आपसी मेलमिलापको ज्वलन्त उदाहरण प्रस्तुत गरिएको छ ।

## शब्दभण्डार

१. **शब्द र अर्थका बिचमा जोडा मिलाउनुहोस् :**

| **शब्द** | **अर्थ** |
|---|---|
| रुजु | दया नभएको |
| कविराज | हातको नाडीदेखि औँलाका टुप्पासम्मको भाग |
| पेस्की | केही पनि काम नगर्ने, निस्क्रिय |

| | |
|---|---|
| तल्सिङ | शवका मुखमा राख्ने बत्ती |
| समवेदना | कुनै कुरा ठिक छ कि छैन भनी जाँच्ने काम |
| निर्दयी | आयुर्वेदिक उपचार गर्ने चिकित्सकको एक उपाधि |
| अकर्मण्य | काम पूरा हुनु पहिले दिइने रकम |
| मुराद | वर्षा |
| सान्त्वना | भित्री आशय |
| हर्थुङ्गा | खेतीपाती |
| दागबत्ती | उस्तै दुखको अनुभव |
| कृतज्ञता | मोहीलाई जग्गा कमाउन दिने व्यक्ति, जग्गाधनी |
| | अरूले गरेको गुनप्रति धन्यवाद दिने भाव |
| | आश्वासन, ढाडस |

२. **पाठमा प्रयोग भएका दिइएका शब्दको अर्थ पहिचान गरी लेख्नुहोस् :**

गुभाजु, उघाड, फोने, माचाछी, नङ्के, बिचाः, डल्लेठो, खर्पन, क्वेना

३. **दिइएका शब्दको उस्तै अर्थ दिने शब्द पहिचान गरी लेख्नुहोस् :**

दीक्षा, सितिमिति, उपचार, पेटपालो, मृत्यु, मन्त्रोपदेश, बोली, वाणी, इलाज, गुजारा, निधन, मौन, तत्काल, चुप, तत्क्षण, शक्ति, फजिती, मुस्किल, हत्तपत्त, सावगास

४. **दिइएका अनेकार्थक शब्दलाई फरक फरक अर्थ दिने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

**उदाहरण : तिमी राम्रोसँग बस है । यो बस कहाँ जाने हो ?**

उत्तर, खरी, गोल, जग, तान, तर, पत्र, वर, बाली, रहर, साँचो, सुर, हार, जाली

५. **दिइएका शब्दको श्रुतिसमभिन्नार्थक शब्द लेख्नुहोस् :**

**उदाहरण : कृति - कीर्ति**

दिन, दिशा, शव, बाँस, व्यसन, प्रदान, कोस, जाति, फेरि, खालि, पाश, गर्भ, विष, आदि, पाइन्, ताप, देखि, सिता

६. **दिइएका शब्दको समूहवाचक शब्द लेख्नुहोस् :**

**उदाहरण : उखु- कुयेर, केरा- घारी**

कमिला, गाईवस्तु, मौरी, बारुला, बाँस, दाउरा, डोरी, मानिस, मकै, भेडा, पराल, पर्वत, सिपाही, मित्र, धुवाँ

७. **शिक्षकसँग सोधेर दिइएका प्रतीकात्मक शब्दको अर्थ लेख्नुहोस् :**

**उदाहरण : अगस्ती - खन्चुवा, पानी- तागत/बल**

छेपारो, कुवेर, रामराज्य, दुर्वासा, दधिची, सुदामा, भीष्म, बाँदर, साँढे, जुको, सावित्री, गङ्गा, स्याल, ब्वाँसो, आकाश, एकलव्य, मौरी, लक्ष्मण रेखा, महाभारत, कर्ण, भेडो, कुम्भकर्ण, भगीरथ प्रयत्न, विदुर, युधिष्ठिर, शकुनि, नारद

८. **कक्षामा छलफल गरी दिइएका सिङ्गो शब्दको अर्थ लेख्नुहोस् :**

**उदाहरण : बेठी - रोपाइँमा बजाइने बाजा, थकाली - समाजको जेठोबाठो व्यक्ति**

शाकाहारी, मांसाहारी, पुङमाङ, गृहस्थी, अल्लारे, पेवा, दशक, शताब्दी, सहस्राब्दी, शाश्वत, वात्सल्य, न्वाँगी, नाबालक, लैनो, बकेर्नो, सत्पात्र, आद्योपान्त, क्षितिज, उपवास, सर्वभक्षी, ढडिया, अभेद्य, कटुभाषी, अल्पभाषी, मृदुभाषी, बहुभाषी, बहुरूपी, अघोरी, कायममुकायम, कार्यवाहक, पर्म, अवर्णनीय, अव्यक्त, थाती, कलस्यौली, अलौकिक

९. **अन्तरिक्षसँग सम्बन्धित तलका शब्दलाई शब्दकोशीय अनुक्रममा मिलाई लेख्नुहोस् र तिनको अर्थ पनि पत्ता लगाउनुहोस् :**

सौर्यमण्डल, ग्रह, धूमकेतु, उल्का, उल्कापिण्ड, तारापुञ्ज, ब्रह्माण्ड, नक्षत्र, राशि, ज्ञेय

## बोध तथा अभिव्यक्ति

१. **'एक चिहान' उपन्यासको पहिलो परिच्छेद पढ्नुहोस् र दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) अष्टनारानले श्रीमती, छोराहरू र छोरीलाई के भनेर सम्झाउँछन् ?

(ख) अष्टनारानले आफ्नो काजकिरियाका लागि कस्तो बन्दोबस्त मिलाएका छन् ?

२. **दिइएका बुँदालाई समेटेर 'एक चिहान' उपन्यासको परिच्छेद दुई र तीनको सार लेख्नुहोस् :**

(क) अष्टनारानको उपचार सुरु हुनु

(ख) आफ्नै टोलको गुभाजुबाट एक महिना, असनका तुयु गुभाजुबाट एक्काइस दिन, माहिला कविराजबाट एक हप्ता उपचार गराउनु

(ग) अष्टनारानको रोग निको नहुनु

(घ) डाक्टरसँग उपचार गराउन उनीहरूसँग पैसा नहुनु

(ङ) किरिया खर्चका लागि भनेर राखेको रुपियाँले बाबुको उपचार गर्ने निर्णय गर्नु

(च) शिवनारान डाक्टर गोदत्तप्रसादकहाँ जानु

(छ) गोदत्तप्रसादले शिवनारानको आग्रहलाई महत्त्व नदिनु

(ज) अष्टनारानलाई बिमारले साह्रो पर्नु

(झ) पुननारान पनि डाक्टरकहाँ पुग्नु

(ञ) शिवनारान र पुननारानले अनुरोध गर्दा पनि गोदत्तप्रसाद आउन तयार नहुनु

(ट) घरपुग्नासाथ पाँच रुपियाँ फी दिने कबोल गरेपछि गोदत्तप्रसाद अष्टनारानकहाँ जान तयार हुनु

३. **तलको उपन्यास अंश पढी दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

दुनियाँमा सब थोक हुन गाह्रो छ । समय लाग्छ, श्रम लाग्छ, बुद्धि खर्चिनुपर्छ तर प्रेम हुन केही गाह्रो छैन । समय लाग्दैन, श्रम र बुद्धिको पनि खर्च हुँदैन । मानिस सजिलैसित एक घडी, एकछिनमै प्रेम सम्बन्ध जोड्नाका निम्ति तयार हुन्छ र गाँठो बाँध्नलाई अगाडि बढ्छ । समान गुण भएका दुई मानिसको दुई हाँस्दो दिल तुरुन्तै, आँखा झिम्म गर्दागर्दै एक हुन्छ, एक बन्छ । उसले जाति हेर्दैन, संस्कृति हेर्दैन, टाढापन हेर्दैन, खानु लाउनु, सुखदुःख केही हेर्दैन । यहाँसम्म कि दुई व्यक्तिको व्यवहार र सम्बन्धलाई चलाउने, अघि बढाउने परम साधन भाषासमेत मिल्ने नमिल्ने र जाने नजानेको वास्ता गर्दैन । कसैको दिलसित कसैको दिल हाँसेपछि उनीहरू एक हुनलाई तत्पर हुन्छन् र अगाडि बढ्छन् ।

**प्रश्नहरू**

(क) प्रेम हुन केही गाह्रो छैन भन्नुको तात्पर्य के हो ?

(ख) दिइएको उपन्यास अंशमा प्रेमका सम्बन्धमा कसरी व्याख्या गरिएको छ ?

४. **अष्टनारानले मर्ने वेलामा आफ्ना छोरालाई किसानको सिद्धान्तका बारेमा बताएका छन् । उनले बताएका किसानका सिद्धान्त के के हुन्, उपन्यासको छैटौँ परिच्छेद पढी उत्तर लेख्नुहोस् ।**

५. **मरेपछि गरिने काजक्रिया र दानदक्षिणासम्बन्धी अष्टनारानको विचारसँग तपाईंको सहमति वा विमति के छ, तर्कसहित लेख्नुहोस् ।**

६. **'एक चिहान' उपन्यासमा नेपाली समाजको कस्तो अवस्थाको चित्रण गरिएको छ, वर्णन गर्नुहोस् ।**

७. **'एक चिहान' उपन्यासका आधारमा दिइएका पात्रको चरित्र चित्रण गर्नुहोस् :**

(क) शिवनारान (ख) रञ्जनादेवी (ग) नानीथकुँ

८. **डाक्टर गोदत्तप्रसाद र सुरमान सुब्बाका चरित्रमा पाइने समानता के के हुन्, 'एक चिहान' उपन्यासका आधारमा लेख्नुहोस् ।**

९. **'एक चिहान' उपन्यासमा हर्षनारान र पुतली तथा नानीथकुँ र रामखेलावन राउतका बिचको विवाहबाट उपन्यासले के सन्देश दिन खोजेको छ, स्पष्ट पार्नुहोस् ।**

१०. **'एक चिहान' उपन्यासको अन्त्य तपाईँलाई ठिक वा बेठिक कस्तो लाग्यो ? यदि तपाईं त्यसको लेखक हुनुभएको भए यसलाई कसरी अन्त्य गर्नुहुन्थ्यो, आफ्नो विचार लेख्नुहोस् ।**

११. **दिइएको उपन्यास अंशबाट मुख्य मुख्य घटना टिप्नुहोस् :**

आज शिवनारानको खेतमा रोपाइँ भइरहेको छ । आज आफ्नो खेतको रोपाइँको दिन हुनाले पुननारान र हर्षनारान पनि आफ्नो सिकर्मी र ज्यामीको काममा नगई खेतमा रोपाइँ गर्न जुटिरहेका छन् । लतमाया र नानीथकुँ पनि रोपाइँमा लागिरहेका छन् । आज शिवनारानको परिवारका सारा सदस्य रोपाइँको काममा मग्नमस्त छन् । सब खुसी, दङ्ग भएर, नाचेर रोपाइँ गरिरहेका छन् । नानीथकुँउपर हिजो बेलुका त्यत्रो आपत्ति खनिएको थियो, आज पनि उनको मनमा अन्तर्द्वन्द्व चलि नै रहेको छ, उनको जीवनमा समस्या अल्झिरहेको छ, तर पनि आज आफ्ना परिवारका अरू खुसी सदस्यसरह नानीथकुँ पनि खुसी छिन्, दङ्ग छिन्, आनन्दमा मस्त छिन् । उनी पनि अरूसरह नाच्दै गाउँदै मस्तानामा कुदिरहेकी छिन् किनभने नानीथकुँलाई राम्ररी थाहा छ, उनका बाबु अष्टनारानलाई रोपाइँको दिनमा जस्तो सुख, आनन्द, मज्जा र खुसी कुनै दिनमा पनि हुँदैनथ्यो । अनि उनलाई त्यति हर्ष बाली काटेको दिनमा पनि हुँदैनथ्यो र विवाहको दिनमा पनि । रोपाइँको दिनलाई उनी जीवनको प्रतिष्ठा र आत्मआह्वान गरेको दिन सम्झन्थे । यस कारण आफ्नो जीवनमा जस्तै पीडा, व्यथा, दुःख, दर्द र जलन भए तापनि 'आज रोपाइँको दिन खुसीयाली प्रकट नगर्नु आफ्ना पिताज्यूको आत्मालाई आघात पुयाउनु हो' भन्ने सम्झेर नानीथकुँ दुःखमा पनि सुखको अनुभव, अनभूति गरी हर्ष मनाइरहेकी हुन् ।

१२. **दिइएको उपन्यास अंशमा आएका पात्रको चरित्रचित्रण गर्नुहोस् :**

शिवनारान सभ्यताको मर्यादा राख्न खुब जान्दथे । आफ्नो घरमा आउने बस्ने मानिसलाई स्वागतसत्कार गर्ने बानी पनि भएको हुनाले शिवनारानले रामबहादुरलाई खुब सत्कार गरे । रामबहादुरलाई बसाइसकेपछि शिवनारानले उनीसित आउनाको कारण बडो नम्रताका साथ सोधे । रामबहादुर पहिलो दर्जाका धूर्त मानिस थिए । उनले आफ्नो आउनाको खास कारण नबताईकन अर्कै कारण बताउने चलाखी गर्दै भने, "रोपाइँको वेला भएको हुनाले सुब्बासाहेबले पठाउनुभएको हो । उहाँहरूलाई किसानको मर्का खुब थाहा छ । रोपाइँको वेला

रुपियाँ पैसा नभएर वा नपुगेर किसानलाई हाहाकार पर्ने अवस्था उहाँलाई जाहेर छ। त्यसैले 'एकचोटि हेरेर आऊ' भनी उहाँले मलाई पठाउनुभएको हो । भन, कदाचित् तिमीलाई कुनै कुराको मदत चाहिएमा उहाँ दिन तयार हुनुहुन्छ ।"

१३. **परिवेश भनेको ठाउँ, समय र वातावरण हो । उपन्यासमा परिवेश महत्त्वपूर्ण र अनिवार्य तत्त्व हो । दिइएको उपन्यास अंश पढ्नुहोस् र त्यसबाट चित्रण गरिएको परिवेशलाई बुँदागत रूपमा लेख्नुहोस् :**

आज भर्खर जेठको १५ गते तर यसपालि बर्सात खुब भइरहेकाले जेठ १५ गतेभित्रै पनि धेरैको असार सिद्धिसकेको छ । यसपालि असार राम्रो हुने देखेर किसान बिघ्नै खुसी छन् । शिवनारानको खेतमा त झन् एक हप्ताअगाडिदेखि नै रोपाइँ सिद्धिसकेकाले उनको परिवार त झन् विजेता झैँ प्रफुल्ल भएर फुलिरहेको छ । तर रोपाइँको समाप्तिले सुख प्राप्त भए पनि उनीहरूलाई कुनै कुराले दुःख पनि भइरहेको छ। वर्षा अत्यन्त प्रिय भएर पनि त्यसदेखि उनीहरूलाई डर भइरहेको छ । यसको कारण हो उनीहरूको घर थोत्रो छ भत्किहाल्ला, खसिहाल्लाको अवस्थामा पुगिसकेको छ । अलिकति पानी पऱ्यो कि त दुई तलासम्म चुहुने भइसकेको छ । अलि बढ्ता बतास आयो कि क्यार्रकुर्र आवाज आउन थालिसकेको छ । यस कारण पानी परेको, बतास आएको दिन शिवनारानको परिवारका प्रत्येक सदस्य डरले त्राहिमाम् हुन्थे ।

१४. **दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

कोटेश्वर, काठमाडौँ । केही वर्षअघिसम्म यहाँ उस्तरी बस्ती थिएन । तितेपातीका घारी र खरीका ससाना रुख मात्र पाइन्थे । सम्साँझै स्याल कराउँथे । भट्टराई बन्धुहरूका दशबाह्र घर, केसी परिवारका चारपाँच घर र नेवारको ज्यापू समुदायका पन्ध्रसोर घरबाहेक गौचरन र झोरझाडी मात्रै थियो । जम्माजम्मी तिसपैँतिस घर मात्रको कोटेश्वर तर रातारात बाक्लो बस्तीमा बदलिइसकेको थियो । अहिले त हजारौँको सङ्ख्यामा आधुनिक र सहरिया बिल्डिङ नै निर्माण भइसकेका थिए। वर्षायाममा नेपालकै एक मात्र अन्तर्राष्ट्रिय विमानस्थलबाट बगेर आउने भेलबाढी अब त लापत्तै थियो। न स्याल कराउँथ्यो, न त तितेपाती घारी नै पाइन्थ्यो। मानव सुखको अतिक्रमण तीव्र गतिमा बढिरहेको थियो । यसै वर्ष झन्डै दुई सय बिल्डिङ निर्माण भए । कोटेश्वर अब मानिसका घारी र ठेलमठेल, सिङ्गमरमरका भित्ता र लिउन साथै बिजुलीका पोल र तारले आधुनिक जङ्गलमा फेरिसकेको थियो । कोटेश्वर अब थुप्रै नेता तथा कार्यकर्ता, सेना तथा पुलिस, वकिल तथा न्यायाधीश, साहु तथा महाजन, उद्योगी तथा व्यापारी, चोर तथा फटाहा सबैको बसोबास गर्ने क्षेत्र हुँदै थियो निरन्तर निरन्तर ।

*राजन मुकारुङ*

**प्रश्नहरू**

(क) "उस्तरी बस्ती थिएन" भन्नुको तात्पर्य के हो ?

(ख) सम्साँझमै स्याल कराउनका लागि कुन कुराले सहयोग गरेको थियो ?

(ग) कसरी कोटेश्वर आधुनिक जङ्गलमा बदलियो ?

(घ) अहिलेको कोटेश्वरमा कस्ता मानिस बस्छन् ?

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ ५ सुन्नुहोस् र दिइएका प्रश्नको उत्तर दिनुहोस् :**

(क) खुम्जुङ उपत्यकामा चुनावी चहलपहल किन चिसिएको छ ?

(ख) पेमा दोर्जीका निम्ति किन हिमाल चढ्ने औजार काम नलाग्ने भइसकेका छन् ?

(ग) पेमा दोर्जी उदास हुँदै जानुको कारण भन्नुहोस् ।

२. **सुनाइ पाठमा उल्लेख भएको "न त घुयैंत्रो घुमाए झैँ काँटा घुमाएर डोरी अल्झाउन सक्ने छ न त जुमार तानेर हिमालको उचाइलाई छोट्याउन सक्ने छ ।" भन्ने कथनले पेमा दोर्जी के काम गर्थ्यो भन्ने बुझिन्छ, कक्षामा छलफल गर्नुहोस् र उसको पेसाका बारेमा भन्नुहोस् ।**

## भाषातत्त्व

१. **दिइएको तालिकालाई अनुच्छेदमा रूपान्तरण गरी लेख्नुहोस् :**

| काल/पक्ष | भूतकाल | अभूतकाल | |
|---|---|---|---|
| | | वर्तमान काल | भविष्यत् काल |
| १. सामान्य पक्ष | ऊ गयो । | ऊ जान्छ । | ऊ जाने छ । |
| २. अपूर्ण पक्ष | ऊ जाँदै थियो । | ऊ जाँदै छ । | ऊ जाँदै हुने छ । |
| ३. पूर्ण पक्ष | ऊ गएको थियो । | ऊ गएको छ । | ऊ गएको हुने छ । |
| ४. अज्ञात पक्ष | ऊ गएछ । | × | × |
| ५. अभ्यस्त पक्ष | ऊ जान्थ्यो । | × | × |

२. **'खेल्, हिँड्, खा, बस्, घुम्, नाच्' जस्ता धातुबाट बनेका भूतकालिक क्रियापदको प्रयोग गरी शैक्षिक भ्रमणबारे एक अनुच्छेद लेख्नुहोस् ।**

३. **भूत कालका अभ्यस्त पक्षका क्रियापदको प्रयोग गरी आफ्नो बाल्यकालका बारेमा वर्णन गर्नुहोस् ।**

४. **भविष्यत् कालका अपूर्ण तथा पूर्ण पक्षको प्रयोग गरी आफ्नो भविष्यको योजनाबारे लेख्नुहोस् ।**

५. **दिइएको अनुच्छेदलाई वर्तमान कालको अपूर्ण पक्षमा परिवर्तन गरी लेख्नुहोस् :**

शिवनारान आज साबिक झैँ समयमै खेतमा गए । आजैदेखि उनले नानीथकुँलाई पनि खेतमा लैजान सुरु गरे । रोपाइँ सकिएकाले खेतको सुरक्षाका लागि आजदेखि खेतमा खाने र सुत्ने अर्थात् रातदिन खेतैमा बस्ने बन्दोबस्त पनि शिवनारानले गरे । खास गरेर शिवनारानको कोठाको एक परिवार खेतैमा बस्न थाल्यो । नानीथकुँ र पुननारानकी स्वास्नी अनि उनका दुई केटाकेटीसहित दिनभरि खेतमा काम गरी साँझमा फर्किन्थे ।

६. **दिइएको अनुच्छेदलाई भूत कालको अज्ञात पक्षमा परिवर्तन गरी लेख्नुहोस् :**

डाक्टर गोदत्तप्रसादले आफू विवाहित र छोराछोरीको बाबु हुँ भन्ने पनि बिर्सिए । उनी नानीथकुँका घरमा धाउन थाले । उनीहरू एकान्तमा भेट्ने र कुराकानी गर्न थाले । त्यो कुरा थाहा पाएर शिवनारानले नानीथकुँलाई सम्झाए । डाक्टर गोदत्तप्रसादकी पत्नी रञ्जनादेवीले पनि सम्झाइन् । अन्त्यमा नानीथकुँले पनि कुरा बुझिन् । नानीथकुँ र गोदत्तप्रसादका बिचमा सम्बन्ध टुट्यो । एक दिन नानीथकुँको रामखेलावन राउतसँग भेट भयो । रामखेलावन र नानीथकुँका बिचमा प्रेम भयो । त्यो कुरा शिवनारानले विचार गरिराखेका थिए । उनले नानीथकुँको बिहे रामखेलावनसँग गराइदिए । आफूले रोजको मान्छेसँग बिहे गर्न पाएर दुवै जना खुसी भए ।

७. **शिरबिन्दु तथा चन्द्रबिन्दुको प्रयोग भएका तलका शब्दलाई वर्णानुक्रमअनुसार लेख्नुहोस् :**

संयम, सँग, संरक्षण, अँध्यारो, संलग्न, भयौँ, संवाद, वंश, संशय, संसार, संहार, अंश, अँगार

८. **दिइएका शब्दलाई तालिकामा देखाउनुहोस् :**

बन्धन, भिन्न, अङ्क, संशय, संसार, संहार, शङ्कर, शङ्ख, मङ्गल, बङ्गुर, पञ्च, पुञ्ज, लाञ्छना, व्यञ्जन, झञ्झा, मञ्जुल, संरक्षण, संलग्न, संवाद, वंश, कण्ठ, कुण्ठा, दण्ड, खण्ड, गङ्गा, चङ्गा, सङ्घ, खण्डन, पण्डित, मन्तव्य, परन्तु, पन्थ, बन्दी, खिन्न, कम्प, पम्फा, सन्त, संज्ञा, संज्ञान, अम्बा, लम्ब, स्तम्भ, जम्मा, संयम, संवाद, संवत्, पङ्खा, ढङ्ग

| | |
|---|---|
| क, ख, ग, घ अघि 'ङ्' | अङ्क, ....... |
| च, छ, ज, झ अघि (तत्सम शब्दमा मात्र) 'ञ्' (ञ) | अञ्चल, ....... |
| ट, ठ, ड, ढ अघि (तत्सम शब्दमा मात्र) 'ण्' (ण) | पण्डित, ....... |
| त, थ, द, ध अघि 'न्' (न) | सन्त, ....... |
| प, फ, ब, भ अघि 'म्' (म) | कम्प, ..... |
| य, र, ल, व, श, ष, स, ह, ज्ञ अघि (तत्सम शब्द) शिरबिन्दु | संयम,..... |

## सिर्जना र परियोजना कार्य

१. **वि.सं. २०११ मा तीन दिनसम्मको लगातार ठुलो वर्षाका कारण काठमाडौँ उपत्यकामा गरिबका घर टहरा भत्किए, कतिलाई बाढीले बगायो र धेरै मानिसको ज्यान पनि गयो । त्यही घटनाबाट प्रभावित भएर हृदयचन्द्रसिंह प्रधानले एक चिहान उपन्यास लेखेका थिए । तपाईंले पनि देखेसुनेका कुनै त्यस्ता घटना सम्झिनुहोस् र एउटा कथा लेख्नुहोस् ।**

२. **पुस्तकालयबाट अथवा साथीसँगको सहायताबाट कुनै एउटा उपन्यास खोजेर पढ्नुहोस् र त्यस उपन्यासका निम्नलिखित पक्षका बारेमा छोटकरीमा लेख्नुहोस् :**

(क) उपन्यासको विषयवस्तु (ख) पात्र (ग) परिवेश (घ) सन्देश वा भन्न खोजेको कुरा

पाठ

६

# स्टिफन विलियम हकिङ



शारीरिक रूपमा अशक्त भए पनि दृढ इच्छाशक्ति तथा प्रतिभाको साथ पाएको र सधैँ साधनामा रमाउने व्यक्ति कहिल्यै शक्तिहीन हुँदैन । शक्तित्रयको साथ पाएपछि शारीरिक अशक्तताका कारण सिर्जित जस्तोसुकै विषम परिस्थितिमा पनि सिर्जनशील हुँदै ऊ सफलताको शिखर चुम्न सफल हुन्छ । त्यस्तो व्यक्ति मानवहितमा समर्पित हुन्छ भने ऊ आफूले गरेका योगदानका कारण समाज विशेषमा मात्र नभई सिङ्गो संसारभरि नै उदाहरणीय बन्न पुग्छ । यस्तै शारीरिक स्थिति अत्यन्त नाजुक भए पनि मानवहितका लागि केही गर्ने तीव्र चाहना, त्यसलाई साथ दिने प्रतिभा र निरन्तरको साधनाका कारण भौतिक शास्त्रमा नयाँ तथ्य उजागर गरेर सिङ्गो संसारलाई नै आश्चर्यचकित बनाउने व्यक्ति हुन्, स्टिफन विलियम हकिङ । नाम सुन्नेबित्तिकै उनको भौतिक रूप देखेका सबैको मानसपटलमा एउटा स्वचालित ह्विलचेयरमा बसेको, टाउको निहुराएको, हातखुट्टा नचल्ने, बोल्न नसक्ने र शारीरिक रूपमा अत्यन्तै अशक्त व्यक्तिको चित्र प्रतिबिम्बित हुन्छ । उनले गरेका योगदानका बारेमा थाहा पाएपछि चाहिँ जो कोही छक्क पर्छ ।

हकिङको जन्म सन् १९४२ जनवरी ८ का दिन आमा इसाबेल र बुबा फ्र्याङ्कको पहिलो सन्तानका रूपमा भएको हो । उनको जन्मस्थल बेलायतको प्रमुख शैक्षिक केन्द्रका रूपमा परिचित अक्सफोर्ड सहर हो । यही ठाउँको नामका आधारमा नै विश्वप्रसिद्ध विश्वविद्यालय अक्सफोर्डको नाम रहेको हो । उनी जन्मँदा बेलायत दोस्रो विश्वयुद्धको विभीषिकाबाट आक्रान्त थियो । उनी जन्मने समय नजिकिँदै जाँदा उनका आमाबुबा बेलायतको उत्तरी क्षेत्रमा अवस्थित हाइगेट नामको सहरमा बस्थे । उनीहरू पहिलो सन्तानको जन्म हुन लागेकामा निकै खुसी थिए । त्यही समयमा उनीहरू बसेको क्षेत्र वरिपरि जर्मनीले बम आक्रमण गरिरहेकाले उनीहरू दुःखी पनि थिए । यस अवस्थामा युद्धको सन्त्रासबाट बच्न र बचाउन उनका आमाबुबा उनी जन्मनुभन्दा केही समयअघि बेलायतकै अत्यन्त सुरक्षित मानिएको अक्सफोर्ड सहरमा बसाइ सरे । शैक्षिक केन्द्रमा आक्रमणकारीको आक्रमण नगर्ने योजना रहेकाले त्यतिखेर अक्सफोर्ड सहर निकै सुरक्षित मानिन्थ्यो । इसाबेल र फ्र्याङ्क दुवैले

अक्सफोर्ड विश्वविद्यालयमै अध्ययन गरेकाले उनीहरूका लागि यो स्थान परिचित पनि थियो । यसैले पनि उनीहरूले अक्सफोर्ड रोजेका थिए । मध्यम वर्गीय परिवारका उनीहरू यतिखेर आर्थिक अभावबाट गुज्रिरहेका थिए । यस्तो स्थितिमा पनि धैर्यका साथ फ्र्याङ्कले पत्नी इसाबेलको हेरचाह गर्दै, अर्थराशि जुटाउँदै होटलमा बसेर अस्पतालमा आफ्नो पहिलो सन्तानको प्रतीक्षा गरे । 'ढुङ्गाको काप फोरेर पनि उम्रन्छ पिपल' भने झैँ होनहार प्रतिभाको जन्म हुनु नै थियो र संसारलाई उल्लेख्य योगदान दिनु नै थियो । प्रतिभाशाली हकिङ पनि यो विषम परिस्थितिमा सकुशल जन्मे र हुर्के पनि । हकिङका फिलिप्पा र मेरी नामका दुई बहिनी र एडवार्ड नामका एक भाइ छन् ।

हकिङको विद्यालयीय शिक्षाको प्रारम्भ लन्डन हाइगेटस्थित बायरन हाउस विद्यालयबाट भएको हो । उनले त्यहाँ धेरै समय पढ्न पाएनन् । उनी आठ वर्षको छँदा उनका आमाबुबा जागिरका सिलसिलामा बेलायतको अक्सफोर्डबाट ३२ किलोमिटर उत्तरपश्चिममा रहेको अल्बान्स सहरमा बसाइ सरे । यसैले आमाबुबाका साथमा रहेका हकिङ पनि त्यहीँको सेन्ट अल्बाल्स नामको विद्यालयमा भर्ना भए । विद्यालयमा भर्ना भए पनि उनी पढाइमा त्यति ध्यान दिँदैनथे । उनी नौ वर्षको छँदा आफ्नो कक्षामा कमजोर विद्यार्थीको श्रेणीमा परेका थिए । उनले आफ्नो परिवारबाट भने पूर्ण शैक्षिक वातावरण पाएका थिए । उनका आमाबुबा दुवै शिक्षित थिए । इसाबेल अर्थशास्त्र र फ्र्याङ्क जीव विज्ञानका विद्वान् थिए । पक्कै पनि आमाबुबाको आनुवंशिक गुण र संस्कारको प्रभाव छोराछोरीमा पर्छ नै । विद्यालयीय पढाइमा ध्यान नदिए पनि उनी आफ्नो घरको पुस्तकालयमा रहेका राम्रा राम्रा किताबमध्येबाट आफूलाई मन परेका किताब पढिरहन्थे । उनको झुकाव विद्यालयभन्दा बाहिरका अन्य काममा धेरै रहन्थ्यो । हकिङ १३ वर्षको छँदा उनका बुबाले उनलाई त्यस बेलाको राम्रो मानिएको वेस्टमिनिस्टर विद्यालयमा पढाउन चाहेका थिए । बिरामी परेकाले उनले त्यस विद्यालयबाट लिइएको छात्रवृत्तिको परीक्षा दिन पाएनन् । छात्रवृत्तिबिना त्यस विद्यालयमा पढाउन सक्ने आर्थिक स्थिति हकिङको थिएन । त्यसैले उनले सेन्ट अल्बान्सबाटै विद्यालयीय शिक्षा पूरा गरे ।

हकिङ बाल्यकालदेखि नै निकै जिज्ञासु र सिर्जनशील स्वभावका थिए । कुनै पनि यान्त्रिक वस्तुलाई गहिरिएर हेर्ने, त्यसको भित्री संरचनालाई बुझ्ने र तिनबाट बन्न सक्ने नयाँ वस्तुका बारेमा परिकल्पना गर्ने उनको बानी थियो । साथीहरूको सहयोग लिई उनले पुराना घडी तथा रेडियोका पार्टपुर्जाबाट कम्प्युटर बनाएका थिए र यसैबाट उनी अवधारणात्मक गणितीय समीकरणको समाधान गर्ने गर्थे । उनले आफूले खेल्ने गेम र हवाईजहाज, डुङ्गा आदिको नमुना पनि आफैँ बनाएका थिए । यस्तो सिर्जनशील कार्यबाट प्रभावित भएका उनका साथीहरू हकिङ आफ्नो संसारको रचना गरेर त्यसलाई चाहिने नियम आफैँ बनाउन सक्छन् भनेर उनलाई थप हौसला दिन्थे । उनका यस्ता कामबाट प्रभावित भएका शिक्षक उनलाई जन्मजात प्रतिभा भएको व्यक्ति मान्थे । साथीहरू चाहिँ उनलाई आइन्स्टाइन भनेर बोलाउँथे । घरमा बस्दा पनि उनी प्रायः

शोधखोजमा नै तल्लीन भइरहन्थे । उनी आफ्ना साथीलाई लिएर साँझको समयमा घरको पछाडि जान्थे र आकाशका तारालाई हेरिरहन्थे । ब्रह्माण्डप्रतिको जिज्ञासाले उनलाई बाल्यकालदेखि नै घच्घच्याइरहेको थियो ।

हकिङ 'मानिसलाई जेमा रुचि छ त्यसैमा प्रगति गर्न सक्छ' भन्ने भनाइका आदर्श दृष्टान्त हुन् । हकिङका बुबा फ्र्याङ्कले उच्च तहको अध्ययनमा छोराले जीवविज्ञान पढे राम्रो हुन्थ्यो भन्ने चाहेका थिए । बुबाको इच्छा पूरा गर्नकै लागि उनले सुरुमा केही दिन जीवविज्ञान पढे । आफूलाई मन नपरेको विषय भएकाले त्यसमा उनले प्रगति गर्न सकेनन् र त्यो विषय छोडिदिए । अन्त्यमा उनले गणित र भौतिक शास्त्रलाई आफ्नो विषय बनाए । आफूलाई मन परेको विषय पाएपछि उनको पढाइमा रुचि बढ्दै गयो । जति नै गाह्रो भए पनि आफूलाई मन परेको विषय पढ्न पाउँदा त्यसमा सजिलै सफलता प्राप्त गर्न सकिन्छ भन्ने भनाइलाई हकिङले प्रमाणित गरिदिए । धेरैका लागि गाह्रो विषयका रूपमा चिनिने गणितका गाह्रा प्रश्न र भौतिक शास्त्रका जटिल सिद्धान्त उनी सजिलै बुझ्थे । गणितका कठिन समस्या समाधान गर्न पनि उनी आफ्ना साथीभन्दा निकै अघि थिए । गणित विषय नै लिएर अक्सफोर्ड विश्वविद्यालयबाट स्नातक गर्ने स्टिफनको सपना थियो । आफूले अक्सफोर्डबाटै पढेकाले छोराले पनि त्यहीँबाट स्नातक गर्दा राम्रो हुने इच्छा उनका बुबाको पनि थियो । यसैले उनी १७ वर्षको छँदा उच्च अध्ययनका लागि अक्सफोर्ड विश्वविद्यालयको युभिर्सिटी कलेजमा भर्ना हुन भनेर गए । त्यति वेला विश्वविद्यालयमा गणित विषयको अध्ययन अध्यापन हुँदैनथ्यो । आफूलाई मन परेको गणित विषय लिन नपाएपछि उनले भौतिक शास्त्र पढ्न थाले । उनले सन् १९६२ मा त्यहीँबाट प्राकृतिक विज्ञानमा प्रथम श्रेणीमा स्नातक तह उत्तीर्ण गरे । अक्सफोर्डमा स्नातक तहको अन्तिम वर्षमा अध्ययनरत छँदा हकिङले सामान्य हिँडडुलमा पनि आफ्नो नियन्त्रण नभएको जस्तो महसुस गर्न थाले । यो उनको बिमारीको पूर्वसङ्केत थियो । यति वेला उनी २१ वर्षका थिए । उपचारका सामान्य प्रक्रिया पूरा गर्दै उनले आफ्नो पढाइलाई निरन्तरता दिइरहेका थिए । स्नातक तह उत्तीर्ण गरिसकेपछि विद्यावारिधिका लागि उनी क्याम्ब्रिज विश्वविद्यालयमा भर्ना भए । उनलाई रोगले भने झन् झन् च्याप्दै लग्यो । सन् १९६३ तिर आँखा तिर्मिराउने र आवाज पनि लटपटिएको जस्तो हुन थालेपछि परीक्षण गराउँदा उनलाई 'अम्योट्रोफिक ल्याटरल स्क्लेरोसिस' नामक स्नायुसम्बन्धी रोग भएको पत्ता लाग्यो । यो रोग लागेको मानिसका सबै अङ्गले बिस्तारै काम गर्न छोड्ने र अन्ततः श्वासनली बन्द भएर उसको मृत्यु हुने गर्थ्यो । यसैले चिकित्सकले उनको आयु दुई वर्ष मात्र रहेको बताएका थिए । यस्तो अवस्थामा सुरुका दिनमा उनमा निराशा छाउनु स्वाभाविक नै थियो तर पनि उनीभित्रको इच्छाशक्तिले विद्यावारिधिको अध्ययनलाई अघि बढाउन प्रेरित गरिरहेको थियो । अत्यन्त मानसिक पीडा हुँदा उनी चुपचाप घन्टौँसम्म सङ्गीत सुनिरहन्थे ।

विषम परिस्थितिमा सकारात्मक सोच लिँदा समस्याबाट सहजै उम्कन सकिन्छ भन्ने भनाइका उत्कृष्ट दृष्टान्त हकिङ हुन् । रोग ठिक नहुने खालको छ र यसको कुनै उपचार छैन भने पनि यस बारेमा चिन्ता नलिने बरु यस अवधिमा समाजका लागि केही गर्ने सोचका साथ उनी अध्ययनमा दत्तचित्त भइरहे । यता रोग भने दिनप्रतिदिन बढ्दै थियो । बिस्तारै अङ्गले काम गर्न छोड्दै गए । सन् १९६५ मा उनी लट्ठीको सहाराबिना हिँड्न नसक्ने भए । यस्तो विषम परिस्थितिमा पनि रोगसँग सङ्घर्ष गर्दै उनले सन् १९६६ मा क्याम्ब्रिजबाट नै विद्यावारिधि गरे । विद्यावारिधि पूरा गरिसकेपछि क्याम्ब्रिजमा विद्वत्वृत्ति प्राप्त गरी अनुसन्धाताका रूपमा काम थाले । सन् १९६८ मा उनी क्याम्ब्रिजमा खगोल अध्ययन संस्थानको सदस्यमा नियुक्त भए । सन् १९६९ तिर हातखुट्टा चल्न छाडेपछि उनी ह्विलचेयरबिना कतै जान नसक्ने भए । उनलाई काम गर्न सजिलो होस् भनेर उनको ह्विलचेयरमा कम्प्युटर पनि जडान गरिएको थियो । ह्विलचेयरको सहारामा उनी आफ्नो विभाग गएर आफ्नो नियमित काम सम्पन्न गर्न थाले । अध्ययन र अध्यापनको कामलाई निरन्तरता दिँदै उनी एकपछि अर्को सफलता पनि चुम्दै गए । सन् १९७४ मा उनी विश्वकै प्रतिभाशाली वैज्ञानिक सम्मिलित भएको रोयल सोसाइटीको सभामा सामेल भए । सन् १९७९ मा गणित विषयमा क्याम्ब्रिजकै प्रसिद्ध पद 'ल्युकेसियन प्रोफेसर' मा नियुक्त भए । सन् १९८५ मा उनी धेरै बिरामी परेपछि चिकित्सकले यस रोगको उपचारका लागि श्वासनलीको शल्यक्रिया गर्नुपर्ने र यो शल्यक्रिया गरेपछि हकिङको पूरै आवाज गुम्न सक्ने बताएका थिए । शल्यक्रियाबिना उनलाई बचाउन असम्भव भएकाले उनको शल्यक्रिया गरियो । शल्यक्रियापछि उनको आवाज पुरै हरायो । यसपछि उनले आफूले गरिरहेको काम अघि बढाउन सकेनन् । यसले गर्दा उनलाई धेरै जनाबाट टाढा रहनुपर्ने अवस्था आयो । दृढ इच्छाशक्ति छ भने तँ चिता म पुऱ्याउँछु भने झैँ केही समयपछि उनको मस्तिष्कको तरङ्ग र अनुहारका भावका आधारमा सञ्चालन हुने कम्प्युटरको निर्माण भयो । यसैका सहायताबाट उनी आफ्ना अनुसन्धानसम्बन्धी लेख प्रकाशित गर्ने एवम्  प्रवचन र अन्तर्वार्ता दिने गर्थे ।

हकिङलाई जीवनमा साथ दिने र सहयोग गर्ने कार्यमा पत्नी जेनको महत्त्वपूर्ण भूमिका रहेको छ । हकिङ क्याम्ब्रिजमा विद्यावारिधि गरिरहँदा उनले जेन वाइल्डसँग प्रेम गर्न थालेका थिए । जेन पनि हकिङलाई निकै मन पराउँथिन् । रोग लागेको थाहा पाउँदा पनि जेनले हकिङलाई प्रेम गर्न छोडिनन् । पछि सन् १९६५ मा विवाह गरेपछि उनीहरूको प्रेमसम्बन्ध दाम्पत्य सम्बन्धमा परिणत भयो । उनीहरूका लुसी नामकी छोरी र रोबर्ट र तिमोथी नामका दुई छोरा जन्मे । उनीहरूको दाम्पत्य सम्बन्धमा खटपट आएपछि सन् १९९० मा सम्बन्धविच्छेद भयो । त्यसपछि सन् १९९५ मा उनले आफ्नो स्याहारसुसार गर्ने नर्स एलेन मेसनसँग विवाह गरे । मेसनसितको दाम्पत्य सम्बन्ध पनि लामो समयसम्म रहन सकेन । सन् २००६ मा उनीसँग पनि हकिङको सम्बन्धविच्छेद भयो ।

शारीरिक रूपमा अशक्त र पारिवारिक जीवनमा खटपट आए पनि हकिङले आफू शक्तिहीन भएको महसुस गरेनन् । 'आशा राख र व्यस्त बन' लाई मूल मन्त्र बनाएका उनले शारीरिक अशक्ततालाई अनुसन्धान गर्ने उपयुक्त अवसरका रूपमा लिए । जीवनप्रति आशावादी बनेर निरन्तर अनुसन्धानरत उनले शारीरिक अशक्तताकै समयमा पनि भौतिक शास्त्रमा नयाँ तथ्य उजागर गर्न सफल भए । हकिङले आफ्नो जीवनकालमा दर्जनभन्दा बढी पुस्तक र कैयौँ शोधपत्र तयार गरी प्रकाशन गरे । उनले लेखेका पुस्तकमध्ये सन् १९८८ मा प्रकाशित 'अ ब्रिफ हिस्ट्री अफ टाइम' सर्वाधिक चर्चित पुस्तक हो । यस पुस्तकलाई सन् १९९८ मा गिनिज बुक अफ वर्ल्ड रेकर्डद्वारा सदावहार सर्वाधिक बिक्री हुने पुस्तक घोषणा गरियो । यो पुस्तक २३७ सातासम्म सन्डे टाइम्सको सर्वाधिक बिक्री हुने सूचीमा रहन सफल भएका कारण पनि धेरै चर्चित बन्यो । यस पुस्तकले हकिङलाई पनि निकै चर्चित बनायो । यस पुस्तकमा उनले ब्रह्माण्डको उत्पत्ति, संरचना, विकास र भविष्यसम्बन्धी कठिन विषयलाई पनि आम मानिसले सजिलै बुझ्ने भाषामा प्रस्तुत गरेका छन् । ४० भन्दा बढी भाषामा अनुवाद भइसकेको यस कृतिमा आधारित चलचित्र पनि बनेको छ ।

हकिङले ब्रह्माण्डको उत्पत्ति र संरचनासम्बन्धी गहिरो अध्ययन गरी यससम्बन्धी आफ्ना मौलिक मान्यता प्रस्तुत गरेका छन् । ब्रह्माण्डको उत्पत्ति निश्चित परिभाषित सिद्धान्तअनुसार भएको मान्यता राख्ने हकिङले यसको उत्पत्ति सर्वाधिक घनत्वको अवस्थामा रहेको कुनै बिन्दुबाट भएको र त्यसको अन्त्य पनि त्यस्तै बिन्दुमा हुने बताएका छन् । यस बिन्दुलाई वैज्ञानिकले सिङ्गुलारिटीको संज्ञा दिएका छन् । क्वान्टम पुञ्जका रूपमा रहेकाले सर्वाधिक घनत्वको अवस्थामा रहेको यस बिन्दुलाई हकिङले ब्ल्याकहोल भनेका छन् । उनले ब्ल्याकहोल अत्यन्त भारयुक्त ताराको अवसानपछि निर्माण हुने भएकाले तारा अनन्त भए झैँ ब्ल्याक होल पनि अनन्त हुन सक्ने र तीमध्ये केही ब्ल्याकहोलमा महाविस्फोटन भई ब्रह्माण्डको उत्पत्ति हुने मान्यता राखेका छन् । हकिङले सुरुमा आइन्स्टाइनले भने झैँ ब्ल्याकहोलभित्रको स्थान, समय र गुरुत्वाकर्षणको प्रबलताका कारण त्यसभित्र छिरेको प्रकाशसमेत बाहिर ननिस्कने र त्यसले सबै चिज आफूमा समाहित गर्ने भएकाले त्यसको भार बढ्छ भन्ने धारणा राखेका थिए । पछि उनले यस सम्बन्धमा आफ्ना मौलिक विचार प्रस्तुत गरे । उनले अधिक गुरुत्व शक्तिले गर्दा ब्ल्याकहोलभित्र हरेक चिज खुम्चिएर रहेका हुने र अझ खुम्चँदै जाँदा त्यसबाट विकिरण उत्सर्जन हुन्छ भन्ने पत्ता लगाए । उनकै नाममा यस विकिरणको नाम पनि 'हकिङ्स रेडियसन' राखियो । ब्ल्याकहोलमा महाविस्फोटन भएर उत्पन्न भएको ब्रह्माण्ड खुम्चँदै गएर पुनः ब्ल्याकहोलमा परिणत भएपछि त्यसको अन्त्य हुने विचार पनि उनले प्रस्तुत गरे । हकिङले प्रस्तुत गरेको यो विचार र संसारकै प्राचीनतम ग्रन्थ 'ऋग्वेद' मा प्रस्तुत भएको सृष्टिसम्बन्धी दृष्टिमा निकै समानता रहेको देखिन्छ । 'ऋग्वेद' मा 'यस संसारको सृष्टि हुनुपूर्व अन्धकारले ढाकिएको अत्यन्त सघन ऊर्जाशील अन्धकार थियो । यही अन्धकारबाट चारैतिर फैलिएको किरण पदार्थमा परिणत भएपछि संसारको सृष्टि भयो ।' भनिएको छ ।

हकिङले ब्रह्माण्डशास्त्री रोजर पेनरोजसँग मिलेर अल्बर्ट आइन्सटाइनको 'सामान्य सापेक्षताको सिद्धान्त' बारे थप व्याख्या गरे । आइस्टाइनले सापेक्षता भनेको आफू स्वतन्त्र नभएर अर्कासित सम्बद्ध हुने गुण वा अवस्था हो भनेका थिए । यही भनाइका आधारमा हकिङले ब्रह्माण्डका सबै वस्तु स्वतन्त्र नभएर एकअर्कासित सम्बद्ध हुने विचार अघि सारे । यही क्रममा उनले अदृश्य उपपरमाणुको अध्ययन गर्ने क्वान्टम सिद्धान्त र स्थूल दृश्य प्रपञ्चको अध्ययन गर्ने सापेक्षता सिद्धान्तलाई एउटै सूत्रबाट व्याख्या गर्ने प्रयास गरे । ब्रह्माण्डको व्याख्यामा यी दुबै सिद्धान्तलाई जोड्ने उनी पहिलो वैज्ञानिक हुन् । यस्तै हकिङले वार्महोलको पनि व्याख्या गरेका छन् । उनले वार्महोलका माध्यमबाट समययात्रा गरी एउटा ग्यालेक्सीबाट अर्को ग्यालेक्सीमा छोटो समयमा पुग्न सकिने बताएका छन् । यो पनि उनको अनुसन्धानको अर्को उपलब्धि हो । पछिल्लो समयमा उनी ब्रह्माण्डका सबै शक्तिलाई एकीकृत व्याख्या गर्ने एउटै सिद्धान्त बनाउने प्रयत्नमा तल्लीन थिए । यस कार्यमा उनी पूर्णतः सफल हुन चाहिँ सकेनन् । उनले पछिका अनुसन्धाताका लागि मार्गचित्र भने कोरिदिएका छन् ।

हकिङले पृथ्वीमा आइपर्ने सम्भावित विपत्तिबाट बच्न मानव समुदायलाई बारम्बार सचेत गराउने गर्थे । उनले परमाणुयुद्ध, विश्वव्यापी तापक्रम वृद्धि, प्रकृति विरुद्धका मानवीय गतिविधिका कारण पृथ्वीमा मानव जीवन खतरामा रहेको बताएका छन् । यसैले यसतर्फ समयमै सचेत हुन आग्रह गरेका छन् । यस्तै उनले मानिसलाई कृत्रिम बुद्धिमत्तापूर्ण रोबोटको निर्माणमा सचेत हुनुपर्ने बताएका छन् । कृत्रिम बुद्धिमत्तापूर्ण रोबोट मानिसको दिमागका उपज भए पनि स्मरण र विश्लेषणात्मक सामर्थ्य मानिसको भन्दा धेरै हुँदै गइरहेको छ । मानिसले गर्न सक्ने सबै काम यी यन्त्रहरू सजिलै गर्न सक्छन् । यसैले उनी कृत्रिम बुद्धिमत्ताले मानिसलाई नभई मानिसले कृत्रिम बुद्धिमत्तालाई नियन्त्रण गर्नुपर्ने मान्यता बारम्बार दोहोऱ्याइरहन्थे ।

हकिङ एक प्रेरक वक्ता पनि थिए । आफ्नो ह्विलचेयरमा जडित कम्प्युटरको सहयोगले समय समयमा उनले दिएका प्रेरणादायी वक्तव्य अत्यन्तै जीवनोपयोगी छन् । उनले बालबालिकालाई आफूभन्दा तलको पैतालालाई नभई सधैँ तारालाई हेर्न, बिनाकाम जिन्दगी खाली हुने भएकाले सधैँ कर्मशील बन्न र कसैले प्रेम गरेमा त्यसलाई स्वीकार गर्न सुझाव दिएका छन् । उनले बिनागल्ती संसारका कोही पनि मानिस अघि बढ्न नसक्ने भएकाले गल्तीलाई प्रगतिको पथप्रदर्शकका रूपमा लिनुपर्ने बताएका छन् । यस्तै उनले शारीरिक रूपमा अशक्त व्यक्तिलाई काम गर्ने क्षमतामा अपाङ्गता हुनु मात्रै नराम्रो हो, शरीरमा होइन भन्दै शारीरिक अशक्ततालाई कहिल्यै पनि दुर्भाग्य सम्झन नहुने सुझाव दिएका छन् । ज्ञानशक्तिले नयाँ तथ्य पत्ता लगाउन, क्रियाशक्तिले उद्देश्यलाई कार्यान्वयवन गर्न र इच्छाशक्तिले सधैँ काम गर्न प्रेरित गर्छ भन्ने मान्यता राख्ने उनी इच्छाशक्ति, ज्ञानशक्ति र क्रियाशक्तिका त्रिवेणी थिए । यिनै शक्तिका आधारमा शारीरिक अशक्ततामाथि उनले विजय प्राप्त गरेका थिए ।

आफ्नो जीवनमा गरेका योगदानका कारण हकिङले थुप्रै पुरस्कार पाएका छन् र धेरै सम्मानबाट उनी विभूषित भएका छन् । उनले अल्बर्ट आइन्स्टाइन मेडल (सन् १९७९), ह्युज मेडल अफ रोयल सोसाइटी (सन् १९७६), मेडल अफ रोयल एस्ट्रोनोमिकल सोसाइटी (सन् १९८५) लगायतका दर्जनभन्दा बढी स्वर्ण पदक र पुरस्कार प्राप्त गरेका छन् । सन् १९८२ मा ब्रिटिस महारानी एलिजाबेथले उनलाई 'कमान्डर अफ द ब्रिटिस एम्पायर' कदरबाट सम्मान गरेकी छन् भने सन् २००९ मा अमेरिकी सरकारले त्यहाँको सर्वोच्च नागरिक सम्मान 'राष्ट्रपति' पदकबाट सम्मान गरेको छ ।

जीवनका अधिकांश क्षण ब्रह्माण्डको अनुसन्धानमा बिताउने हकिङको पारिवारिक जीवन र व्यक्तित्वका विविध पाटालाई झल्काउने विभिन्न चलचित्र र वृत्तचित्र बनेका छन् । 'द थेओरी अफ एभ्रिथिङ', 'अ ब्रिफ हिस्ट्री अफ टाइम' नामका चलचित्रका साथै 'स्टिफन हकिङस युनिभर्स', ' होराइजन : द हकिङ प्याराडक्स', 'मास्टर अफ साइन्स फिक्सन', 'इन टु द युनिभर्स विद स्टिफन हकिङ' लगायतका वृत्तचिको निर्माण भइसकेको छ ।

निरन्तर सङ्घर्षशील हकिङले सन् २०१८ मार्च १४ मा ७६ वर्षीय जीवनसङ्घर्षबाट सदाका लागि विश्राम लिए । उनी भौतिक रूपमा यस संसारमा नभए पनि उनका सिद्धान्त, उनले लेखेका दर्जनौँ पुस्तक र उनीमाथि बनेका चलचित्र एवम् वृत्तचित्रले उनलाई सदैव अमर राख्ने छन् । शारीरिक रूपमा अशक्त हुँदा पनि निरन्तर अनुसन्धान गर्दै भौतिक शास्त्रमा नयाँ तथ्य उजागर गरेर मानवीय चेतनालाई नयाँ उचाइमा पुऱ्याउन उल्लेख्य योगदान गर्ने हकिङ वैज्ञानिक जगत्का विशिष्ट प्रतिभा हुन् ।

## शब्दभण्डार

१. **दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :**

| शब्द | अर्थ |
| --- | --- |
| विभीषिका | सफल हुनका लागि कुनै काम बारम्बार गर्ने क्रिया |
| मानसपटल | बनावटी |
| आनुवंशिक | खँदिलोपन |
| जिज्ञासा | आकाशमण्डल |
| अवधारणात्मक | मानसिक तह |
| खगोल | जान्ने इच्छा |
| घनत्व | परम्परा |

| | |
|---|---|
| कृत्रिम | कुनै विषयप्रति विचारपूर्वक निश्चय गरिएको |
| साधना | भय |
| | पुर्ख्यौली |
| | संसार |

२. **दिइएका अर्थ दिने शब्द पाठबाट खोज्नुहोस् :**

(क) रहनसहन, मर्यादा, सम्पर्क, शिक्षा आदिका कारणबाट मान्छेका मनमा पर्ने प्रभाव

(ख) स्नायुसम्बन्धी एक रोग

(ग) कलपुर्जा, दम आदिले आफैँ सञ्चालन हुने

(घ) पछि सिद्ध हुन सक्ने कुराको पहिले नै मनमा गरिने अड्कल वा धारणा

(ङ) ज्ञात राशिका सहायताले अज्ञात राशि निकाल्ने प्रक्रिया

(च) विद्वान्लाई जीवनयापनका लागि दिइने सावधिक आर्थिक अनुदान

(छ) पृथ्वी, अन्तरिक्ष, ग्रह, नक्षत्र आदिको वैज्ञानिक अध्ययन गर्ने शास्त्र

(ज) इतिहास, विज्ञान, जीवनी आदि राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्त्वका विषयवस्तुमा आधारित सामयिक लघु चलचित्र

३. **दिइएका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

इच्छाशक्ति, योगदान, सिर्जनशील, आदर्श, विषम, दाम्पत्य, शक्तिहीन, अशक्त, विभूषित

४. **तलका कुनै दशओटा अनुकरणात्मक शब्दको प्रयोग गरी आफ्नो विद्यार्थी जीवनको वर्णन गर्नुहोस् :**

झटपट, कुपुक्क, कुहुकुहु, सरासर, गद्गद, कल्याङमल्याङ, गम्म, गुनगुन, घुटुक्क, थचक्क, चिटिक्क, चिटचिट, छनछन, जुरुक्क, झसङ्ग, टलक्क, टहटह, टम्म, टुप्लुक्क, टुलुटुलु, ढकमक्क, ढ्वाङढ्वाङ, दर्दर, ध्यार्र, पुलक्क, प्वाक्क, फर्फर, भुसुक्क, मुसुमुसु, लटरम्म, लुरुलुरु, सलल, सुइँसुइँ, हस्याङफस्याङ

## बोध र अभिव्यक्ति

१. **जीवनीको आदि, मध्य र अन्त्यमा आएका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल गर्नुहोस् ।**

२. **दिइएका बुँदालाई जीवनीमा उल्लेख भएअनुसारको क्रममा मिलाउनुहोस् र तिनमा उल्लेख भएका विषयवस्तुबाट मुख्य मुख्य बुँदा टिप्नुहोस् :**

(क) हकिङको विद्यालयीय शिक्षा

(ख) पृष्ठभूमि

(ग) जन्म र आमाबुबा

(घ) विद्यावारिधिको उपाधि

(ङ) समग्र योगदान र देहावसान

(च) हकिङले समय समयमा दिएका प्रेरणादायी वक्तव्य

(छ) क्याम्ब्रिजमा खगोल अध्ययन संस्थानको सदस्यमा नियुक्ति

(ज) क्याम्ब्रिजकै प्रसिद्ध पद 'ल्युकेसियन प्रोफेसर' मा नियुक्ति

(झ) प्रेमसम्बन्ध, विवाह र दाम्पत्य जीवन

(ञ) विभिन्न पुस्तक र शोधपत्रको प्रकाशन

(ट) ब्रह्माण्डको उत्पत्ति र संरचनासम्बन्धी मौलिक मान्यता

(ठ) पृथ्वीमा आइपर्ने सम्भावित विपत्तिबाट बच्न मानव समुदायलाई गरेको आग्रह

(ड) हकिङले पाएका पुरस्कार र उपाधि

३. **पाठ पढी दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) कस्तो परिस्थितिमा हकिङ जन्मेका हुन् ?

(ख) हकिङलाई लागेको रोगको नाम के हो ?

(ग) हकिङको सर्वाधिक चर्चित पुस्तक कुन हो ?

(घ) हकिङका आमाबुबा कुन कुन विषयका विद्वान् थिए ?

(ङ) हकिङसँग रहेका तीन शक्ति के के हुन् ?

(च) हकिङले कसरी सिङ्गो संसारलाई नै आश्चर्यचकित बनाए ?

(छ) हकिङले ब्ल्याकहोलका सम्बन्धमा प्रस्तुत गरेको मौलिक विचार के हो ?

४. **रोग लागेपछि हकिङको जीवनमा शारीरिक रूपमा आइपरेका समस्यालाई क्रमबद्ध रूपमा प्रस्तुत गर्दै एउटा अनुच्छेद लेख्नुहोस् ।**

५. **दिइएको जीवनी अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

हकिङ बाल्यकालदेखि नै निकै जिज्ञासु र सिर्जनशील स्वभावका थिए । कुनै पनि यान्त्रिक वस्तुलाई गहिरिएर हेर्ने, त्यसको भित्री संरचनालाई बुझ्ने र तिनबाट बन्न सक्ने नयाँ

वस्तुका बारेमा परिकल्पना गर्ने उनको बानी थियो । साथीहरूको सहयोग लिई उनले पुराना घडी तथा रेडियोका पार्टपुर्जाबाट कम्प्युटर बनाएका थिए र यसैबाट उनी अवधारणात्मक गणितीय समीकरणको समाधान गर्ने गर्थे । उनले आफूले खेल्ने गेम र हवाईजहाज, डुङ्गा आदिको नमुना पनि आफैँ बनाएका थिए । यस्तो सिर्जनशील कार्यबाट प्रभावित भएका उनका साथीहरू हकिङ आफ्नो संसारको रचना गरेर त्यसलाई चाहिने नियम आफैँ बनाउन सक्छन् भनेर उनलाई थप हौसला दिन्थे । उनका यस्ता कामबाट प्रभावित भएका शिक्षक उनलाई जन्मजात प्रतिभा भएको व्यक्ति मान्थे । साथीहरू चाहिँ उनलाई आइन्स्टाइन भनेर बोलाउँथे । घरमा बस्दा पनि उनी प्रायः शोधखोजमा नै तल्लीन भइरहन्थे । उनी आफ्ना साथीलाई लिएर साँझको समयमा घरको पछाडि जान्थे र आकाशका तारालाई हेरिरहन्थे । ब्रह्माण्डप्रतिको जिज्ञासाले उनलाई बाल्यकालदेखि नै घच्घच्याइरहेको थियो ।

**प्रश्नहरू**

(अ) हकिङ कस्तो स्वभावका थिए ?

(आ) हकिङलाई उनका साथीहरूले आइन्स्टाइन भन्नुको कारण के हो ?

६. **दिइएको जीवनी अंश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

हकिङले पृथ्वीमा आइपर्ने सम्भावित विपत्तिबाट बच्न मानव समुदायलाई बारम्बार सचेत गराउने गर्थे । उनले परमाणुयुद्ध, विश्वव्यापी तापक्रम वृद्धि, प्रकृति विरुद्धका मानवीय गतिविधिका कारण पृथ्वीमा मानव जीवन खतरामा रहेको बताएका छन् । यसैले यसतर्फ समयमै सचेत हुन आग्रह गरेका छन् । यस्तै उनले मानिसलाई कृत्रिम बुद्धिमत्तापूर्ण रोबोटको निर्माणमा सचेत हुनुपर्ने बताएका छन् । कृत्रिम बुद्धिमत्तापूर्ण रोबोट मानिसको दिमागका उपज हुन् तर यिनीहरूको स्मरण र विश्लेषणात्मक सामर्थ्य मानिसको भन्दा धेरै हुँदै गइरहेको छ । मानिसले गर्न सक्ने सबै काम यी यन्त्रहरू सजिलै गर्न सक्छन् । यसैले उनी कृत्रिम बुद्धिमत्ताले मानिसलाई नभई मानिसले कृत्रिम बुद्धिमत्तालाई नियन्त्रण गर्नुपर्ने मान्यता बारम्बार दोहोऱ्याइरहन्थे ।

**प्रश्नहरू**

(क) पृथ्वीमा मानव जीवन खतरामा पर्नुका कारण के के हुन् ?

(ख) हकिङले मानिसलाई किन कृत्रिम बुद्धिमत्तापूर्ण रोबोटको निर्माणमा सचेत हुन आग्रह गरेका हुन् ?

७. **समीक्षात्मक उत्तर लेख्नुहोस् :**

(क) "दृढ इच्छा शक्ति, ज्ञानशक्ति र क्रियाशक्तिका सामु शारीरिक रोग शक्तिहीन हुन्छ ।" यस भनाइलाई पाठका आधारमा पुष्टि गर्नुहोस् :

(ख) हकिङले मानवीय चेतनालाई नयाँ उचाइमा पुऱ्याउन गरेका योगदानको समीक्षा गर्नुहोस् ।

८. **दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

संसारको सृष्टि कहिले भयो ? कसरी भयो ? केबाट भयो ? सृष्टि हुनुभन्दा अघि के थियो ? आदि प्रश्नहरू प्रायः सबै व्यक्तिका लागि जिज्ञासाका विषय हुन् । यसैले सृष्टिसम्बन्धी विभिन्न दृष्टिहरू प्रस्तुत हुनु स्वाभाविकै हो । सृष्टिसम्बन्धी प्रस्तुत भएका विभिन्न दृष्टिमध्ये पूर्वीय वाङ्मयका वैदिक ग्रन्थ र आधुनिक भौतिक शास्त्रीहरूको सृष्टिसम्बन्धी दृष्टि निकै मिल्दोजुल्दो देखिन्छ । आधुनिक भौतिक शास्त्रीहरूले ब्रह्माण्डको उत्पत्ति सर्वाधिक घनत्वको अवस्थामा रहेको कुनै बिन्दुबाट भएको र त्यसको अन्त्य पनि त्यस्तै बिन्दुमा हुने बताएका छन् । उनीहरूले सर्वाधिक घनत्वमा रहेको त्यस बिन्दुलाई ब्ल्याकहोल भनेका छन् । भौतिक शास्त्री आइन्स्टाइनले ब्ल्याकहोलको अधिकतम गुरुत्व शक्तिका कारण त्यसभित्र छिरेको प्रकाशसमेत बाहिर ननिस्कने र त्यसले सबै चिज आफूमा समाहित गर्ने भएकाले त्यसको भार बढ्छ भन्ने धारणा राखेका थिए । पछि हकिङले अधिक गुरुत्व शक्तिले गर्दा ब्ल्याकहोलभित्र हरेक चिजहरू खुम्चिएर खाँदिएर रहने र अझ खुम्चँदै जाँदा त्यसबाट विकिरण उत्सर्जन हुने तथा बिस्तारै ब्ल्याक होल नष्ट हुने बताए । विकिरण उत्सर्जन नगर्दा चाहिँ महाविस्फोटन भएर त्यसबाट नयाँ ब्रह्माण्डको सृष्टि पनि हुन सक्ने विचार व्यक्त गरे । भौतिक शास्त्रीको यो मान्यता 'ऋग्वेद' को सृष्टिसम्बन्धी दृष्टिसँग मिल्दोजुल्दो देखिन्छ । 'ऋग्वेद' मा 'सृष्टिपूर्व अन्धकारबाट ढाकिएको सघन अन्धकार थियो । त्यसभित्र आफ्नो शक्तिपुञ्जबाट निर्मित एक अत्यन्त ऊर्जाशील तत्त्व थियो । यही तत्त्वबाट चारैतिर फैलिएको किरण नै पदार्थमा परिणत भई संसारको सृष्टि भयो' भनिएको छ । 'ऋग्वेद' मा भनिएको अन्धकारबाट ढाकिएको ऊर्जाशील तत्त्व भौतिक शास्त्रीले भनेको सर्वाधिक घनत्वको अवस्थामा रहेको बिन्दुसँग मिल्छ । 'ऋग्वेद' मा उल्लेख गरिएको यही गतिशील र उर्जाशील तत्त्वलाई वेदान्त दर्शनले निर्गुण, निराकार ब्रह्म भनेको छ । वेदान्त दर्शनका अनुसार माकुराले आफ्नो सानो शरीरबाट ठुलो जालो बुनेर पुनः आफूमा विलीन गर्न सके झैँ निर्गुण, निराकार र ऊर्जापुञ्जका रूपमा रहेको ब्रह्म नै चारैतिर फैलिएको किरणका माध्यमबाट जीवन जगत्का रूपमा परिणत हुन्छ । प्रलयकालमा चाहिँ सङ्कुचनका माध्यमबाट ब्रह्मले नै सम्पूर्ण जीवन जगत्लाई पुनः आफूमै समाहित गर्छ । यसैले वेदान्त दर्शनमा सृष्टि, स्थिति र प्रलयको कारकका रूपमा

ब्रह्मलाई लिइएको छ । भौतिक शास्त्रीहरूले पनि ब्ल्याकहोलमा रहेका उर्जाशील क्वान्टम पुञ्जको विस्फोटन हुँदा ब्रह्माण्ड बन्ने र सङ्कुचन भएपछि पुनः क्वान्टम पुञ्जमा परिणत हुने बताएका छन् । यसैले भौतिकवादीले मानेको क्वान्टम पुञ्ज र वेदान्त दर्शनले स्विकारेको ब्रह्मबिच निकै समानता रहेको देखिन्छ । वेदान्त दर्शनमा जीवन जगत्को सृष्टि, स्थिति र प्रलयको एकीकृत व्याख्या गर्ने 'ब्रह्मसूत्र' रहे जस्तै भौतिक शास्त्री हकिङ पनि ब्रह्माण्डको उत्पत्ति, संरचना र प्रलयको एकीकृत व्याख्या गर्ने सिद्धान्त बनाउने प्रयत्नमा थिए । यस कार्यमा उनी यसमा सफल हुन सकेनन् । उनले उत्तरवर्ती अनुसन्धाताका लागि मार्गचित्र भने कोरिदिएका छन् ।

**प्रश्नहरू**

(क) आधुनिक भौतिक शास्त्रीहरूले ब्रह्माण्डको सृष्टि केबाट भएको बताएका छन् ?

(ख) वेदमा सृष्टिको कारक केलाई मानिएको छ ?

(ग) ब्रह्म र क्वान्टम पुञ्जबिच के समानता रहेको छ ?

(घ) वेदान्त दर्शनमा सृष्टि, स्थिति र प्रलयको एकीकृत व्याख्या गर्ने ग्रन्थलाई के नाम दिइएको छ ?

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ ६ सुन्नुहोस् र दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) झमककुमारी के के गर्न सक्दिनन् ?

(अ) उभिन, हिँड्न र लेख्न (आ) उभिन, हिँड्न र बोल्न

(इ) हेर्न र खाना खान (ई) पढ्न र किताब पल्टाउन

(ख) 'जीवन काँडा कि फूल' कृतिको कुन कुन भाषामा अनुवाद भएको छ ?

(अ) अङ्ग्रेजी, जर्मन, आसामी र हिन्दी (आ) अङ्ग्रेजी, चिनियाँ, स्पेनिस र हिन्दी

(इ) अङ्ग्रेजी, चिनियाँ, आसामी र हिन्दी (ई) अङ्ग्रेजी, चिनियाँ, आसामी र फ्रेन्च

(ग) 'जीवन काँडा कि फूल' कुन विधाको कृति हो ?

(अ) कविता (आ) उपन्यास

(इ) नाटक (ई) आत्मकथा

२. **झमककुमारी घिमिरेको जीवनीबाट पाइने सन्देश के हो, आफ्नो प्रतिक्रिया व्यक्त गर्नुहोस् ।**

## भाषातत्त्व

१. **पाठको पहिलो अनुच्छेदबाट सामान्यार्थक वाक्य टिप्नुहोस् ।**

२. **तलको अनुच्छेदबाट आज्ञार्थक एवम् सम्भावनार्थक वाक्य टिप्नुहोस् र तिनलाई इच्छार्थकमा बदल्नुहोस् :**

पेम्बा र छिरिङ नामका दुई दाजुभाइमध्ये जेठो पेम्बा निकै मिहिनेती थियो भने कान्छो छिरिङ चाहिँ निकै अल्छी र बदमास पनि थियो । साह्रै बदमासी गर्न गर्न थालेपछि एक दिन दाइले भाइलाई सम्झाउँदै भन्यो, "भाइ, तिमी यसरी अल्छी नगर, आफ्नो क्षमतालाई सिर्जनशील काममा लगाऊ, मूर्ख साथीहरूको पछि नलाग, तिमी सुखी होऊ र सधैँ प्रसन्न बन भन्ने मेरा चाहना छ ।" उसले भने दाइको कुरालाई वास्तै गरेन । आफ्नो कुरा नसुनेपछि दाइले पनि एकदिन भाइसित छुट्टिएर बस्ने विचार गऱ्यो र भाइलाई भन्यो, "हेर भाइ, सधैँ एकै ठाउँमा बसेर हुँदैन । अब हामी छुट्टिएर बसौँ ।" यसपछि दाइले भविष्यमा गर्ने कामको योजना बनाउँदै मनमनै भन्यो, "तरकारी खेती गरुँला, तरकारी बेचुँला, तरकारी बेचेर आएको पैसा जम्मा गरेर एउटा अर्को घर बनाउँला । आफू बसिरहेको घर भाइलाई दिउँला, त्यसपछि बिहे गरुँला अनि श्रीमतीले पनि मलाई साथ देलिन । छोराछोरी जन्मलान्, आफूले पढ्न नपाए पनि उनीहरूलाई राम्ररी पढाउँला, पढेपछि जागिर खालान्, काममा पनि सघाउलान् । छोरीले आफ्नी आमालाई सघाउली अनि छोराले चाहिँ मलाई सघाउला । परिवारका सबै जना बिदाको दिन पारेर घुम्न जाउँला अनि जीवन कति मज्जाको हुन्छ होला ।" सोचेअनुसार उसले भोलिपल्टदेखि नै काम गर्न थालिहाल्यो । उसले जे जे सोचेको थियो केही वर्षपछि त्यो सबै पूरा पनि भयो ।

३. **दिइएको अनुच्छेदबाट इच्छार्थक वाक्य टिप्नुहोस् र तिनलाई सम्भावनार्थकमा बदल्नुहोस् :**

संसारका सबै व्यक्तिलाई आफूले पढ्न नपाए पनि आफ्ना छोराछोरीले राम्ररी पढुन् र असल व्यक्ति बनुन् र समाजका लागि केही गरुन् भन्ने इच्छा हुन्छ । अमेरिकी राष्ट्रपति अब्राहम् लिङ्कनले आफ्नो छोरो पढ्ने विद्यालयका प्रधानाध्यापकलाई एउटा चिठी लेखेर यस्तै इच्छा व्यक्त गरेका थिए, "मेरो छोराले समाजका सबै मानिस एकै किसिमका हुँदैनन् भन्ने कुरा बुझोस् । सित्तैमा कमाएको ५० डलरभन्दा परिश्रम गरी कमाएको एक डलर निकै मूल्यवान् हुन्छ भन्ने सम्झोस् । जतातिर हुल छ त्यतैतिर लाग्ने प्रवृत्तिले नछोओस् । ऊ दुःख र कष्टमा पनि खुसी रहन सिकोस् । ऊ आफ्नो बुद्धि र सामर्थ्यमा विश्वास गरोस् । यदि उसको उद्देश्य उपयुक्त र सही छ भने जस्तोसुकै विरोध भए पनि ऊ जिउज्यानले लागिपरोस् । उभित्र सत्य र न्याय प्राप्तिका लागि सङ्घर्ष गर्न सक्ने दृढशक्तिको विकास होस् । ऊसँग

नम्र व्यहार गर्नुहोस् तर उसले टाउकामा टेक्ने गरी चाहिँ होइन । सम्झाउनुहोस् आगाको लप्काबाटै फलाम खारिन्छ । उसभित्र साहस, केही गरूँ र सबै एकआपसमा मिलौँ भन्ने भावना भइरहोस् ।"

४. **दिइएको अनुच्छेदबाट सङ्केतार्थक वाक्य टिप्नुहोस् र तिनलाई आज्ञार्थकमा बदल्नुहोस् :**

जीवनमा सफल हुन चाहने प्रत्येक मान्छेले 'मिहिनेत गरे सफल भइन्छ' भन्ने विचारका साथ अघि बढ्नुपर्छ । 'काममा लागे असफल पनि हुन सकिन्छ' भन्ने डर लिए कहिल्यै सफल हुन सकिँदैन । लडाइँमा लडे विजय प्राप्त हुन्छ भन्दै अघि बढेर सफल हुने व्यक्तिमध्ये नेपोलियन बोनापाट पनि एक थिए । मध्यम वर्गीय परिवारमा जन्मेका उनी नेपोलियन प्रथमका रूपमा फ्रान्सका राजा भए । पढाइमा हार नमाने विद्वान् बनिन्छ, लडाइँमा हार नमाने विजेता बनिन्छ भन्दै विद्यार्थी अवस्थामा पढाइ र सेनामा रहँदा लडाइँमा निरन्तर लागेका कारण उनी विद्वान् र विश्वविजेता दुवै बन्न सफल भए ।

५. **दिइएको अनुच्छेदमा प्रयुक्त करण र अकरण क्रियापद पहिचान गरी टिप्नहोस् :**

सिद्धार्थ गौतम परिवार र राज्य त्यागेर घरबाट निस्केका थिए । घरबाट निस्कँदा उनले मनमनै भने, "मलाई जीवनमा धनसम्पत्ति, राज्य केही चाहिँदैन । मैले रोग र शोकमाथि विजय प्राप्त गर्न सके पुग्छ ।" उनले प्रख्यात विद्वान्का उपदेश सुने तर आफूले चिताएको कुरा नपाएकाले उनी सन्तुष्ट हुन सकेनन् । यसपछि उनी एकान्त ठाउँमा गएर तपस्या गर्न थाले । उनले जाडो भनेनन्, गर्मी मानेनन्, वर्षाको मतलब गरेनन् । हरेक समय उनले रुखमुनि स्थिर भएर तपस्या गरिरहे । कठोर साधना गरेकाले नै उनी ज्ञान प्राप्त गर्न सफल भए र बुद्धका नामले संसारभर चिनिए । कोही पनि व्यक्ति कठोर साधनाबिना लक्ष्य प्राप्तिमा सफल हुन सक्दैन ।

६. **दिइएका वाक्यलाई सामान्यार्थकमा बदल्नुहोस् :**

तिमी परिश्रम गर, आफ्नो क्षमतालाई सिर्जनशील काममा लगाऊ, पढ्ने समयमा पढ, नबुझेको कुरा सोध, खेल्ने समयमा खेल । तिमी जहिलेदेखि मैले भनेको यो कुरा मानौला र गरौला त्यसपछि नै सुखी पनि होउला ।

७. **दिइएका वाक्यलाई सङ्केतार्थकमा बदल्नुहोस् :**

आज बादल लाग्छ । पानी पर्छ । हामी विद्यालय जान्छौँ । हामी पानीमा भिज्छौँ । बाटामा हिलो हुन्छ । हामी चिप्लिएर लड्न सक्छौँ । यसैले हामी सावधान भएर हिँडौँ र हिलामा पछारिनबाट बचौँ ।

८. **दिइएको अनुच्छेदमा प्रयुक्त वाक्यका क्रियापदलाई करण भए अकरण र अकरण भए करणमा परिवर्तन गर्नुहोस् :**

पहिले पहिले म धेरै पढ्थेँ । आरिफ चाहिँ गीत गाउँथ्यो । आजकल म गीत गाउँछु । ऊ चाहिँ खेल्छ । मलाई के लाग्छ भने मानिसको मन सधैँ एकै किसिमको हुँदैन । समाज र समयअनुसार मानिसको मनमा परिवर्तन भइरहन्छ ।

९. **इच्छार्थक क्रियापदको प्रयोग गरी 'मैले चाहेको नेपाल' शीर्षकमा एउटा अनुच्छेद लेख्नुहोस् ।**

१०. **दिइएको अनुच्छेदमा पदयोग र पदवियोगमा रहेका गल्ती पहिचान गरी शुद्ध बनाउनुहोस् :**

म र राजाराम विश्वविद्यालय मा पढ्छौँ । मेरो घर भक्तपुर माछ । राजा रामको घर ललितपुर माछ । आइतबार देखि शुक्रबार सम्म हामी पढाइमा व्यस्त हुन्छौँ । शनिबार हामीघुम्न जान्छौँ । हामी कहिले उपत्यका भित्र र कहिले उपत्यका बाहिर घुम्नजान्छौँ । राजारामको बानी अनोठौछ । केही गरौँ भन्नु मात्र पर्छ, उसले गरि हाल्नु पर्छ, कुनै कुरा खाऊँ भन्नु मात्रै पर्छ उसले जसरी नै खानु पर्छ । आउने शनिबार हामी विराटनगर जानेछौँ । त्यहाँ हामी मुख्यमुख्य सबै ठाउँ पुग्नेछौँ । त्यहाँ मेरा कान्छाबुबाको घरपनि छ । भात सात र वास सासकालागि केही समस्या छैन । यस पटक को यात्रा मा मेरो माहिलोभाइ र माथिल्लोघर जेठो पनि सहभागीहुने कुरा छ ।

## सिर्जना र परियोजना कार्य

१. **कक्षाका विद्यार्थी जीवनी लेखन र समीक्षा गरी दुईओटा समूहमा बाँडिनुहोस् । पहिलो समूहले आफ्नो समुदायमा योगदान गर्ने कुनै एक व्यक्तिको जीवनी तयार पारेर सुनाउनुहोस् र दोस्रो समूहले उक्त जीवनीको संरचना र सन्देश पक्षमा आधारित भई एक समालोचनात्मक लेख तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **तपाईंको जीवनमा प्रभाव पार्ने विश्व समुदायका कुनै एक व्यक्तिको जीवनी खोजेर कक्षामा सुनाउनुहोस् र उक्त जीवनीबाट प्रभाव पर्नुको कारण पनि बताउनुहोस् ।**

पाठ ७

# हामीलाई बोलाउँछन् हिमचुली

*राष्ट्रकवि माधवप्रसाद घिमिरे*



हामीलाई बोलाउँछन् हिमचुली राम्रा
उकालीमा उचालिन्छन् हल्का पाइला हाम्रा ।

उकालीको चिसो पानी अँजुलीले खाउँला
देउरालीको बिसौनीमा सुसेलीले गाउँला
वनभित्र ढुङ्गामाथि गाउलिन् गोठालिनी
गाईलाई बोलाउलिन् लाला, ओदी, निनी !

उनी सोध्लिन् हामीलाई कहाँ जाने दाइ
भन्नुपर्ला हिमालको बुटी खोज्नलाई
डोरेटामा कस्तूरीले तिरिन च्यापी हेर्लान्
पातपातै चरा नाच्ने पातलले घेर्लान् ।

टाकुरामा कुहिराको दौडादौडी होला
लेकदेखि इन्द्रनीले वनबँसी छोला
भेडा चर्लान् निगालाको टुप्पा हिलाएर
चम्री चर्लान् चमरको झुपा झुलाएर ।

मग मग बुकी फूलको वासनाले ढाक्ला
उत्तरमा झुक्ने धुपी उत्तरैमा डाक्ला
नागियुँमा उक्लियौँला नेटो काटी आफैँ
जहाँबाट प्वाँख खोल्छ नउरङ्गे डाँफे ।

हाम्रो होला राती राती ओडारमा वास
जहाँबाट फुटी आउँछ कस्तूरीको बास

भेट हुने छैनन् अब मान्छे कोही पनि
खालि बज्ला पहरामा छहराको ध्वनि ।

छङ्गाछुर भिरैभिर तलतिर होला
हावा आफैँ हराएर खगरमा होला
हामी खाउँला सामलतुमल झारझुर पारी
एकै बाजि फर्की हेरी जाउँला माया मारी ।

हिउँ बगी बगी हाम्रो बाटो रोकिदेला
विष लागी लागी सारा सास रोकिदेला
अघि बढौँ पाइलैपिच्छे मुटु हाम्रो हान्छ
पछि फर्कूँ यतिन्जेलको दुःखै खेर जान्छ ।

कल्ले आई हेर्छ हिउँमा पाइलाको छाप
के हिँडेछौँ नगरेर आफ्नो नापजाप
जो उठायौँ पाइला यो सो उठाइहाल्यौँ
ज्यान जोखिमको बाजी थाप्नु थापिहाल्यौँ ।

मर्नैपर्छ भने पनि पर पुगी मरौँ ।
नझुक्ने यो हिमालमा किन झुकी मरौँ
जति चढ्यो उति बाँकी हिमचुली शिखर
नदेखेको कुरा हेर्ने हामीलाई रहर ।

## शब्दभण्डार

१. **शब्दकोशको सहायता लिई दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :**

| **शब्द** | **अर्थ** |
|---|---|
| तिरिन | अन्न आदि खाने कुरा |
| डोरेटो | वर्षभरिमा नौ महिना हिउँले ढाकिने ठाउँ |

| | |
|---|---|
| निनी | आवाज |
| पातल | ज्यादै अग्लो र विकट खालको भिर वा पहरो |
| बुकी | चौँरी गाई चर्ने ठाउँ |
| नागियुँ | हिमाली भेगमा पाइने झारविशेष |
| छङ्गाछुर | सधैँ हराभरा भइरहने लेकको सेपिलो एवम् घना जङ्गल |
| खगर | देउराली |
| सामलतुमल | घाँस, पराल आदिको थोरै अंश |
| | एक दुई जना मात्र हिँड्न हुने सानो बाटो |
| | गाईका ससाना बाछाबाछीलाई प्यारो गरेर भनिने शब्द |

२. **दिइएका शब्दसँग मिल्ने अनुप्रासयुक्त शब्द पाठबाट खोज्नुहोस् :**

रામ્રા, शिखर, हेर्लान्, होला, हिलाएर, ढाक्ला, ध्वनि, पारी, हान्छ, छाप

३. **दिइएका शब्दको पर्यायवाची शब्द पाठबाट खोज्नुहोस् :**

चिसो, देउराली, तिरिन, टाकुरा, फूल, बाटो

४. **गीतमा प्रयोग भएका केही शब्द कथ्य रूपमा छन् । गीतमा लय मिलाउन यस्ता शब्दको प्रयोग गरिन्छ । ती शब्दको स्तरीय रूप दायाँतर्फ दिइएको छ । यस्तै अन्य शब्द खोजी स्तरीय रूपसमेत लेख्नुहोस् :**

| | | |
|---|---|---|
| कल्ले | = | कसले |
| नउरङ्गे | = | नौरङ्गे |
| चम्री | = | चौँरी |
| गोठालिनी | = | गोठाल्नी |

## बोध र अभिव्यक्ति

१. **दिइएको गति र यति व्यवस्थाको अनुसरण गरी 'हामीलाई बोलाउँछन् हिमचुली' कविता लय मिलाई वाचन गर्नुहोस् :**

| ४ अक्षर | ४ अक्षर | ४ अक्षर | २ अक्षर |
|---|---|---|---|
| हामीलाई | बोलाउँछन् | हिमचुली | राम्रा |
| उकालीमा | उचालिन्छन् | हल्का पाइला | हाम्रा |

२. **उदाहरणमा देखाए जस्तै गरी दिइएका शब्दको अक्षर छुट्याएर शुद्ध उच्चारण गर्नुहोस् :**

जस्तै : सामलतुमल /सा.मल्.तु.मल्/

सुसेली, हिमचुली, शिखर, उक्लियौँला, मर्नैपर्छ

३. **कविताको पहिलो र अन्तिम श्लोक सुन्नुहोस् र तिनमा वर्णन गरिएका विषयका बारेमा छलफल गर्नुहोस् ।**

४. **'उनी सोध्लिन् .... खोज्नलाई' कवितांश सुन्नुहोस् र तिनमा उल्लेख गरिएका कामका बारेमा भन्नुहोस् ।**

५. **पाठका आधारमा हिमाली भेगको महत्त्वका बारेमा समूहमा छलफल गर्नुहोस् ।**

६. **दिइएको कवितांश पढी मौखिक उत्तर दिनुहोस् :**

उकालीको चिसो पानी अँजुलीले खाउँला
देउरालीको बिसौनीमा सुसेलीले गाउँला
वनभित्र ढुङ्गामाथि गाउलिन् गोठालिनी
गाईलाई बोलाउलिन् लाला, ओदी, निनी !

**प्रश्नहरू**

(क) माथिको कवितांशमा कस्तो परिवेशको चित्रण गरिएको छ ?

(ख) 'देउरालीको बिसौनीमा सुसेलीले गाउँला' यस कथनको तात्पर्य के हो ?

(ग) 'वनभित्र ढुङ्गामाथि गाउलिन् गोठालिनी' यस कथनलाई सामान्य पदक्रममा रूपान्तर गर्नुहोस् ।

(घ) गोठाल्नीले गाईलाई कसरी बोलाउँछिन् ?

७. **'टाकुरामा .... नउरङ्गे डाँफे' कवितांश पढी हिमाली भेगमा पाइने जनावर र बोटबिरुवाका बारेमा छोटो अनुच्छेद लेख्नुहोस् ।**

८. **दिइएको कवितांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

मर्नैपर्छ भने पनि पर पुगी मरौँ
नझुक्ने यो हिमालमा किन झुकी मरौँ
जति चढ्यो उति बाँकी हिमचुली शिखर
नदेखेको कुरा हेर्ने हामीलाई रहर ।

**प्रश्नहरू**

(क) माथिको कवितांशमा नेपालीको कस्तो मानसिकताको चित्रण गरिएको छ ?

(ख) नेपालीले हिमचुलीबाट कस्तो प्रेरणा प्राप्त गरेका छन् ?

९. **'हामीलाई बोलाउँछन् हिमचुली' कवितामा कस्तो परिवेशको चित्रण गरिएको छ, दिइएका बुँदालाई समेत आधार बनाई समीक्षात्मक प्रतिक्रिया लेख्नुहोस् :**

(क) हिमचुलीको काखमा रहेको

(ख) सधैँ हराभरा भइरहने लेकको सेपिलो एवम् घना जङ्गलले सुशोभित

(ग) एकदुई जना मात्र हिँड्न मिल्ने सानो बाटो भएको

(घ) चिसो, मिठो र स्वच्छ पानी भएको

(ङ) धुपी र बुकी जस्ता बोटबिरुवा र घाँसपातले मनोहर देखिएको

(च) कस्तूरी र नौरङ्गे डाँफेको स्वतन्त्र उपस्थितिका कारण आकर्षक बनेको

(छ) जीविकाका लागि मानिसले भेडा र चौँरी पालन गर्नुका साथै हिमालका जडीबुटी सङ्कलन गर्ने गरेको

(ज) सधैँ नयाँ कुरा गर्न उत्सुक र समस्याबाट कहिले पछि नहट्ने साहसी नेपालीको बसोबास रहेको

(झ) हिमचुलीले मानिसलाई सफलताको शिखर चुम्न प्रेरित गरिरहेको

१०. **'हामीलाई बोलाउँछन् हिमचुली' कविताले दिएको सन्देश के हो, समीक्षात्मक उत्तर लेख्नुहोस् ।**

११. **दिइएको गजल पढ्नुहोस्, यसको संरचनाका बारेमा हेक्का राख्नुहोस् र आफूलाई मन पर्ने विषयमा एउटा गजलको रचना गर्नुहोस् :**

**सुनेकै हो मैले**

सुनेकै हो मैले पनि बुढापाकाबाट
मटुसम्म जाने बाटो हुन्छ आँखाबाट ।

हेर्दा तिम्रो आँखातिर थाहा मैले पाएँ
हिँड्दै रै'छु म त त्यहाँ पाखैपाखाबाट ।

यता हेर्दा उता हेछ्र्यौं, उता हेर्दा यता
जोगाउन मुटुलाई चोर डाँकाबाट ।

हृदयमा बस्नेसित भेट हुँदाखेरि
मौन आँखा बोल्छ कति चर्को भाकाबाट ।

माया जति खोजे पनि मन माहुरीले
निचोरिन्छ सधैँ सधैँ मह चाकाबाट ।

यति पनि नबुझ्नेलाई 'मनु' भन्नुपर्छ
बिउँझिएला कल्पनाको जब काखाबाट ।

*मनु ब्राजाकी*

१२. **दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको छोटो उत्तर दिनुहोस् :**

कविता विचार वा भावनाको लयबद्ध कलात्मक भाषिक अभिव्यक्ति हो । यसैले कविताको संरचनामा विचार वा भावना, लय र भाषा संरचकका रूपमा रहेका हुन्छन् । यी तीन संरचकमध्ये विचार वा भावना र भाषा साहित्यका अन्य विधा कथा, उपन्यास, निबन्ध आदिको संरचनामा पनि रहन्छन् । यसैले विचार एवम् भाषा कविता र अन्य विधाका साझा संरचक हुन् भने लय चाहिँ कवितामा मात्र रहने भएकाले यो कविताको विधा परिचायक संरचक हो । लयकै कारण कवितामा गेयात्मकता हुन्छ । लयकै आधारमा कविता गद्य कविता, पद्य कविता र लोक कविता गरी तीन प्रकारका छन् । गजल र गीत पनि पद्य कविताकै भेद हुन् । पद्य कविताको लघुरूप मुक्तक हो । पूर्वापर सन्दर्भबाट मुक्त र आफैँमा पूर्ण एउटा श्लोक पनि मुक्तक हो । प्रगीतात्मक हुने भएकाले यो पद्य कविताअन्तर्गत पर्छ । गद्य कविता मुक्त लयमा संरचित हुन्छ । यसमा पद्य कविताको जस्तो नियमित नभई स्वतन्त्र लय हुन्छ । पद्य कविता, गीत र गजल बद्धलयमा संरचित हुन्छन् । लोकगीत र लोककविता चाहिँ लोकलयमा संरचित विधा हुन् । पद्य कविता र गजलमा लयको काम छन्दले गरेको हुनाले यिनलाई छन्दोबद्ध कविता पनि भनिन्छ । गजलमा प्रयोग गरिने छन्दलाई बहर भनिन्छ । छन्द र बहरको ढाँचा फरक फरक हुने भएकाले पद्य कविता र गजलको संरचनामा भिन्नता हुन्छ ।

गजलमा दुई मिसरा वा पङ्क्ति मिलेर एउटा सेरको निर्माण हुन्छ । गजलमा पाँचदेखि एघारसम्म सेर हुन्छन् । माथिको गजलमा पनि छओटा सेर छन् । गजलमा आएको पहिलो सेरलाई मत्ला भनिन्छ । यसका दुवै मिसरा अन्त्यानुप्रासयुक्त हुन्छन् । माथिको गजलमा पहिलो सेरको पहिलो मिसरा 'बुढापाकाबाट' र दोस्रो मिसरा 'आँखाबाट' अन्त्यानुप्रासयुक्त छन् । यसप्रकार गजलको प्रथम सेर निर्माण भएपछि सेरकै छन्दअनुसार अन्य सेरको निर्माण गरिन्छ । गजलको अन्तिम सेरलाई मक्ता भनिन्छ र यसमा गजलकारले आफ्नो नाम वा उपनामको प्रयोग गर्न पनि सक्छ । माथिको गजलको अन्तिम मिसरामा गजलकारले आफ्नो उपनाम 'मनु' को प्रयोग गरेका छन् । गजलका सेरको निर्माणमा काफिया र रदिफको पनि महत्त्वपूर्ण भूमिका हुन्छ । प्रत्येक सेरको दोस्रो मिसराको अन्तिम शब्दलाई रदिफ भनिन्छ । रदिफ एक शब्द वा त्यसभन्दा बढीको पनि हुन सक्छ । माथिको गजलमा प्रयुक्त 'बाट' रदिफ हो । रदिफ सबै सेरमा दोहोरिने भएकाले माथिको गजलमा रहेको 'बाट' पनि सबै सेरमा दोहोरिएको छ । काफिया भनेको अनुप्रास हो । गजलका प्रत्येक सेरको दोस्रो मिसरा हमकाफिया हुनुपर्छ । हमकाफिया भनेको अनुप्रासान्त हुनु हो । दोस्रो मिसरालाई अनुप्रासान्त बनाउनु नै काफियाको कार्य हो । काफिया भनेको रदिफको पूर्ववर्ती अन्त्यानुप्रासयुक्त शब्द हो । माथिको गजलमा प्रयुक्त अन्त्यानुप्रासयुक्त शब्द 'आँखा', 'पाखा', ' काखा', 'डाँका' 'भाका' 'चाका' काफिया हुन् ।

**प्रश्नहरू**

(क) कविता भनेको के हो ?

(ख) कविता र गजलमा के अन्तर छ ?

(ग) गजलका संरचक के के हुन् ?

(घ) गजलका प्रत्येक सेरको दोस्रो मिसरा कस्तो हुनुपर्छ ?

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ ७ सुन्नुहोस् र दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) 'म' पात्र कहाँ थिए ?

(अ) घरको आँगनमा (आ) मन्दिर परिसरमा

(इ) जीवनरूपी वनका बिचमा (ई) दोबाटाका बिचमा

(ख) 'म' पात्रले पूजा गर्ने ठाउँ कुन हो ?

(अ) वीरहरूको बलिदान भएको ठाउँ (आ) मानिसहरू भेला भएको ठाउँ

(इ) मन्दिर (ई) तीर्थ

(ग) 'म' पात्र के गर्न चाहन्छन् ?

(अ) दान (आ) धर्म

(इ) सेवा (ई) अध्ययन

२. **सुनाइ पाठ ७ सुन्नुहोस् र त्यसमा 'म' पात्रले किन उद्योगीलाई साथी, साहसलाई साथ, विश्वलाई घर र हृदयलाई सहर भनेका हुन्, तर्कसहित आफ्नो प्रतिक्रिया व्यक्त गर्नुहोस् ।**

## भाषातत्त्व

१. **दिइएको अनुच्छेदबाट उपसर्ग व्युत्पन्न शब्द टिप्नुहोस् र तालिकामा देखाए जस्तै गरी उपसर्ग र आधार छुट्याउनुहोस् :**

सुखी र समृद्ध जीवनका लागि सुस्वास्थ्य अपिरहार्य कुरा हो । समुचित आहारविहारबाट सुस्वास्थ्यको प्राप्ति हुन्छ । पूर्वीय संस्कृतिको के मान्यता छ भने आहार र विहारमा ध्यान दिने हो भने स्वास्थ्यको संरक्षण गर्न कठिनाइ हुँदैन । अहिले संसारमा जति पनि स्वास्थ्यसम्बन्धी सङ्कट देखा परेका छन् । ती सबै आहार र विहारमा समुचित ध्यान नदिनाका परिणाम हुन् । अहिले संसारभर फैलिएको कोरोना भाइरसको प्रकोप पनि आहारविहारमा गरिएको लापर्बाहीका कारण उत्पन्न भएको हो भन्ने विचार अधिकांश चिकित्सकको रहेको छ । विश्वस्वास्थ्य सङ्गठनका अनुसार कोरोनाको सङ्कट पनि जथाभावी आहारकै परिणति हो । यसैले स्वास्थ्य संरक्षणका लागि उपयुक्त र सन्तुलित आहारमा ध्यान दिनु अत्यावश्यक छ । सन्तुलित आहारमा ध्यान दिनु भनेकै रोग लाग्नुभन्दा पूर्व सचेत हुनु हो । रोग लागेर उपचार गर्नुभन्दा पहिले नै सचेत बनेर रोग लाग्न नदिनु नै बुद्धिमत्ता हो । रोग लागिसकेपछिको स्थिति कति विकराल हुन्छ भन्ने बारेमा अहिले हामी सम्पूर्णतः परिचित भएका छौँ । अहिले विश्वव्यापी रूपमा देखिएको कोरोना सङ्कटबाट एकातिर विकासका काम अवरुद्ध भएका छन् भने अर्कोतिर देशको सञ्चित अर्थराशि पनि विकास कार्यमा प्रयोग नभई रोग निराकरणमा उपयोग गरिएको छ । यसैले स्वास्थ्य प्रतिकूल हुनु भनेको जीवन पीडादायी हुनुका साथै विकास र समृद्धिमा समेत अवरोध पुग्नु हो ।

**उदाहरण**

| उपसर्ग व्युत्पन्न शब्द | उपसर्ग | आधार |
|---|---|---|
| अत्यावश्यक | अति | आवश्यक |
| अधिकार | अधि | कार |

२. भाषातत्त्वअन्तर्गत १ को अनुच्छेदमा प्रयुक्त 'सम्' उपसर्ग लागेर बनेका शब्द 'सङ्गठन, सञ्चित, सन्तुलित, सम्बन्धी, संरक्षण' को निर्माण प्रक्रिया तलको आरेखमा दिइएको छ । शब्दकोश हेरी 'सम्' उपसर्ग लागेर बनेका अन्य दशओटा शब्द टिप्नुहोस् र तिनको निर्माण प्रक्रिया पनि देखाउनुहोस् :

उपसर्ग + आधार = व्युत्पन्न शब्द

गठन → सङ्गठन

चित → सञ्चित

सम् तुलित सन्तुलित

बन्धित → सम्बन्धित

रक्षण → संरक्षण

३. दिइएको तालिकाको बायाँतर्फ उपसर्ग दिइएका छन् र दायाँतर्फ आधार शब्द दिइएका छन् । प्रत्येक आधार शब्दमा एउटा एउटा उपसर्ग संयोजन गरेर नयाँ शब्द बनाउनुहोस् :

| उपसर्ग | आधार |
|---|---|
| अनु, अव, निस्, निर्, परि, अति, सु, अधि, प्रति, दुस्, दुर्, वि, सम्, उत्, अनु | गमन, नति, छल, ईक्षण, ईक्षा, अधिक, आगत, आगमन, एक, चिन्ता, आशय, ज्ञान, देश, नत, छेद |

४. आधारमा उपसर्ग र प्रत्ययको संयोजन भई बनेका शब्दमा आधारको अर्थ मुख्य रूपमा रहेको हुन्छ । उपसर्गबाट बनेका कतिपय शब्दमा चाहिँ आधारले दिने अर्थ पूर्ण रूपमा परिवर्तन भएको हुन्छ । यस्ता केही शब्द तलको तालिकामा दिइएका छन् । शब्दकोशको सहयोग लिई यस्तै अन्य पाँचओटा उपसर्ग व्युत्पन्न शब्द टिप्नुहोस् :

| उपसर्ग | अर्थ | आधार | अर्थ | व्युत्पन्न शब्द | अर्थ |
|---|---|---|---|---|---|
| आ | सबैतिर | हार | पराजय, माला | आहार | खाने कुरो, ल्याउने काम |
| वि | विशेष, विपरीत | हार | पराजय, माला | विहार | घुमफिर |
| प्र | प्रख्यात, धेरै | हार | पराजय, माला | प्रहार | हनाइ, हिर्काइ |
| सम् | राम्रो | हार | पराजय, माला | संहार | नाश, ध्वंस |

५. **दिइएको अनुच्छेदबाट प्रत्यय व्युत्पन्न शब्द टिप्नुहोस् र तालिकामा देखाए जस्तै गरी आधार र प्रत्यय छुट्याउनुहोस् :**

कुनै पनि देशको मुख्य परिचायक तत्त्व भनेको संस्कृति हो । नेपाल पनि आफ्नै संस्कृतिका कारण विश्वमा सबैतिर चिनिएको छ । नेपाल बहुजातीय र बहुसांस्कृतिक देश हो । नेपालमा बसोबास गर्ने सबै जातिका आआफ्नै संस्कृति छन् । खस, नेवार, राई, गुरुङ, तामाङलगायत सबै जातिका आआफ्नै संस्कृति छन् । सर्वप्राचीन वैदिक संस्कृतिको आधारभूमि र संसारमै लोकप्रिय बनेको बौद्ध संस्कृतिको उद्गमस्थल नेपाल नै हो । नेपाली संस्कृतिमा ममात्र खाऊँ, ममात्र लाऊँको स्वार्थी भावना नभई सबै निरोगी, र खुसी होउन् अनि सम्मानपूर्वक बाँच्न पाउन् भन्ने भाव रहेको छ । नेपालमा रहेका सबै जातिका संस्कृतिको साझा विशेषता चाहिँ प्रकृतिलाई कुनै न कुनै रूपमा पूजा गर्नु हो । यस्तै आमाबुबा, पाहुना र गुरुलाई देवता मान्ने संस्कृति नेपालको साझा संस्कृति हो । यसरी नेपाली संस्कृतिका उत्कृष्ट विशेषता हुँदाहुँदै पनि यसमा केही विकृति पनि देखिन थालेका छन् । निष्क्रियता, हिंसा, चोरी, दुर्व्यसन, शोषण र भ्रष्टाचार विकृति हुन् । यस्ता विकृतिबाट मानिसमा ठगाहा, मिचाहा, हेपाहा, चुसाहा र लुटाहा प्रवृत्तिको विकास हुन्छ । यस्ता प्रवृत्ति भएका मान्छे निष्क्रिय, हिंस्रक, निर्दयी, शोषक र घमन्डी हुन्छन् । पियक्कड मान्छेले आफूलाई जतिसुकै बुझक्कड ठाने पनि तिनीहरू प्रायः भुलक्कड नै हुने भए झैँ विकृतिमा रमाउने मानिस पनि समाजमा वन्दनीय, आदरणीय र स्मरणीय बन्न सक्दैनन् । यस्ता व्यक्तिमध्ये कोही कोही आर्थिक रूपमा समृद्ध र सुखी होलान् तर 'विकृतिमा रमाउनेको हुन्छ सधैँ दुर्गति' भने झैँ अरूलाई ठगेर एवम् दुःख दिएर कमाएको धनसम्पत्ति विविध कारणवश नष्ट हुन्छ । अन्ततः यिनीहरू फिरन्ते र मगन्ते जीवन जिउन बाध्य हुन्छन् । निष्क्रिय जीवन जिउनेको त प्रगतिको सम्भावना नै रहँदैन । यसैले संस्कृति उन्नतिको सूचक हो भने विकृति अवनतिको कारक हो ।

**उदाहरण**

| प्रत्यय व्युत्पन्न शब्द | आधार | प्रत्यय |
|---|---|---|
| स्मरणीय | स्मृ | अनीय |
| भुलक्कड | भुल् | अक्कड |

६. **तलको तालिकाको बायाँतर्फ धातु र शब्द दिइएका छन् र दायाँतर्फ प्रत्यय दिइएका छन् । प्रत्येक धातु र शब्दबाट एउटा एउटा प्रत्यय संयोजन गरेर कृदन्त व्युत्पन्न र तद्धितान्त व्युत्पन्न शब्द बनाउनुहोस् :**

| धातु र शब्द | प्रत्यय |
|---|---|
| दृश्, सृज्, गम्, स्मृ, श्रु, नी, नम्, वच्, नृत् | अक, ति, तव्य, अनीय, अन, त, ता, य, |
| दिन, स्वर्ण, ग्राम, दिवस, राष्ट्र, विशेष, सुन्दर, महत्, गुरु, वाक् | इक, इम, ईन, ईय, इय, तः, य, ता, अ, मय |

७. **दिइएको अनुच्छेदबाट सन्धियुक्त व्युत्पन्न शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस् :**

प्रत्येक मानिसले सदाचारमा रही सदैव सज्जन मानिसको सन्देशलाई मनन गर्नुपर्छ । उनीहरूको व्यवहारको अनुसरण गर्नुपर्छ, निष्क्रियता र निराशालाई त्यागी निष्काम भावनाले निरन्तर देशको विकासका लागि समर्पित हुनुपर्छ । जीवनमा व्यायाम र विश्रामको सन्तुलन हुनुपर्छ भन्ने कुरा चाहिँ बिर्सनुहुँदैन । जो जीवनका अत्यधिक क्षणमा परीक्षित सङ्कल्पका साथ आफ्नो उद्देश्य प्राप्तिमा तल्लीन हुन्छ ऊ नै सफलताको शिखर चुम्न सफल हुन्छ ।

८. **शुद्ध गरी पुनर्लेखन गर्नुहोस् :**

म गतहप्ता भृकृटिमण्डप्मा विज्ञान् प्रदर्शनी हेर्न गएँ । त्यहाँ धेरै किसिम्का कम्प्युटर्, ल्याप्पटप् र मोबाइल्हरू राखिएका थिए । त्यस् प्रर्दर्शनीमा भर्खर कक्षा दश पूरा गरेर एघारमा पढदै गरेका विद्यार्थीदेखि एम्. ए र पिएच्.डी गरेका प्राध्यापकहरू समेत् आएका थिए । त्यहाँ इज्जत्दार, इमान्दार, जमिन्दार, लेखन्दास सबैको जमघट एक ठाउँमा भएको देखेर म दङग परेँ । मान्छेहरूले खचाखच् भरिएको त्यस प्रदर्शनी स्थलबाट एउटा ल्याप्टप किनेर सरासर् घर फर्के ।

## सिर्जना र परियोजना कार्य

१. **दिइएका कविता र गीत पढ्नुहोस् । लय र संरचनाका दृष्टिले यिनमा रहेका भिन्नताका बारेमा हेक्का राख्नुहोस् र यीमध्ये आफूलाई मन पर्ने लयमा कुनै विषयमा एउटा कविता वा गीतको रचना गर्नुहोस् :**

(क) **मुक्तलय**

तराईको फाँट जस्तै
फराकिलो बनाइदिऊँ
मानिसको छाती
सगरमाथा जस्तै उच्च बनाइदिऊँ

नेपालको सिर
ज्ञान विज्ञानको माटाले
भरिपूर्ण बनाइदिऊँ
मानिसहरूको मस्तिष्क
र त्यहीँबाट उमारौँ
समानताको बिरुवा
विकास गरौँ
मानव समाजको विभेदरहित अध्याय ।

*भैरवी भूगोल*

(ख) **बद्धलय**

ठुलाको सानाको रतिभर कुनै भेद नगरी
स्वयम् निःस्वार्थी भई अमृत सबमा शीतल भरी
उदाएको देख्दा अमृतकर निलो गगनमा
घुम्यो अर्कै छाया उस बखत मेरा नयनमा ।

*कविशिरोमणि लेखनाथ पौड्याल*

(ग) **लोकलय**

पारि जाँदा मन वारि देउरालीमा राख
पाखुरामा पहराको बल बोकी राख
मर्स्याङ्दीको बारीभरि सिप रोप्नुपर्छ
टारीभरि बारीभरि सिप रोप्नुपर्छ ।

*क्षेत्रप्रताप अधिकारी*

२. **पुस्तकालय वा सामाजिक सञ्जालबाट कुनै एउटा मुक्तक/गीत/पद्य कविता/गद्य कविता सङ्कलन गरी कक्षामा सुनाउनुहोस् र तिनको संरचना र लयका बारेमा छलफल गर्नुहोस् ।**

पाठ ८

# मातृत्व

*भागीरथी श्रेष्ठ*



केही महिनाअघिको कुरा हो, एउटा शनिबार सदा झैँ म झ्यालमा बसेर उहाँको बाटो हेर्दै थिएँ । मेरो दशवर्षीय ठुलो छोरा भर्खर नुहाएर कोठामा पस्यो । उसले लुगा फेर्दै सोध्यो, "आमा ! के हेरिराख्नुहुन्छ तपाईं सधैँ ?"

छोराको प्रश्न सुनेर मनमा लाग्यो, सानातिना कुरामा किन झुट बोल्नु ? हुन त कतिपय कुरामा छोरासँग झुट बोलेकी छु तर यसो गर्दा मलाई कत्ति सन्तोष लाग्दैनथ्यो । योभन्दा बढ्ता असन्तोष त्यति वेला लाग्थ्यो जति वेला छोराले मेरो कुरामाथि विश्वास गर्दैनथ्यो र उल्टो शङ्का गर्थ्यो । त्यतिखेर मेरो अनुहार जङ्गलमा झारिएको रुखको ठुटो जस्तै हुन्थ्यो । पश्चात्ताप र ग्लानिले मेरा दुवै नेत्र रसाउन थाल्थे ।

अहिले सोधेको प्रश्नको जबाफ हुन त जे भन्दिए पनि हुन्थ्यो तर नभएको कुरा भन्न मन लागेन ।

"केही हैन छोरा ! सुबोध अङ्कललाई"

"किन दिनदिनै आउनुहुन्छ हामीकहाँ ?" नरुचाए झैँ गरी उसले प्रश्न गर्‍यो ।

"किन तिमीलाई मन पर्दैन र ? उहाँले तिमीहामी सबैलाई माया गर्नुहुन्छ ।"

उसको मुख र प्रश्नमा झल्केको अरुचिमा विश्वास दिलाउनुपर्छ भन्ने विचारले म पूर्वाग्रह पीडित थिएँ ।

"आमा ! सुबोध अङ्कल मन पर्दैन मलाई" छोराको कुरा सुनेर म झस्कैँ । उसको भनाइमा नैराश्य बिम्बित हुन्थ्यो ।

"किन छोरा त्यस्तो भनेको ? उहाँ राम्रो अङ्कल हुनुहन्छ । त्यसो नभन है छोरा !" सम्झाउँदै भनेँ ।

"तपाईं नहुँदा हामीलाई कस्तो हपार्नुहुन्छ, गाली गर्नुहुन्छ, बुबाले जस्तो माया गर्नुहुन्न । आमा ! अबदेखि सुबोध अङ्कललाई हामीकहाँ नआउनू भन्नुस् न ।" पिलपिलाउँदो र उपेक्षाको भावले

छोराले आफ्नो बालसुलभ वास्तविकता पोख्यो ।

यो सत्यतालाई मैले बुझेर पनि बुझ पचाउँदै आइरहेकी थिएँ ।

"हुन्छ छोरा भन्छु तर अहिले होइन अलि पछि भन्ने छु ल !"

छोराको अनुहार खुसीले उज्यालो भएको स्पष्ट देखिन्थ्यो ।

छोराको भनाइले मेरो मन भने भित्रभित्रै चस्कन थाल्यो । मेरो मस्तिष्कमा अतीतका कुरा खेल्न थाले ।

सुबोध मेरो लोग्नेको मिल्ने साथी । एउटा दुःखदायी हवाईजहाज दुर्घटनाले मेरा छोराछोरीलाई टुहुरा बनायो । कलकलाउँदो उमेरमै मेरो सिन्दूर पुछियो । मेरा चुरा फोरिए ।

सुबोध मकहाँ बराबर आउनुहुन्थ्यो । आश्वासन दिनुहुन्थ्यो । माया दर्साउनुहुन्थ्यो तर पनि मैले अत्यन्त शून्यता र रिक्तता अनुभव गर्थें । लोग्नेको अभाव महसुस गर्थें । त्यो सिङ्गै घर मलाई सुरुङ जस्तै लाग्थ्यो । जिन्दगीमा धेरै कुरा हराए जस्तै थिए । यसरी मैले आफू र छोराछोरीलाई साह्रै असुरक्षित अवस्थामा पाएँ । मैले सुरक्षा चाहन्थें । टेक्ने हाँगाको खोजीमा थिएँ म । मायाको निर्मल आकाश चाहन्थें म । लाग्थ्यो, संसारमा एउटा कोही त माया गर्ने पुरुष चाहिन्छ, जुन माया शारीरिकभन्दा मानसिक रूपमा ज्यादा होस् । यसैको चाहनाले च्यापेर अनायास म सुबोधलाई बढी माया र सम्मान गर्न थालेथें । उहाँ नै हुनुहुन्थ्यो मेरो दुःख र सुखमा साथ दिनुहुने र मकहाँ बराबर सहानुभूति देखाउन आउनुहुने ।

एक दिन सधैं मेरो व्यथा र पीडाले मुर्झाएको अनुहार देख्दा सुबोधले सम्झाउँदै भन्नुभएथ्यो, 'ममता ! तिमी किन पिर लिन्छ्यौ ? हुने कुरा भइहाल्यो । मन बलियो बनाउनुपर्छ ।"

'तिमी' सम्बोधनले मलाई झन् नजिक पुऱ्याएको अनुभव मैले गरें । त्यसैले त हामी निकै नजिक आइसकेका थियौं एकआपसमा । मलाई उहाँले भित्रैदेखि चाहनुहुन्छ भन्ने पनि मैले अनुभव गरेकी थिएँ ।

"जिन्दगीमा पिरबाहेक सुख कहाँ देख्न पाउँछु र ! सहारा, सुरक्षा र माया गुमाइसकेकी एउटी स्वास्नीमान्छेको अनुहार कसरी उज्यालिन सक्छ र ? छोराछोरी सानै छन् । आफैं सोच्नुस्, यत्रो लामो जिन्दगी लिएर म कसरी बाचूँ ? यो सोच्दा मलाई पट्यार लाग्छ" सुस्केरा हाल्दै मैले भनें ।

"ममता ! त्यसो भए तिमी के चाहन्छ्यौ त ? के विचार छ तिम्रो ?"

"मेरो चाहनु नचाहनुमा फरकै के पर्छ र ? चाहेर पनि त सबै कहाँ पुग्छ र ? नचाहेर पनि के हुन्छ र ? हुन त मान्छेकै मन त हो चाहनाले बेरिहाल्छ । एउटा पवित्र माया, पवित्र सहारा र सुरक्षाको

कल्पना हुन्छ तर सबै कल्पना आखिर पानीको फोका झैँ पट्ट फुटेर बिलाउँछन् ।

मैले यति भन्न के भ्याएँथे एक्कासि मैले आफूलाई सुबोधको आवेशपूर्ण अँगालामा पाएँ ।

"ममता ! तिम्रो भावना बुझेँ । यो अँगालो जिन्दगीभर फुत्कने छैन न त पानीको फोका झैँ फुट्ने छ ।"

लोग्नेको न्यानो अँगालो नपाएको एक वर्षपछि सुबोधको न्यानो अँगालो पाउँदा मलाई रमाइलो त लाग्यो तर म अकमकिएँ । के गरूँ के गरूँ जस्तो भयो । अनजानमै भलभल निस्केको आँसुलाई सुबोधले आफ्ना हातले पुछिरहनुभयो । धेरै बेरसम्म उहाँको हात पन्छाइनँ । विश्वास र मायाले घेरेपछि उहाँलाई देवता मान्न थालेँ, उहाँको मायालाई अनुपम उपहार सम्झेँ । प्रसन्नतापूर्वक हामीले एकअर्काको प्रेम स्विकार्‍यौँ । त्यो दिन मेरा लागि ढकमक्क भएर न्यानो घाम लाग्यो । नाङ्गिसकेका मियालका हाँगामा झकमक्क फूल फुल्न लागे । मेरो चारैतर्फ कनकचम्पाको मिठो बास्ना फैलिन थाल्यो ।

हामी धेरैबेर कोठामा बस्यौँ । उहाँ फर्किनुभएपछि मनभित्र अनेक किसिमका विचार खेल्न थाले । के मैले कुबाटामा टेकेकी त छैनँ ? मैले राम्रो गरेँ त ? के निर्णय छिटो त भएन ? मेरा छोराछोरीको भविष्य के होला ? हिसाबै गर्ने हो भने मान्छको सोचाइले त ब्रह्माण्डै ढाक्छ । सोच्दैमा त्यो हुनैपर्छ भन्ने त थिएन । उहाँले त्यसो गर्नासाथ मैले उहाँलाई झट्ट स्विकार्न किन पर्‍थ्यो र ? के म आफ्नो लागि आफैँले खाल्डो खनिरहेकी त छैनँ ? आखिर सामाजिक प्रतिष्ठा पनि वैयक्तिक मर्यादा र महत्त्वका लागि नभइनहुने पक्ष हो । त्यसैले यो समाज र परम्पराको समर्थनको सम्भावित प्रतिकारले मलाई झन् डर लाग्न थाल्यो । आखिर हाम्रो धार्मिक, सामाजिक परम्पराले यही देख्न चाहन्छ कि विधवा स्वास्नी मान्छे सधैँ विधवाकै रूपमा रहोस् ।

यसरी मनभरि कहिले खुसीका डोब देखिन्छन् भने कहिले शङ्का, उपशङ्का र लाजका छाया अगाडिपछाडि तेर्छिन थाले । सोचेँ, भोलि समाजले भन्ने छ, यो आइमाई लोग्नेको सत्‌मा छैन । लोग्नलाई नर्कमा पारी । यसरी सोच्दासोच्दै ममा विद्रोह उठ्यो, किन यसरी डर मान्नु ? लोग्ने हुँदा हाम्रो जिन्दगी कति मनमोहक थियो । लोग्ने मेरा लागि सर्वस्व हुनुहन्थ्यो । उहाँपछि आफ्नो र छोराछोरीका लागि सहारा र माया खोजेँ त के बिराएँ मैले ? परम्परा र बन्धनलाई तोडेर के अपराध गरेँ मैले ? समयको माग पनि यही हो । दुई दिनको जिन्दगीलाई किन मरुभूमि बनाउने ? नीरस जिन्दगीलाई रसाउन मायाको सङ्लो नदी चाहिन्छ । छहारीदार ओत चाहिन्छ । जिन्दगी हाँसो रोदन, दुःख पीडा, कथा व्यथाले भरिएको सामूहिक भेल हो । आपत् सुख र दुःख सबैलाई पर्छ । सबैले सबै कुरा भोग्नु नै पर्छ । पिरले तप तप चुहिएर बस्नुभन्दा खुसी खुसी भएर बाँच्नुपर्छ । यसरी सोच्दा मैले ठिक निर्णय गरे जस्तो लाग्यो ।

त्यसपछि सुबोध मकहाँ दिनदिनै आउन थाल्नुभयो । अग्लो, गोरो, स्मार्ट, ख्यालठट्टा गर्नुपर्ने सुबोधको स्वभाव थियो । मेरो लोग्नेमा पनि त्यस्तै व्यक्तित्व थियो तर धेरै चुरोट खाने एउटा बानी सुबोधको मन पर्दैनथ्यो तापनि भन्ने साहस भने गर्दिनथेँ । त्यसै त मेरो स्वभाव गम्भीर थियो, त्यसमा पनि आफ्ना चुरा फुटेपछि त म मूक नै जस्तै बनेँ । एक दिन उहाँको सास निकै गह्नायो र अनायास अनुनय स्वरमा भनेँ, "चुरोटको गन्ध मलाई पटक्कै मन पर्दैन । तपाईं बढी नै चुरोट पिउनुहुन्छ । स्वास्थ्यका लागि पनि राम्रो हैन । छोड्न सकिन्न र ?"

"किन ममता ? किन नसक्नु ? मन बलियो हुनुपर्छ । गर्छु भन्ने प्रण गर्नुपर्छ । आफूलाई नियन्त्रण गर्नुपर्छ । म भोलि नै त भन्न सक्दिनँ । केही दिनमै छोडेर देखाइदिन्छु । "

नभन्दै त्यस्तै भयो । मलाई असाध्यै खुसी लाग्यो । मैले सोचेँ, चुरोटको कुआदत उहाँले मेरा लागि छोड्नुभयो । उहाँलाई पनि मेरो मन नपर्ने बानी रहेछ । एक दिन उहाँले भन्नुभयो, "ममता ! अब तिमीलाई सेतो र पहेँलो साडी त्यति सुहाउँदैन । गुलाफी रङको साडी तिमीलाई कत्ति आकर्षक हुँदो हो हगि ?"

त्यस दिनदेखि रातो रङको नभए पनि अरू रङ कलेजी, बैजनी, प्याजी रङको साडी लगाउन थालेँ ।

यसरी हामी एकअर्काको इच्छाअनुरूप बग्यौँ । कहिलेकाहीँ लाग्थ्यो, सुबोध दिनहुँ नआएर दुईतीन दिन बिराएर आउनुभए राम्रो हुन्थ्यो तर यस्तो सोच्दा सोच्दै पनि उहाँ नआउनुहोला भन्ने डर र शङ्काले सताउँथ्यो ।

एक दिन सुबोधलाई खुब मन पर्ने आलुको अचार र काजु, किसमिस मिसाएको सुजीको हलुवा बनाएर दिएँ । हुन त सधैँ केही न केही नखुवाईकन पठाउन्नथेँ । सुबोधले निकै मिठो मानी खानुभयो । यसरी मेरो हातले बनाएको खानेकुरा मिठोसँग खानुहुँदा मलाई झन् खुसी लाग्यो ।

"हलुवा साह्रै मिठो बनाइछ्यौँ, पुगेन । बाँकी छ भने अलिकति थपिदेऊ न ममता !" सुबोधले रिकापी बढाउँदै भन्नुभयो ।

थोरै हलुवा विद्यालयबाट फर्केपछि खाजाका रूपमा छोराछोरीलाई राखिदिएकी थिएँ । जीवनमा छोराछोरीलाई नछुट्याईकन मैले कहिल्यै केही खाएकी थिइनँ । म अकमकाएँ । हलुवा थोरै थियो सुजी थिएन ।

'छोराछोरीका लागि मात्र छ । अरू खाने कुरा बनाइदिऊँ, के खानुहुन्छ ?"

'बच्चाहरूलाई अरू दिए हुन्छ नि । यही देऊ न मलाई ।" झर्केर भन्नुभयो ।

सुबोधको कुरा मलाई साह्रै तितो भयो । उहाँबाट यस्तो कुरा सुन्नुपर्ला भन्ने किञ्चित् शङ्का थिएन । छोराछोरीका लागि पहिले भाग छुट्याएर मात्र मेरो पतिले खाने कुरा खानुभएको झल्याँस्स

सम्झन पुगेँ । यहाँसम्म कि मेरो पतिले छोराछोरीका लागि बरु खानुहुन्नथ्यो । यसरी मलाई मिठोचोखो बनाउँदा बच्चाहरूले खान पाएनन् भने दिनभरि घाम नलागे जस्तै हुन्थ्यो । बाध्यतावश एक्लै मिठो खानुपर्दा छोराछोरीलाई सम्झेर निल्न गाह्रो हुन्थ्यो तर सुबोधको कुरा काट्न सकिनँ, मन दुखाउन चाहिनँ । छोराछोरी विद्यालयबाट आइपुग्ने वेला भइसकेको थियो । छोराछोरीलाई अरू खाने कुरा बनाउन भान्सातिर लागेँ, सुबोधले हलुवा खाँदै हुनुहुन्थ्यो ।

"ममता ! यहाँ आऊ न ।"

म उहाँको नजिकै गएँ ।

"एउटा कुरा सोधूँ ?" सुबोधले प्रश्न गर्नुभयो ।

"के कुरा हो र त्यस्तो ?"

'जेहोस् नढाँटेर भन्छ्यौ ?"

"भन्नुस् न त ! किन ढाँट्ने ?"

"तिमीलाई सबभन्दा बढी कसको माया लाग्छ ?"

सुबोधको अप्रत्याशित प्रश्नले म केही बोल्न सकिनँ, के भनूँ के भनूँ भएँ । झ्वाट्ट शब्द छुट्यो, "संसारमा सबभन्दा बढी माया त मान्छेले आफैँलाई गर्छ होइन र ? "

"त्यो त सबैले बुझेको र जानेको कुरा हो । त्यसपछि अझ कसको ?

'तपाईंको, छोराछोरीको ...."

स्वाभाविक रूपमा मैले जबाफ दिएँ ।

"म त चाहन्छु, तिमी तिम्रा छोराछोरीलाई भन्दा पनि मलाई बढ्ता माया गर ।"

सुबोधको कुरा सुनेर एक छिन त चित्त दुख्यो ।

"छोराछोरीको माया, लोग्नेको माया, अरूको माया छुट्टाछुट्टै हुन् । मायाको आफ्नै विशेषता छ । तपाईंलाई माया मात्र हैन देवताका रूपमा स्विकारेकी छु तर छोराछोरीको माया पनि असाध्यै लाग्छ ।"

फुङ्ग उडेको मुख बनाउनुभयो सुबोधले । सुबोधको कुरा मन नपरे पनि व्यक्त गर्न सक्ने हिम्मत ममा थिएन ।

एकैछिनपछि छोराछोरी "आमा ! आमा !" भन्दै आइपुगे ।

"खाने कुरा दिनुस् आमा ! भोक लाग्यो ।" दुवै छोराछोरी मलाई समात्दै चिच्याउन थाले । मन भारी भयो । सम्झेँ, छोराछोरीले हलुवा खान पाएनन् ।

"बच्चाले डिस्टर्ब गरेको मन पर्दैन मलाई । पैसा दिएर बाहिर खान जाऊ भन ।" सुबोधले झिजो मानेको स्वरमा भन्नुभयो ।

भान्सामा गएर अरू खानेकुरा बनाइदिने इच्छा थियो । म केही बोल्न सकिनँ । मुटु ढ्याङढ्याङ बज्न थाल्यो । अशान्तको प्रवाह बग्न थाल्यो । अत्यन्त कठिनाइसँग बच्चालाई पर्सबाट पैसा झिकेर " बाहिर खान जाऊ" भनेँ । लाग्यो, छोराछोरी मन नपराई नपराई बाहिर खान गइरहेछन् । उनीहरूको अनुहारमा खिन्नता थियो । उनीहरूलाई पनि घरकै मिठो खानेकुरा खाने इच्छा थियो होला, पैसा दिएकामा उनीहरू खुसी थिएनन् । छोराले सम्झ्यो होला, आमाले खानेकुरा बनाइदिनुभएन । सोचेँ, के छोराछोरीको मन दुखाउनु राम्रो हो त ? सुबोधको कुरा पनि काट्न सक्दिनथेँ । यो कारण कि उहाँ पराइ भइदिनुहोला, मदेखि टाढा जानुहोला । सुबोधमा उदात्त भावना खोजेकी थिएँ, पावन पक्ष खोजेकी थिएँ ।

सम्झेँ, छोराछोरी आउँदा मेरो लोग्नेले दायाँ र बायाँ राखेर कतिपल्ट म्वाइँ खानुहुन्थ्यो, कतिपल्ट 'मेरा छोराछोरी' भन्दै मुसार्नुहुन्थ्यो । खै, आज सुबोधले मेरा छोराछोरीलाई म्वाइँ खानुभएको ? खै माया गर्नुभएको ? यस्तो मैले चाहन्थे कि मेरा छोराछोरीलाई मेरो लोग्नेले झैँ माया गरोस् तर यी मेरा सोचाइ आकाशमा बादल हराए जस्तै हराउँदै गए । यसरी जीवनका धेरै मोडमा सुबोधसँग बहाना गर्नुपऱ्यो, हाँस्न मन नलाग्दा पनि हाँस्नुपऱ्यो । चोटलाई पनि खपिदिनुपऱ्यो ।

छुट्टीको दिन म छोराछोरीसँग रमाउँदै बसेकी थिएँ । थाहा थियो उहाँ छिट्टै आउनुहन्छ भन्ने । उहाँ एकैछिनपछि आइपुग्नुभयो । उहाँले मेरो पर्स खोल्नुभयो । छोराछोरीलाई पैसा दिँदै भन्नुभयो, "तिमीहरू सबै बाहिर खेल्न जाऊ" कति हतारोसँग मेरा दुवै छोराछोरीलाई लखेट्नुभयो । यसरी उहाँले सबै कुरामा अधिकार जमाइसक्नुभएको थियो । छोराछोरी पहिले त मानेनन् । सुबोधले आँखा तर्नुभएपछि दुवै छोराछोरी लुरुलुरु बाहिर गए तर छोराको अनुहारमा रिस उम्रिरहेको थियो जो मैले नबुझेको होइन । एक किसिमको डर तुरुन्तै मभित्र जन्मिहाल्यो कि छोरो मसँग रिसाउला अथवा सबै कुरा थाहा पाए मलाई घृणा गर्ला । छोराछोरीलाई टाढा राख्न सक्दिनथेँ । एकै छिन नदेख्दा पनि मन खल्लो भइरहन्थ्यो ।

त्यो दिन कपाल दुखिरहेथ्यो । जिउ भारी भइरहेथ्यो । मन चटक्चटक् भइरहेथ्यो । मलाई बोल्न मन लागेको थिएन ।

"ढोका लगाइदेऊ ममता ! सुबोधको आदेश थियो ।

'छोराछोरी आइपुग्छन् । आज सन्चो पनि छैन ।'' मैले भनें ।

धेरै बहाना नगर । आजकाल तिमी निर्जीव जस्तै लाग्छ ।'' मुख बिगारेर भन्नुभयो सुबोधले ।

''कति सजीव भइराख्ने त ? जिउको पनि ख्याल गर्नुपर्छ, समयको पनि ध्यान दिनुपर्छ ।''

''अरू कुरा थाहा छैन । खुरुक्क ढोका लगाएर यहाँ आऊ ।'' उहाँको कडा निर्देशन मान्नै पऱ्यो । मैले कोठाको ढोका लगाएँ ।

एकैछिनपछि छोराछोरी ''आमा ! आमा ! भन्दै आइपुगे । ढोका खोल्नुपऱ्यो । सुबोध रिसले मुर्मुरिनुभयो, ''बोर्डिङमा राखिदेऊ भन्दा मान्दिनौँ । मलाई त वाक्क लागिसक्यो ।'' भन्दै बाहिर निस्कनुभयो ।

कति मन दुख्ने कुरा गर्नुभएको सुबोधले, मनमनै सोचेँ । त्यो दिन सुबोध फर्केर आउनुभएन । नमिठोसँग अनेक तर्कवितर्कमा रात काटेँ । भोलिपल्ट दश बजेतिर सुबोध आइपुग्नुभयो उही रोबिलो र ठाँटिलो पारामा । मन फेरि प्रफुल्लित भयो ।

''आज सिनेमाको कार्यक्रम राखेको छु । तयार होऊ । बच्चाहरूलाई घरैमा छोड ।''

''होइन, हामी घर बस्दैनौँ । हामी पनि सिनेमा हेर्न जाने ।'' ठुलो छोरो चिच्यायो ।

''हुँदैन । तिमीहरू घरैमा बस्नुपर्छ '' सुबोधको चर्को स्वर थियो ।

धेरै दिन भएको थियो छोराछोरीलाई कतै घुमाउन नलगेको । मन लागेको थियो छोराछोरीलाई पनि लैजाऊँ । मेरो लोग्ने भएको भए छोराछोरीलाई आफैँले सिँगारपटार गरिदिनुहुन्थ्यो । कति रमाउँदै हात समातेर लैजानुहुन्थ्यो । कहिल्यै छोराछोरीलाई हप्काएको थाहा थिएन । मैले हप्काउँदा, पिट्दा मलाई नै गाली गर्नुहुन्थ्यो । सुबोधको चर्को स्वरले मेरो लोग्नेको छोराछोरीप्रतिको माया सम्झेँ । केही भन्ने आँट भएन । बल्लतल्ल छोराछोरीलाई बिस्कुट, चकलेट र खेलौना ल्याइदिन्छु भनेर सम्झाएँ । पैसा दिएँ । छोराछोरी रोइरहे ।

तयार भएर सिनेमा हेर्न गयौँ तर कुनै रमाइलो अनुभव गर्न सकिनँ । के हेरेँ थाहा भएन । सिनेमा कसरी सुरु भयो र कसरी समाप्त भयो मेरो दिमागले केही बुझेन । दुवै छोराछोरी रोएको दृश्य झलझली आँखाको नानीभित्र नाचिरह्यो । कहिले जाउँ जस्तो भयो । छोराछोरीप्रति असाद्धे माया र ममता जागेर आयो । सुबोधको जिस्क्याइ र चिमोट्याइँले ममा केही मिठो असर गरेन । एउटा काँडाले घोचे जस्तै अनुभव गरेँ । कहिलेकाही हाँसे हुँला, बोले हुँला तर सबै बहानै थियो ।

फर्केर आउँदा बजारमा छोराछोरीलाई बिस्कुट, चकलेट, खेलौना किनिदिएँ ।

'कति छोराछोरी ख्याल गर्नुपर्छ तिमीलाई हँ ?'' सुबोधले खिसी गर्दै भन्नुभयो ।

"त्यही छोराछोरीको लागि बाँचेकी छु त के गर्ने ? मैले माया नगरे कसले गर्छ ?"

"ए तिमी मेरा लागि बाँचेकी होइनौं ?" सुबोधको प्रश्नले मलाई फेरि ढुङ्गाले हिर्कायो ।

"होइन, तपाईंका लागि पनि त बाँचेकी छु नि ! तर छोराछोरीका लागि पनि हो ।"

मेरो कुरा सुनेर सुबोधको मुख अँध्यारो भयो । लाग्यो, कस्तो सङ्कीर्ण विचार सुबोधको, किन सुबोधले आफ्नो माया र विचारलाई फराकिलो पार्न सक्नुहुन्न ?

घर फर्कँदा छोराछोरी रुँदै बसेका थिए, मन चरचर्ती चिरियो ।

सुबोधले मेरो बिमारीमाथि पनि वास्ता गर्नुहुन्नथ्यो । सधैं मलाई कोपर्न, लुछ्न र चाट्न चाहनुहुन्थ्यो । यति वेला मलाई भयङ्कर द्वन्द्वले च्याप्थ्यो । यस्तो वेला बढ्ता माया मानसिक होस् भन्ने चाहन्थे । चाहे जस्तो कहाँ हुनु ?

एक दिन मेरी सानी छोरी बाहिर खेल्न निस्केकी नौ बज्दा पनि घर फर्किनँ । त्यति वेला सुबोध घरमैं हुनुहुन्थ्यो । मैले रुँदै छोरीलाई खोज्न सुबोधसँग अनुरोध गरेँ । छोरालाई लिएर म झट्टै निस्किहालेँ । अरू चिनेका दाइ, भाइहरूलाई पनि सुनाएँ । कति ठाउँमा खोज्दा पनि छोरीलाई पाउन सकिनँ । पसिनाले बेसरी भिँजेर घर फर्कें । हातखुट्टा लल्याकलुलुक भइसकेका थिए । मुटुको धड्कन जोडसँग बजिरहेथ्यो । घर फर्कँदा सुबोध पलङमा पल्टेर किताब पढिराख्नुभएको थियो । मन साह्रै विक्षिप्त भयो ।

"किन पसिनै पसिना भएर खोज्न गएकी ? पुलिसले पाएपछि रेडियोबाट खबर दिइहाल्छ नि !"

सुबोधको बेवास्ताको र लापर्बाहीको कुरा सुनेर मलाई अचानामा राखेर खुकुरीले टुक्राए जस्तै लाग्यो । अत्यन्त सङ्कटमय वातावरण देखेँ । काँडैकाँडाको झाङमा फालिदिए जस्तो लाग्यो शरीरभरि नीलकाँडा उम्रे जस्तै लाग्यो । अब प्रश्न गर्नु, जबाफ दिनु अनर्थ सम्झेँ । बाघलाई गाई सम्झेर कहाँ हुन्छ र ? सम्झेँ आजसम्म मैले गाईलाई होइन बाघलाई माया गरिरहेछु । विश्वास र आशा गरिरहेछु । जीवनलाई सम्पूर्ण रूपमा उहाँलाई समर्पण गरेकी थिएँ । सबै लतरपतर भए । मेरा सम्पूर्ण भावना उदास उदास पोखरीमा फ्याँकिए । म रुँदै थिए तर त्यो आँसु मैले सुबोधलाई देखाइनँ । सुबोधलाई केही भनिनँ ।

एकै छिनपछि एक जना भाइ दगुर्दै आयो मकहाँ ।

"दिदी ! चन्द्रमा अस्पतालमा छिन् । मोटरसाइकलले धक्का दिएछ ।"

चन्द्रमा मेरी सानी छोरी । भाइको कुराले म बेहोस भएछुँ । कति वेला होसमा आएँ थाहा भएन । उठ्दा सुबोधको काखमा थिएँ । भाइले मेरो कपालमा पानी राख्दै थियो ।

"दिदी ! चन्द्रमा बहिनीलाई खास चोट लागेको छैन । होसमै छिन् । नआत्तिनुस् । अस्पतालमा हिँड्नुस् ।"

त्यो भाइसँग ट्याक्सीमा बसेर अस्पतालमा आउन थालेँ । आउने वेलामा सुबोधले भन्नुभयो, " मलाई साह्रै पेट दुखेको छ । चन्द्रमालाई धेरै चोट लागेको रहेनछ । सँगै ल्याऊ ।" वास्तवमा सुबोध मसँगै जानुपर्थ्यो ।

अस्पतालमा बिछ्यौनामा छोरीलाई देख्दा भक्कानो फुटेर आयो । छोरीलाई च्यापेर रुन थालेँ । दाहिने हात भाँच्चिएर प्लास्टर लगाइसकेको थियो । अरू खास चोट नभएकाले छोरीलाई त्यही दिन घरमा ल्याएँ ।

सुबोध पलङमै सुतिराख्नुभएको थियो । रिस उम्लँदा उम्लँदा मुखभरि आइसकेको थियो । यस्तो लाग्यो, धरतीभित्रबाट ज्वालामुखी फुटेर लाभा निस्कँदैछ । एउटा मृतविश्वास, आस्था र रिसको ज्वाला फ्याँकेँ सुबोधमाथि । उहाँको मुखै हेर्न मन लागेन जुन मुखलाई कति लोभी भएर हेर्ने गर्थें । यो मेरो पहिलो रिस थियो उहाँमाथि । घृणैघृणाको पर्खाल उभिदियो अगाडि । सद्भावनाको पुल भत्किदियो । सोँचे, मेरी छोरी हराउँदा पनि सुबोधलाई चित्त दुखेन, अझ योभन्दा बढ्ता एक्सिडेन्ट भयो भन्ने सुन्दा पनि उहाँले पेट दुखेको बहाना गर्नुभयो । अस्पतालसम्म जानुभएन । आफ्नो रगतमाथि श्रद्धा, माया र करुणाको बदला घृणा राख्ने सुबोधसँग मैले किन सम्बन्ध राख्ने ? सम्बन्ध राख्नु पनि अब अपराध सम्झन थालेँ किनभने मेरा छोराछोरी मेरा लागि चन्द्र र सूर्य हुन् । सुबोधलाई जसरी मैले माया गरेँ, जुन विश्वास र आस्था राखेँ तर कहिले पनि मेरा छोराछोरीलाई मायाले बोलाउनुभएको सुनिनँ । छोराछोरीमाथि उहाँको ईर्ष्या थियो, जलन थियो । कत्रो दुर्भाग्य थियो मेरा लागि, मेरा छोराछोरीका लागि सुबोधसँग सम्बन्ध राख्नु मेरो आफ्नै स्वार्थ नभई छोराछोरीको स्वार्थ पनि गाँसिएको थियो ।

क्रोध मभित्र बढ्दै गयो । सुबोधको उपस्थिति अब मेरो लागि असन्तोषको रूप बन्यो । छोरीको दुर्घटनापछि मेरो मौनता व्याप्त हुँदै थियो । मेरा उल्लास र उमङ्ग हराउँदै थियो । अब कुनै पनि कुरा मनमा नराखेर व्यक्त गर्ने बाटो खोज्दै थिएँ ।

एक दिन सुबोधले मरो हात समात्दै भन्नुभयो, "ममता ! मलाई थाहा छ तिमी निकै परिवर्तन भइरहेछ्यौँ । यसको कारण के हो ?" मेरो अन्तरआत्माको असन्तोषको कोचिएको पोको पोख्ने ठिक ठाउँ थियो यो । मेरो वेदनाले पाकेको घाउ फुटिसकेको थियो । सत्य र न्यायका लागि कठिन जीवन सुरु भए पनि केही छैन । सुबोध मेरो जीवनरुखमा जोडिएको मसिनो हाँगा हो भने छोराछोरी मेरो जीवनरुखका जरा, हाँगाबिँगा, फल सबै हुन् । छोराछोरीलाई लत्याएर सुबोधलाई सकारूँ यो

मेरो जीवनको भयङ्कर भुल र अपराध हुने छ । त्यो भुल र अपराधलाई कसैले क्षमा गर्ने छैन । सुबोधलाई लत्याएर छोराछोरीलाई च्याँपूँ यो मेरो त्याग र धर्म हुने छ । स्वार्थ हुने छैन ।

"किन जबाफ नदिएकी हँ ?" सुबोधको प्रश्नले झस्कैं र भन्ने आँट गरेँ । "आज म तपाईंसँग अन्तिम फैसला गर्दै छु जुन फैसलाले तपाईंलाई चोट पर्ला र मलाई पनि पर्न सक्छ । मैले आफ्ना छोराछोरीका लागि यो कुरा गर्दै छु जुन कुरा गर्छु भन्ने सपनामा पनि सोचेकी थिइनँ न त तपाईंले नै सोच्नुभएको थियो । अब मनमा गुम्स्याएर राख्नु उचित छैन । जुन विश्वास र आस्था लिएर तपाईंको सहारा खोजेँ त्यो सबै मृगतृष्णा रहेछ । अहिले थाहा पाएँ म कुवामा सडिरहेछु । गल्लीमा फ्याँकिइरहेछु । मेरा कमजोरीका पर्खालले मेरा शब्दलाई थिचिदिएका थिए । आज ती सबै पर्खाललाई भताभुङ्ग पारिदिएँ । बहानाको जिन्दगी लिएर बाँच्न चाहन्नँ । तपाईंको चित्त नदुखाउन धेरै यत्न गरेँ तर तपाईंले मेरो चित्त दुखाउन छोड्नुभएन । मेरा छोराछोरीप्रति तपाईंको व्यवहार कति रुखो थियो, कति उपेक्षापूर्ण थियो जसलाई सहन मलाई साह्रै गारो भयो । तपाईंप्रतिको मेरो विश्वास पतझरको पहेँलो पत्ता झैँ मेरो जीवनबाट झरिसकेको छ । हुन त एउटा सानदार र प्रेमपूर्ण जीवन तपाईंसँग बिताउन निकै कोसिस गरेँ तर सबै तासको महल झैँ ढलिदियो । यो न सम्झनुस् कि सम्पूर्ण रूपमा मैले तपाईंलाई नै दोष दिँदैछु । तपाईंलाई यस्तो वातावरण तयार पारिदिने हाम्रो समाजका खराब रीतिरिवाज पनि दोषी छन् । हुन त तिनीहरूलाई हामी बदल्न सक्थ्यौँ हामीले राम्रो कोसिस गरेको भए तर तपाईंले मलाई सघाउनुभएन । तपाईंको हस्तक्षेप र अधिकारभित्र बाँच्न चाहन्नँ । दुइटा छोराछोरीलाई आफ्नो जीवन आधार मानेर बाँच्ने छु । मेरा छोराछोरीको माया नै ठुलो हो र सम्पूर्ण छ । मलाई कसैको सहारा अब जरुरत छैन । मलाई छोडिदिनुस् । मलाई मुक्ति दिनुस् ।" भावावेशमा अविरल आँसु खसाल्दै मैले सबै कुरा पोखेँ ।

'त्यसो भए हाम्रो नाटकीय जीवन तिमीले खतम गर्दै छौ, होइन !" रिसले आँखा रातो पार्दै सुबोधले भन्नुभयो ।

"आखिर जीवन नै नाटक हो । संसार नै रङ्गमञ्च हो ।"

"म तिम्रो जीवन बरबाद गरिदिन्छु । बदनाम गरिदिन्छु ।" आक्रोशपूर्ण धम्कीको स्वर थियो ।

"मलाई कुनै पर्वाह छैन । सबै कुरा सहने छु ।" शान्तभावले जबाफ दिएँ ।

सुबोध एक्कासि जुरुक्क उठ्नुभयो । मलाई गढेर आँखा तर्नुभयो तीर जस्तै बनाएर । सुइँसुइँती जानुभयो । केही बोल्नुभएन । राती भइसकेको थियो । मुटुको स्पन्दन शान्त भयो । विजयोल्लासको वातावरण चारैतर्फ फैलियो । छोराछोरी पलङमा सुतिसकेका थिए । यस्तो अनुभव गरेँ कि एउटा कालो पोलिने असत्यमाथि सत्यको चिसो पानी खन्याए जस्तो लाग्यो । धेरै समयदेखि पाकेको पिलो घाउ फुटेर सन्चो भए जस्तै ठानेँ । घाँटीमा बसौँ झुन्डिएको ढुङ्गा खसेर हलुङ्गो भएको सम्झेँ । सुबोध अब कहिल्यै पनि मेरो घरमा नआइदेओस् ।

दुइटा छोराछोरीलाई च्यापेर सुतेँ । मनमा उल्लासपूर्ण उत्साह फैलिँदै थियो । निद्रामै छोरो बरबराएको सुनेँ, "आमा ! आमा ! ! सुबोध अङ्कल मन पर्दैन ।"

"छोरा ! अब कहिल्यै आउने छैन । सुबोध अङ्कल ।" सुतिरहेको छोराको गाला मुसार्दै भनेँ अनि सुत्न खोजेँ ।

## शब्दभण्डार

१. **दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :**

| **शब्द** | **अर्थ** |
|---|---|
| सर्वस्व | जलभ्रम |
| अप्रत्याशित | सङ्कुचित |
| ग्लानि | आडम्बर |
| नैराश्य | पछुतो |
| सङ्कीर्ण | नैतिक |
| मृगतृष्णा | सारा सम्पत्ति |
| | आकस्मिक |
| | निराशा |

२. **दिइएका अर्थ दिने शब्द पाठबाट खोज्नुहोस् :**

(क) धाक र तडकभडकले पूर्ण

(ख) गतिहीन

(ग) जितको आनन्द

(घ) रातो र निलो मिसिएको वा भन्टा रङको

(ङ) पग्लेको चट्टान, जमिनभित्रको अग्नि क्रियाशील भई राँकोसहित धुवाँ, तातो खरानी, पग्लेका धातु आदि ओकल्ने स्थल

३. **पाठमा प्रयुक्त पाँचओटा अनुकरणात्मक शब्द टिप्नुहोस् र तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् ।**

४. **दिइएका टुक्काको प्रयोग गरी एक अनुच्छेद लेख्नुहोस् :**

कम्मर कस्नु, मन फुकाउनु, नाक राख्नु, डाँडो काट्नु, नाक काट्नु, देश पस्नु, कुरा काट्नु

## बोध र अभिव्यक्ति

१. **'मातृत्व' कथा पढी यसका आदि, मध्य र अन्त्यका मुख्य मुख्य घटना भन्नुहोस् ।**

२. **कथा पढी दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) ममता झ्यालमा बसेर कसको प्रतीक्षा गर्दै थिइन् ?

(ख) ममता र सुबोध नजिकिनुको कारण के हो ?

(ग) ममताको कुन बानी सुबोधलाई मन परेको थिएन ?

(घ) सुबोधको कुन बानी ममतालाई मन परेको थिएन ?

३. **'मातृत्व' कथा पढ्नुहोस् र दिइएका घटनालाई क्रम मिलाई लेख्नुहोस् :**

(क) सुबोध र ममताले एकअर्कालाई मन पराउन थाल्नु

(ख) हवाईजहाज दुर्घटनाबाट पति गुमाएकी ममताले आफ्ना दुई छोराछोरीका साथ एकल जीवन बिताउनु

(ग) पतिको साथी सुबोधले ममतालाई सान्त्वना दिनु

(घ) एउटा शनिबार सदा झैँ ममताले झ्यालमा बसेर सुबोधको प्रतीक्षा गर्नु

(ङ) सुबोधले छोराछोरीप्रति गर्ने व्यवहारका कारण ममता आहत बन्नु

(च) छोराले सुबोध दिनदिनै आएको नरुचाएपछि ममताले सुबोधले सबैलाई माया गर्ने गरेको बताउनु

(छ) सुरुका दिनमा ममता र सुबोध दुबै एकअर्काको इच्छाअनुरूप चल्नु

(ज) ममतालाई मातृत्वबोधले सताउनु

(झ) सुबोधसँग रहँदा सुन्दर र सुखी परिवार नहुने सोचेर सुबोधलाई परित्याग गर्नु

(ञ) ममतालाई आफ्नी बनाएर सुबोधले छोराछोरीलाई गाली गर्ने र हप्काउने गर्नु

४. **दिइएको कथांश पढी सोधिएका प्रश्नको उत्तर भन्नुहोस् :**

सुबोध मकहाँ बराबर आउनुहुन्थ्यो । आश्वासन दिनुहुन्थ्यो । माया दर्साउनुहुन्थ्यो तर पनि मैले अत्यन्त शून्यता र रिक्तता अनुभव गर्थें । लोग्नेको अभाव महसुस गर्थें । त्यो सिङ्गै घर मलाई सुरुङ जस्तै लाग्थ्यो । जिन्दगीमा धेरै कुरा हराए जस्तै थिए । यसरी मैले आफू र छोराछोरीलाई साह्रै असुरक्षित अवस्थामा पाएँ । मैले सुरक्षा चाहन्थेँ । टेक्ने हाँगाको खोजीमा थिएँ म । मायाको निर्मल आकाश चाहन्थेँ म । लाग्थ्यो, संसारमा एउटा कोही त माया गर्ने

पुरुष चाहिन्छ, जुन माया शारीरिकभन्दा मानसिक रूपमा ज्यादा होस् । यसैको चाहनाले च्यापेर अनायास म सुबोधलाई बढी माया र सम्मान गर्न थालेथेँ । उहाँ नै हुनुहुन्थ्यो मेरो दुःख र सुखमा साथ दिनुहुने र मकहाँ बराबर सहानुभूति देखाउन आउनुहुने ।

**प्रश्नहरू**

(क) ममता किन जीवनसाथीको खोजीमा थिइन् ?

(ख) ममताले कस्तो प्रेम चाहेकी थिइन् ?

५. **दिइएको कथांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

सुबोध एक्कासि जुरुक्क उठ्नुभयो । मलाई गढेर आँखा तर्नुभयो तीर जस्तै बनाएर । सुइँसुइँती जानुभयो । केही बोल्नुभएन । राती भइसकेको थियो । मुटुको स्पन्दन शान्त भयो । विजयोल्लासको वातावरण चारैतर्फ फैलियो । छोराछोरी पलङमा सुतिसकेका थिए । यस्तो अनुभव गरेँ कि एउटा कालो पोलिने असत्यमाथि सत्यको चिसो पानी खन्याए जस्तो लाग्यो । धेरै समयदेखि पाकेको पिलो घाउ फुटेर सन्चो भए जस्तै ठानेँ । घाँटीमा बसौँ झुन्डिएको ढुङ्गा खसेर हलुङ्गो भएको सम्झेँ । सुबोध अब कहिल्यै पनि मेरो घरमा नआइदेओस् ।

**प्रश्नहरू**

(क) ममताको मन किन हलुङ्गो भयो ?

(ख) ममता र सुबोधका बिच मनमुटाउ हुनुको कारण के हो ?

६. **व्याख्या गर्नुहोस् :**

(क) नीरस जिन्दगीलाई रसाउन मायाको सङ्लो नदी चाहिन्छ । छहारीदार ओत चाहिन्छ । जिन्दगी हाँसो रोदन, दुःख पीडा, कथा व्यथाले भरिएको सामूहिक भेल हो । आपत्, सुख र दुःख सबैलाई पर्छ ।

(ख) मेरा छोराछोरी मेरा लागि चन्द्र र सूर्य हुन् ।

७. **ममताले सुबोधलाई परित्याग गरेर छोराछोरीसँग नै सम्पूर्ण जीवन बिताउने भनी गरेको निर्णय तपाईंलाई कस्तो लाग्यो, कथाका आधारमा विश्लेषण गर्नुहोस् ।**

८. **समीक्षात्मक उत्तर लेख्नुहोस् :**

(क) 'जननी स्वर्गभन्दा पनि महान् हुन्छिन्' यस भनाइलाई 'मातृत्व' कथाका आधारमा पुष्टि गर्नुहोस् ।

(ख) ममतामा मानसिक द्वन्द्व आउनुका कारण के के हुन् ?

**९. कथा लेखनको खास उद्देश्य हुन्छ । उद्देश्य कथाको महत्त्वपूर्ण तत्त्व हो । कथामार्फत जीवन जगत्का कुनै न कुनै यथार्थलाई देखाइएको हुन्छ, कुनै न कुनै सन्देश हुन्छ । तलको कथांश पढ्नुहोस् र त्यसमा कस्तो यथार्थको चित्रण गर्ने उद्देश्य राखिएको छ, लेख्नुहोस् :**

पहिलो दिनको कार्यक्रम थियो, ब्ल्याक आउट । डेराबाट पाँच बजे बाहिर निस्कैं । कार्यालयबाट भोको भएको पेट ... टन्न खाजा खुवाएपछि मस्त जोसले ब्ल्याक आउट गर्ने कार्यक्रममा फटाफट गएँ । मेरो क्षेत्र काठमाडौंको महत्त्वपूर्ण सहरको केन्द्रमा परेको थियो । बेलुकाको सात बज्न थाल्यो । सहरका बत्ती निभाउने विरोध कार्यक्रममा पार्टीले निर्णय गरेबमोजिम प्रारम्भ भयो । 'बत्ती निभा' भन्दै सिटी बजाउन थाल्यौँ । सबैले घर, होटलमा बत्ती निभाउन थाले । नटेरेकालाई झ्यालमा ढुङ्गा बर्साउन थाल्यौँ । मैले धेरैका घरका झ्याल फुटाएँ । हेर्दाहेर्दै सहर अन्धकारमय भयो । हडताल अवधिभर कसैले बत्ती बाल्न सकेनन् । कार्यक्रम सफल भयो । राती घरमा आइपुगैँ । घरको सारा झ्याल फुटेर जताततै छरिएको थियो । मेरो घरको सिसा फुटेका कारण मलाई रिसको रन्को चल्यो । पाँचओटा झ्यालका सिसा फेर्न दश हजार रुपियाँले नपुग्ने भयो । दश हजार रुपियाँ जम्मा गर्नु भनेको महिनाको पाँच हजार रुपियाँ तलब खानेलाई एक वर्ष बचाउन लाग्छ । मैले टाउकामा हात राखैँ ।

*विष्णु राई*

**१०. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

आयुर्वेद पूर्वीय प्राचीन चिकित्सा पद्धति हो । 'आयुर्वेद' शब्दको अर्थ 'आयुको ज्ञान' भन्ने हुन्छ । यसलाई आयुर्विज्ञान पनि भनिन्छ । आयुको ज्ञान भन्नाले जीवनमा पूर्ण आयु जिउने विषय र कलाको ज्ञान हो । पूर्ण आयु जिउन स्वास्थ्य पहिलो आवश्यकता हो । स्वस्थ व्यक्ति नै पूर्णायुको जीवन जिउँछ भन्ने आयुर्वेदको मान्यता हो । यसैले आयुर्वेदमा जीवन स्वस्थ राख्ने उपायका बारेमा विस्तृत रूपमा चर्चा गरिएको छ । जीवन स्वस्थ राख्नु भनेको सकरभर शरीरमा रोगको प्रवेश हुन नदिनु हो र कदाचित् रोगको प्रवेश भइहाले पनि उपचारका माध्यमबाट शरीरबाट त्यसको निष्कासन गर्नु हो । आयुर्वेदमा रोगको उपचारका लागि कायचिकित्सा, शल्य तन्त्र, शालाक्य तन्त्र, भूतविद्या, कौमारभृत्य, अगद तन्त्र, रसायन तन्त्र र बाजीकरण तन्त्र गरी आठ अङ्ग रहेका छन् । यीमध्ये कायचिकित्सामा शारीरिक रोग, शल्य तन्त्रमा चिरफार गर्नुपर्ने रोग, शालाक्य तन्त्रमा नाक, कान, घाँटी वा अन्य कुनै कारण भएको टाउकाको रोग, भूतविद्यामा भूत, ग्रह वा मानसिक कमजोरीका कारण लागेको मानसिक रोगको उपचारको पद्धति प्रस्तुत गरिएको छ । यस्तै कौमारभृत्यमा गर्भवती स्त्रीलाई लाग्ने रोग र बालरोग, अगद तन्त्रमा शरीरमा विषालु पदार्थको प्रवेशका कारण उत्पन्न भएको रोग, रसायन तन्त्रमा वृद्धावस्थामा हुने रोग, बाजीकरण तन्त्रमा शरीरमा

धातुको कमीका कारण हुने रोगको उपचारको पद्धति समाविष्ट छ । आयुर्वेदका अनुसार मुख्य रूपमा शरीरमा वात, पित्त र कफ यी त्रिदोषको असन्तुलनका कारण रोगको प्रवेश हुन्छ । यी तीन दोषबाट बच्ने मुख्य उपाय भनेको उचित आहार र उपयुक्त जीवनशैली नै हो । उपयुक्त आहार र जीवनशैलीबाट शरीरमा रोगसँग लड्ने ओज वा जीवनी शक्ति सशक्त रूपमा क्रियाशील बन्छ । जीवनी शक्तिको सशक्तता हुँदा शरीरमा रोगले प्रवेश नै गर्न पाउँदैन, कदाचित् प्रवेश गरिहाले पनि त्यो प्रभावहीन हुन्छ । प्रभावहीन त्यस रोगलाई पनि स्थानीय जडीबुटी र खनिजको उपयोग गरी शरीरबाट सहजै निष्कासन गर्न सकिन्छ । यसैले उचित आहार, उपयुक्त जीवनशैली र उपलब्ध स्थानीय जडीबुटीको सेवनबाट स्वस्थ रहेर पूर्णायुको जीवन जिउन सकिन्छ भन्ने कुराको मार्गनिर्देशन गर्ने चिकित्सा पद्धति नै आयुर्वेद हो ।

**प्रश्नहरू**

(क) आयुर्वेदका आठ अङ्ग के के हुन् ?

(ख) कायचिकित्सा र शल्य तन्त्रमा  कुन कुन रोगको उपचार पद्धति प्रस्तुत गरिएको छ ?

(ग) शरीरमा रोगको प्रवेश हुनुको कारण के हो ?

(घ) आयुर्वेदले जीवनमा पूर्णायु जिउन के गर्नुपर्ने सुझाव दिएको छ ?

११. **आफू सहभागी भएको कुनै शैक्षिक भ्रमणका सबै विषयवस्तु समेटी एउटा प्रतिवेदन लेख्नुहोस् ।**

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ ८ सुन्नुहोस् र दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) लेखकले साँझको समय कसरी बिताएकी छन् ?

(अ)  गीत सुन्दै चिया खाएर        (आ) गोरखापत्र पढेर र केही झ्याउरे सुनेर

(इ) साथीसँग गफ गर्दै हिँडेर        (आ) तात्तातो जेरीस्वारी खाएर

(ख)   लेखक साँझपख कुन सहरको कुन ठाउँमा थिइन् ?

(आ) काठमाडौँको डिल्लीबजार      (आ) ललितपुरको सातदोबाटो

(इ) भक्तपुरको सूर्यविनायक        (ई) काठमाडौँको नयाँ सडक

(ग) लेखक घर फर्कंदा कस्तो पानी परेको थियो ?

(आ) सिमसिमे पानी (आ) मुसलधारे पानी

(इ) सासे पानी (ई) असिना पानी

२. **सुनाइ पाठ ८ मा लेखकको कस्तो जीवनदृष्टि प्रस्तुत भएको छ, आफ्नो प्रतिक्रिया व्यक्त गर्नुहोस् ।**

## भाषातत्त्व

१. **दिइएका अनुच्छेदबाट समस्त शब्द टिप्नुहोस् र तिनको विग्रह गर्नुहोस् :**

(क) सुबोध मेरो जीवनरुखमा जोडिएको मसिनो हाँगा हो भने छोराछोरी मेरो जीवनरुखका जरा, हाँगाबिँगा, फल सबै हुन् । छोराछोरीलाई लत्याएर सुबोधलाई सकारूँ यो मेरो जीवनको भयङ्कर भुल र अपराध हुने छ । त्यो भुल र अपराधलाई कसैले क्षमा गर्ने छैन । सुबोधलाई लत्याएर छोराछोरीलाई च्याँपूँ यो मेरो त्याग र धर्म हुने छ । स्वार्थ हुने छैन ।

(ख) यसपालिको तिहारमा श्रेयसी दाजुभाइलाई टीका लगाउन आफ्नो घर झापा गइन् । उनका चार जना दाजुभाइ र तीन जना दिदीबहिनी छन् । भाइटीका उनलाई मन पर्ने चाड हो । यसमा यमयमुना, काककुकुर, गाईगोरु, धनधान्यकी देवी लक्ष्मी र दाजुभाइ सबैको पूजा गरिने भएकाले यो चाड उनलाई असाध्यै मन पर्छ । श्रेयसीका दिदीबहिनी पनि भाइतिहारको बिहानै उठेर नुहाइधुवाइ गरेपछि दाजुभाइलाई उठाएर तयार हुन आग्रह गरे । भाइपूजाको साइत प्रारम्भ भयो । दहीअक्षता, जौँतिल, पञ्चामृत र फूलमालाले यमराजको पूजा गरे । सबै दिदीबहिनीले दाजुभाइलाई सगरमाथाको जस्तो गौरब, लम्बोदरको जस्तो सम्मान, पीताम्बरको जस्तो सुन्दरता अनि वायुपुत्रको जस्तो दीर्घायुको कामना गर्दै सप्तरङ्गी टीका लगाइदिए । पानबुट्टे साडीमा सजिएका दिदीबहिनीले आफ्ना दाजुभाइलाई जीवनका हरपरीक्षामा सफल बनेर प्रगतिशिखर चुम्न सफल भए भन्दै शुभकामना व्यक्त गरे । सुस्वास्थ्य र दीर्घायुको कामना व्यक्त गर्दै उनीहरूले दाजुभाइलाई सयपत्री र मखमलीका मालाले सजाए ।

२ **दिइएका अनुच्छेदबाट द्विरुक्त शब्द टिप्नुहोस् र तिनको निर्माण प्रक्रिया देखाउनुहोस् :**

(क) भान्सामा गएर अरू खानेकुरा बनाइदिने इच्छा थियो । म केही बोल्न सकिनँ । मुटु ढ्याङढ्याङ बज्न थाल्यो । अशान्तको प्रवाह बग्न थाल्यो । अत्यन्त कठिनाइसँग बच्चालाई पर्सबाट पैसा झिकेर "बाहिर खान जाऊ" भनेँ । लाग्यो, छोराछोरी मन

नपराई नपराई बाहिर खान गइरहेछन् । उनीहरूको अनुहारमा खिन्नता थियो । .... त्यो दिन कपाल दुखिरहेको थियो । जिउ भारी भइरहेथ्यो । मन चटक चटक भइरहेथ्यो । मलाई बोल्न मन लागेको थिएन ।

(ख) नेपाल प्राकृतिक सम्पदाले भरिपूर्ण देश हो । नेपाल र नेपालीको समृद्धिका लागि यहाँ पसिना बगाएर लहलह बाली झुलाउन सक्नुपर्छ । पर्यटनको विकास गरेर नेपालीका हातमा विदेशी मुद्रा छनछन बज्ने व्यवस्था मिलाउन सक्नुपर्छ । स्वदेशी डाडाकाँडामा पाइने अनमोल जडीबुटी बेचबिखन गरेर अर्थतन्त्र सबल पार्न सके न बेरोजगारी बढ्छ न त गरिबी नै बाँकी रहन्छ । यसका लागि सबैले आआफ्नो कर्तव्य निर्वाह गर्दै आपसआपसको झैझगडा त्यागी वेलावेलामा आइपर्ने आपत्विपत्सँग मिलेर सामना गर्नु जरुरी छ ।

३. **दिइएका द्विरुक्त शब्दको निर्माण प्रक्रिया देखाउनुहोस् :**

आआफ्नो, मरमसला, झैझगडा, खरखजाना, तात्तातो, गरगहना, किताबसिताब, ऐँचोपैँचो

४. **दिइएको अनुच्छेद शुद्ध गरी पुनर्लेखन गर्नुहोस् :**

नेपाल प्राकृतिक सौन्दर्यका दृष्टीले अन्यन्त मनोहर छ । यसैले नेपाल संसारमै पर्यटनका लागि आकर्सक गन्तव्यका रूपमा परिचित छ नेपाल प्राकृतिक सौन्दर्य, ऐतीहासिक, गौरब, सांष्कृतिक र पुरातात्विक सम्पदाले सम्पन्न देश भएकाले पर्यटनका लागि उत्कृस्ट गन्तव्यका रूपमा चिनिएको हो । नेपाल अत्यूच्च हिमाल, मनोरम ताल र सुन्दर सरोवरको अपुर्व सङ्गमस्थलका रूपमा रहेको छ । विवीध ठाउँबाट देखिने सुर्योदयका मनोरम दृश्यले पनि नेपाल सबैको आकर्षक केन्द्र बनेको छ ।

## सिर्जना र परियोजना कार्य

१. **दिइएका बुँदाका आधारमा छोटो कथा लेख्नुहोस् :**

(क) एक जना सिकारी सिकार खेल्न जङ्गलमा जानु

(ख) घना जङ्गलमा पुगेपछि उसलाई ज्यादै तिर्खा लाग्नु

(ग) पानीको स्रोत कतै नदेखेपछि ऊ एउटा ठुलो रुखको नजिकै बस्नु

(घ) रुखबाट चुहिरहेका पानीका थोपा देखेर प्रकृतिले नै पानी दिएको हुनुपर्छ भन्ने सोचेर खुसी हुनु

(ङ) उसले रुखको पात टिपेर त्यसबाट दुनो बनाएर पानी खसिरहेको ठाउँमा थाप्नु

(च) थोपाथोपा गर्दै चुहिएको पानीले दुनो भरिएपछि पानी पिउन भनेर अघि सर्नु

(छ) दुनो उचालेर पानी पिउन थाल्दा एउटा चरो आएर हातबाट दुनो खसालिदिनु

(ज) फेरि पनि उसले थाप्नु र पानी भरिन लाग्दा चराले त्यसै गरी झारिदिनु

(झ) तेस्रो पटक पनि झम्टिने प्रयास गर्दा सिकारीको लौराको प्रहारबाट चराको मृत्यु हुनु

(ञ) चरा मरिसकेपछि यस पन्छीले ज्यान बाजी लगाएर झम्टिन आउनुको कारण खोज्न थाल्नु

(ट) रुखबाट पानी कसरी खस्यो भन्ने बुझ्न ऊ रुखमा चढ्नु

(ठ) रुखको टोड्कामा एउटा सर्प देखेर खसेका थोपा पानी नभई सर्पको विष भएको निश्चय गर्नु

(ड) एउटा सामान्य चराले अरूको ज्यान बचाउन धेरै प्रयास गरेको थाहा पाउनु

(ढ) परोपकारी चरो मारेकामा उसलाई निकै पछुतो भई रातभरि निद्रा नलाग्नु

(ण) मानिस भएर आफूले जिन्दगीभरि गरेका हत्याहिंसा सम्झेर विक्षिप्त बन्नु

(त) भोलिपल्ट बिहानै अघिल्लो दिन घटना घटेको ठाउँमा गएर चरालाई सम्झँदै सिकारीले अबदेखि कुनै पनि प्राणीको हत्याहिँसा नगर्ने प्रतिज्ञा गर्नु

२. **मानिसका जीवनमा विभिन्न समस्या हुन्छन् । समस्या आइपर्दा मान्छेले निराशाको अनुभव गर्छ । निराशाको मात्रा बढिरहँदा ऊ विक्षिप्त भई समाजबाट पलायनसमेत हुन सक्छ । यसैले मानिसमा समस्या नआउन् भनेर चेतना जागरणका लागि तपाईं के गर्न सक्नुहुन्छ ? तपाईंले गर्ने कार्यलाई तीनचार बुँदामा टिप्नुहोस् र कक्षामा सुनाउनुहोस् । सबैले तयार पारेका बुँदा जम्मा पारेर 'मानसिक समस्या र तिनको समाधानका उपाय' शीर्षकको लेख बनाई कुनै स्थानीय पत्रिकामा छाप्न दिनुहोस् वा विद्यालयको सूचना पाटीमा टाँस्नुहोस् ।**

पाठ ९

# गोर्खे

*बखतबहादुर थापा*



पेशल कम्प्युटर प्रविधिज्ञ हो । उसलाई केही गरेर देखाऊँ भन्ने लाग्यो । त्यसका निम्ति सानै कुराबाट सुरु गर्न खोजेकाले उसको रोजाइमा एन्टिभाइरस पऱ्यो । भाइरस भनेको सानो प्रोग्राम हो तर यसले कम्प्युटर प्रयोगकर्तालाई सबैभन्दा बढी दुःख दिन्छ । पेशलले गोर्खे नामक एन्टिभाइरस बनायो ।

एक दिन सतपाल आएर भन्यो, "पेशल भाइ ! मेरो कम्प्युटरले साह्रै दुःख दियो । लौ न, गएर बनाइदिनुपऱ्यो ।"

पेशलले सिडी, पेन ड्राइभ, स्क्रु ड्राइभर, धुलो पुछ्ने ब्रस, पुछपाछ पार्नलाई कपडा राखेर झोला बोक्यो ।

सतपालले मोटरसाइकल स्टार्ट गऱ्यो । पेशल पछाडि बस्यो । गुटुटुटु..., आधा घण्टा दौडेपछि मोटरसाइकल एउटा घरका अगाडि थामियो ।

त्यसबाट झरेपछि सतपालले पेशललाई 'आउनुस्' भन्ने सङ्केत गरेर आफू अगाडि लाग्यो । ती कम्प्युटर भएको कोठामा पुगे । कम्प्युटरका अगाडि घुम्ने कुर्सी थियो । पेशललाई त्यसैमा बस्ने सङ्केत गरेर सतपालले कम्प्युटर देखायो । आफू अर्को कुर्सी ल्याएर छेवैमा बस्यो ।

पेशलले कम्प्युटर चलाएर चेकजाँच गऱ्यो । भाइरसले ग्रस्त भएको रहेछ । पेशलले आफैँले बनाएको एन्टिभाइरस गोर्खेको सिडी निकालेर इन्स्टल गऱ्यो । इन्स्टल हुन पाँच मिनेट लाग्यो । त्यसपछि स्क्यान सुरु गऱ्यो । एउटा डाइलग बक्स खुल्यो । टाउकामा सिङ भएको, आङमा रुखका बोक्रा लगाएको, दाह्रा कटकटाइरहेको, महाविकराल अनुहारको मान्छे आयो । उसले काँधमा एउटा झोला पनि बोकेको थियो । त्यो देखेर सतपालले पेशलतिर हेऱ्यो, फेरि कम्प्युटरतिर । आफूले कहिले नदेखेको अनोठौ देह र विचित्र भावभङ्गी भएको विलक्षण मान्छे कम्प्युटरमा क्रीडामग्न भएको देखेपछि त सतपाल खित्का छोडेर हाँस्न पो लाग्यो । हाँसो रोकिनेबित्तिकै उसले "सोनम" भनेर डाको लगायो । उत्तिखेरै एउटी महिला निस्किन् ।

“बस न, कम्प्युटर बनाएको हेर त ।” सतपालले भन्यो ।

पछाडि पलङ थियो, सोनम त्यसैमा बसिन् ।

चिकित्सकले अति सतर्क भएर कोरोना सङ्क्रमित रोगीको परीक्षण गरे झैँ एन्टिभाइरस गोर्खे पनि बडो होसियारीका साथ आफ्नो काम गर्दै थियो । उसले काँधको झोला निकालेर भुइँमा राख्यो । आफू पनि बस्यो र झोलाबाट एउटा पत्रिका निकाल्यो । अर्कोतिरबाट कम्प्युटर तान्यो र त्यसबाट हार्डडिस्क निकाल्यो । हार्डडिस्कका सबै फाइल पत्रिकामा खन्यायो । फेरि झोला खोलेर रक्सीको सिसी निकाल्यो र ठाडो घाँटी लगायो । दुई घुट्का घुट्काएपछि “ओओ...,” कराएर एक्कासि काम्न थाल्यो । कम्प्युटरमा फोर इन वन हुफर जोडिएको रहेछ । एन्टिभाइरस गोर्खेको स्वरले सोनम त तर्सिन् ।

पेशल हाँस्दै पछाडि फर्क्यो ।

पेशललाई देखेपछि सोनममाथि अर्को आश्चर्य थपिएछ । छक्क पर्दै भनिन्, “त्यो कम्प्युटरभित्र सिङ भएको यमराजको दूत पनि... !”

“हो, म नै हुँ ।” पेशलले नाक चेप्ग्रायो ।

अक्षता हेरे झैँ पत्रिकाका फाइल हेर्दै हार्डडिस्कमा राख्दै गर्न थाल्यो एन्टिभाइरस गोर्खे । आधाजति पुऱ्याएपछि राक्षस जस्तो घिन लाग्दो देखिने भाइरस भेट्यो । झोलाबाट खरानी निकाल्यो । मन्त्र फुकेर रेखा हाल्यो । त्यस भाइरसलाई उठाएर खरानीको घेराभित्र थेचाऱ्यो । फेरि स्क्यान गर्न थाल्यो । स्क्यानिङ गर्न थालेपछि केही भाइरस भागेर कुना कुनामा पस्दा रहेछन् । करिब एक लाख फाइल स्क्यान गरेपछि पाँच थरीका भाइरस भेट्यो । ती भाइरसले लगभग चार सय फाइलमा सङ्क्रमण गरेका थिए । थुप्रै फाइल मर्मत भए, मर्मत हुन नसकेकालाई एन्टिभाइरस गोर्खेले डिलिट गर्न सुझाव दियो । पेशलले ‘ओके’ लेखेका ठाउँमा माउसको चुच्चो लगेर थिच्यो । भाइरसले बिगारेका र मर्मत हुन नसकेका फाइल जति स्वात्तै उडायो । त्यसपछि सुरुमै समातेको भाइरसलाई खरानीको रेखाबाट बाहिर तान्यो र सोध्यो, “तँ को होस् । के गर्न आएको हँ ?”

“म ब्रोन्टक नामक भाइरस हुँ । डुब्लिकेट फोल्डर बनाएर तिनलाई अगाडि राखिदिने र सक्कली फोल्डरलाई लुकाइदिने काम हो मेरो । अत्यधिक मात्रामा डुब्लिकेट फाइल बनाएर ओभरलोड गर्छु र कम्प्युटरलाई कामै गर्न नसक्ने गरी थला पारिदिन्छु ।” हाहाहा..., ब्रोन्टक हाँस्यो ।

“तँलाई ब्रोन्टक !” एन्टिभाइरस गोर्खेले एक लात बजाएर लडाएपछि त्यसको छातीमा बसेर घाँटी थिची थिची माऱ्यो ।

अर्को भाइरसलाई समातेर खरानीको घेराबाट बाहिर निकाल्यो र सोध्यो, "तँ किन आएको ?"

दोस्रो नम्बर भाइरस केही बोलेन, उसले रातो, पहेँलो, कालो, खैरो रङले पोतिए जस्ता दाँत देखाउँदै झन् जिस्क्यायो एन्टिभाइरस गोर्खेलाई ।

"छ्या ! कस्तो घिनलाग्दो, यसले त टोकेरै पनि बिगार्छ होला फाइलहरू !" आँखा तर्दै कड्केर सोध्यो एन्टिभाइरस गोर्खेले, "बोल् न, तेरो काम के हो ?"

"ह्याङ," एन्टिभाइरस गोर्खेलाई काट्ला जस्तो दाँत देखाएर झाँक्रे कपाल हल्लाउँदै भाइरसले भन्यो, "मेरो नाम मेमोरी भाइरस हो । मेमोरीमै ढुकेर बस्छु म । त्यसको सम्पर्कमा आउने एक्सटेन्सन फाइलको रगत चुस्ने र तिनलाई हिँड्नै नसक्ने बनाइदिने काम हो मेरो !"

एन्टिभाइरस गोर्खे जुरुक्क उठ्यो । "ला, चुस अब रगत !" त्यसको मुखमा खुट्टो राखेर थिच्न खोज्दै थियो खुट्टै चपाइदियो भाइरसले । दुखाइले इन्तु न चिन्तु भयो एन्टिभाइरस गोर्खे । दाह्रा किटेर कुहिनाले भाइरसको टाउकै टाउकामा हिर्काएर मार्‍यो । त्यसपछि आफ्नो रक्ताम्मे खुट्टो समाएर आत्था ... आत्था गर्न थाल्यो । त्यो देखेर पेशलले "म कुनै सहयोग गर्न सक्छु ?" टाइप हान्यो । "धन्यवाद, तपाईं चिन्ता नगर्नुस् ।" सान्त्वना स्वरूप एन्टिभाइरस गोर्खेले हाँस्ने कोसिस गर्‍यो । ऊ दुखाइले रन्थनिएकै थियो । आफ्नो पीडालाई बिर्सेर उसले तेस्रो भाइरस निकाल्यो । तेस्रो भाइरस डराएको हुनुपर्छ, उसलाई केही सोध्नै परेन । फटाफट भन्न थाल्यो, "मेरो नाम अन्य भाइरस हो । टेम्पोररी फोल्डरमा गएर बस्छु । त्यहाँ भएका फाइलले खुलिरहेको प्रोग्राम चल्नमा मदत पुर्‍याइरहेका हुन्छन् । म पनि त्यही फोल्डरमा बसेर फाइललाई र्‍याम, सी.पी.यु., हार्डडिस्कमा दौडाइरहन्छु । यसले गर्दा चलिरहेको फाइल अचानक बन्द भइदिने, पेज तलमाथि हुने र कम्प्युटर अनावश्यक रूपमा व्यस्त भइराख्ने हुन्छ ।"

"भन्नाले तँ कुकर्मी होस् ! ला," एन्टिभाइरस गोर्खेले झोलाबाट एउटा केराउको दाना जत्रो गोली निकालेर भाइरसको हातमा राख्दै भन्यो, "खाइदे ।" अन्य भाइरसले मुखमा हालेको मात्र के थियो गोली विस्फोट भएर त्यसको नामोनिसान मेटाइदियो ।

चौथोलाई निकालेर सोध्दा उसले आफ्नो नाम "चोर" भन्यो । उसको जन्मदाताले कम्प्युटरका पासवर्ड, इमेल एड्रेस, क्रेडिट कार्ड नम्बर, खाता नम्बर जस्ता गोप्य डकुमेन्ट मेरो ठेगानामा पठाइदिनु भनेको रहेछ, दुरुपयोग गर्नलाई ।

घाइते एन्टिभाइरस गोर्खेले एउटा खुट्टो टेक्नै सकेको थिएन, खोच्याउँदै गएर जगल्ट्याउन खोज्दा चोर भाइरसले सद्दे खुट्टामा दाँत गाड्यो । अतालिएर लड्यो एन्टिभाइरस गोर्खे । लड्दा खरानीको घेरा भत्कियो । पाँचौं भाइरस खरानीको रेखाभित्र थियो, जङ्गिएर निस्क्यो ।

त्यसले एन्टिभाइरस गोर्खेको पेटमा बसेर काउकुती लगाउँदै भन्यो, "म को हुँ र किन आएको हुँ सोध् न ! कड्केर सोध् ?"

एन्टिभाइरस गोर्खे खुट्टाको पीडा र काउकुतीको हाँसोले छटपटिँदै घोप्टो पऱ्यो ।

"देखिस्, म... म नै हुँ बुट सेक्टर भाइरस ! कम्प्युटर अन हुनेबित्तिकै ऱ्याममा गएर बस्छु । विन्डोज रन गर्न थालेपछि कुनै फाइललाई उल्टो पारेर कम्प्युटरलाई अगाडि बढ्नुको साटो पछाडि फर्काइदिने (रि स्टार्ट) गर्छु ।"

चौथो भाइरसले खुट्टाबाट रगत चुस्न छोडेको थिएन ।

"गुहार गुहार ।" एन्टिभाइरस गोर्खे चिच्यायो ।

"म के सहयोग गरूँ ?" पेशलले हतार हतार टाइप हान्यो ।

"कृपया तुरुन्त अपडेट गर्नुस् !" एन्टिभाइरस गोर्खे अतालिएको थियो ।

भाइरसले रगत चुस्न छोडेको थिएन । एन्टिभाइरस गोर्खे सुकेको दाउरा जस्तो सेतो हुँदै गयो ।

सतपालले पनि हेरिरहेको थियो । हतार हतार ऱ्याक खोलेर सिडिएमए डिभाइस निकालेर पेशललाई दियो ।

पेशलले त्यसलाई यु.एस्.बी. पोर्टमा घुसाऱ्यो । इन्टरनेट कनेक्सन गऱ्यो र एन्टिभाइरस गोर्खेलाई अपडेटमा लगाइदियो ।

"सोनम ! हाम्रो इन्जिनियरसाबलाई केही खुवाऊ त ।"

सतपालको स्वर सुन्नासाथ महिला उठेर अर्को कोठामा गई । दुई गिलास लस्सी ल्याएर कम्प्युटर टेबुलमा राखी ।

सतपालले एउटा गिलास पेशललाई उठाउन सङ्केत गऱ्यो र अर्को आफूले उठायो । फेरि चिया बिस्कुटको पालो आएछ । ती चियाको गिलास र प्लेटको बिस्कुट खाली गर्न थाले । अपडेट हुँदै गर्दा एन्टिभाइरस गोर्खेको जिउमा रगत भरिन थाल्यो । त्यो देखेर ती चार र पाँच नम्बरका भाइरस टाप कसे ।

अपडेट पूरा भएपछि डङ्ग्रङ्ग लडेको एन्टिभाइरस गोर्खे जुरुक्क उठ्यो । आङ बटाऱ्यो । पाखुरा फुलाएर देखाउँदै भन्यो, "बुबा ! फेरि स्क्यान गर्नु त, म ती भाइरसलाई निमोठनामोठ बनाउँछु ।"

पेशलले स्क्यान चलायो ।

यस पटक स्क्यान पनि छिटै गर्‍यो र ती दुइटा भाइरसको गालामा चट्कनका चट्कन दिएर लडायो । खुट्टाले किचेरै मार्‍यो । त्यसपछि आफ्नो झोला काँधमा झुन्ड्यायो अनि 'गुड लक' भन्ने सङ्केतमा बुढी औँलो देखाउँदै हिँड्यो एन्टिभाइरस गोर्खे ।

पेशलले कम्प्युटर रिस्टार्ट गर्‍यो र चेकजाँच गर्‍यो । कम्प्युटर खररर काम गर्न थालेपछि सतपालका जिम्मा लगायो ।

## शब्दभण्डार

१. **दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :**

| **शब्द** | **अर्थ** |
|---|---|
| प्रविधिज्ञ | आश्वासन |
| भाइरस | मनका भाव व्यक्त गर्ने शारीरिक चेष्टा वा मुद्रा |
| नामोनिसान | कम्प्युटरको कार्यक्षमतालाई कमजोर पार्ने वा अवरुद्ध गर्ने प्रोग्राम, रोग सार्ने जीवाणु |
| सङ्क्रमण | मुखभित्र लामाछोटा भएर उम्रिएका र नमिलेका दाँत |
| अत्यधिक | अत्यन्त डरलाग्दो |
| सान्त्वना | रोग लागेको छ कि छैन भनी जाँच गर्ने काम |
| महाविकराल | रमाइलो |
| दाह्रा | सामान्यभन्दा भिन्न खालको, अचम्मको |
| भावभङ्गी | नाम र त्यसलाई जनाउने लक्षण वा चिह्न |
| परीक्षण | विज्ञान, कला, शिल्प, प्रयोग आदिसम्बन्धी ज्ञान भएको व्यक्ति |
| विलक्षण | एक वस्तुबाट अर्को वस्तुमा फैँजिनु |
| | भूगर्भविद् |
| | एकदमै धेरै |

२. **दिइएका अर्थ दिने शब्द पाठबाट खोज्नुहोस् :**

(क) मन बहलाउन वा समय काट्नका निम्ति कुनै पनि मनोरञ्जक काम कुरा वा खेलमा तल्लीन भएको

(ख) कुनै काम गर्दा अनुभव तथा प्रयोगका आधारमा अँगालिने खास विधि वा प्रक्रिया

(ग) कम्प्युटरमा कृत्रिम फोल्डर बनाउने र सक्कली फोल्डरलाई लुकाइदिने भाइरस

(घ) कम्प्युटर खुल्नेबित्तिकै र्‍याममा गएर बस्ने र विन्डोज खुल्न थालेपछि पछाडि फर्काइदिने भाइरस

(ङ) मेमोरीमा रहेका एक्सटेन्सन फाइललाई बिगार्ने भाइरस

३. **दिइएका टुक्काको अर्थ पहिल्याउनुहोस् र वाक्यमा प्रयोग गर्नुहोस् :**

इन्तु न चिन्तु हुनु, दाँत गाड्नु, टाप कस्नु, डङ्रङ्ग लड्नु, टाउको खानु, सुइँकुच्चा ठोक्नु, बाटो हेर्नु, काँध हाल्नु, तातो लाग्नु

४. **दिइएका उखानको प्रयोग गरी एक अनुच्छेद लेख्नुहोस् :**

ओरालो लागेको मृगलाई बाच्छाले पनि खेद्छ, आकाशको फल आँखा तरी मर, आलु खाएर पेडाको धाक, अकबरी सुनलाई कसी लगाउनु पर्दैन

## बोध र अभिव्यक्ति

१. **'गोर्खे' कथा पढी यसको पहिलो र अन्तिम अनुच्छेदका घटना भन्नुहोस् ।**

२. **'गोर्खे' कथा पढी दिइएका प्रश्नको उत्तर दिनुहोस् :**

(क) पेशल कसरी जीवन निर्वाह गर्छ ?

(ख) सतपालले पेशललाई किन आफ्नो घरमा आउन अनुरोध गरेको हो ?

(ग) पेशलले सतपालको कम्प्युटरलाई कसरी मर्मत गर्‍यो ?

(घ) कम्प्युटरको डाइलग बक्समा देखा परेको गोर्खे एन्टिभाइरस कस्तो पहिरनमा थियो ?

(ङ) ब्रोन्टक भाइरसले कम्प्युटरलाई कसरी बिगार्छ ?

३. **कम्प्युटरलाई सुरक्षित राख्न वा भाइरसमुक्त बनाउन त्यसमा एन्टिभाइरस इन्स्टल गर्नुपरे झैँ मानिसलाई भाइरसको सङ्क्रमण हुन नदिन र सङ्क्रमित भइसकेको अवस्थामा त्यसबाट मुक्त बनाउन के गर्नुपर्ला, छलफल गरी उत्तर दिनुहोस् ।**

४. **'गोर्खे' कथा पढी दिइएका घटनालाई क्रम मिलाई लेख्नुहोस् :**

(क) पेशल कम्प्युटर मर्मत गर्न सतपालको घर जानु

(ख) कम्प्युटर प्रविधिज्ञ पेशललाई केही नयाँ काम गरूँ भन्ने विचार मनमा आउनु

(ग) स्क्यान गरेर सबै भाइरसलाई हटाइसकेपछि 'गुड लक' भन्ने सङ्केतमा बुढीऔँला देखाउँदै एन्टिभाइरस बिदा हुनु

(घ) पेशलले गोर्खे नामक एन्टिभाइरस बनाउनु

(ङ) सतपालले पेशललाई कम्प्युटर बनाइदिन अनुरोध गर्नु

(च) सामान्य चेकजाँचपछि पेशलले कम्प्युटर भाइरसले ग्रस्त भएको बताउनु

(छ) बुट सेक्टर नामको भाइरसबाट पराजित हुन खोज्दा एन्टिभाइरसले प्रविधिज्ञलाई अपडेट गर्न अनुरोध गर्नु

(ज) एन्टिभाइरस गोर्खेले कम्प्युटर स्क्यान गर्दा पाँच थरीका भाइरस भेट्नु र भाइरस सङ्क्रमित केही फाइललाई मर्मत गर्नु

(झ) भाइरस सङ्क्रमणबाट मर्मत हुन नसकेका फाइल र फोल्डरलाई एन्टिभाइरस गोर्खेले प्रविधिज्ञलाई डिलिट गर्न सुझाव दिनु

(ञ) पेशलले आफैँले बनाएको एन्टिभाइरस गोर्खेको सिडी निकालेर कम्प्युटरमा इन्स्टल गर्नु

(ट) मर्मतपछि कम्प्युटरले सही किसिमले काम गर्न थाल्नु

(ठ) अपडेट पूरा भएपछि प्रविधिज्ञलाई कम्प्युटर स्क्यान गर्न अनुरोध गर्नु

(ड) पाँच मिनेटमा इन्स्टल भएको एन्टिभाइरस गोर्खेले आफ्नो काम गर्न थाल्नु

५. **दिइएको कथांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

अक्षता हेरे झैँ पत्रिकाका फाइल हेर्दै हार्डडिस्कमा राख्दै गर्न थाल्यो एन्टिभाइरस गोर्खे । आधाजति पुऱ्याएपछि राक्षस जस्तो घिन लाग्दो देखिने भाइरस भेट्यो । झोलाबाट खरानी निकाल्यो । मन्त्र फुकेर रेखा हाल्यो । त्यस भाइरसलाई उठाएर खरानीको घेराभित्र थेचाऱ्यो । फेरि स्क्यान गर्न थाल्यो । स्क्यानिङ गर्न थालेपछि केही भाइरस भागेर कुना कुनामा पस्दा रहेछन् । करिब एक लाख फाइल स्क्यान गरेपछि पाँच थरीका भाइरस भेट्यो । ती भाइरसले लगभग चार सय फाइलमा सङ्क्रमण गरेका थिए । थुप्रै फाइल मर्मत भए, मर्मत हुन नसकेकालाई एन्टिभाइरस गोर्खेले डिलिट गर्न सुझाव दियो । पेशलले 'ओके' लेखेका ठाउँमा माउसको चुच्चो लगेर थिच्यो । भाइरसले बिगारेका र मर्मत हुन नसकेका फाइल जति स्वात्तै उडायो ।

**प्रश्नहरू**

(क) 'भाइरसलाई उठाएर खरानीको घेराभित्र थेचाऱ्यो' भन्नुको तात्पर्य के हो ?

(ख) गोर्खेले कम्प्युटरलाई भाइरसमुक्त बनाउनका लागि गरेका क्रियाकलाप के के हुन् ?

६. **दिइएको कथांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

एन्टिभाइरस गोर्खे जुरुक्क उठ्यो । "ला, चुस अब रगत !" त्यसको मुखमा खुट्टो राखेर थिच्न खोज्दै थियो खुट्टै चपाइदियो भाइरसले । दुखाइले इन्तु न चिन्तु भयो एन्टिभाइरस गोर्खे । दाह्रा किटेर कुहिनाले भाइरसको टाउकै टाउकामा हिर्काएर मार्‍यो । त्यसपछि आफ्नो रक्ताम्मे खुट्टो समाएर आत्था ... आत्था गर्न थाल्यो । त्यो देखेर पेशलले "म कुनै सहयोग गर्न सक्छु ?" टाइप हान्यो । "धन्यवाद, तपाईँ चिन्ता नगर्नुस् ।" सान्त्वना स्वरूप एन्टिभाइरस गोर्खेले हाँस्ने कोसिस गर्‍यो । ऊ दुखाइले रन्थनिएकै थियो । आफ्नो पीडालाई बिर्सेर उसले तेस्रो भाइरस निकाल्यो । तेस्रो भाइरस डराएको हुनुपर्छ, उसलाई केही सोध्नै परेन । फटाफट भन्न थाल्यो, "मेरो नाम अन्य भाइरस हो । टेम्पोररी फोल्डरमा गएर बस्छु । त्यहाँ भएका फाइलले खुलिरहेको प्रोग्राम चल्नमा मदत पुर्‍याइरहेका हुन्छन् । म पनि त्यही फोल्डरमा बसेर फाइललाई र्‍याम, सी.पी.यु., हार्डडिस्कमा दौडाइरहन्छु । यसले गर्दा चलिरहेको फाइल अचानक बन्द भइदिने, पेज तलमाथि हुने र कम्प्युटर अनावश्यक रूपमा व्यस्त भइराख्ने हुन्छ ।"

**प्रश्नहरू**

(क) एन्टिभाइरस गोर्खे र भाइरसले एकअर्कामाथि विजय प्राप्त गर्न के के गरेका छन् ?

(ख) अन्य भाइरस नामको तेस्रो भाइरसले गर्ने गतिविधि र कम्प्युटरलाई पुर्‍याउने असर के के हुन् ?

७. **कथाकारले कम्प्युटर स्क्यानसम्बन्धी विषयवस्तुको प्रस्तुतिका लागि अवलम्बन गरेको कथाशैली तपाईँलाई कस्तो लाग्यो, कथात्मक सन्दर्भका आधारमा विश्लेषण गर्नुहोस् ।**

८. **कथामा पेशल र सतपालमध्ये कसको मुख्य भूमिका रहेको छ, तर्कसहित आफ्नो प्रतिक्रिया व्यक्त गर्नुहोस् ।**

९. **समीक्षात्मक उत्तर लेख्नुहोस् :**

(क) 'मानिस सिर्जनशील प्राणी हो ।' यस भनाइलाई कथाका आधारमा पुष्टि गर्नुहोस् :

(ख) कम्प्युटरलाई भाइरसमुक्त बनाउनका लागि प्रविधिज्ञ पेशल र एन्टिभाइरस गोर्खेले गरेका काम के के हुन् ?

१०. **दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

जीवनको एउटा तर महत्त्वपूर्ण अंशलाई समेट्ने विशिष्ट घटनाको सिलसिलेवार प्रस्तुति कथा हो । यिनै घटनाको कार्यकारण शृङ्खलालाई कथानक भनिन्छ । कथाको आकार र स्वरूप

तयार पार्ने कार्यमा कथानकले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने भएकाले यसलाई कथाको मुख्य तत्त्वका रूपमा लिने गरिन्छ । कथामा घटना अघि बढाउने वा कार्यव्यापार सम्पन्न गर्न पात्रको प्रयोग गरिएको हुन्छ । पात्र मानवीय र मानवेतर गरी दुवै किसिमका हुन्छन् । कथा भन्ने पात्रलाई समाख्याता भनिन्छ । समाख्याता कथाभित्रकै पात्र पनि हुन सक्छ र कथाबाहिरको पनि हुन सक्छ । कथाको पात्र आफैँले कथाको समाख्यान गरेको छ भने त्यसलाई प्रथम पुरुष दृष्टिबिन्दु भएको कथा र अन्य पात्रका माध्यमबाट कथाको समाख्यान गरिएको छ भने त्यसलाई तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको कथा भनिन्छ । प्रथम पुरुष दृष्टिबिन्दु भएका कथामा 'म', र 'हामी' जस्ता प्रथम पुरुषलाई बुझाउने पदको प्रयोग गरिएको हुन्छ भने तृतीय पुरुष दृष्टिबिन्दु भएका कथामा 'त्यो' ऊ, तिनीहरू आदि तेस्रो पुरुष बुझाउने पदको प्रयोग गरिएको हुन्छ । घटनाको समय, स्थान र त्यसबाट उत्पन्न हुने वातावरणलाई परिवेश भनिन्छ । कथाले भन्न खोजेको मूल कुरा सारवस्तु हो । यसैलाई सन्देश पनि भनिन्छ । यी सबैलाई प्रस्तुत गर्ने माध्यम चाहिँ भाषा हो । कथामा गद्य भाषाको प्रयोग हुन्छ । कथालाई प्रभावकारी रूपमा अघि बढाउन पात्रका बिचमा संवाद पनि हुन सक्छ । कथाको भाषालाई वर्णनात्मक, पत्रात्मक, संस्मरणात्मक, नाटकीय आदि शैलीमा प्रस्तुत गर्न सकिन्छ । यसैले कथानक, पात्र, परिवेश, दृष्टिबिन्दु, भाषाशैली र सारवस्तु यी सबै कथाका तत्त्व हुन् ।

**प्रश्नहरू**

(क) कथा भनेको के हो ?

(ख) कथामा कति किसिमका पात्र हुन्छन् ।

(ग) प्रथम पुरुष दृष्टिबिन्दु भएका कथामा कस्ता पदको प्रयोग गरिएको हुन्छ ?

(घ) कथाका तत्त्व के के हुन् ?

११. **दिइएको अनुच्छेद पढी चारओटा बुँदा टिप्नुहोस् र एक तृतीयांशमा सार लेख्नुहोस् :**

जीवनमा असफल हुन कोही पनि चाहन्नन् तर सफल हुनमा असफलतालाई पनि स्वीकार गर्न सक्नुपर्छ । खोला तर भन्न सजिलो छ तर खोला तरेर देखाउने काम श्रम र शक्तिसाध्य छ । असफल हुन्न भन्न सजिलो छ तर सफल हुन पनि निरन्तरको साधना र सुझबुझ चाहिन्छ । यसैले सफल हुन चाहने जोसुकैले असफलतासँग डराउनु चाहिँ हुँदैन । के गर्दा काम बन्छ के गर्दा बिग्रन्छ भन्ने सुझबुझको विकास पनि असफलतापछि नै हुन्छ । अठार पटक विश्वकै सर्वोत्कृष्ट लेखक बनेका सेठ गोडिनले सर्वोत्कृष्ट किताब निकाल्नु अघि दश वर्ष पुस्तक प्रकाशन गृहमा एक कर्मचारीका रूपमा काम गरेका थिए । यसपछि उनलाई किताब निकाल्ने धुन चढ्यो । हरेक महिना एउटा किताब निकाले । एउटा काम गरिरहेको

मान्छेले अर्को काममा हात हाल्दा असफल हुने सम्भावना प्रबल हुन्छ । यसैले होला, उनले प्रकाशन गरेका १२० किताबमध्ये धेरैले उत्कृष्ट हुनु त परै जाओस् राम्रो बजारसमेत पाउन सकेनन् । व्यापार नभएका कारण उनीसित कर तिर्ने पैसासमेत भएन । यस्तो अवस्थामा पनि उनले हिम्मत भने हारेनन् । प्रत्येक असफलताले उनलाई पाठकमाझ कस्तो किताब लाने भन्ने बारे सिकाउन धेरै मदत गर्‍यो । त्यसपछि निकालेका हरेक पुस्तक सर्वोत्कृष्ट हुँदै गए । सर्वोत्कृष्ट लेखकको स्थान दिएका उनका १८ ओटै पुस्तकको अहिले ३५ भन्दा बढी भाषामा अनुवाद भइसकेका छन् । यस्तै महान् वैज्ञानिक थोमस एल्भा एडिसन पनि विद्युतीय चिमको आविष्कारका क्रममा हजारौँ पटक असफल भएका थिए । "हजारौँ पटक असफल हुँदा पनि तपाईंले किन हार मान्नुभएन ?" भन्ने प्रश्नको उत्तरमा उनी भन्ने गर्थे, "म असफल भएको थिइनँ, केवल हजारौँ गलत बाटा चुनेको थिएँ ।" यसर्थ हरेक असफलता नै सफलताको प्रेरक पनि हो ।

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ ९ सुन्नुहोस् र ठिक उत्तर पहिल्याउनुहोस् :**

(क) मानिसहरू कहाँ जम्मा भएका थिए ?

(अ) सहरमा (आ) गाउँमा

(इ) विद्यालयमा (ई) मन्दिरमा

(ख) यन्त्र मानवले के भन्यो ?

(अ) एकछिन सभामा बोल्न पाऊँ हजुर

(आ) एकछिन आराम गर्न पाऊँ हजुर

(इ) लुगा लगाउनका लागि दुईचार रुपियाँ पाऊँ हजुर

(ई) खानका लागि दुईचार रुपियाँ पाऊँ हजुर

(ग) वृद्धवृद्धा किन यन्त्र मानवको चरण स्पर्श गरिरहेका थिए ?

(अ) धेरै सहयोग गर्न सक्ने ठानेर

(आ) अर्कै लोकबाट आएको व्यक्ति ठानेर

(इ) भगवान्को आधुनिक अवतार ठानेर

(ई) आफ्नो भावना बुझ्न सक्ने व्यक्ति ठानेर

२. **सुनाइ पाठ ९ सुन्नुहोस् र यन्त्रमानवको चारित्रिक विशेषताको वर्णन गर्नुहोस् ।**

## भाषातत्त्व

१. **दिइएको अनुच्छेदमा प्रयुक्त प्रत्येक कारकका एक एकओटा उदाहरण टिप्नुहोस् र ती कारकलाई सङ्केत गर्ने विभक्ति पनि टिप्नुहोस् :**

हरेक मानिस जीवनमा सुख र यश प्राप्त होस् भनेर विभिन्न कर्म गर्छ । सन्तमान नामका एक धनी व्यक्ति पनि आफूलाई सुख र यश प्राप्त होस् भनेर विभिन्न कर्म गर्थे । दान गर्नु चाहिँ उनको मुख्य कर्म थियो । बाँकी समय उनी अध्ययनमा बिताउँथे । आफूसित भएको अथाह धनसम्पत्ति गरिबगुरुवा र असक्तलाई दिएर उनले सामान्य जीवन बिताउन थालेका थिए । आफूसँग भएको धनसम्पत्ति दान गरेर सामान्य जीवन बिताउन थालेका उनलाई समाजका सबैले सम्मान गर्थे । यसरी सबैबाट सम्मान पाउँदा उनी निकै प्रसन्न थिए र यसबाट उनलाई यस्ता कर्म गर्न थप हौसला मिलेको थियो । उनको दिनचर्या उदाहरणीय र अनुसरणीय थियो । उनी बिहानै उठ्थे र नित्यकर्म गर्थे । उनी परिवारका अन्य सदस्यलाई पनि उठाउँथे । "बिहान सबेरै उठ्नु स्वास्थ्यका लागि धेरै राम्रो हो भन्दै उनी परिवारका सदस्यलाई चाँडै उठ्नुको फाइदा बताउँथे । बिहानको नित्यकर्म गरिसकेपछि उनी दराजबाट किताब निकाल्थे र पढिरहन्थे । पढ्दा घत लागेका विषयलाई उनी कापीमा टिप्ने गर्थे । उनी खाना प्रायः आफैँ पकाउँथे र पकाएको खानाबाट केही अंश छुट्याएर गरिबलाई दिन्थे र केही चाहिँ आफ्नै हातले चराचुरुङ्गीलाई खुवाउँथे अनि मात्रै आफू खान्थे । उनी कहिलेकाहीँ रुखबाट फलफूल टिप्थे र त्यसबाटै आफ्नो छाक टार्थे । दिउँसोको समयमा आफूले अध्ययन गरेर प्राप्त गरेको ज्ञान अरूलाई प्रदान गर्थे ।

२. **तल तालिकामा दिइएका वाक्यमा कारकका सरल र तिर्यक् रूप उदाहरणका रूपमा गाढा अक्षरमा दिइएका छन् । मूल पाठबाट कारकका सरल र तिर्यक् रूपका अन्य पाँच पाँचओटा उदाहरण टिप्नुहोस् :**

| कारकका सरल रूप | कारकका तिर्यक् रूप |
|---|---|
| सतपाल पेशलको **घर** गयो । | **सतपालले पेशललाई** बोलायो । |
| पेशलले **कम्प्युटर** चलायो । | **सोनमले पेशललाई** चिया दिइन् । |
| **गोर्खे** हाँसोले छटपटिँदै घोप्टो पऱ्यो । | **सतपालले पेशललाई** एउटा गिलास दियो । |
| **ऊ** अहिले मौन छ । | **उसले** अब के गर्ने भन्ने बारेमा सोच्न सकेको छैन । |
| **ऊ** केही बेरमा उठ्ने छ । | **त्यसले आफ्नो अवस्थाका** बारेमा बतायो । |
| हामी सबै **त्यो** दृश्य हेरिरहेका हुने छौँ । | पेशल **त्यस घरको भित्तामा झुन्ड्याइएका तस्बिरलाई** ध्यानपूर्वक नियाल्दै थियो । |
| **त्यो** आफ्नो अघि धेरै मान्छे उपस्थित भएको देखेर छक्क पर्ने छ । | |

४. **पाठको पहिलो अनुच्छेद पढी कर्ता, कर्म र सम्प्रदान कारक जनाउने पद टिप्नुहोस् ।**

५. **उपयुक्त विभक्तिको प्रयोग गरी खाली ठाउँ भर्नुहोस् :**

हर्कमान बिहान पाँच बजे उठ्यो । ऊ.... बहिनी.......पनि उठायो । ऊ...आफ्नै हात......चिया पकाएर बहिनी....दियो । बहिनी.... पनि दाइ.... पकाएको चिया मिठो मानेर खाई । हर्कमानले झोला.....किताब झिक्यो । ऊ आफू ...गृहकार्य गर्न थाल्यो । ऊ....बहिनी....पनि गृहकार्य गर्न भन्यो । ऊ... बहिनी...नआएको कुरा सिकाइदियो । बहिनी .... पनि दाइ....सिकाइदिएपछि आफू ...सबै गृहकार्य पूरा गरी । यसपछि भाइबहिनी दुवै जना भान्सा.....गए । उनीहरू... आमा..... काममा सघाए । उनीहरू....सघाएपछि आमा पनि धेरै खुसी हुनुभयो । आमाले दुवै जना.... थाल... खाना पस्किदिनुभयो । सुकुल....बसी दुवै जना ....मिठो मानेर खाना खाए । दुवै जना...झोलामा किताब र कापी राखे । आमा...अनुमति लिएर उनीहरू घर .... विद्यालय प्रस्थान गरे ।

६. **ले, लाई, बाट, द्वारा, देखि र मा विभक्तिको प्रयोग गरी आफ्ना आगामी योजनाका बारेमा वर्णन गर्नुहोस् ।**

७. **दिइएको अनुच्छेद शुद्ध गरी पुनर्लेखन गर्नुहोस् :**

समाज बिकासका क्रममा मानिसले प्रगति त गऱ्यो तर ऊ शान्त भएर वस्न सकेको चाहिँ छैन । समाजमा सामुहिक भावनाको साटो ब्यक्तिवादि सोच हावी भैरहेको छ । कवि लेखनाथले भने जस्तै ‘म खाउँ, मै लाउँ, सुखसयल वा मोज म गरु, म वाचुँ, मै नाँचु, अरू सव मरून् दुर्बलहरू भन्ने विचारले समाज ग्रस्त छ । यो मानवले लिने इच्छा होइन् । यस्तो नकारात्मक सोचलाई परीत्याग गरेर सकारात्मक सोचका साथ आफ्नो कर्तव्य पालन गर्ने हो भने मानिसको प्रगती हुनुको साथै उसले जीबनमा सुखशान्ति पनि प्राप्त गर्छ ।

## सिर्जना र परियोजना कार्य

१ **दिइएका कुनै दश पारिभाषिक शब्दको प्रयोग गरी एउटा आख्यानात्मक रचना तयार पार्नुहोस् :**

श्रव्यदृश्य, प्रसारण, दूरसञ्चार, प्रचारप्रसार, क्षेप्यास्त्र, जीवावशेष, ऊर्जा, आकाशगङ्गा, यौगिक, विकिरण, संवहन, रकेट, आणविक, जीवावशेष, समीकरण, वाष्पीभवन, मिश्रण, तापमान, रकेट, रोबोट, शल्यक्रिया, एक्स रे, जीवाणु, अम्ल, महामारी, रक्तचाप, मधुमेह

२. **मानवेतर पात्रको प्रयोग गरिएको एउटा कथा पुस्तकालयबाट खोजी गरी पढ्नुहोस् र उक्त कथाका आधारमा त्यस पात्रले गरेका कार्यको सूची बनाउनुहोस् ।**

पाठ १०

# नेपाली पहिचान



(सङ्गीता, सलिम, घनश्याम, बेखामान र सिम्मा सहपाठी हुन् । उनीहरू १२ कक्षामा पढ्छन् । फुर्सदको समयमा कुनै न कुनै विषयमा बहस, छलफल गर्ने उनीहरूको बानी छ । यस्ता छलफलमा पालैपालो कुनै एक जनाले विषयको उठान गर्ने र त्यसलाई निष्कर्षोन्मुख बनाउने कामको अगुवाइ गर्छन् । अरूले त्यस विषयमा आआफ्ना विचार र तर्क प्रस्तुत गर्छन् । उनीहरू आज कक्षा सुरु हुनुभन्दा आधा घण्टाअघि नै विद्यालयमा आइपुगेका छन् । त्यसैले विद्यालयअगाडिको खुला चउरमा दुबोमाथि बसेर उनीहरू कुराकानी गर्दै छन् । आजको कुराकानीमा विषयको उठान गर्ने कामको जिम्मा घनश्यामले लिन्छ ।)

घनश्याम : मलाई हाम्रो समाजको अवस्था देख्दा अचम्म लाग्छ । एउटा सानो समाजमा पनि अनेक जाति, अनेक भाषा, अनेक संस्कृति छन् । यस्तो भएपछि अनेक मतमतान्तर हुने रहेछ । यसले हाम्रो समाजको विकासमा कस्तो असर गर्छ होला ? मलाई यो प्रश्नले सधैँ सताइरहन्छ ।

बेखामान : तिम्रो प्रश्न ठिकै छ, घनश्याम । निश्चय नै हाम्रो समाजमा विविधता छ । विविधता भएपछि मतमतान्तर पनि होला । त्यसले केही फरक पर्दैन । हाम्रो समाजमा रहेका विविधता नै हाम्रा पहिचान हुन् । यी हाम्रा सम्पत्ति पनि हुन् । देशका यस्ता अमूल्य निधिलाई समस्याका रूपमा बुझ्नु हुँदैन ।

घनश्याम : जाति, भाषा, संस्कृतिमा विविधता भएपछि पहिचान कसरी खुल्छ ? पहिचान भनेको खास चिनारी हो । यदि समाज आफैँमा विविधता छ भने त्यसको पहिचान त छरपस्ट भएन र ? छरपस्ट भएर छरिएका कुराको पहिचान कसरी खुल्छ ? यो पनि त्यो पनि भन्ने भएपछि कुन चाहिँलाई पहिचान मान्ने ?

बेखामान : तिम्रो भनाइमै तिम्रो प्रश्नको उत्तर पनि लुकेको छ, घनश्याम । तिमीले ठिक भन्यौ, पहिचान भनेको चिनारी हो । कुनै मानिस कविता मात्रै लेख्छ भने उसको पहिचान कवि हो । यदि उसले कविताका साथै कथा, उपन्यास, निबन्ध पनि लेख्छ भने उसको पहिचान कवि, कथाकार, उपन्यासकार र निबन्धकार पनि हो । अब उसले चित्र पनि बनाउँछ भने उसको पहिचानमा चित्रकार पनि थपिन्छ । समाजको पहिचान पनि त त्यस्तै हो । कुनै समाजमा एउटा जाति छ भने त्यस समाजको पहिचान एकजातीय समाज हो । अब नेपाली समाज बहुजातीय छ । त्यसैले हाम्रो समाजको पहिचान बहुजातीय हो ।

सङ्गीता : ठिक हो, बेखामान । नेपाल प्राकृतिक रूपले जति सुन्दर छ त्यति नै सयौँ जाति, सयौँ भाषा र अनेक संस्कृतिले सुसज्जित पनि छ । यस्तो विविधता संसारमा बिरलै पाइन्छ । त्यसैले नेपाली समाज संसारमा अरूभन्दा भिन्न छ, विशिष्ट छ । आखिर पहिचान भनेको अरूभन्दा विशिष्ट हुनु नै त हो नि ।

घनश्याम : विविधता नै नेपालको पहिचान हो भन्ने कुरामा म स्पष्ट भएँ । अब अर्को कुरा चाहिँ मैले अझै बुझेको छैन । विविधता समस्या नभएर सम्पत्ति हो भन्ने कुरा चाहिँ कसरी नि ?

सिम्मा : यसको जवाफ म दिन्छु है । नेपालमा थुप्रै जाति छन् । हरेक जातिका आफ्नै प्रकारका परम्परा, संस्कृति, ज्ञान, अनुभव छन् । त्यस्तै नेपालमा अनेक भाषा छन् । भाषा भनेको मानव पुर्खाको आविष्कार हो । जातिमा जस्तै हरेक भाषामा पनि मानिसका ज्ञान, अनुभव, संस्कृति सुरक्षित हुन्छन् । हामी मानव सभ्यताका कुरा गर्छौं नि । वास्तवमा सभ्यता भनेको जाति, भाषा र संस्कृतिको समष्टि हो । त्यसैले जाति, भाषा, संस्कृतिमा विविधता हुनु भनेको सभ्यतामा पनि विविधता हुनु हो । यसैले जाति, भाषा, संस्कृतिमा विविधता भएको हाम्रो समाज विविध सभ्यताको सङ्गम पनि हो । त्यसैले विविधता आफैँमा सम्पत्ति भएन र ?

सलिम : सिम्माले भने जस्तै हामीसँग भएको विविधता हाम्रो सम्पत्ति हो । अर्को महत्त्वपूर्ण र हामीले गौरव गर्ने कुरा पनि छ । विविधता र अनेकताका बिचमा पनि आपसी सहिष्णुता र एकता छ । यो नेपाली समाजको विशिष्ट पहिचान हो । यो हाम्रो समाजको सौन्दर्य हो ।

घनश्याम : सलिमले फेरि यहाँ कताबाट सौन्दर्यको कुरा ल्याएर जोडे । नेपालको सौन्दर्य भनेका सुन्दर हिमाल हुन्, डाँफे, मुनाल हुन्, हरियाली जङ्गल हुन् । यिनै कुरा हेर्नका लागि त पर्यटक नेपाल आउँछन् ।

सङ्गीता : यसमा म भन्छु है । सौन्दर्यसम्बन्धी घनश्यामको बुझाइ अलिक अपुरो भयो । हिमाल, हरियाली जङ्गल, डाँफे मुनाल प्राकृतिक सौन्दर्यका साधन हुन् । सौन्दर्य भनेको सुन्दर वा राम्रो हुनुको भाव हो । जुनसुकै वस्तुबाट प्राप्त हुने सुन्दर कुरा नै त्यस वस्तुको सौन्दर्य हो । त्यसैले प्राकृतिक कुरा मात्रै सुन्दर हुने होइन, सांस्कृतिक कुरा पनि त सुन्दर हुन्छन् । त्यसैले पर्यटक खालि हिमाल र चरा मात्र हेर्न आउने होइनन् ।

सलिम : सङ्गीताले भनेकै कुरालाई मैले फेरि जोड्न चाहेँ । संसारमा जाति, भाषा, धर्म, संस्कृतिका नाममा ठुला ठुला युद्ध भएका छन् । धनजनको ठुलो क्षति भएको छ, कतिपय मानव सभ्यताकै लोप भएको छ । हामीकहाँ भने यत्रो विविधता भएर पनि आपसमा मिलेर बस्ने, एकले अर्काको भाषा, संस्कृतिप्रति सम्मान गर्ने साह्रै राम्रो बानी छ । यो ज्यादै सुन्दर कुरा हो नि, होइन र ?

घनश्याम : आज धेरै महत्त्वपूर्ण विषयमा कुराकानी भइरहेको छ । धेरै कुरा स्पष्ट हुने मौका मिलेको छ । एउटा कुरा चाहिँ मलाई अझै खट्की रहेको छ । हामीसँग रहेका विविधताले पर्यटकलाई आकर्षण गर्छ भनेर सङ्गीताजीले अघि भनेको कुरामा अझै सहमत भइनँ । नेपालमा पर्यटक आउने भनेको हिमाल हेर्न र आरोहण गर्न आउँछन् । समाजमा रहेका विविधतासँग पर्यटकको के सरोकार हुन्छ र ?

सङ्गीता : यो कुरा चाहिँ तिमीले थाहा पाएर पनि थाहा नपाएको जस्तो गरेका हौ है घनश्याम । सायद तिमीले मेरो जाँच गर्दै छौ । हेर घनश्याम, प्राकृतिक सौन्दर्यको मात्रै कुरा गर्ने हो भने पनि नेपालका हिमाल, जङ्गल र चरा मात्रै भनेर पुग्दैन । यहाँ असङ्ख्य पहाड, अन्नको भण्डार तराई, नदी, ताल, उपत्यका, सिमसार, जैविक विविधता आदि थुप्रै कुरा छन् । नेपाल आउने पर्यटक सबै हिमाल हेर्न र आरोहण गर्न आउने होइनन् नि । पर्यटनका पनि विभिन्न किसिम छन् भन्ने तिमीलाई थाहै छ । त्यसमध्ये सांस्कृतिक पर्यटन पनि त एक हो । नेपाल जस्तो सानो ठाउँमा सयौँ जाति, सयौँ भाषा, सयौँ संस्कृतिको अध्ययन गर्न पाउनु सांस्कृतिक पर्यटकका लागि ठुलो अवसर हो नि । त्यसैले नेपालको विविधतासँग पर्यटकको सरोकार हुने भएन र ?

सिम्मा : मानिसका आआफ्ना रुचि र चाहना हुन्छन् । कसैलाई हिमाल आरोहण गर्न मन लाग्छ । कसैलाई पहाड, तराई, उपत्यका, दुन, जङ्गल, जैविक विविधताको अध्ययन र अवलोकन गर्न मन लाग्छ । कसैलाई इतिहास, संस्कृति आदिको अध्ययन अवलोकन गर्ने रुचि र चाहना हुन्छ । कतिलाई विभिन्न परिकारका खानेकुरा खाने सोख हुन सक्छ । कतिलाई पढ्न, कतिलाई राम्रा राम्रा लुगा गहना लगाउन सोख हुन्छ । पर्यटकमा पनि त यही कुरा लागु हुन्छ नि ।

बेखामान : वास्तवमा हामीसँग भएको खानपानको संस्कृतिलाई मात्रै व्यवस्थित गर्न सके त्यसले पर्यटकलाई झनै लोभ्याउँछ । नेपालमा हरेक जातिका आफ्नै प्रकारका खानपानको परम्परा छ । हामीले थोरै ध्यान दिने हो भने पुरै अर्गानिक र प्राकृतिक खानपानको व्यवस्था गर्न सक्छौँ । त्यसो गर्न सके हाम्रो स्वास्थ्य पनि राम्रो हुन्छ, त्यसले पर्यटकलाई पनि लोभ्याउँछ ।

घनश्याम : ठिक छ, यी कुरामा म सहमत भएँ । एउटा कुरा चाहिँ हामीले विचार पुऱ्याउनै पर्छ । हामीकहाँ संस्कृतिका नाममा धेरै विकृति पनि छन् । धेरै अन्धविश्वास छन् । जातीय तथा लैङ्गिक विभेद छन् । चाडपर्व, संस्कार आदिमा अनावश्यक आडम्बर देखाउने जस्ता विकृति पनि छन् । हामीले संस्कृतिका नाममा यस्ता विकृतिलाई जोगाइरहने हो त ?

सलिम : घनश्यामजीको यस कुरामा मेरो पनि सहमति छ । विविधतामा एकता हाम्रो सौन्दर्य हो भनेर मैले अघि भनेँ र हो पनि । विविधता राम्रो कुरा हो तर विभेद चाहिँ राम्रो कुरा होइन ।

सिम्मा : मानिसलाई जात, वर्ग, वर्ण, लिङ्ग, क्षेत्रीयता आदिका आधारमा गरिने विभेद पटक्कै राम्रो होइन । हाम्रो समाजमा भएका यस्ता विभेद चाहिँ हटाउनुपर्छ ।

बेखामान : हो, कहीँ कतै अझै पनि समाजमा प्रचलित छुवाछुत, भूत, प्रेत, बोक्सी हुन्छ भन्ने मान्यता र दाइजो जस्ता कुराहरू अन्धविश्वास र कुपरम्परा हुन् । यस्ता मान्यता र परम्परालाई हटाउनै पर्छ ।

सलिम : गलत मान्यता, गलत परम्परालाई हामीले हटाउनुपर्छ तर कसरी पो हटाउने होला ? परापूर्व कालदेखि चलिआएको चलन हटाउनु हुँदैन भन्ने मान्यता नराम्रोसँग जरो गाडेर बसेको छ ।

सङ्गीता : मेरो विचारमा संस्कृति भनेको मानिसले मानिसको हितका लागि बनाइएका राम्रा चालचलन र व्यवहार हुन् । विकृति र संस्कृति नितान्त विपरीत कुरा हुन् । हामीले विकृति हटाउनुपर्छ संस्कृति अँगाल्नुपर्छ । विकृतिलाई संस्कृति मान्ने भुल गर्नुहुँदैन । यो सजिलो चाहिँ छैन ।

बेखामान : अब हामी आजको छलफलको चुरो कुरामा आयौँ भन्ने लाग्छ । सङ्गीताले भने जस्तै हामीले विकृतिलाई हटाउनुपर्छ र संस्कृतिलाई जोगाउनुपर्छ । यो काम सजिलो छैन तर असम्भव भने होइन । यसका लागि शिक्षा मुख्य कुरा हो ।

सिम्मा : बेखामानको कुरामा म सहमत छु। जब शिक्षाको राम्रो विकास हुन्छ तब अन्धविश्वास, कुसंस्कार, कुरीति जस्ता कुरा निर्मूल हुँदै जान्छन् । मानिस चेतनशील प्राणी हो । शिक्षाले मानिसको चेतनास्तरलाई बढाइदिन्छ। चेतनाको वृद्धिसँगै मानिसले आफू र समाजमा रहेका अन्धविश्वास, कुरीति, कुसंस्कार त्याग्दै जान्छ ।

घनश्याम : सिम्माका कुरा सोरै आना सही छन् । शिक्षाको विकाससँगै, मानिसको चेतनामा आएको विकाससँगै समाजमा, कतिपय संस्कृतिमा रहेका अनेक अन्धविश्वास, कुरीति, कुसंस्कार हट्दै पनि आएका छन् ।

सङ्गीता : घनश्यामले भनेको कुरा सही हो । कुनै समयमा सतीप्रथा थियो, त्यो हट्यो । दासप्रथा थियो, त्यो हट्यो । छुवाछुत प्रथा पहिलेभन्दा अहिले धेरै हट्दै छ, जनचेतना जगाउँदै अघि बढेमा हामी त्यसलाई चाँडै निर्मूल गर्न सक्छौँ ।

सिम्मा : जातीय विभेद, लैङ्गिक विभेद, वर्ण, वर्ग र क्षेत्रका नाममा रहेका विभेदमा पनि कमी आउँदै छ। तिनलाई पनि पूर्ण रूपमा हटाउनुपर्छ। यसका लागि शिक्षाको खाँचो छ।

सलिम : आजको छलफलबाट म धेरै उत्साहित भएँ। यसरी हामी जस्ता युवा पुस्तामा यस्तो बुझाइ रहेपछि हामीकहाँ रहेका विकृति, विसङ्गति, अन्धविश्वास, कुरीति हटाउन सकिन्छ। यसका लागि हामी जस्ता विद्यार्थी, युवा र शिक्षित वर्गले पहल गर्नुपर्छ ।

सङ्गीता : सलिमजीको कुरामा म पूर्ण सहमत भए । यस बारेमा समुदाय र कक्षामा पनि छलफल चलाउनुपर्छ । आजको छलफल भने यहीँ टुङ्ग्याऊँ होला । अब हाम्रो नेपाली विषयको कक्षा सुरु हुने वेला भयो, कक्षातिर जाऊँ होला ।

घनश्याम : (घडी हेर्दै) हो, कक्षा सुरु हुने वेला भएछ। अब हामी कक्षामा जानुपर्छ। त्यसभन्दाअघि आजको छलफलको निष्कर्षलाई नोटकापीमा टिपौँ कि भन्ने लाग्यो । आजको छलफलको निष्कर्षका बुँदा सङ्गीताजीले भनिदिने कि !

सङ्गीता : हुन्छ म भन्छु। विविधतामा एकता नेपाली समाजको पहिचान हो। यो हाम्रो सम्पत्ति र सौन्दर्य पनि हो । हाम्रो समाजमा संस्कृति, परम्पराका नाममा अनेक विकृति, विसङ्गति पनि छन् । तिनलाई हटाउनुपर्छ । त्यसका लागि शिक्षा अपरिहार्य छ । अन्धविश्वास, कुरीति, कुसंस्कार जस्ता विकृति हटाउन विद्यार्थी, युवा र सचेत वर्ग अग्रसर हुनुपर्छ।

सलिम : बडो राम्रो संश्लेषण सङ्गीताजी ।

बेखामान : आजको छलफल फलदायी भयो ।

सिम्मा : मलाई त यस विषयमा एउटा लेख लेखौँ जस्तो लाग्यो ।

सङ्गीता : ठिक भन्यौ सिम्मा । तिम्रो लेखाइ धेरै राम्रो छ । तिम्रो लेख चाँडै पढ्न पाइयोस् ।

घनश्याम : ठिक छ, यस विषयमा सिम्मा‌ले लेख लेख्नुहोला, म चाहिँ एकाङ्की बनाउँछु । आज भने जाऊँ । गुरुआमा कक्षामा पसिसक्नुभयो ।

(सबै जना उठेर कक्षाकोठातिर लाग्छन् ।)

## शब्दभण्डार

१. **दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :**

| **शब्द** | **अर्थ** |
|---|---|
| निष्कर्षोन्मुख | नराम्रो परम्परा |
| अर्गानिक | सुन्दर हुनुको भाव |
| सौन्दर्य | प्रसङ्गअनुसार मिल्ने |
| लैङ्गिक | निष्कर्षमा पुग्न खोजेको |
| विभेद | पूरै सखाप पारिएको |
| आडम्बर | फल दिने, फाइदादाजनक |
| कुपरम्परा | आदर |
| संश्लेषण | लिङ्गसम्बन्धी |
| निर्मूल | जोड्ने काम |
| सान्दर्भिक | देखावटी, ठाँटबाँट |
| फलदायी | जैविक |
| | भेदभाव |
| | नयाँ कुरा पत्ता लगाउने काम |

२. **शब्दकोशको सहायताबाट दिइएका शब्दको कोशीय क्रम मिलाई अर्थ लेख्नुहोस् :**

आविष्कार, सदुपयोग, गन्तव्य, पहिचान, छरपस्ट, विशिष्टता, सम्मान, मौका, आरोहण, सरोकार, अवलोकन, परिकार, सोख

३. **दिइएका टुक्काको अर्थ पहिल्याई तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

लख काट्नु, आलु खानु, पसिना काढ्नु, कुरा खानु, कान खानु, हावा खानु, आँखा चिम्लिनु, मन चोर्नु, मुख छाड्नु

४. **दिइएका उखानको प्रयोग गरी एक अनुच्छेद लेख्नुहोस् :**

अगुल्टाले हानेको कुकुर बिजुली चम्कँदा तर्सन्छ, अड्को पड्को तेलको धुप, इन्द्रका अगाडि स्वर्गाको बयान, एक हातले ताली बज्दैन, काग कराउँदै गर्छ पिना सुक्दै गर्छ

५. **दिइएका मानविकी तथा साहित्यिक क्षेत्रका पारिभाषिक शब्दलाई शब्दकोशीय अनुक्रममा मिलाउनुहोस् र शब्दकोशको सहायता लिई तिनको अर्थ पनि लेख्नुहोस् :**

छन्द, रस, अधिमूल्यन, अलङ्कार, अवमूल्यन, आवासीय, आशुकवि, निबन्ध, उपन्यास, कविता, कथा

## बोध तथा अभिव्यक्ति

१. **संवाद पढी दिइएका प्रश्नको उत्तर दिनुहोस् :**

(क) नेपाली समाजको अवस्थाप्रति घनश्यामको बुझाइ कस्तो छ, भन्नुहोस् ।

(ख) नेपाली समाजको पहिचान के हो, बेखामानको भनाइका आधारमा लेख्नुहोस् ।

(ग) विविधता नै सम्पत्ति हो कसरी, सिम्माको भनाइका आधारमा लेख्नुहोस् ।

(घ) सलिमको भनाइका आधारमा नेपाली समाजको सुन्दर पक्षका बारेमा स्पष्ट पार्नुहोस् ।

(ङ) कसरी नेपाली विविधतालाई पर्यटनसँग जोड्न सकिन्छ, आफ्नो विचार लेख्नुहोस् ।

(च) नेपाली समाजमा के कस्ता विकृति, विसङ्गति छन्, पाठका आधारमा लेख्नुहोस् ।

२. **“जब शिक्षाको राम्रो विकास हुन्छ तब अन्धविश्वास, कुसंस्कार, कुरीति जस्ता कुरा निर्मूल हुँदै जान्छन् ।” यस कथनलाई स्पष्ट पार्नुहोस् ।**

३. **दिइएको संवादांश पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

हेर घनश्याम, प्राकृतिक सौन्दर्यको मात्रै कुरा गर्ने हो भने पनि नेपालका हिमाल, जङ्गल र चरा मात्रै भनेर पुग्दैन । यहा असङ्ख्य पहाड, अन्नको भण्डार तराई, नदी, ताल, उपत्यका, सिमसार, जैविक विविधता आदि थुपै कुरा छन् । नेपाल आउने पर्यटक सबै हिमाल हेर्न र आरोहण गर्न आउने होइनन् नि । पर्यटनका पनि विभिन्न किसिम छन् भन्ने तिमीलाई थाहै छ । त्यसमध्ये सांस्कृतिक पर्यटन पनि त एक हो । नेपाल जस्तो सानो ठाउँमा सयौँ जाति,

सयौँ भाषा, सयौँ संस्कृतिको अध्ययन गर्न पाउनु सांस्कृतिक पर्यटकका लागि ठुलो अवसर हो नि । त्यसैले नेपालको विविधतासँग पर्यटकको सरोकार हुने भएन र ?

**प्रश्नहरू**

(क) नेपालको प्राकृतिक सौन्दर्यभित्र के के कुरा पर्छन् ?

(ख) नेपालमा सांस्कृतिक पर्यटनको कस्तो सम्भावना छ ?

४. **दिइएको समाचारको नमुना पढ्नुहोस् र यसका विषयवस्तु, संरचना र शैलीका बारेमा छलफल गर्नुहोस् :**

**सगरमाथामा आरोहणमा कीर्तिमान**

शुक्रबार, २४ वैशाख, २०७८

सोलुखुम्बु । सोलुखुम्बुका ५० वर्षीय कामिरिता शेर्पाले आफ्नै पहिलेको कीर्तिमान तोडेर २५ औँ पटक सगरमाथाको सफल आरोहणको कीर्तिमान कायम गरेका छन् । उनीपछि आप्पा शेर्पा र फुर्बाटासी शेर्पाको २१ औँ पटक सगरमाथा आरोहणको कीर्तिमान रहेको छ ।

तेन्जिङ नोर्गे शेर्पा र सर एडमन्ड हिलारीबाट सन् १९५३ मे २९ मा सगरमाथाको सफल आरोहण भएको हो । त्यसयता करिब सात हजार आरोहीले सगरमाथाको सफल आरोहण गरेका छन् ।

सगरमाथा आरोहण गर्ने प्रथम महिला जापानकी जुन्को ताबेई हुन् भने प्रथम नेपाली महिला पासाङ ल्हामु शेर्पा हुन् । लाक्पा शेर्पाले नौ पटक सगरमाथा आरोहण गरेर सबैभन्दा बढी सगरमाथा आरोहण गर्ने नेपाली महिलाको रेकर्ड बनाएकी छन् ।

सगरमाथा आरोहणका अनेक कीर्तिमान छन् । अक्सिजन प्रयोग नगरी, कृत्रिम खुट्टा लगाएर, सबैभन्दा कम उमेरमा र सबैभन्दा बढी उमेरमा सगरमाथा आरोहण गर्ने कीर्तिमान छन् । त्यस्तै फोटोग्राफर, पत्रकार, कर्मचारी, नेता, शिक्षक आदि पेसाका तर्फबाट सगरमाथा आरोहणको कीर्तिमान राख्ने प्रयत्न भएका छन् । सगरमाथा शिखरमै बिहे गर्ने, पुस्तक विमोचन गर्ने, सबैभन्दा बढी समय शिखरमा रहने जस्ता कीर्तिमान पनि छन् । एउटै परिवारका बाबुछोरा र परिवारका धेरै सदस्यको आरोहणका कीर्तिमान पनि छन् ।

पेम्बा दोर्जे शेर्पाले सबैभन्दा छिटो (८ घण्टा १० मिनेट) समयमा सगरमाथाको सफल आरोहण गर्ने कीर्तिमान राखेका छन् । विना अक्सिजन २० घण्टा २४ मिनेटमा सगरमाथा आरोहण गरी काजी शेर्पाले कीर्तिमान कायम गरेका छन् । हङकङकी चाङ यिन हुङ (२५

घण्टा ५० मिनेट) ले सबैभन्दा कम समयमा सगरमाथा आरोहण गर्ने महिलाको कीर्तिमान कायम गरेकी छन्। बाबुछिरी शेर्पाले २१ घण्टासम्म सगरमाथा शिखरमा बसेर कीर्ति राखेका छन्। जापानका ८० वर्षीय युचिरो मिउरा अनि अमेरिकाका १३ वर्ष १० महिना १० दिनका जोडान रोमारियोका कीर्तिमान छँदै छन्। नेपालकी मिङकिपा शेर्पाले १५ वर्षमा सगरमाथा आरोहण गरी कीर्ति राखेकी छन्। पेम दोर्जी शेर्पा र मोनी मुलेपतीले सगरमाथाको शिखरमा विवाह गरेर कीर्तिमान बनाएका छन्। ४३ वर्षीय पिके (पूर्णकुमार) शेर्पा र उनका छोरा १७ वर्षीय सोनम शेर्पाले एकै पटक सगरमाथा आरोहण गरेर अलग खालको कीर्ति राखेका छन्। नेपालको निजामती कर्मचारी टोलीका ९ जनाले एकै दिन सगरमाथा आरोहण गरेर कीर्तिमान राखेका छन्। त्यसरी नै विभिन्न पेसा, व्यवसाय, क्षेत्र आदिका व्यक्तिले अलग अलग प्रकारका कीर्तिमान कायम गरेका छन्। यस्ता कीर्तिमानमध्ये कतिपय परिवर्तन भइरहन्छन्। नयाँ आरोहीले पहिलेका कीर्तिमान तोडेर नयाँ कीर्तिमान कायम गरिदिन्छन्।

विश्वमा ८ हजार मिटरभन्दा अग्ला १४ ओटा हिमाल छन्। तीमध्ये आठओटा नेपालमै छन्। त्यतिमात्र होइन, बाँकी छओटा हिमाल पनि ८ हजार मिटरभन्दा अग्ला रहेको प्रमाणित हुँदै छ भनिन्छ। ती छओटै हिमाल नेपालमा पर्छन्। त्यसैले संसारभरका साहसिक पर्यटक र पर्वतारोहीका लागि नेपाल आकर्षक गन्तव्यका रूपमा रहेको छ। हिमाली क्षेत्रमा बढ्दै गएको फोहोरमैलालाई हटाउन सके र जलवायु परिवर्तनका समस्याको निराकरण गर्न सके सगरमाथा र अन्य हिमालको आरोहणबाट नेपालको नाम संसारमा चम्किने छ।

५. **दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

समाचार भन्नाले सामान्यतः हालखबर वा नयाँ घटनाको विवरण भन्ने बुझिन्छ। यसैले रेडियो, टिभी जस्ता श्रव्यदृश्य माध्यमबाट प्रसारित वा पत्रिका आदि छापा माध्यमबाट प्रकाशित घटनाका ताजा विवरण समाचार हुन्। समाजमा घट्ने घटनाको विवरण भएकाले समाचार मानिसको पहुँचभित्रको विषय हो। समाचारका विषयअन्तर्गत राजनीति, शिक्षा, खेलकुद, व्यापार, वाणिज्य, संस्कृति आदि जुनसुकै हुन सक्छन्। यसरी जुनसुकै विषय समाचार बन्न सक्ने भए पनि कुनै पनि विषय आफैँमा समाचार भने हुँदैन। जुन कुराले पाठक वा श्रोताको ध्यान आकर्षित गर्छ र नयाँ सूचना सम्प्रेषण गर्छ त्यस्तो विषयवस्तु समाचार बन्छ। समाचारका बारेमा भन्ने गरिन्छ, "कुकुरले मान्छेलाई टोक्नु समाचारको विषय बन्न सक्दैन तर मान्छेले कुकुरलाई टोक्यो भने त्यो समाचार बन्छ।" समाचारलाई रोचक बनाउने भन्दैमा यथार्थलाई परित्याग गर्न चाहिँ पूर्णतः वर्जित छ। समाचार सम्प्रेषणमा संवाददाता पुरै तटस्थ रहनु राम्रो मानिन्छ। उसले आफ्नो राय विचार वा निर्णयभन्दा घटना वा सूचनाको तथ्यपरक विवरण दिए मात्र पुग्छ। समाचारको उद्देश्य आमजनतासम्म सन्देश

पुऱ्याउनु हो । यसैले समाचारको भाषा सकेसम्म सरल हुनुपर्छ । समाचारमा छोटा छोटा वाक्य प्रयोग गर्नु राम्रो मानिन्छ । यस्ता वाक्यमा अनावश्यक विशेषण वा क्रियाविशेषण प्रयोग गर्नु राम्रो मानिँदैन । यसैले समाचारको शैली विशिष्ट हुन्छ । यही शैलीगत वैशिष्ट्यकै आधारमा समाचारलाई घटनापरक, प्रक्रियापरक र फिचर गरी तीन प्रकारमा वर्गीकरण गरिन्छ । घटनाप्रधान समाचार प्रायः दृश्य विवरणमा केन्द्रित हुन्छ । यस्तो समाचारमा को ? के ? कहाँ ? किन ? कसरी ? कहिले ? जस्ता प्रश्नको उत्तर खोज्ने प्रयास गरिन्छ । प्रक्रियापरक समाचारमा घटनाको सरसरती वर्णन मात्र नगरी तथ्यको विस्तृत व्याख्या, त्यसको पृष्ठभूमि र परिणामका बारेमा पनि उल्लेख गरिएको हुन्छ । फिचरमा चाहिँ कुनै खास घटना वा तथ्यलाई कलात्मक बनाएर प्रस्तुत गरिन्छ । यसैले फिचर अन्य दुई किसिमका समाचारभन्दा बढी साहित्यिक हुने गर्छ । समग्रमा भन्दा सत्यता, विश्वसनीयता, नवीनता, रोचकता, सन्तुलन, भाषिक सरलता, स्पष्टता र मिठास समाचारका विशेषता हुन् ।

**प्रश्नहरू**

(क) कस्तो विषयवस्तु समाचार बन्न सक्छ ?

(ख) समाचारको भाषा कस्तो हुनुपर्छ ?

(ग) फिचर, घटनापरक र प्रक्रियापरक समाचारमा के भिन्नता छ ?

(घ) समाचारका विशेषता के के हुन् ?

६. **आफ्नो टोलमा वातावरण सुधारका लागि गरिएका प्रयत्नका बारेमा छोटो समाचार लेखी कक्षामा सुनाउनुहोस् ।**

७. **कक्षाका सबै साथी मिलेर 'देश विकासमा विद्यार्थीको भूमिका' विषयमा वक्तृत्व प्रतियोगिताको आयोजना गर्नुहोस् ।**

८. **कक्षाका साथीहरू तलका शीर्षकअनुसार चारओटा समूहमा विभाजन हुनुहोस् र आफ्नो समूहको विषय शीर्षकमाथि छलफल गर्नुहोस् र छलफलको निष्कर्षका बुँदालाई कक्षामा समूहगत रूपमा प्रस्तुत गर्नुहोस् :**

(क) अधिकार र कर्तव्य (ख) जीवनमा अनुशासन

(ग) मेरो देश : मेरो भविष्य (घ) स्वस्थ खाना

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ ११ सुन्नुहोस् र दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) केले नाता टुटाउँछ, केले नाता जोड्छ ?

(अ) रिसले टुटाउँछ, दयाले जोड्छ । (आ) आरिसले टुटाउँछ, मायाले जोड्छ ।

(इ) घृणाले टुटाउँछ, प्रेमले जोड्छ । (ई) लोभले टुटाउँछ, दानले जोड्छ ।

(ख) हजारौँ वर्ष पहिले कस्तो चलन थियो ?

(अ) खेतीपाती नगर्ने (आ) लुगा नलगाउने

(इ) घर नबनाउने (ई) एकअर्कालाई सहयोग नगर्ने

(ग) काँचो खानाको के भइसक्यो ?

(अ) पोलेको खाना (आ) उमालेको खाना

(इ) पक्वान्न (ई) बासी खाना

(घ) रथका ठाउँमा के भइसक्यो ?

(अ) रेल, मोटर, ट्याक्सी र हवाइजहाज (आ) रेल, मोटर, हवाईजहाज र रकेट

(इ) रेल, मोटर, कार र मोटरसाइकल (ई) रेल, मोटर, ट्याक्सी र रकेट

२. **कान्छाका विचारसँग तपाईं सहमत वा असहमत के हुनुहन्छ, आफ्नो विचार भन्नुहोस् ।**

## भाषातत्त्व

१. **उदाहरणमा दिए जस्तै गरी वाक्य संश्लेषण गर्नुहोस् :**

**उदाहरण**

**विश्लेषित वाक्य : चेन नियान चिनियाँ युवती हुन् । उनी नेपाली भाषा पढ्न चाहन्छिन् । उनी नेपाल र नेपालीका बारेमा जान्न चाहन्छिन् ।**

**संश्लेषित वाक्य -चिनियाँ युवती चेन नियान नेपाली भाषा पढेर नेपाल र नेपालीका बारेमा जान्न चाहन्छिन् ।**

(क) अस्मिता घर गइन् । अस्मिताले आफ्ना साथीसङ्गी भेटिन् । अस्मिता साथीसँग जङ्गल घुम्न गइन् । अस्मिताले खोलामा गएर पौडी खेलिन् । अस्मिताले एक हप्ता रमाइलोसँग बिताइन् । अस्मिता सहर फर्किइन् ।

(ख) मुस्ताङ हिमाली जिल्ला हो । मुस्ताङ पर्यटकीय जिल्ला हो । मुस्ताङमा धेरै हावा चल्छ । मुस्ताङ स्याउका लागि प्रसिद्ध छ । मलाई मुस्ताङ घुम्न मन लागेको छ ।

(ग) विनोद कर्ण सप्तरीका बासिन्दा हुन् । उनी नेपाली साहित्यका प्राध्यापक हुन् । उनी सहयोगी र इमानदार छन् । उनी कविता लेख्न र चित्र कोर्न मन पराउँछन् ।

२. **वाक्य विश्लेषण गर्नुहोस् :**

**उदाहरण**

**संश्लेषित वाक्य : डोल्माका भाइ लाक्पाको परिश्रमलाई सबैले सराहना गर्छन् ।**

**विश्लेषित वाक्यहरू : लाक्पा डोल्माका भाइ हुन् । लाक्पा परिश्रमी छन् । लाक्पालाई सबैले सराहना गर्छन् ।**

(क) जङ्गल सखाप हुन थालेपछि मृग, घोरल जस्ता जनावर र कतिपय चरा लोप हुने अनि पानीको मुहान पनि सुक्ने खतरा भएको छ । (३ वाक्यमा)

(ख) प्रदूषण बढेसँगै हिमालमा हिउँ घट्यो, समयमा पानी पर्न छाड्यो अनि सफा आकाश देख्न छाडियो । (४ वाक्यमा)

(ग) सुदूरपश्चिम र कर्णाली क्षेत्रमा प्रचलित देउडा काठमाडौँ र विदेशमा समेत लोकप्रिय छ । (३ वाक्यमा)

(घ) मलाई घमाइलो दिन, जुनेली रात, हरियो वन, लहलह बाली झुलेको खेतबारी, नेपाली खाना र सहयोगी साथी मनपर्छ । (५ वाक्यमा)

(ङ) जब असार लाग्छ तब मेरो मनले गाउँघर सम्झिन्छ । (२ वाक्यमा)

३. **दिइएको अनुच्छेदबाट कर्तृ, कर्म र भाव वाच्यका वाक्य पहिचान गरी तालिकामा देखाउनुहोस् :**

म सबेरै उठेँ । मैले उमेशलाई बोलाएँ । उमेश आँखा मिच्दै आयो । हामी बाटो लाग्यौँ । दाउन्नेमा पुगेर खाना खाइयो । भालुवाङमा चिया पिइयो । गाडीमा गीत गाइयो । ठट्टा गरियो । बेलुका घोराहीमा बास बसियो । राती मस्त निदाइयो । भोलिपल्ट स्थानीय साथी भेटिए । कुराकानी गरियो । मस्तसँग हाँसियो । रमाइलो गरियो ।

४. **कर्तृवाच्यको प्रयोग गरी आफ्नो दिनचर्याका बारेमा एक अनुच्छेद लेख्नुहोस् ।**

५. **कर्म तथा भाव वाच्यको प्रयोग गरी वनभोज गएको विषयमा एउटा अनुच्छेद लेख्नुहोस् ।**

६. **दिइएको अनुच्छेदलाई कर्तृवाच्यमा परिवर्तन गर्नुहोस् :**

जीवनमा धेरै दुःखसुख भोगियो । धेरै अनुभव गरियो । कहिले खुसीले हाँसियो । कहिले साथीभाइसँग नाचियो । देशविदेश घुमियो । दुःख र अभावलाई झेल्दै विद्यालयमा पढियो । आफैँ खर्च जुटाएर उच्च शिक्षा हासिल गरियो । सबैको भलो सोचियो । कहिल्यै कसैको चित्त दुखाइएन । कहिल्यै कसैको अहित चिताइएन । सकेसम्म अरूको भलाइ हुने काम गरियो । जीवन सङ्घर्ष हो भन्ने कुरा सिकियो । अब पनि इमानदार भएरै बाँचिने छ । कर्तव्य कहिल्यै भुलिँदैन । आफू अन्याय सहिँदैन । अरूमाथि अन्याय गरिँदैन ।

७. **दिइएको अनुच्छेदलाई कर्म वा भाव वाच्यमा परिवर्तन गर्नुहोस् :**

बिसन र अनुपमा पुस्तकालय गए । बिसनले कथाका किताब छान्यो । अनुपमाले मौसम विज्ञानसम्बन्धी किताब छानी । त्यसपछि उनीहरू पुस्तकालयबाट बाहिर निस्के । उनीहरू कलेजको भोजनालयमा पसे । बिसनले दही चिउरा खायो । अनुपमाले चिउरा तरकारी खाई । त्यसपछि उनीहरू कक्षाकोठामा आए । गुरुआमाले वाच्य पढाउनुभयो ।

८. **शुद्ध गरी लेख्नुहोस् :**

(क) रेडीयो टीभी जस्ता स्रव्यद्रिस्य माधएमबाट प्रसारित वा पत्रीका आदि छापामाध्यम बाट पर्काशित घटनाका ताजा विवरण समाचार हुन् ।

(ख) जातीए बिभेद लैङ्गिक विभेद वर्ण वर्ग र क्षेत्रका नाममा रहेका विभेदमा पनी कमि आउँदै छ । तिन लाई पनि हटाउनुपर्छ । सङ्गीता जीले भनेजस्तै यशका लागि शिक्षाको खांचो छ ।

## सिर्जना र परियोजना कार्य

१. **'शिक्षाले व्यवहारमा परिवर्तन ल्याउँछ' भन्ने विषयमा वक्तव्य दिनका लागि आवश्यक बुँदा बनाउनुहोस् र ती बुँदामा के कस्तो थपघट गर्न सकिन्छ भनी कक्षामा छलफल गर्नुहोस् । छलफलको निष्कर्षबाट आएका बुँदाका आधारमा वक्तव्य लेखी शिक्षकलाई देखाउनुहोस् ।**

२. **अनलाइन पत्रिका वा छापा पत्रिकाबाट शिक्षा तथा संस्कृति विषयमा लेखिएका समाचार खोज्नुहोस् र त्यसलाई हाउभाउसहित वाचन गर्नुहोस् ।**

पाठ ११

# सहकारी



एकआपसमा मिलीजुली सहकार्य गर्ने साथी, बन्धुबान्धव वा अन्य जोकोही व्यक्ति सहकारी हो । सहकार्य भनेको सामाजिक, सांस्कृतिक, आर्थिक आदि क्षेत्रमा गरिने सोद्देश्य सामूहिक क्रियाकलाप हो । सहकार्यको यही अभिप्रायलाई लिएर आधुनिक अर्थशास्त्रीले आर्थिक समृद्धि र विकासका लागि पारस्परिक सहयोग र सहकार्य गर्ने उद्देश्यले स्थापित संस्थालाई सहकारी भनेका छन् । यसरी सहकार्य गर्ने व्यक्ति र संस्था दुवैलाई सहकारीले बुझाए पनि यहाँ चाहिँ यसले मुख्य रूपमा दोस्रो अर्थ सङ्केत गरेको छ । पहिलो अर्थलाई पनि यसले उपेक्षा गरेको चाहिँ छैन । दुवै अर्थको समन्वय गरेरभन्दा सहकार्य गर्ने साथीहरूले आर्थिक समृद्धि र विकासका लागि मिलीजुली स्थापना गरेको साझा संस्था सहकारी हो ।

आधुनिक सहकारीको अवधारणा उन्नाइसौँ शताब्दीको पूर्वार्द्ध (सन् १८४४) मा बेलायतबाट आएको मानिन्छ । बेलायती विद्वान् रोबर्ट ओवेन (सन्. १७७१-१८५८) ले सर्वप्रथम यससम्बन्धी महत्त्वपूर्ण विचार प्रस्तुत गरे । यसैले उनलाई आधुनिक सहकारीका पिता भन्ने गरिएको छ । उनले सहकारीमा व्यक्तिगतभन्दा सामूहिक आर्थिक क्रियाकलापमा जोड दिएका छन् । यही सामूहिक आर्थिक क्रियाकलाप नै बेलायतको सुख, समृद्धि र विकासको कारक हो भन्ने गरिन्छ । सहकारीका माध्यमबाट बेलायतले छोटो समयमा हासिल गरेको आर्थिक समृद्धि लोभ लाग्दो छ । यसरी आर्थिक समृद्धिकारक संस्थाका रूपमा सहकारीको अवधारणा बेलायतबाट आए पनि यसको पूर्वरूप चाहिँ पूर्वीय सभ्यताको वैदिक वाङ्मयमा भेटिन्छ । एकआपसमा मिलेर सुरक्षित रहन, वस्तुको सामूहिक उपभोग गर्न र सशक्त भएर सहकार्य गर्न प्रेरणा दिने वेदको भनाइ ‘सहनाववतु, सह नौ भुनक्तु, सह वीर्य करवावहै’ नै सहकारी चिन्तनको पूर्व रूप हो । सहकार्यमा जुट्न जागरुक बनाउने ‘सहयात्रा गरौँ’ ‘सबैमा समभाव राखौँ’ र ‘सम्पूर्ण संसारलाई नै एउटा परिवार मानौँ’ जस्ता उदात्त विचार वेदमा रहेका छन् । वैदिक विचारकै विस्तार गर्ने पौराणिक वाङ्मयमा पनि मानिसको सुखसमृद्धिका लागि सहकार्य अपरिहार्य रहेको बताइएको छ । पौराणिक वाङ्मयमा खुसियालीका विभिन्न उत्सवमा, रोगले आक्रान्त गर्दा, प्राकृतिक प्रकोपले सताउँदा जस्ता सबै किसिमका

सुखदुःखमा साथ दिने व्यक्तिलाई सहकारी भनिएको छ । यस्तै बौद्ध दर्शनको 'सङ्घं शरणं गच्छामि' ले पनि सहकार्यमा अग्रसर हुन आह्वान गरेको छ । यसरी मानिस एक्लो जीवनमा रहन नसक्ने प्राणी भएकाले उसका निम्ति समूहको बसाइ, सहयात्रा र सहकार्य आवश्यक छ भन्ने पूर्वीय वाङ्मय चिन्तनको सार हो ।

समूहमा रहेर परस्परमा सुखदुःखको साटफेर गर्दा नै मानिसलाई एक्लो भएको अनुभव हुँदैन । समूहमा रहँदा बस्दा नै ऊ आनन्दमय वातावरणमा आफ्ना कामलाई अघि बढाई सुखसमृद्धि हासिल गर्न सक्छ । वर्तमान मानव सभ्यताको विकास पनि व्यक्तिका बिचको पारस्परिक सहयोग र सहकार्यबाट नै सम्भव भएको हो । मानिसले एक्लैले पूरा गर्न नसक्ने आवश्यकता सहकार्यबाट पूरा गरेका धेरै उदाहरणहरू भेटिन्छन् । एकआपसमा सहयोग र सहकार्यको आवश्यकता महसुस भएपछि नै 'एकका लागि सबै र सबैका लागि एक' भन्ने भावनाका साथ सहकार्यका लागि स्थानीय स्तरमा अनौपचारिक सङ्गठन खडा गरिएको देखिन्छ । हिन्दु संस्कृतिका समूह, मण्डल, गण, गुरुकुल एवम् बुद्ध धर्मका सङ्घ, नेवारी समुदायमा प्रचलित गुठी, मङ्का खल, नेवा दबू, ग्रामीण समाजमा प्रचलित भारोपर्म, धर्मभकारी, ऐँचोपैँचो, सरसापट सहकारीका आदि रूप हुन् । यस किसिमका सहकारीले पारस्परिक सहयोग र सहकार्यका माध्यमबाट पाटीपौवा, धर्मशाला, बाटोघाटो, चउरचौतारा आदिको निर्माण, वृक्षरोपण जस्ता मानवहितका कार्य गरेर सामाजिक विकासमा उल्लेख्य योगदान पुऱ्याएका छन् । सामाजिक विकासमा यिनले गरेको योगदानको महत्त्व बुझेर नै नेपालका कतिपय समुदायले अहिले पनि गुठी, भारोपर्म, ऐँचोपैँचो, सरसापट, मेलापात आदि नामबाट सहकार्य गरिरहेका छन् । हाम्रा पुर्खाको यस किसिमको सहकार्यबाट अभिप्रेरित सामूहिक जीवनशैली नै नेपाली संस्कृतिको मुख्य आधार हो ।

सहकारीको उपादेयता समाजका हरेक क्षेत्रमा उत्तिकै भए पनि आर्थिक समृद्धि र विकासमा यसको महत्त्व निकै विशिष्ट रहेको छ । विकासको मुख्य आधार आर्थिक समृद्धि हो । विकासका लागि आवश्यक आर्थिक समृद्धिमा सहकारीको भूमिका अपरिहार्य ठानेर नै संसारका अविकसित, विकासोन्मुख र विकसित सबै देशले सहकारीको स्थापना र सञ्चालन गरिरेहका छन् । धेरै देशले सहकारीका माध्यमबाट आर्थिक समृद्धि हासिल गरिसकेका छन् । संयुक्त राष्ट्र सङ्घले पनि सहकारीलाई आर्थिक, सामाजिक र सांस्कृतिक विकासको आधारस्तम्भ स्वीकार गर्दै सबै देशलाई यसका माध्यमबाट आफ्नो देशको विकास गर्न सकिने भएकाले यसको अनुसरण गर्न सुझाव दिएको छ ।

नेपालमा सहकारीमार्फत आर्थिक समृद्धिको उद्देश्यका लागि सङ्गठित हुने कार्यको थालनी भएको धेरै समय भएको छ । सरकारी स्तरमा वि.सं. २०१० मा तत्कालीन योजना तथा विकास मन्त्रालयअन्तर्गत सहकारी विभागको स्थापना भयो । यो विभाग खुलेपछि वि.सं. २०१३ मा चितवनमा स्थापना गरिएको बखान ऋण सहकारी संस्था नै नेपालको पहिलो सहकारी संस्था हो ।

यो सँगसँगै अन्य १३ ओटा सहकारीको स्थापना त्यस समयमा भएको पाइन्छ । सहकारी स्थापना भएपछि तिनको सञ्चालन, निर्देशन र नियन्त्रण गर्ने कानुनको आवश्यकताबोध भएपछि वि.सं. २०१६ मा सहकारीसम्बन्धी ऐन पनि बन्यो । यसपछि सहकारीसम्बन्धी विभिन्न ऐन, नियमावली, नीति र निर्देशिका तयार भएका छन् ।

नेपालको संविधानको धारा, ५० (३) मा सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत उपलब्ध साधन स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने लक्ष्य रहेको उल्लेख गरिएको छ । यस संविधानको धारा २९६ को उपधारा १ ले दिएको अधिकारको प्रयोग गरी व्यवस्थापिका संसद्ले पूर्ववर्ती ऐनका सकारात्मक पक्षलाई स्वीकार र कमी कमजोरीलाई निराकरण गरेर सहकारी ऐन, २०७४ जारी गरेको छ । यस ऐनले पनि सहकारीका माध्यमबाट आत्मनिर्भर, दिगो एवम् समाजवादउन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने मुख्य उद्देश्य लिएको छ । यसका लागि सहकारीका विश्वव्यापी मूल्यमान्यता र सिद्धान्तलाई अनुसरण गरी सहकारीको स्थापना, सञ्चालन गर्नुपर्ने निर्देशन ऐनमा दिइएको छ ।

सहकारीका माध्यमबाट बेलायतले उल्लेख्य आर्थिक समृद्धि हासिल गरेपछि विश्वका अन्य देशले पनि यसको अनुसरण गरेको देखिन्छ । विश्वका १४ देशको सक्रियता र सहभागिताबाट सन् १८९५ मा अन्तर्राष्ट्रिय सहकारी महासङ्घको स्थापना भएको छ । यस महासङ्घले सहकारीका आधारभूत र नैतिक मूल्यलाई समेटेर सहकारी स्थापनाका निर्देशक सिद्धान्त तयार पारेको छ । यस महासङ्घले तयार पारेको सिद्धान्तमा सन्निहित विचारमध्ये स्वैच्छिक तथा खुला सदस्यता, सदस्यको लोकतान्त्रिक नियन्त्रण, आर्थिक सहभागिता, स्वायत्तता, स्वतन्त्रता, सहकारीबिच पारस्परिक सहयोग, समुदायप्रतिको सरोकार, शिक्षा, तालिम र सूचना मुख्य हुन् । अहिले विश्वका अधिकांश देशमा यिनै निर्देशक सिद्धान्तको अनुसरण गरी सहकारीलाई अघि बढाइएको छ । अन्तर्राष्ट्रिय सहकारी महासङ्घमा आबद्ध नेपालले पनि यसले प्रस्ताव गरेका मूल्यमान्यता र निर्देशक सिद्धान्तलाई स्विकारेर अघि बढ्ने कुरा ऐनमा नै समावेश गरेको छ । यसैले सहकारीका मूल्यमान्यता र मार्गनिर्देशक सिद्धान्तलाई बुझेर अघि बढ्दा यसबाट अपेक्षित उपलब्धि हासिल गर्न सकिन्छ ।

सहकार्यबाट व्यक्तिलाई आत्मनिर्भर बनाउने र समुदायको दिगो विकास गर्ने उद्देश्यले सहकारीको अवधारणा आएको हो । 'स्वतन्त्रताका लागि स्वावलम्बन, समुन्नतिका लागि पारस्परिकता र दुवैका लागि सहकारिता' सहकारीको नारा रहेको छ । सहकार्य गर्दा आम जनसमूहमाझ छरिएर रहेको पुँजी, प्रतिभा र प्रविधिको एकीकृत उपयोग भई यसबाट आर्थिक उन्नति हुने भएकाले व्यक्ति आत्मनिर्भर बन्नुका साथै समाजको उन्नति हुन्छ । सहकारीमा सहकार्यलाई महत्त्व दिइने भएकाले यसमा न्यून पुँजी भएका व्यक्ति पनि आबद्ध हुन सक्छन् । न्यून पुँजी भएका व्यक्तिलाई 'एक थुकी सुकी सय थुकी नदी' भने झैँ यसमा आबद्ध भएर एक एक थोपा जम्मा गरी गाग्रो भर्ने सुविधा

छ । सबै किसिमका व्यक्तिलाई समेट्न सक्ने हुँदा अविकसित, विकासोन्मुख र विकसित सबै देशमा सहकारी खुलेका छन् । आर्थिक स्थितिले कमजोर व्यक्तिलाई सहकारीले प्राथमिकतामा राख्ने भएकाले समानुपातिक आर्थिक समुन्नतिका लागि नेपाल जस्तो विकासोन्मुख देशका लागि यस किसिमको साझा संस्था निकै उपयोगी देखिन्छ ।

निश्चित समुदायका सदस्यले आफ्नो इच्छाअनुसार मिलेर सहकारीको स्थापना गर्ने भएकाले सहकारी स्वैच्छिक साझा संस्था हुन् । सहकारीबाट प्राप्त हुने सेवा उपयोग गर्न सक्ने र सदस्यता लिन चाहने सबै व्यक्ति सदस्य बन्न सक्ने भएकाले सहकारी खुला संस्था पनि हुन् । यिनमा सदस्यता लिने र सदस्यता त्याग गर्ने स्वतन्त्रता सबै सदस्यलाई उपलब्ध हुन्छ । कुनै पनि व्यक्ति अरूको करकापमा सदस्यता लिन बाध्य हुँदैन । सेवा उपयोग गर्न चाहने व्यक्तिलाई सदस्यता प्राप्त गर्न कुनै कृत्रिम छेकबार लगाउन मिल्दैन । यी संस्थामा आबद्ध सदस्यबिच लिङ्ग, वर्ग, वर्ण, जातजाति, धर्म र राजनीतिक आधारमा भेदभाव हुँदैन ।

स्वैच्छिक तथा खुला सदस्यताको व्यवस्था भए पनि सहकारीमा सदस्य बन्नका लागि निश्चित मापदण्ड तयार पारिएको छ । सहकारीमा सदस्य बन्न चाहने हरेक व्यक्तिले संस्थाबाट जारी हुने सेयर अनिवार्य रूपमा खरिद गर्नुपर्छ । सहकारी ऐनको दफा ३० बमोजिम १६ वर्ष पुगेको नेपाली नागरिक सहकारीको सदस्य बन्न सक्ने प्रावधान रहेको छ । सदस्य बन्ने व्यक्तिले सहकारीको कम्तीमा एक कित्ता सेयर खरिद गरेको र सहकारीको तोकिएको कार्यक्षेत्रमा बसोबास गरेको हुनुपर्छ । उल्लिखित योग्यता पुगे तापनि एक व्यक्ति एकै समयमा एकभन्दा बढी समान प्रकृतिका सहकारीको सदस्य बन्न मिल्दैन । सहकारीमा एकदेखि लिएर थुप्रै सेयर पनि किन्न सकिने व्यवस्था हुन्छ । जति नै सेयर किने पनि भोटको सङ्ख्या भने एक मात्र हुन्छ । यसमा नयाँ सदस्य र पुराना सदस्यका बिचमा पनि मतदान र विचार व्यक्त गर्ने काममा केही भेदभाव गरिँदैन । संस्थाको पुँजीमाथि सबै सदस्यको समान स्वामित्व हुन्छ । सहकारीमा नाफा भएमा सदस्यले चुक्ता गरेको सेयर पुँजीका आधारमा सीमित बचत फिर्ता पाउँछन् । संस्थाले आर्जन गर्ने मुनाफाबाट संरक्षित पुँजी फिर्ता कोष, बोनस कोष, जगेडा कोष, शिक्षा कोष, घाटा पूर्ति कोष खडा गरी संस्थागत विकास र सदस्यको सेवा तथा सुविधा सुनिश्चित गरिएको हुन्छ । सहकारी सदस्यकेन्द्रित संस्था भएकाले यसमा सदस्यको विशिष्ट भूमिका रहेको हुन्छ ।

सहकारी लोकतान्त्रिक संस्था हुन् । सहकारीका सदस्य आफ्नो संस्थाको नीति तय गर्न र निर्णय गर्नमा सक्रिय रूपमा सहभागी हुन्छन् । निर्वाचित प्रतिनिधिका रूपमा चयन हुने जुनसुकै महिला तथा पुरुष सदस्यप्रति उत्तरदायी हुन्छन् । संस्थामा एक व्यक्ति एक मतको आधारमा सदस्यको समान मताधिकार हुन्छ । यिनीहरूको गठन पनि लोकतान्त्रिक पद्धतिका आधारमा हुने गर्छ । सामान्यतया सहकारी संस्था गठन गर्न कम्तीमा ३० जना व्यक्ति आपसमा सङ्गठित हुनुपर्ने

व्यवस्था ऐनको दफा ३ (१) ले गरेको छ । सोही ऐनको दफा ३ (२)मा भने श्रमिक युवालगायतले आफ्नो श्रम र सिपमा आधरित भई व्यवसाय गर्ने सहकारी संस्थाको हकमा १५ जना नेपाली नागरिकले संस्था गठन गर्न सक्ने व्यवस्था रहेको छ। यसैले सहकारीले श्रम र सिपलाई बढी महत्त्व दिएको स्पष्ट हुन्छ ।

सहकारी स्वायत्त संस्था हुन् । संस्थाको सञ्चालन तथा कामकारबाहीमा सरकार तथा अन्य बाह्य निकायको हस्तक्षेप हुँदैन । सहकारीमा मूलतः कानुनी शासन, पारदर्शिता र जबाफदेही ढङ्गले संस्था चलाउने गरिन्छ । सङ्घसंस्थाले आफ्ना सदस्यबाट बचत तथा पुँजी सङ्कलन र बाह्य स्रोतबाट सम्झौता गरी ऋण प्राप्त गर्न सक्छन् । यसलाई व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि यसका एकाइ साधारण सभा, सञ्चालक तथा लेखा समिति आदि विभिन्न उपसमितिको व्यवस्था सहकारी नियमावलीमा गरिएको छ ।

नेपालको आर्थिक विकासमा सहकारीले ठुलो योगदान दिन सक्ने कुरा केही वर्षभित्र यसले गरेका विभिन्न कार्यबाट थाहा पाउन सकिन्छ । यसैले समाजका सबै क्षेत्रमा सहकारीको आवश्यकता सबैतिरबाट महसुस गरिएको छ । सहकारी विभागको वि.सं २०७७ को तथ्याङ्कअनुसार नेपालमा २९,८८६ सहकारी सञ्चालन भए पनि अहिलेसम्म सबै क्षेत्रमा सहकारीको सञ्चालन हुन सकेको छैन । सबैजसो क्षेत्रमा सहकारीलाई प्रभावकारी रूपमा सञ्चालन गरिएको खण्डमा नेपाल धेरै कुरामा स्वावलम्बी हुन सक्ने देखिन्छ । अहिले विश्वव्यापीकरणको बढ्दो प्रभावसँगै विदेशी वस्तुको बढ्दो प्रयोगले हाम्रा घरेलु उत्पादन सङ्कटमा पर्दै गएका छन् । हामीले स्वदेशी उत्पादनलाई प्राथमिकतामा नराखेसम्म हाम्रो आत्मनिर्भरताको यात्राको थालनी पनि हुँदैन । यस कार्यका लागि सहकारी नै प्रभावकारी माध्यम बन्न सक्ने देखिन्छ । यसका लागि सहकारीको प्रकृति तथा लाभबारे समुदायभित्रका सर्वसाधारणलाई सुसूचित गराउनुपर्छ । यसमा संलग्न भइसकेका सदस्यको चौतर्फी विकासका लागि अनवरत रूपमा शिक्षा र तालिमको व्यवस्था गर्नुपर्छ । सहकारीसम्बन्धी शिक्षाको अभावमा यसलाई विशुद्ध वित्तीय संस्था वा सामाजिक संस्थाका रूपमा लिने गरिएको पाइन्छ । सहकारीले वित्तीय र सामाजिक दुवै क्षेत्रमा काम गरे पनि यसका मूल्यमान्यता, सिद्धान्त, कार्यप्रकृति, नीति, उद्देश्य तथा कार्यक्रमका आधारमा यी दुवै किसिमका संस्थाभन्दा सहकारी नितान्त पृथक् छ । केही सञ्चालकले सहकारीका मूल्यमान्यता र सिद्धान्तको पूर्णतः उपेक्षा गरी वैयक्तिक स्वार्थबाट प्रेरित भएर संस्था सञ्चालन गरिरहेका छन् । उनीहरूले संस्थामा एकाधिकार कायम गरी रकम हिनामिना गरेर फरार हुँदा कैयौँ सर्वसाधारण ठगिएका छन् । सञ्चालकका यस किसिमको गतिविधिबाट विपन्न वर्गका व्यक्ति सहकारीबाट लिन सक्ने फाइदाबाट वञ्चित भएको स्थिति देखा परेको छ । यसर्थ सहकारीबाट सर्वसाधारण सबै समान रूपमा लाभान्वित होउन् भन्ने उद्देश्यले सरकार र सम्बद्ध सबै पक्ष यसप्रति समयमै सचेत हुनुपर्ने देखिएको छ ।

सहकारीबाट स्वदेशमै रोजगारीको सिर्जना हुने भएकाले यो आत्मनिर्भरता र विकासको प्रमुख माध्यम बन्न सक्छ । यो उद्यमशील संस्था भएकाले यसअन्तर्गत धेरै उद्यमशील र सिर्जनशील प्रकृतिका कार्य समाविष्ट छन् । सहकारी नीति, २०७४ मा उल्लेख गरिएअनुसार यसका उद्यमशीलताका क्षेत्र कृषि, पशुपालन, वन, वातावरण, विद्यालय, स्वास्थ्य, पर्यटन, सञ्चार तथा प्रविधि, वित्तीय सेवा, यातायात, जग्गा तथा आवास, ऊर्जा, बिमा, जडीबुटी आदि हुन् । अपार जलस्रोत एवम् उर्वरा भूमिले सम्पन्न र अनुपम प्राकृतिक सौन्दर्यले परिपूर्ण नेपालको जलस्रोत, कृषि र पर्यटनका क्षेत्रमा सहकारी सञ्चालनका सम्भाव्य अन्य क्षेत्र पनि पर्याप्त रहेका छन् । सहकारीका माध्यमबाट यिनको व्यवस्थापन गर्ने हो भने स्वदेशमै रोजगारी सिर्जना गर्न सकिन्छ । स्वदेशमै रोजगारी सिर्जना गर्न सके लाखौँ युवा विदेसिनुपर्ने स्थितिको अन्त्य हुन्छ । सिर्जनशील युवाको सक्रिय सहभागितामा स्वदेशको विकास तीव्र रूपमा अघि बढ्छ । यसबाट परनिर्भरता घट्न गई आत्मनिर्भर संस्कृतिको विकास हुन्छ र राष्ट्रिय अर्थतन्त्र पनि सुदृढ हुन्छ । सहकारीका माध्यमबाट उपर्युक्त सबै उद्योगलाई व्यवस्थित रूपमा सञ्चालन गर्दै नयाँ क्षेत्रलाई समेत समेटेर अघि बढ्न सके नेपाल संसारकै समुन्नत र सुखी मुलुक बन्न सक्छ ।

## शब्दभण्डार

१. **दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :**

| **शब्द** | **अर्थ** |
|---|---|
| सोद्देश्य | स्वामित्व |
| समन्वय | अतुलनीय |
| उदात्त | धेरै उब्जनी हुने, उब्जाउ |
| उपादेयता | विजय |
| स्वावलम्बी | व्यक्तित्व |
| स्वायत्तता | लाभांश |
| बोनस | स्वाधीनता |
| आधिपत्य | उपयोगिता |
| उर्वरा | महान् |
| अनुपम | एकभन्दा बढी कुराको मेल |
| | निश्चित उद्देश्यका साथ |
| | आत्मनिर्भर |

२. **दिइएका अर्थ दिने शब्द पाठबाट खोज्नुहोस् :**

(क) कुनै जाति वा समुदायको प्रगतिको सम्पूर्ण प्रतिबिम्ब

(ख) उद्योग, व्यापार आदि कुनै व्यवसायमा लगानी गरिएको निरन्तर मुनाफा दिइरहने मूल धन

(ग) साझा व्यापारमा लगाइएका सम्पत्तिको हिस्सा

(घ) भइपरी आउने कामकाजका लागि राखिएको सञ्चित धनमाल

(ङ) कुनै विषयलाई व्यवस्थित रूपमा गर्न, गराउन बनेको सरकारी नियम

(च) ऐन, विधान आदिको एक अंश

३. **दिइएका शब्दको विपरीतार्थक शब्द लेख्नुहोस् :**

उदय, उन्नति, सुखी, खुला, संयोग, स्वायत्तता, लाभ, विगत, विकास, नाफा

४. **दिइएका टुक्काको अर्थ पहिल्याई तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

हात छाड्नु, सातो जानु, घुँडा टेक्नु, टाउकामा टेक्नु, कुलेलम ठोक्नु, खुट्टा तान्नु, हात थाप्नु, ज्यान दिनु, तालुमा आलु फल्नु

५. **दिइएका पारिभाषिक शब्दलाई शब्दकोशीय अनुक्रममा मिलाउनुहोस् र शब्दकोशको सहायता लिई तिनको अर्थ पनि लेख्नुहोस् :**

अब्बल, दोयम, सिम, चाहार, ऐलानी, कित्ता, कुत, पर्ती, मोठ, सुकुम्बासी, आरक्ष, अग्रिम, अधिकृत, अन्तःशुल्क, आपूर्ति, आयव्यय, कार्यवाहक, गण

## बोध र अभिव्यक्ति

१. **'सहकारी' प्रबन्धको आदि, मध्य र अन्त्यमा आएका विषयवस्तुबारे भन्नुहोस् ।**

२ **'सहकारी' प्रबन्ध पढी दिइएका प्रश्नको उत्तर दिनुहोस् :**

(क) सहकारी भनेको के हो ?

(ख) आधुनिक सहकारीको अवधारणा कुन देशबाट आएको मानिन्छ ?

(ग) नेपाली संस्कृतिको मुख्य आधार के हो ?

(घ) सहकारीका निर्देशक सिद्धान्त के के हुन् ?

(ङ) सहकारीको मुख्य नाराको आशय के हो ?

(च) 'सहकारी' प्रबन्धको पहिलो र दोस्रो अनुच्छेदको सार भन्नुहोस् ।

(छ) सहकारी किन आवश्यक छ ?

३. **नेपालमा सहकारी स्थापनाका मुख्य उद्देश्य बताउनुहोस् ।**

४. **संयुक्त राष्टसङ्घले संसारका सबै देशलाई सहकारीको स्थापना र सञ्चालन गर्न दिएको सुझावबारे आफ्ना धारणा व्यक्त गर्नुहोस् ।**

५. **दिइएको प्रबन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

नेपालको आर्थिक विकासमा सहकारीले ठुलो योगदान दिन सक्ने कुरा केही वर्षभित्र यसले गरेका विभिन्न कार्यबाट थाहा पाउन सकिन्छ । यसैले समाजका सबै क्षेत्रमा सहकारीको आवश्यकता सबैतिरबाट महसुस गरिएको छ । सहकारी विभागको वि.सं २०७७ को तथ्याङ्कअनुसार नेपालमा २९,८८६ सहकारी सञ्चालन भए पनि अहिलेसम्म सबै क्षेत्रमा सहकारीको सञ्चालन हुन सकेको छैन । सबैजसो क्षेत्रमा सहकारीलाई प्रभावकारी रूपमा सञ्चालन गरिएको खण्डमा नेपाल धेरै कुरामा स्वावलम्बी हुन सक्ने देखिन्छ ।

**प्रश्नहरू**

(क) नेपाललाई कसरी आत्मनिर्भर बनाउन सकिन्छ ?

(ख) नेपालका घरेलु उत्पादनलाई व्यवस्थापन गरी बजारीकरण गर्न कस्ता उपाय अवलम्बन गर्नुपर्ला ?

६. **दिइएको प्रबन्धांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

अपार जलस्रोत एवम् उर्वरा भूमिले सम्पन्न र अनुपम प्राकृतिक सौन्दर्यले भरिपूर्ण नेपालको जलस्रोत, कृषि र पर्यटनका क्षेत्रमा सहकारी सञ्चालनका सम्भाव्य अन्य क्षेत्र पनि पर्याप्त रहेका छन् । सहकारीका माध्यमबाट यिनको व्यवस्थापन गर्ने हो भने स्वदेशमै रोजगारी सिर्जना गर्न सकिन्छ । स्वदेशमै रोजगारी सिर्जना गर्न सके लाखौँ युवा विदेसिनुपर्ने स्थितिको अन्त्य हुन्छ । सिर्जनशील युवाको सक्रिय सहभागितामा स्वदेशको विकास तीव्र रूपमा अघि बढ्छ । यसबाट परनिर्भरता घट्न गई आत्मनिर्भर संस्कृतिको विकास हुन्छ र राष्ट्रिय अर्थतन्त्र पनि सुदृढ हुन्छ । सहकारीका माध्यमबाट उपर्युक्त सबै उद्योगलाई व्यवस्थित रूपमा सञ्चालन गर्दै नयाँ क्षेत्रलाई समेत समेटेर अघि बढ्न सके नेपाल संसारकै समुन्नत र सुखी मुलुक बन्न सक्छ ।

**प्रश्नहरू**

(क) स्वदेशमै रोजगारी सिर्जना गर्न के गर्नु उपयुक्त हुन्छ ?

(ख) नेपाललाई कसरी संसारकै समुन्नत र सुखी मुलुक बनाउन सकिन्छ ?

७. **समीक्षात्मक उत्तर लेख्नुहोस् :**

(क) सहकारीले नेपालको विकासमा कसरी सहयोग पुऱ्याएको छ ?

(ख) 'सहकारीमा एक एक थोपा जम्मा गरी गाग्रो भर्ने सुविधा छ' विवेचना गर्नुहोस् ।

८. **दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

'समालोचना' शब्दको सामान्यार्थ कुनै पनि विषयवस्तु वा कुरालाई सबै कोणबाट राम्ररी हेर्नु भन्ने हुन्छ । साहित्यका सन्दर्भमा भने कुनै पनि साहित्यिक कृतिको निष्पक्षताका साथ गुण र दोषको अवलोकन गर्नु भन्ने अर्थ प्राप्त हुन्छ । अझभन्दा कुनै पनि साहित्यिक कृतिको गुण र दोषको निरूपण गरी उक्त कृतिको व्याख्या र मूल्याङ्कन गर्नु नै समालोचना हो भन्न सकिन्छ । समीक्षा, आलोचना, विवेचना र पाठक प्रतिक्रिया शब्दले पनि समालोचनाले सङ्केत गर्ने अर्थ दिने भएकाले यिनलाई पनि समालोचनाकै नामान्तरका रूपमा लिने गरिन्छ । समालोचना सृष्टिप्रतिको दृष्टि हो । सृष्टि भनेको सिर्जना हो भने दृष्टि भनेको त्यसलाई हेर्ने साधन वा काम हो । कुनै पनि सृष्टिको सौन्दर्यको अवलोकन, विश्लेषण र मूल्याङ्कनका लागि दृष्टिको आवश्यकता पर्ने भएकाले हरेक क्षेत्रमा पहिले सृष्टि वा सिर्जना हुन्छ त्यसपछि मात्र त्यस वस्तुको अवलोकन गर्ने दृष्टिको विकास हुन्छ । समग्र संसारकै कुरा गर्दा पनि पहिले जगत्को सृष्टि भएको र त्यसपछि मात्र उक्त जगत्को सौन्दर्यको अवलोकन र विश्लेषण गर्ने दृष्टियुक्त जीवको विकास भएको देखिन्छ । समालोचना पनि सिर्जनालाई हेर्ने दृष्टि भएकै कारण सिर्जनाभन्दा कनिष्ठ विधा हो । विश्व साहित्यमा नै समालोचना सिर्जनापछि आउनुले यस कुराको पुष्टि हुन्छ । पूर्वमा 'रामायण' र 'महाभारत' को सिर्जना भएपछि मात्र तिनका विविध पक्षको अवलोकन गर्ने उद्देश्यले भरत मुनिले 'नाट्यशास्त्र' को रचना गरेका हुन् । पश्चिममा होमरका सिर्जनात्मक कृति 'इलियड' र 'ओडिसी' को रचना गरिएको लामो समयपछि मात्र प्लेटोका समालोचनासम्बन्धी विभिन्न विचार र एरिस्टोटलको 'काव्यशास्त्र' आएका छन् । नेपाली साहित्यकै कुरा गर्दा पनि उदयानन्द अर्यालको 'पृथ्वीन्द्रोदय', भानुभक्त आचार्यको 'रामायण' आदि धेरै काव्यकृतिको सिर्जना भइसकेपछि मात्र उक्त कृतिको गुणदोषको मूल्याङ्कन हुन थालेको देखिन्छ । नेपालीमा कवि र काव्यकृतिको अवलोकन र मूल्याङ्कन गर्ने कार्यको थालनी मोतीराम भट्टले गरेका हुन् । उनले भानुभक्त र उनको रामायणको मूल्याङ्कन गर्ने उद्देश्यले रचना गरेको 'कवि

भानुभक्ताचार्यको जीवन चरित्र' नेपाली साहित्यप्रतिको दृष्टि प्रस्तुत भएको पहिलो कृति हो । मोतीरामको यो कृति जीवनीपरक भए पनि प्रस्तुत कृतिमा कवि भानुभक्त र उनको काव्य 'रामायण' का बारेमा केही विवेचनात्मक दृष्टि प्रस्तुत भएकाले नेपाली समालोचनाको प्रथम कृति यसैलाई मानिएको छ । यसैले कुनै पनि साहित्यकारका विशेषता वा साहित्यिक कृतिका गुणदोषको वस्तुगत विवेचना गर्ने विधा नै समालोचना हो ।

**प्रश्नहरू**

(क) समालोचनाको मुख्य कार्य के हो ?

(ख) 'सृष्टि' र 'दृष्टि' शब्दले के के बुझाएका छन् ?

(ग) पाश्चात्य साहित्यका प्रथम सिर्जनात्मक र समालोचनात्मक कृति कुन कुन हुन् ?

(घ) 'कवि भानुभक्ताचार्यको जीवन चरित्र' जीवनीपरक कृतिलाई किन नेपाली साहित्यको प्रथम कृति मानिन्छ ?

९. **दिइएको अनुच्छेद पढी चारओटा बुँदा टिप्नुहोस् र एक तृतीयांशमा सार लेख्नुहोस् :**

जिज्ञासा नै ज्ञानको बीज हो । जिज्ञासा वृत्तिलाई विकसित गर्नु र त्यसमा उत्तम संस्कारको स्थापना गर्नुमा नै शिक्षाको उपयोगिता रहेको हुन्छ । यसै कारणले जुन शिक्षाले मानवका सद्वृत्तिको जागरण गर्दैन, जसले मानवलाई भोगप्रधान प्रेयोमार्गबाट कल्याणप्रधान श्रेयोमार्गतर्फ लग्दैन, मानव मनमा पसेर मानवलाई एक श्रेष्ठ जीवनस्वप्नले भरिदिँदैन त्यो शिक्षा होइन, साक्षरता मात्र हो । आज यस किसिमको साक्षरता नै संसारका अनेक जटिल समस्याको कारण बन्न पुगेको छ । यस कारण शिक्षा हाम्रो धर्म र संस्कृतिको अनुकूल हुनैपर्छ । विद्यार्थीले विद्यालयमा मात्र सबै कुरा सिक्छन् भन्नु ठुलो भुल हुन जान्छ । बालक परिवारमा, बाटामा, मित्रसम्पर्कमा र सर्वत्र केही न केही सिकिरहेको हुन्छ । ऊ आफ्ना मातापिता, बन्धुबान्धव, साथीसँगाती, परिचित, अपरिचित मानिसको व्यवहारबाट पनि धेरथोर सिकिरहेको हुन्छ । यस कारण समाजको वातावरण आजको जस्तो दूषित हुनुहुँदैन । समाजको वातावरणको परिष्कार गर्नु अत्यन्त आवश्यक छ । यसको लागि अर्थप्रधान जीवनदृष्टिको ठाउँमा कर्तव्यप्रधान जीवनदृष्टिको स्थापना अत्यन्त आवश्यक हुन आउँछ । कर्तव्यप्रधान जीवनदृष्टिको निर्माण संस्कृतिमूलक शिक्षाबाट हुने गर्छ । यस्तो शिक्षाबाट मानव असल त हुन्छ नै साथै सफल पनि हुन्छ ।

*खप्तड स्वामी*

**१०. दिइएका मध्ये कुनै एक शीर्षकमा निबन्ध लेख्नुहोस् :**

(क) मानव जीवनमा योगको महत्त्व

(ख) देश विकासमा युवाको भूमिका

(ग) नेपालको आर्थिक विकासमा पर्यटन उद्योगको भूमिका

**११. दिइएको सर्जमिन मुचुल्काको नमुना पढ्नुहोस् र कुनै विषयमा एउटा सर्जमिन मुचुल्काको नमुना लेख्नुहोस् :**

लिखितम् हामी तपसिलका मानिस आगे भक्तपुर जिल्ला सूर्यविनायक नगरपालिका वडा न. ५ बस्ने जयराम धौभडेलकी छोरी लीला धौभडेलले आफू हालसम्म अविवाहित भएको कारण अविवाहित प्रमाणीकरणको सिफारिस गरिदिनुहुन भनी भक्तपुर जिल्ला सूर्यविनायक नगरपालिका वडा न. ५ को वडा कार्यालयमा निवेदन दिनुभएको र सो निवेदनको सम्बन्धमा वडा कार्यालयबाट खटी आउनुभएका डोर कर्मचारीले हामीलाई एकै ठाउँमा जम्मा भेला गराई निज निवेदकको निवेदनको व्यहोरा पढीवाची सुनाउनुभयो । यसमा निज निवेदकको निवेदन मागबमोजिम निजकी छोरीको हालसम्म विवाह भएको छ, छैन ? निज निवेदकको छोरीलाई वडा कार्यालयबाट अविवाहित प्रमाणीकरणको सिफारिस गरिदिए हुन्छ, हुँदैन ? भएको सत्यतथ्य, यथार्थ व्यहोरा पछिसम्म पनि फरक नपर्ने गरी लेखीलेखाई दिनुहोस् भनी सोधनी हुँदा हाम्रो चित्त बुझ्यो । यसमा माथि उल्लेख भएबमोजिम भक्तपुर जिल्ला सूर्यविनायक नगरपालिका वडा न. ५ बस्ने जयराम धौभडेलकी छोरी लीला धौभडेलको हामीले जानेबुझेसम्म आजका मितिसम्म विवाह भएको छैन । निज हालसम्म अविवाहित नै छन् । त्यसैले निजलाई भक्तपुर जिल्ला सूर्यविनायक नगरपालिका वडा न. ५ को वडा कार्यालयबाट नियमानुसार अविवाहित प्रमाणीकरणको सिफारिस गरिदिए हुन्छ, फरक पर्दैन भनी हाम्रो मनोमानी राजीखुसीले यो सर्जमिन मुचुल्काको कागज लेखिलेखाई सहीछाप गरी डोर कर्मचारी हस्ते वडा कार्यालयमा चढायौँ । यसमा लेखिएको सम्पूर्ण व्यहोरा ठिक छ, फरक छैन, फरक वा झुट्टा ठहरे प्रचलित कानुनबमोजिम सहुँला बुझाउँला भनी सही गर्ने

..........................................................................................

१. भक्तपुर जिल्ला सूर्यविनायक नगरपालिका वडा न. ५ बस्ने बस्ने वर्ष २५ को जयराम बस्नेत ........१

२. भक्तपुर जिल्ला सूर्यविनायक नगरपालिका वडा न. ५ बस्ने बस्ने वर्ष ३५ की गीता श्रेष्ठ ........१

३. भक्तपुर जिल्ला सूर्यविनायक नगरपालिका वडा न. ५ बस्ने बस्ने वर्ष ४० को सूर्यबहादुर थापा ........१

४. भक्तपुर जिल्ला सूर्यविनायक नगरपालिका वडा न. ५ बस्ने बस्ने वर्ष ५५ की डोल्मा तामाङ ........१

५. भक्तपुर जिल्ला सूर्यविनायक नगरपालिका वडा न. ५ बस्ने बस्ने वर्ष २७ को वीरबहादुर परियार ........१

६. भक्तपुर जिल्ला सूर्यविनायक नगरपालिका वडा न. ६ बस्ने बस्ने वर्ष ६५ को शिवलाल यादव ........१

७. भक्तपुर जिल्ला सूर्यविनायक नगरपालिका वडा न. ७ बस्ने बस्ने वर्ष ४५ देवीप्रसाद चालिसे .......१

**रोहबरमा**

१. यो सर्जमिन मुचुल्का मेरो रोहबरमा भएको हो भनी सही गर्ने निवेदकको बाबु जयराम धौभडेल ......१

२. सम्बन्धित निवेदक : लीला धौभडेल ....... १

**काम तामेल गर्ने**

.जयराम उपाध्याय, कार्यालय सहायक, सूर्यविनायक नगरपालिका वडा न. ५ को वडा कार्यालय, कटुन्जे

इति संवत् २०७८ साल जेठ महिना २ गते १ रोज शुभम् ..................................

**१२. दिइएको बैठकको निर्णयको नमुना पढ्नुहोस् र तपाईंका टोलमा खानेपानीको व्यवस्था गर्नका लागि तपाईंको वडा कार्यालयको बैठकबाट गर्ने निर्णयको नमुना लेख्नुहोस् :**

**बैठक निर्णय**

आज मिति २०७८ साल वैशाख ७ गते यस सहिद शुक्रराज खेलकुद मञ्चका अध्यक्ष जीवेन्द्र भट्टज्यूको अध्यक्षतामा मञ्च कार्यालयमा संस्थाको साधारण सभासम्बन्धी आवश्यक निर्णयार्थ यस मञ्चको कार्यकारी समितिको बैठक बस्यो । बैठकमा रहेको उपस्थिति, प्रस्ताव तथा प्रस्तावमाथि भएका निर्णय तपसिलबमोजिम रहेका छन् :

उपस्थिति

| क्र.स. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | जीवेन्द्र भट्ट | अध्यक्ष | |
| २. | स्मिता बम | उपाध्यक्ष | |
| ३. | प्रमिला परियार | सचिव | |
| ४. | उपेन्द्र चौधरी | कोषाध्यक्ष | |
| ५. | अमृत तामाङ | सदस्य | |
| ६. | सजना भारती | सदस्य | |
| ७. | जनार्दन छेत्री | सदस्य | |
| ८. | शिवहरि खनाल | सदस्य | |
| ९. | करुणा प्रधान | सदस्य | |
| १०. | मनोज यादव | सदस्य | |
| ११. | माया गुरुङ | सदस्य | |

**प्रस्तावित विषय**

१. संस्थाको साधारण सभा सम्बन्धमा

२. संस्थाको लेखापरीक्षण सम्बन्धमा

३. विविध

**निर्णय**

१. प्रस्ताव न. १ माथि छलफल हुँदा यस संस्थाको वार्षिक साधारण सभा गर्ने समय भएकाले आगामी मिति २०७८ जेठ ७ गते दिनको ११ बजेदेखि संस्थाको आफ्नै सभाकक्षमा यस संस्थाको १५ औँ साधारण सभा सञ्चालन गर्ने निर्णय गरियो । उक्त सभाका लागि सबै साधारण तथा आजीवन सदस्यलाई सूचना गर्ने र उक्त सभाको उद्घाटन सत्रमा स्थानीय पालिका, वडा समिति, स्थानीय विद्यालय र कार्यालयका प्रमुख वा प्रतिनिधिलाई आमन्त्रणसमेत गर्ने निर्णय गरियो ।

२. माथिको निर्णय १ अनुसार साधारणसभा गर्नुअगावै यस संस्थाको आ. व. २०७६/०७७ तथा चालु आ. व. २०७७/०७८ को सुरुदेखि हालसम्म चालु अवधिको लेखापरीक्षण गर्न आवश्यक भएकाले सोका लागि नेपाल सरकारबाट इजाजत प्राप्त दर्तावाल लेखापरीक्षक श्री मन्दिरा विश्वकर्मालाई लेखापरीक्षकमा नियुक्ति गर्ने निर्णय गरियो ।

३. निर्णय न. १ अनुसार संस्थाको साधारण सभाका लागि आवश्यक मसलन्द सामान, अतिथि सत्कार, चियापान आदि खर्चका लागि पछि फर्स्योट गर्ने गरी हाललाई रु. ५००००।- (अक्षरेपि पचास हजार मात्र) संस्थाका कोषाध्यक्षलाई पेस्की उपलब्ध गराउने निर्णय गरियो ।

आजको बैठकका विषयवस्तु समाप्त भएकाले बैठक समापन गरियो ।

**१३. दिइएको विज्ञप्ति पढ्नुहोस् र केही विद्युतीय माध्यममा 'सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा' विषयलाई हटाएर 'गणित' विषय अनिवार्य बनाइएको भन्ने समाचार प्रकाशित भएपछि त्यसको खण्डन गरिएको र दुवै विषयमध्ये एउटा अनिवार्य रूपमा लिनुपर्ने व्यवस्था कायम भएको जानकारीका लागि पाठ्यक्रम विकास केन्द्रको तर्फबाट निकालिने विज्ञप्तिको नमुना लेख्नुहोस् :**

नेपाल सरकार
गृह मन्त्रालय
सिंहदरबार,
काठमाडौँ, नेपाल

मिति: २०७७/१०/२९

पत्र सङ्ख्या :

च.न.

**विज्ञप्ति**

अध्यागमन विभागको मौजुदा पर्यटक भिसासम्बन्धी आन्तरिक कार्यविधिमा संशोधन गरी नेपाली महिलाहरू पहिलो पटक जोखिम सम्भाव्य मुलुकहरूमा पर्यटक भिसामा जाँदा स्थानीय तहको सिफारिसलाई अनिवार्य गर्न लागिएको भन्ने सम्बन्धमा विभिन्न सञ्चार माध्यम तथा सामाजिक सञ्जालहरूबाट भइरहेका प्रकाशन, प्रसारण तथा प्रतिक्रियामाथि यस मन्त्रालयको ध्यानाकर्षण भएको छ । नेपाली महिलाहरू कतिपय मुलुकमा पर्यटक भिसामा जाँदा हुन सक्ने सुरक्षालगायतका जोखिमलाई विचार गरी त्यस्ता मुलुकमा हुने भ्रमणलाई सुरक्षित तथा सहज बनाउने तथा पर्यटक भिसाको दुरूपयोग हुन नदिने आदि अन्य विषयमा छलफल भइरहेको भए पनि स्थानीय तहको सिफारिस अनिवार्य हुने गरी कुनै छलफल नभएको तथा यससम्बन्धी कार्यविधिमा हालसम्म कुनै निर्णय नभएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

चक्रबहादुर बुढा
सहसचिव/प्रवक्ता

१४. **दिइएको व्यक्तिगत विवरणको नमुना पढ्होस् र चेतना आधारभूत विद्यालयका लागि नेपाली विषय पढाउने शिक्षक माग गरिएको अवस्थामा सो पदका लागि आवश्यक पर्ने आफ्नो व्यक्तिगत विवरण तयार पार्नुहोस् :**

**व्यक्तिगत विवरण**

नाम : दीपा ज्ञवाली

जन्मस्थान : सन्धिखर्क न.पा २, अर्घाखाँची

जन्ममिति : २०४६/१०/२१

माता : विमला ज्ञवाली

पिता : तेजप्रसाद ज्ञवाली

सम्पर्क नम्बर : ................

इमेल : ..................

वैवाहिक स्थिति : विवाहित

स्थायी ठेगाना : सन्धिखर्क न.पा २, अर्घाखाँची

सम्पर्क ठेगाना : कीर्तिपुर नगरपालिका ६, चोभार

**शैक्षिक योग्यता**

२०६८ : स्नातक, त्रिभुवन विश्वविद्यालय

२०६४ : उच्च माध्यमिक तह, उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी भक्तपुर

२०६२ : एस.एल.सी., परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुर

**तालिम तथा अनुभव**

२०७१ देखि सरस्वती माध्यमिक विद्यालयमा आधारभूत तहको नेपाली विषय शिक्षक पदमा कार्यरत

२०७४ चार महिने आधारभूत कम्प्युटर तालिम

२०७६ जयतु संस्कृतम् संस्थाद्वारा सञ्चालित संस्कृत भाषाको दुई महिने तालिम

२०७७ ब्रिटिस काउन्सिल नेपालद्वारा सञ्चालित अङ्ग्रेजी भाषाको सात हप्ते तालिम

हस्ताक्षर

नाम

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ ११ सुन्नुहोस् र दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) 'म' पात्रका विचारमा टाउको कत्रो छ ?

(अ) भकुन्डो जत्रो (आ) चन्द्रमा जत्रो

(इ) पृथ्वी जत्रो (ई) पृथ्वीभन्दा ठुलो

(ख) नयाँ ठाउँ पत्ता लगाउने व्यक्ति को को हुन् ?

(अ) मिल्टन र टेन (आ) न्युटन र डार्बिन

(इ) कोपर्निकस र आइन्स्टाइन (ई) भास्कोडिगामा र कोलम्बस

(ग) न्युटन र आइन्स्टाइनले गरेका योगदान के के हुन् ?

(अ) मनोविज्ञान र विकासवादको व्याख्या (आ) महाकाव्य र उपन्यासको सिर्जना

(इ) गुरुत्वाकर्षण र सापेक्षतावादको व्याख्या (ई) टाउको र ब्रह्माण्डको विश्लेषण

२. **किन कृष्ण, कन्फ्युसियस, क्राइस्ट, बुद्ध र मोहम्मदलाई मानव जातिको उद्धारकर्ताका रूपमा लिने गरिन्छ, सुनाइ पाठ ११ का आधारमा आफ्ना तर्क दिनुहोस् ।**

## भाषातत्त्व

१. **दिइएका अनुच्छेद पढ्नुहोस् र तिनमा प्रयुक्त वाक्यमा कर्ता, कर्म र क्रियापदको स्थान हेर्नुहोस् । पहिलो अनुच्छेद र दोस्रो अनुच्छेदमध्ये कुन कुनमा सामान्य र विशिष्ट पदक्रमका वाक्य प्रयुक्त छन्, भन्नुहोस् :**

(क) पुग्यौँ बिहान दश बजे हामी खप्तड । बिसायौँ झोलाहरू छेउकै एक थुम्कामा अनि हेर्न थाल्यौँ खप्तडको अनुपम प्राकृतिक सौन्दर्य देख्यौँ । ढकमक्क फुलेका रङ्गीचङ्गी फूल, सुन्यौँ चराका चिरचिर, हेऱ्यौँ खच्चडका बथान, पुग्यौँ केही छिनमै भूस्वर्ग झैँ स्वामी खप्तडको तपोभूमि । देख्नेबित्तिकै तपोभूमि सोचेँ मैले यस्तै सुन्दर र शान्त ठाउँमा साधना गरेर नै होला, रचना गर्न सके जसले 'विचारविज्ञान' जस्तो महान् ग्रन्थरत्न ।

(ख) हामी बिहान दश बजे खप्तड पुग्यौँ । हामीले झोलाहरू छेउकै एक थुम्कामा बिसायौँ अनि खप्तडको अनुपम प्राकृतिक सौन्दर्य हेर्न थाल्यौँ । ढकमक्क फुलेका रङ्गीचङ्गी फूल देख्यौँ, चराका चिरचिर सुन्यौँ, खच्चडका बथान हेऱ्यौँ, केही छिनमै भूस्वर्ग झैँ स्वामी खप्तडको तपोभूमि पुग्यौँ । तपोभूमि देख्नेबित्तिकै मैले यस्तै सुन्दर र शान्त ठाउँमा साधना गरेर नै होला, जसले 'विचारविज्ञान' जस्तो महान् ग्रन्थरत्न रचना गर्न सके भन्ने सोचेँ ।

२. **उदाहरणमा दिइए झैँ तलका सामान्य पदक्रमका वाक्यलाई विशिष्ट पदक्रममा परिवर्तन गर्नुहोस् :**

कविर बिहान सबेरै उठ्छ । ऊ नित्यकर्म गर्छ । ऊ आफ्ना भाइबहिनीलाई उठाउँछ । उसकी आमाले उनीहरू सबैलाई चियाखाजा दिनुहुन्छ । ऊ किताबकापी बोकेर विद्यालय जान्छ । विद्यालयमा साथीहरूसित मिलेर पढ्छ । ऊ गृहकार्य गर्छ । ऊ भाइबहिनीलाई पढाउँछ । ऊ फुर्सदको समयमा पुस्तकालय जान्छ ।

<table>
<tr><th colspan="4">सामान्य पदक्रम</th><th>विशिष्ट पदक्रम</th></tr>
<tr><td>निमाकी आमाले</td><td>घरका सबैलाई</td><td>चियाखाजा</td><td>दिनुहुन्छ</td><td rowspan="3">घरका सबैलाई निमाकी आमाले चियाखाजा दिनुहुन्छ ।<br>दिनुहुन्छ निमाकी आमाले घरका सबैलाई चियाखाजा ।</td></tr>
<tr><td>विशेषण नाम</td><td>विशेषण नाम</td><td>नाम</td><td>क्रियापद</td></tr>
<tr><td>कर्ता</td><td>अप्रत्यक्ष कर्म</td><td>प्रत्यक्ष कर्म</td><td>क्रियापद</td></tr>
</table>

३. **उदाहरणमा दिइए झैँ कर्ता, अप्रत्यक्ष कर्म, प्रत्यक्ष कर्म र क्रिया तथा अप्रत्यक्ष कर्म, कर्ता, प्रत्यक्ष कर्म र क्रियाको क्रममा प्रयोग भएका पदको प्रयोग गरी अन्य पाँच पाँचओटा वाक्य टिप्नुहोस् :**

(क) आरिफले आसिफलाई कलम दियो ।

कर्ता + अप्रत्यक्ष कर्म + प्रत्यक्ष कर्म + क्रियापद

(ख) आसिफलाई आरिफले कलम दियो ।

अप्रत्यक्ष कर्म + कर्ता + प्रत्यक्ष कर्म + क्रियापद

४. **तलको अनुच्छेदमा प्रयुक्त लेख्य चिह्न टिप्नुहोस् र तिनको नाम पनि भन्नुहोस् :**

एक दिन रिमा, प्रशंसा, अलगुवा र आसिफले पदयात्रा गर्दै अन्नपूर्ण आधार शिविर घुम्ने सल्लाह गरे । त्यसको भोलिपल्ट उनीहरू अन्नपूर्ण पदयात्राका लागि प्रस्थान गरे । पदयात्राका क्रममा एक रात उनीहरूलाई बाटामै वास बस्नुपर्ने भयो । उनीहरूले एउटा रुखमुनि पाल हालेर बसे । त्यसको एक छिनमा एक जना विद्वान् पनि त्यहाँ आइपुगे । उनले पनि हिँड्न अप्ठ्यारो भएकाले ती युवासित त्यही बस्न पाए हुन्थ्यो भन्ने विचार व्यक्त गरे । युवाले पनि विद्वान्को प्रस्ताव स्विकारे । यसैले त्यस दिन उनीहरूले आफूसित जे छ त्यही खाएर चित्त बुझाउनुपर्ने भयो । खानेकुराका नाममा रिमासित चिउरा र अलगुवासित भुटेका मकै मात्र

रहेछन् । यत्तिले सबैको पेट कसरी भरिन्छ ? सबै एकआपसमा प्रश्न गर्दै थिए । यो समस्या ती विद्वान्ले सुने र भने, "ती चिउरा र भुटेका मकै एउटा भाँडो वा कागज जे छ त्यसैमा राख । सबैले अलि अलि निकाल्दै खाँदै जाऊ । तिमीहरू सबै त्यति खानाबाट अघाउँछौँ ।" उनीहरूले विद्वान्ले भनेबमोजिम गरे । यति खाएपछि सबैको पेट भरियो । "ओहो ! यति थोरै खाने कुराले सबैको पेट कसरी भरियो ?" अलगुवाले आश्चर्य प्रकट गरे । आसिफले उत्तर दिए, "यो विद्वान्को चमत्कार हो" तर ती विद्वान्ले भने, "यो तिमीहरूको सद्भावनाले भरिएको समझदारीको चमत्कार हो । तिमीहरूले खोसाखोस गरेको भए वा एक्लै खाएको भए त्यति खाने कुराबाट सबैको पेट भरिन सम्भव थिएन । तिमीहरूले मिलेर खायौ, तिमीहरू सबैको पेट भरियो । जुन ठाउँमा सद्भावना, सहिष्णुता र सहकार्य हुन्छ त्यस्तो परिवार र समाजमा सबै सुखी हुन्छन् ।" यस भ्रमणमा अत्यन्तै नौलो अनुभव सँगालेका ती साथीमध्ये अलगुवाले त 'अन्नपूर्ण भ्रमण र अनौठो अनुभूति' शीर्षकको लेख लेखेर पत्रिकामा छपाए पनि ।

५. **उपयुक्त लेख्य चिह्न प्रयोग गरी तलको अनुच्छेदको पुनर्लेखन गर्नुहोस् :**

छिरिङ हरेक दिन नियमित रूपमा कुनै न कुनै नयाँ पुस्तक पढ्ने गर्थे उनले कथा कविता उपन्यास र यात्रा सस्मरण विधाका धेरै किताब पढिसकेका थिए । मुनामदन पढ्दा उनी निकै भावुक बनेका थिए । पढ्दाखेरि केही कुरा नबुझ्दा उनी हजुरआमासँग जान्थे र किताब देखाउँदै भन्थे हजुरआमा यसको अर्थ के हो । किताब देख्नेबित्तिकै हजुरआमा भन्नुहुन्थ्यो ओहो तिमीले यो के ल्यायौ हजुरआमालाई भने काला अक्षर भैँसी बराबर थिए । यसैले हजुरआमाले सम्झाएको भावमा उनलाई भन्नुहुन्थ्यो मैले तिमीहरूको जस्तो वेलामा विद्यालय जान पाइनँ । यसैले मलाई केही आउँदैन तिमीहरू त धेरै भाग्यमानी छौ सानैदेखि विद्यालय जान पाएका छौ । आमाबुबासित सोध्न पाएका छौ । त्यसैले भरे आमा आएपछि सोध न यसो भने पनि उनी हजुरआमाका कुरा बारम्बार सुनिरहन्थे । आगो ताप्नु मुढाको, कुरा सुन्नु बुढाको भने झैँ छिरिङ हजुरआमाको अनुभवपूर्ण कुराबाट प्रत्येक दिन केही न केही नयाँ कुरा सिकिरहेका हुन्थे ।

६. **दिइएका चिह्नको प्रयोग गरी साथीहरूसँग आफू घुम्न गएको कुनै ठाउँको वर्णन गर्नुहोस् ।**

(क) प्रश्नवाचक चिह्न

(ख) उद्गार चिह्न

(ग) उद्धरण चिह्न

(घ) कोष्ठक चिह्न

(ङ) योजक चिह्न


७. **शुद्ध बनाई लेख्नुहोस् :**

शहकारी लोकतान्त्रीक सँस्था हुन । सहकारी का सदस्य आफ्नो सँस्थाको निती तय गर्न र निरणय गर्नमा सक्रिय रूपमा सहभागी हुन्छन् ।

## सिर्जना र परियोजना कार्य

१. **कक्षाका विद्यार्थीहरू मुचुल्का, प्रशासनिक टिप्पणी, बैठक निर्णय र विज्ञप्ति समूहमा विभाजन हुनुहोस् र सम्बन्धित व्यक्ति, संस्था, कार्यालयमा सम्पर्क राखी आआफ्नो समूह नामअनुसारको लेखनका नमुना सङ्कलन गर्नुहोस् । सङ्कलित सामग्रीलाई समूहगत रूपमा कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **कक्षाका विद्यार्थीको छओटा समूह बनाएर प्रत्येक समूहले एक एकओटा बुँदा चयन गरी तल तालिकामा दिइएका सबै बुँदाका बारेमा छलफल गर्नुहोस् र प्राप्त निष्कर्षलाई कक्षामा प्रस्तुत गर्नुहोस् :**



पाठ
१२

# जीवन मार्ग




आजभोलि गाउँसहर जताततै चोमोलुङ्मा औद्योगिक प्रतिष्ठानबाट उत्पादित वस्तुको चर्चा छ । नभन्दै देशविदेशमा रहेका नेपालीका घरमा यस औद्योगिक प्रतिष्ठानबाट उत्पादित कुनै न कुनै सामान पुगेकै छन् । केही वर्षअघिसम्म पनि हामी भन्ने गर्थ्यौं “हाम्रो घरभित्र नेपाली ब्रान्डका कुनै पनि सामान छैनन् ।” तर अब त्यस्तो स्थिति छैन । हाम्रा घरभित्र कोठा कोठामा नेपाली उत्पादनका अनेक सामान छन् । त्यसमा पनि चोमोलुङ्मा औद्योगिक प्रतिष्ठानका उत्पादनको बाहुल्य रहेको छ । हिजो मात्र अमेरिकामा बस्ने साथीसँग भिडियो च्याटमा उसले आफ्नो कोठाको दृश्य देखायो । नेपाली उत्पादनका सामानलाई बडो जतनसँग सजाएर राखेको रहेछ । अस्ट्रेलिया, जापान, क्यानडा, स्पेनतिरका साथीसँगको भिडियो च्याटमा पनि नेपाली उत्पादनका सामान सजिएको देखिएकै छ । नेपाली उत्पादनका सामानमध्ये पनि चोमोलुङ्माका उत्पादनको बाहुल्य देखिन्छ । त्यसो त नेपाल आउने अधिकांश विदेशीले यस प्रतिष्ठानका सामान नेपालको चिनाका रूपमा लैजान थालेका छन् । हेर्दाहेर्दै नेपालबाट विदेश निर्यात हुने वस्तुमा यस औद्योगिक प्रतिष्ठानका सामानको वर्चस्व हुँदै छ ।

चोमोलुङ्मा सगरमाथाको अर्को नाम । सगरमाथा संसारको सर्वोच्च शिखर, नेपालीको मान, सान र पहिचान । यही नाममा औद्योगिक प्रतिष्ठान खोल्ने र नेपालको मौलिक पहिचानमा आधारित अनि स्थानीय कच्चा सामानको सदुपयोग गर्दै उद्योग स्थापना गर्ने सोचलाई मान्नैपर्छ । त्यति मात्र होइन त्यस्तो सोचलाई मूर्त रूप दिँदै सामान उत्पादन, बिक्री वितरणमा पनि चोमोलुङ्माको शिखर चुम्न सफल बन्नु चानचुने कुरा होइन ।

‘चोमोलुङ्मा औद्योगिक प्रतिष्ठान’ यो नाम पहिलो पटक सुन्दा मलाई गज्जब लागेको थियो । केही समयपछि त्यस प्रतिष्ठानका उत्पादन मेरो घरमा भित्रिन थाले । सुरुमा मेरी जीवन सङ्गिनीले बाँसको काइँयो, थाँक्रो, फिपी, नाङ्लो, डालो, चाल्नो, थुन्से ल्याइन् । केही दिनपछि बुबाले ठेकी, मदानी, सुरो, चम्मर ल्याउनुभयो । उहाँले निगालाबाट बनेका पूजा सामग्री राख्ने ढक्की र धार्मिक

किताब राख्नका लागि सानो र्‍याक पनि ल्याउनुभयो । बिस्तारै गलैंचा, राडी, लुकुनी, थाङ्का, खाँडीको कपडा, भाङ्ग्राको झोला, अम्रिसाको कुचो, बाँसका कुर्सी र सोफा आए । चौंरीको घिउ, मह, गुराँसको जुस, मान्द्रेको अचार, कटुसका दिउल आदिको स्वाद सबैको जिब्रामा बस्न थाल्यो । गहत, सतीबयरको सातु, सिन्की, गुन्द्रुक, कोदो र फापरको पिठो, मार्सी चामल, बुङको आलु, पिँडालु, जिम्बु, सिस्नुको धुलो, किनामा आदि भित्रिन थाले । हुँदाहुँदा चोमोलुङ्मा औद्योगिक प्रतिष्ठानका सामान भएनन् भने भातभान्सै नहुने स्थिति बन्न पुग्यो ।

चोमोलुङ्मा ब्रान्डका सामानसँगको घनिष्ठतासँगै त्यस औद्योगिक प्रतिष्ठानप्रति चासो जाग्नु स्वाभाविक थियो । त्यसमाथि आफू परियो सगरमाथा शिखरको हिउँ पग्लिएर बनेको दुधकोशीमा धेरै पटक मकर नुहाएर हुर्किएको मान्छे । त्यसैले चोमोलुङ्मा औद्योगिक प्रतिष्ठानका बारेमा रिपोर्ताज तयार पार्ने हुटहुटी जाग्यो ।

गत शनिबार बिहान रिमरिम उज्यालो हुँदै गर्दा म काठमाडौँको कोटेश्वरबाट सोलु दुधकुण्ड जाने माइक्रोबसमा चढेँ । बस भक्तपुर, बनेपा, धुलिखेल, नेपालथोक, खुर्कोट, घुर्मी, हिलेपानी, ओखलढुङ्गा, ठाडे हुँदै बेलुका ४ बजे सोलुसल्लेरी पुग्यो । सोलुखुम्बु जिल्लामा मेरा धेरै साथी छन् । बसबाट ओर्लनासाथ गणेश, रुद्र अनि डेन्डी मलाई भेट्न आइपुगे । साथीहरूले मेरा लागि एउटा होटलमा बस्ने व्यवस्था मिलाइदिएका रहेछन् । होटलमा केही बेर बिसाएँ, साथीहरूसँगै सुचिया पिएँ अनि झोला थन्क्याएँ । मित्र गणेशले मोटरसाइकलमा राखेर सल्लेरी बजार परिक्रमा गराए । चोमोलुङ्मा औद्योगिक प्रतिष्ठानका निर्देशक छिरिङसँग फोनमा कुरा भयो । उनी घर गएका रहेछन् । भोलि बिहान १० बजे मात्रै सल्लेरी आइपुग्ने रहेछन् । “भोलि खानासाना खाएर भेट गरौँ, भोलिको समय तपाईंका लागि” उनले भने । बेलुका अबेरसम्म साथीहरूसँग गफ गरियो र राती ११ बजे सुत्न गइयो । यात्राको थकानले होला राम्रो निद्रा परेछ । बिहान आँखा खुल्दा झ्यालबाट सूर्यको प्रकाश छिर्न लागेको रहेछ ।

वैशाखको दिन, सल्लेरीमा जाडो गएको रहेनछ । बिहानको चियाखाजापछि गणेशजीले मोटरसाइकलमा चढाए । हामी मोटरसाइकलबाट खरीखोलासम्म र त्यसपछि पैदल हिँड्दै लुक्ला विमानस्थल पुग्यौँ । विमानस्थलमा भिडभाड रहेछ । हामीले केही फोटा खिच्यौँ । गणेशजीसँग मैले स्थानीय एफएम रेडियो र पत्रपत्रिकाका कार्यालय, क्याम्पस र केही सरकारी अड्डामा पुग्ने अवसर पाएँ । यस्तैमा बिहानको खाना खाने वेला भयो । खाना खाएर केही समय आराम गरेपछि छिरिङजीको फोन आयो । त्यति वेला दिउँसोको एक बजेको थियो ।

चोमोलुङ्मा औद्योगिक प्रतिष्ठानका मुख्य परिकल्पनाकार, मुख्य परियोजनाकार, मूल लगानीकर्ता अनि निर्देशक छिरिङले मलाई प्रतिष्ठानको गेटमै स्वागत गरे । टेलिफोनमा धेरै पटक कुराकानी

भए पनि आमनेसामनेमा भेटघाट भने पहिलो पटक हुँदै थियो । मैले प्रतिष्ठानका बारेमा विस्तृतमा बुझ्न चाहेको कुरा बताएँ । छिरिङ मलाई सहयोग गर्न इच्छुक र उत्सुक देखिए । उनले औद्योगिक प्रतिष्ठानको परिकल्पनादेखि त्यसको स्थापना, सञ्चालन, उत्पादन, बिक्री वितरण सविस्तार बताए । मैले आवश्यक कुरा टिप्दै गएँ । मित्र गणेशले हाम्रो कुराकानीलाई भिडियोमा कैद गरे ।

चोमोलुङ्मा औद्योगिक प्रतिष्ठानको मुख्य कार्यालय सोलुखुम्बु जिल्लाको सदरमुकाम सल्लेरीमा स्थापित रहेछ । यसका शाखा, उपशाखा देशका विभिन्न भागमा रहेछन् । "प्रतिष्ठानले विगत पाँच वर्षदेखि स्थानीय कच्चा पदार्थको प्रयोग गरी नेपालको मौलिकता र पहिचानमा आधारित वस्तुको उत्पादन गर्दै आएको छ । हाम्रा उत्पादन स्वदेश र विदेशमा समेत लोकप्रिय हुँदै आएका छन् ।" छिरिङले भने ।

औद्योगिक प्रतिष्ठानको समग्र अवलोकन र त्यस बारेको आवश्यक जानकारी लिएपछि मैले निर्देशक छिरिङको कामको प्रशंसा गरेँ र बधाई दिएँ । उनले नम्रतापूर्वक धन्यवाद दिए । ताइचिन चामलको चिउरा, चौँरीको घिउमा तारेको बुङको आलुको चाना, टिमुर र जिम्बुको चटनी, लालीगुराँसको जुस, स्याउको सलाद र सुकुटी जस्तै विभिन्न परिकार खाँदै हामीले कुराकानी गऱ्यौँ ।

"म आमाबुबाको सबैभन्दा जेठो सन्तान हुँ । मेरो बुबा भारी बोक्ने काम गर्नुहुन्थ्यो । आमा घरको काम गर्नुहुन्थ्यो । हामीसँग थोरै मात्र जग्गाजमिन थियो र त्यसको उब्जनीले तीनचार महिना पनि धान्दैनथ्यो । बुबाले भारी बोकेर अनि आमाले बनीबुतो गरेर हाम्रो जीवन चलेको थियो । म र भाइबहिनीहरू विद्यालयमा पढ्दै थियौँ । हाम्रो परिवारको दुर्भाग्य, एक साँझ बुबा भारीसहित हिउँमा चिप्लिएर भिरबाट खस्नुभयो र उहाँको जीवन समाप्त भयो । त्यति वेला म आठ कक्षामा पढ्थेँ । त्यसपछि मैले बुबाको उत्तराधिकारी भएर उहाँले गरिआएका काम सुरु गर्नुपऱ्यो । मेरो पढाइ रोकियो । भारी बोक्न कहिले कटारी, कहिले जिरी र कहिलेकाहीँ चाहिँ हिमाल चढ्नेको भरिया भएर बेसक्यामसम्म जानुपर्थ्यो । हिमाल चढ्न आउने पर्यटकको भारी बोक्न पाउँदा कमाइ अलिक राम्रै हुन्थ्यो तर त्यस्तो अवसर कम पाइन्थ्यो । बाँकी समयमा नाम्चेका व्यापारीका लागि सामान बोक्न जानुपर्थ्यो । यस्तैमा केही वर्ष बिते । संयोगवश, एक दिन एक जना विदेशी पर्यटकले मप्रति दया देखाए । मेरो बारेमा सबै कुरा थाहा पाएपछि उनले मलाई दश कक्षासम्म पढ्नका लागि छात्रवृत्ति दिने भए । उनले विद्यालयमा कुरा गरेपछि मलाई विद्यालयमा सरसफाइ गर्ने र बाँकी समय पढ्ने जागिर पनि मिल्यो । त्यही जागिरको पैसा र विदेशी पर्यटकले दिएको छात्रवृत्तिले मेरो घरखर्च र पढाइखर्चमा सहयोग भयो । मैले राम्रो श्रेणीमा एसएलसी उत्तीर्ण गरेँ ।"

केही बेर रोकिएर सुचियाको चुस्की लिँदै उनले भने, "एसएलसी पास गरेपछि मैले विद्यालयमा पढाउन पाएँ । जागिरसँगै उच्च शिक्षालाई पनि अघि बढाएँ । स्नातक सकेपछि केही समय सरकारी

जागिरे पनि भएँ । जागिर छोडेर केही समय ट्रेकिङ व्यवसायमा लागेँ । विभिन्न देशको भ्रमणको अवसर पनि मिल्यो तर मलाई अझै चित्त बुझेन । म जापानतिर हान्निएँ । त्यहाँ गएपछि मैले श्रमको महत्त्व थाहा पाएँ । स्वदेशमै बसेर केही गर्न सकिन्छ भन्ने लाग्यो । दुई वर्षपछि म स्वदेश फर्किएँ ।”

“त्यसपछि के के गर्नुभयो ? कसरी यस क्षेत्रमा आउनुभयो ?” मैले उत्सुकतापूर्वक सोधेँ । उनले भने, “त्यसपछि केही साथीहरूको लहलहैमा लागेर मैले काठमाडौँ उपत्यका र तराईतिर जग्गा प्लटिङ गर्दै बेच्ने काम गरेँ । त्यसबाट पैसा त कमाइयो तर मन सन्तुष्ट हुन सकेन । खेतीयोग्य जमिन मासेर घडेरी बनाउने अनि महँगोमा बेच्ने । साहूको रिन काढेर विदेश गएका युवाले बर्सौं परिश्रम गरेर दशबिस लाख जम्मा गर्छन् । त्यसरी कमाएको रुपियाँ सहर र सदरमुकामतिर घडेरी किनेर सक्छन् । कहिले र कसरी घर बनाउने भन्ने उनीहरूलाई थाहा हुँदैन । यदि फेरि आठदश वर्ष दुःख गरेर एकतले घर बनाए भने त्यसपछि के खाने भन्ने कुनै योजना र आधार हुँदैन । यसले त नेपाली कमाइलाई बर्बाद बनाउने रहेछ भन्ने थाहा पाएँ । खेतीयोग्य जमिन मासेर कङ्क्रिटको जङगल बनाउने त्यो पेसामा मन रमाएन । त्यसलाई चटक्कै छोडेर अनेक विकल्पको खोजी गरेँ । अन्ततः यतातिर आइपुगेँ ।”

मेरो जिज्ञासा बढ्दै गयो । “चोमोलुङ्मा औद्योगिक प्रतिष्ठानको परिकल्पना चाहिँ कसरी गर्नुभयो ?” मैले सोधेँ ।

“विभिन्न देशको भ्रमण गरेपछि अनि जापानमा केही वर्ष काम गरेपछि मलाई थाहा भयो, जुन देशले आफ्नो देशको मौलिकतालाई, पहिचानलाई, स्रोत साधनलाई अनि श्रम र सिपलाई सदुपयोग गर्दै त्यसलाई विश्व बजारमा बेच्न सके तिनीहरू नै आत्मनिर्भर भएका रहेछन् । तिनीहरूले नै विकास गरेका रहेछन् । नेपालमा आएर केही व्यापार व्यवसायमा हात हालेपछि थाहा भयो, नेपाललाई प्रकृतिले अपार स्रोत साधन दिएको छ । मरुभूमिको तातो बालुवामा श्रम बेच्दा पनि खुसी हुने श्रमशक्ति पनि हामीसँग छ । यो त ठुलो कुरा हो नि तर हामीले यसको सदुपयोग गर्न सकेनौँ । यतिसम्म कि हामी हाम्रो खेतबारी बाँझो राख्छौँ र विदेशबाट अन्न आयात गर्छौं । यत्रा खोलानाला छन्, करोडौँको माछा आयात गर्छौं । यत्रा पाखापखेरा, जमिन बाँझै छन्, अरबौँको फलफूल र तरकारी आयात गर्छौं । यो त साह्रै लाजमर्दो कुरा हो नि होइन र ? यो कुरा बुझेपछि मैले नेपाली मौलिकतामा, नेपाली स्रोतसाधनमा उद्योग खोल्नुपर्छ र त्यस्ता उद्योगबाट उत्पादित सामान मात्रै हामीले विदेशमा निर्यात गर्न सक्छौँ भन्ने ज्ञान प्राप्त भयो । त्यसपछि चोमोलुङ्मा औद्योगिक प्रतिष्ठानको परिकल्पना जन्मियो । केही नजिकका साथीहरूलाई यसको अवधारणा बताए । उनीहरूले सुरुमा शङ्का गरे । गहन छलफलपछि साथीहरूले साथ दिए र अन्ततः त्यसले मूर्तता पायो ।”

“यो कामबाट चाहिँ सन्तुष्ट हुनुहुन्छ ?” मैले सोधेँ ।

“एकदमै । कतिपय व्यापार व्यवसायले आफू मात्र धनी भइन्छ । यो कामबाट भने आफूले पनि केही न केही कमाइन्छ र अरूलाई पनि कमाउने अवसर सिर्जना भएको छ । स्वदेशी कच्चा पदार्थको सदुपयोग, देशभित्रै रोजगारी सिर्जना, उपभोग्य वस्तुमा आत्मनिर्भर बन्ने प्रक्रियामा केही न केही योगदान अवश्य पुगेको छ । यसबाट मुलुकको अर्थतन्त्रको विकासमा सहयोग पुग्नका साथै हाम्रो मौलिकता र पहिचानको पनि संरक्षण, संवर्धन र विकास हुने छ ।” उनले ढुक्कसँग भने ।

यस प्रतिष्ठानका उत्पादनको बिक्री वितरण बढेसँगै देशका विभिन्न क्षेत्रमा यस्तै प्रकृतिका उद्योग खुलेको मलाई थाहा छ । त्यसैले मैले छिरिङलाई सोधेँ, “तपाईँहरूका प्रतिस्पर्धी त थपिँदै छन् नि । यसबाट तपाईँहरूलाई घाटा हुँदैन ?”

“हेर्नुहोस् सर, आजको युग प्रतिस्पर्धाको युग हो, एकाधिकारको होइन । हामीले राम्रा र उपयोगी वस्तुको उत्पादन गर्न सक्यौँ भने बजारको समस्या हुँदैन । विश्वव्यापीकरणको आजको युगमा नेपाली संसारभर छरिएर रहेका छन् । विश्वको जुनसुकै कुनामा पुगे पनि नेपालीले आफ्नो मौलिकता र पहिचानलाई भुलेका छैनन् । उनीहरू उपलब्ध भएसम्म आफ्ना मौलिक वस्तुको उपभोग गर्न रुचाउँछन् । आज विश्वभर कृत्रिम र विषादीयुक्त खानपानका कारण अनेक रोग निम्तिएका छन् । नेपाल जस्तो प्रकृतिको सुन्दर देशमा हामीले अर्गानिक तथा प्राकृतिक वस्तुको उत्पादन गर्न सक्यौँ भने हाम्रा उत्पादन संसारभर बिक्ने छन् । त्यसैले प्रतिस्पर्धीहरू थपिँदैमा आत्तिनु पर्दैन । बजारको विस्तारसँगै कुनै एउटा उद्योगका उत्पादनले मात्र सबैको माग र आवश्यकता पूरा गर्दैन । कुनै एक क्षेत्रमा स्थापित उद्योगले सबैको चाहना र आवश्यकताको परिपूर्ति सम्भव छैन ।” यत्ति भनेर उनले एउटा स्याउको टुक्रा मुखमा हाले ।

“हामीकहाँ नयाँ कुराको परिकल्पना गर्ने, जोखिम मोल्ने भन्दा पनि अरूले गरेको हेरेर त्यसैको अनुसरण गर्ने र अस्वस्थ प्रतिस्पर्धा गर्ने चलन छ । कुनै चोकमा एउटा मम पसल राम्रोसँग चल्यो भने एकैसाथ आठदशओटा मम पसल खुल्छन् । एउटा मासु पसलमा राम्रो बिक्री भयो भने एकैसाथ पाँचसातओटा मासु पसल खुल्छन् । अरू विषयतिर मानिसको ध्यानै जाँदैन । तपाईँहरूले नाफा कमाएको देखेर अरूले पनि उही प्रकृतिमा उद्योग खोलेको देखिन्छ नि । यसले तपाईँहरूलाई असर गर्दैन ।” गुराँसको जुसको चुस्की लिँदै मैले भनेँ ।

“तपाईँले भनेको ठिक हो । हामीले विकल्प खोज्नुपर्छ । सबैले उही काम गरेर हुँदैन । हाम्रा आवश्यकता असीमित छन् । तिनको परिपूर्तिका लागि विविधता आवश्यक हुन्छ तर नगर्नुभन्दा केही गर्नु राम्रो हो । ‘देखासिकी गरी खा आरिसे मरी जा’ भन्ने हाम्रो उखान पनि छ । जहाँसम्म हाम्रो जस्तो उद्योगको कुरा छ, त्यसमा भने अहिले कति पनि काम भएकै छैन । हामीले गरेका काम त

हात्तीका मुखमा जिरा जस्ता मात्रै हुन् । यस्ता हजारौँ उद्योग हुनुपर्छ । केही कुरामा भने हामीले ध्यान दिनैपर्छ । पहिलो कुरा हो गुणस्तरमा सम्झौता गर्नुहुँदैन । दोस्रो कुरा स्वस्थ प्रतिस्पर्धा, सहकार्य र आदानप्रदानको संस्कृति बसाउनुपर्छ । त्यसो गर्न सके हामी जति धेरै उत्पादन त्यति धेरै फाइदाको अवस्थामा जान्छौँ ।" यसो भन्दै गर्दा छिरिङको अनुहारमा गम्भीरता झल्किन्थ्यो ।

मैले आजको अन्तिम प्रश्न भन्दै उनलाई सोधेँ, "उद्यम गर्न चाहनेहरूलाई के सुझाव दिनुहुन्छ ?" केही बेर सोचेर उनले भने, "आफू मात्र धनी बन्ने काम कुनै ठुलो कुरा होइन, कुनै पुरुषार्थ होइन र त्यो त उद्यम पनि होइन । दुनियाँलाई ठगेर आफू धनी बन्ने काम उद्यम होइन, अधम हो । उद्यमी हुनु भनेको आफूसँगै अरूलाई पनि धनी बनाउने काम हो । हरेक उद्यमीका लागि उन्नतिको मार्ग नै यही हो ।"

पत्तै नपाई सूर्य अस्ताचलमा डुब्ने वेला भइसकेछ । सूर्यका किरण पश्चिम क्षितिजमा लुकिसक्दा पनि लुम्बुर हिमालमा ठोकिएर आएको रातो आभाले उज्यालो दिइरहेको थियो । त्यही आभाको उज्यालोमा छिरिङको अनुहार धपक्कै बलेको थियो । मैले उनको अनुहार गहिरोसँग हेरेँ । एउटा मझौला कदको गहुँगोरो वर्णको छिरिङको मुहारमा नेपालको सुन्दर आकृति देख्न सकिन्थ्यो । हामीले कुराकानी छोट्यायौँ । औद्योगिक प्रतिष्ठानको मूल गेटमा उभिएर फोटो खिचायौँ अनि फेरि फेरि पनि भेट्ने वाचा गर्दै हात मिलाएर बिदा भयौँ ।

बेलुका सातै बजे खाना खाएर होटलको कोठामा छिरेको म अहिले रातको एघार बज्दा पनि ल्यापटपको किबोर्डमा झुन्डिरहेको छु । पल्लो कोठामा वास बसेका विदेशीको घुराइको घुर्रघुर्र आवाजबाहेक सबैतिर सुनसान छ । अँ, भर्खरै पर कतै स्याल कराएको सुनियो । लौ, कुकुर पनि एक सुरले भुक्न थाले । होइन, अहिलेसम्म कता गएका थिए यी कुकुर ! अब त यो रिपोतार्ज पनि तयार भयो । ए, 'उद्योग दैनिक' का सम्पादकले एसएमएस गरेका रहेछन्, "सर त्यो लेख भोलि नै जाओस् भनेको । रातीको १२ बजेसम्म पाउन सके हुन्थ्यो ।" "हुन्छ, मैले लेखिसकेँ, अब एक पटक खरर पढ्छु र पठाइदिन्छु ।" मैले एसएमएसको जवाफ फर्काएँ र लागेँ ल्यापटपको मनिटरमा आँखा दौडाउन । केहीबेरमा पढिसकेर सम्पादकलाई इमेलमार्फत रिपोर्ट पठाएँ । रिपोर्ट पठाएको केही बेरमै सम्पादकबाट फोन आयो शीर्षक के दिने होला भनेर । छिरिङसँगको वार्ताबाट पाएको सन्देशले मलाई साँच्चिकै प्रभाव पारेको थियो । यो जनजीवनलाई सहज बनाउने मार्ग बन्न सक्छ भन्ने लाग्यो र भनिदिए 'जीवन मार्ग' ।

## शब्दभण्डार

१. **शब्द र अर्थका बिचमा जोडा मिलाउनुहोस् :**

| **शब्द** | **अर्थ** |
|---|---|
| मौलिक | स्वदेशबाट विदेशमा सामान पठाउने काम |
| बाहुल्य | नियन्त्रण, अधिकार |
| जतन | कसैको आधार नलिएको, सिर्जनात्मक |
| चिनो | स्पष्ट आकार भएको |
| निर्यात | धेरै हुनाको भाव वा अवस्था |
| वर्चस्व | सम्पन्न, पूरा |
| मूर्त | चिह्न, निसान |
| किनिमा | असल |
| मकर नुहाउनु | आफ्नो अधिकार बाहिरको कुरामा गरिने दखल |
| हस्तक्षेप | उज्यालो |
| फत्ते | भटमासबाट बनाइएको एक प्रकारको परिकार |
| | सुरक्षित |
| | माघे सङ्क्रान्तिमा नुहाउने काम |

२. **तल पाठमा भएका खानेकुराका नामको सूची दिइएको छ । शिक्षकको सहयोगबाट ती खानेकुराका बारेमा थाहा पाउनुहोस् :**

कटुसका दिउल, सतीबयर, सिन्की, सुचिया, मार्सी चामल, गहत, बुङको आलु, पिँडालु, जिम्बु

३. **शिक्षक र साथीसँग सोधखोज गरेर दिइएका सामानका बारेमा थाहा पाउनुहोस् :**

काइँयो, थाक्रो, फिपी, नाङ्लो, डालो, चाल्नो, गलैँचा, राडी, लुकुनी, थाङ्का, खाँडीको कपडा, भाङ्ग्राको झोला, बाँसका कुर्सी, सोफा, डालो, थुन्से, अम्रिसाको कुचो, नेपाली कागज, ठेकी, मदानी, सुरो

४. **दिइएका शब्दको अर्थ लेख्नुहोस् :**

परिकल्पनाकार, आना, धुर, आत्मनिर्भर, आयात, एकाधिकार, कृत्रिम, अर्गानिक, जोखिम, विकल्प

५. **शब्दकोशको सहायताबाट उदाहरणमा दिए झैँ तलका शब्दको शब्दवर्ग, शब्दस्रोत र अर्थ लेख्नुहोस् :**

| शब्द | शब्दवर्ग | शब्दस्रोत | अर्थ |
|---|---|---|---|
| असल | वि. (विशेषण) | अ. (अरबी) | राम्रो |
| विकास | ........... | ............. | ........... |
| इष्ट | ............. | ................ | ............. |
| स्कुल | ................ | .............. | ........... |
| किनामा | ................ | ................... | ......... |
| चिया | ............. | .............. | |

६. **दिइएका कुनै पाँचओटा उखानलाई वाक्यमा प्रयोग गरी कक्षामा सुनाउनुहोस् :**

हात्तीका मुखमा जिरा, काम गर्ने कालु मकै खाने भालु, खाने मुखलाई जुँघाले छेक्दैन, गर्ने भन्ने हनुमान् पगरी गुथ्ने ढेडु, घाँटी हेरी हाड निल्नु, बोल्नेको पिठो पनि बिक्छ नबोल्नेको चामल पनि बिक्दैन, मेरो गोरुको बाह्रै टक्का, म ताक्छु मुढो बन्चरो ताक्छ घुँडो, रातभरि करायो दक्षिणा हरायो, हुने बिरुवाको चिल्लो पात, हात्ती आयो हात्ती आयो फुस्सा, एकले थुकी सुकी सयले थुकी नदी, नमच्चिने पिङको सय झट्का

## बोध तथा अभिव्यक्ति

१. **रिपोर्ताज पाठ पढी सोधिएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) चोमोलुङ्मा औद्योगिक प्रतिष्ठान कस्तो प्रतिष्ठान हो ?

(ख) चोमोलुङ्मा औद्योगिक प्रतिष्ठानबाट बिक्री गरिने सामान किन लोकप्रिय भए ?

(ग) छिरिङको पारिवारिक पृष्ठभूमि कस्तो छ ?

(घ) किन छिरिङलाई जग्गा प्लटिङ व्यवसाय ठिक लागेन ?

२. **दिइएको रिपोर्ताज अंश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

"हेर्नुहोस् सर, आजको युग प्रतिस्पर्धाको युग हो, एकाधिकारको होइन । हामीले राम्रा र उपयोगी वस्तुको उत्पादन गर्न सक्यौँ भने बजारको समस्या हुँदैन । विश्वव्यापीकरणको आजको युगमा नेपाली संसारभर छरिएर रहेका छन् । विश्वको जुनसुकै कुनामा पुगे पनि नेपालीले आफ्नो मौलिकता र पहिचानलाई भुलेका छैनन् । उनीहरू उपलब्ध भएसम्म आफ्ना मौलिक वस्तुको उपभोग गर्न रुचाउँछन् । आज विश्वभर कृत्रिम र विषादीयुक्त खानपानका

कारण अनेक रोग निम्तिएका छन् । नेपाल जस्तो प्रकृतिको सुन्दर देशमा हामीले अर्गानिक तथा प्राकृतिक वस्तुको उत्पादन गर्न सक्यौँ भने हाम्रा उत्पादन संसारभर बिक्ने छन् । त्यसैले प्रतिस्पर्धी थपिँदैमा आत्तिनु पर्दैन । बजारको विस्तारसँगै कुनै एउटा उद्योगका उत्पादनले मात्र सबैको माग र आवश्यकता पूरा गर्दैन । कुनै एक क्षेत्रमा स्थापित उद्योगले सबैको चाहना र आवश्यकताको परिपूर्ति सम्भव छैन ।" यत्ति भनेर उनले एउटा स्याउको टुक्रो मुखमा हाले ।

**प्रश्नहरू**

(क) नेपाली मौलिक उत्पादनको बजार कस्तो छ ?

(ख) पाठमा प्रतिस्पर्धी थपिँदैमा आत्तिनु पर्दैन किन भनिएको हो ?

३. **किन लेखक चोमोलुङ्मा औद्योगिक प्रतिष्ठानका विषयमा रिपोर्ताज लेख्न अग्रसर भए, लेख्नुहोस् ।**

४. **दिइएको रिपोर्ताज अंश पढी सोधिएका प्रश्नको उत्तर भन्नुहोस् :**

हामीले विकल्प खोज्नुपर्छ । सबैले उही काम गरेर हुँदैन । हाम्रा आवश्यकता असीमित छन् । तिनको परिपूर्तिका लागि विविधता आवश्यक हुन्छ तर नगर्नुभन्दा केही गर्नु राम्रो हो । 'देखासिकी गरी खा आरिसे मरी जा' भन्ने हाम्रो उखान पनि छ । जहाँसम्म हाम्रो जस्तो उद्योगको कुरा छ, त्यसमा भने अहिले कति पनि काम भएकै छैन । हामीले गरेका काम त हात्तीका मुखमा जिरा जस्ता मात्रै हुन् । यस्ता हजारौँ उद्योग हुनुपर्छ । केही कुरामा भने हामीले ध्यान दिनैपर्छ । पहिलो कुरा हो गुणस्तरमा सम्झौता गर्नुहुँदैन । दोस्रो कुरा स्वस्थ प्रतिस्पर्धा, सहकार्य र आदानप्रदानको संस्कृति बसाउनुपर्छ । त्यसो गर्न सके हामी जति धेरै उत्पादन त्यति धेरै फाइदाको अवस्थामा जान्छौँ ।

**प्रश्नहरू**

(क) 'देखासिकी गरी खा आरिसे मरी जा' भन्ने उखानको तात्पर्य के हो ?

(ख) जति धेरै उत्पादन त्यति धेरै फाइदाको अवस्थामा पुग्ने उपाय के हो ?

५. **विभिन्न देशको भ्रमणबाट छिरिङले कस्तो शिक्षा पाए, लेख्नुहोस् ।**

६. **छिरिङको जीवन सङ्घर्षबाट के शिक्षा लिन सकिन्छ, आफ्नो विचार लेख्नुहोस् ।**

७. **दिइएका उद्धरणको व्याख्या गर्नुहोस् :**

(क) "हामीकहाँ नयाँ कुराको परिकल्पना गर्ने, जोखिम मोल्नेभन्दा पनि अरूले गरेको हेरेर त्यसैको अनुसरण गर्ने, अस्वस्थ प्रतिस्पर्धा गर्ने चलन छ ।"

(ख) "वास्तवमा कलम र हृदय दुवैको मेल भएपछि राम्रो लेख्न सकिने रहेछ ।"

८. **तपाईंलाई छिरिङसँगको वार्ताका आधारमा तयार पारिएको जीवन मार्ग कस्तो लाग्यो, तर्कसहित आफ्नो विचार लेख्नुहोस् ।**

९. **दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

नेपालले हेलसिन्की ओलम्पिक (सन् १९५२) देखि ओलम्पिक खेलमा भाग लिएको बताइन्छ तर यसको पुष्टि हुन सकेको छैन । सन् १९६० को रोम ओलम्पिकमा नेपालले एक जना पर्यवेक्षक पठाएको भनिएको छ। नेपालको पहिलो औपचारिक ओलम्पिक खेलको सहभागिता भने सन् १९६४ को टोकियो ओलम्पिकबाट भएको देखिन्छ । सन् १९६३ मा नेपालमा पहिलोपल्ट ओलम्पिक ज्योति ल्याइएको थियो । सन् १९६४ को टोकियोमा भएको १८ औँ ओलम्पिक खेलकुदमा छ जना नेपाली खेलाडीले प्रतिस्पर्धा गरेका थिए । सन् १९६८ को मेक्सिको ओलम्पिकमा नेपालले सहभागिता जनाएन । सन् १९७२ मा जर्मनीको म्युनिखमा सम्पन्न २० औँ ओलम्पिकमा नेपालबाट दुई जना धावकले भाग लिएका थिए । २१ औँ मोन्ट्रियल ओलम्पिकमा वैकुण्ठ मानन्धरले म्याराथुनमा सहभागिता जनाए । सन् १९८० को मास्को ओलम्पिकमा १२ जना नेपाली खेलाडीले भाग लिए । सन् १९८४ को लस एन्जलस ओलम्पिकमा एथलेटिक्स, बक्सिङ र भारोत्तोलनमा नै ११ नेपाली खेलाडीले भाग लिएका थिए । सन् १९८८ मा सोलमा भएको २४ औँ ओलम्पिक भने नेपालका लागि ऐतिहासिक भयो । ओलम्पिकमा पहिलो पटक प्रदर्शनी खेलका रूपमा समावेश गरिएको तेक्वान्दो खेलबाट नेपालका विधान लामाले काश्य पदक जितेर ओलम्पिक संसारलाई चकित तुल्याए । प्रदर्शनी खेलका कारण सो पदक आधिकारिक पदक तालिकामा भने परेन । त्यसपछि सन् १९९२ को २५ औँ ओलम्पिकमा पाँच खेलाडी, सन् १९९६ को एटलान्टा ओलम्पिकमा छ खेलाडी, सन् २००० को सिड्नी ओलम्पिकमा पाँच खेलाडीले सहभागिता जनाए जसमा सुटिङकी भगवती खत्रीले वाइल्ड कार्ड प्राप्त गरिन् । सन् २००४ को २८ औँ एथेन्स ओलम्पिकमा भने नेपालले नयाँ इतिहास रच्यो । सो ओलम्पिकका लागि बैङ्ककमा सम्पन्न एसियाली छनोट चरणमा काश्य पदक जितेर सङ्गिना वैद्यले पदकको ढोका खोलेकी थिइन् । २९ औँ बेइजिङ ओलम्पिक (सन् २००८) मा दीपक बिष्टले सङ्गिना वैद्यको पाइला पछ्याए । उनी पनि छनोट चरण पार गरी बेइजिङ पुगेका हुन् । भियतनाममा भएको

एसियन ओलम्पिक्स छनोट चरणमा काश्य पदक जित्दै उनले सो सफलता पाएका हुन् । बेइजिङमा तेक्वान्दो, एथ्लेटिक्स, पौडी, जुडो र सुटिङ खेल गरी आठ खेलाडीको प्रतिनिधित्व थियो । लन्डन ओलम्पिक (सन् २०१२) मा नेपालले वाइल्ड कार्ड पाएर सहभागिता जनाउन पाएको थियो । ब्राजिल ओलम्पिक (सन् २०१६) मा नेपालले पाँच खेलमा सहभागिता जनाएको थियो । सन् २०२० मा जापानमा हुने ओलम्पिक खेल कोरोना भाइरसका कारण रोकिएकाले २०२१ मा सम्पन्न भयो ।

**प्रश्नहरू**

(क) ओलम्पिक खेलमा नेपालको प्रवेश कहिले र कहाँबाट भएको हो ?

(ख) ओलम्पिकमा नेपालको सहभागिता कुन कुन खेलमा हुने गरेको छ ?

(ग) सन् १९८० को मास्को ओलम्पिकमा कति जना नेपाली खेलाडीले भाग लिए ?

(घ) नेपालले ओलम्पिक खेलमा पाएको सफलता कस्तो छ ?

१०. **दिइएको अनुच्छेदबाट चारओटा बुँदा टिपी एक तिहाइमा नबढ्ने गरेर सारांश लेख्नुहोस् :**

परापूर्वकालदेखि समाजमा प्रचलित कलालाई लोककला भनिन्छ । लोककला एक पुस्ताबाट अर्को पुस्तामा पुस्तान्तरण हुँदै जान्छ । नेपालमा थारु, मैथिली, पर्वते, नेवारी, जैती, अवधी, मुस्ताङ्गी, भोटे, खाम, किरात, राजवंशी आदिका लोककला प्रचलित छन् । यीमध्ये थारु लोककला पनि एक हो । थारु लोककलाअन्तर्गत चित्रकला, मूर्तिकला, वास्तुकला, हस्तकला, झुट्टीकला, गोडैनाकला आदि पर्छन् । तिनमा पनि विशेष गरी चित्र र मूर्तिकला बढी प्रचलित छन् । चित्रकला भित्ता, प्रस्तर, डेहरी, हस्तकलाका सामान, भूमि, पट, वास्तु, काठ, कागज आदि माध्यमबाट बनाइन्छ । थारु समाजमा विशेष गरी पश्चिमतिर अस्टिम्की र मिथिला क्षेत्रतिर कोहवर/सितुवा र बाँसबसिनी चित्र बढी प्रचलित छन् । त्यस्तै सुदूरपूर्वमा मोखकला र सुदूरपश्चिममा सजावटीय चित्र तथा उद्भृत मूर्ति बनाउने चलन रहेको छ । कृष्णाष्टमीका दिन घरको भित्तामा बनाइने चित्रलाई अस्टिम्की भनिन्छ । प्रतीकात्मक ढङ्गले बनाइने यो चित्रले सत्य, त्रेता, द्वापर र कलियुगलाई समेटेको हुन्छ । विवाहका वेला थारुहरूले बनाउने चित्र 'सितुवा/कोहवर' भनिन्छ । ज्यामितीय आकारमा बनाइएका यस्ता चित्रमा पहेँलो, रातो, हरियो र कालो रङको प्रयोग अधिक मात्रामा गरिएको हुन्छ । यो चित्रको खास उद्देश्य वैवाहिक जीवनलाई सुमधुर बनाउनु हो । थारु समाजमा पूजाआजा तथा विभिन्न संस्कारजन्य कार्यमा विभिन्न खाले चित्र बनाइन्छ । बेहुली घर भित्र्याउने वेलामा सेलरोटी आकारको प्रतीकात्मक गोलो चित्र बनाइन्छ । देवदेवीको पूजापाठका वेला त्रिशूल,

स्वस्तिक चिह्न, कमल, त्रिभुज, षट्कोणलगायतका प्रतीकात्मक चित्र बनाइने गरिन्छ । चट्याङ नपरोस् भनेर सेतो माटाले घरको बाहिरपट्टिको भित्ताका बिचमा रेखा तानिन्छ र त्रिशूल बनाइन्छ । थारु समाजमा प्रस्तर, काष्ठ तथा सेरामिक मूर्तिकला प्रचलनमा रहेका छन् । तीमध्ये पनि सेरामिक कलाको बढी प्रयोग भएको पाइन्छ । भाँडावर्तन, हात्ती, घोडा, बाघ, मयूर, जोखवा जोखिनियाँलगायतका माटाका मूर्ति थारु समाजमा प्रचलित छन् ।

*देवेन्द्र थुम्केली*

## सुनाइ र बोलाइ

**१. सुनाइ पाठ १२ सुन्नुहोस् र दिइएका प्रश्नको उत्तर दिनुहोस् :**

(क) कम्प्युटरलाई व्यवस्थित बनाउने कार्य केले गरेका हुन्छन् ?

(ख) हार्डवेयर भनेको के हो ?

(ग) निवेशअन्तर्गत पर्ने उपकरण के के हुन् ?

(घ) कम्प्युटरलाई सधैँ स्वस्थ र क्रियाशील बनाउन के गर्नुपर्ने हुन्छ ?

२. **किन कम्प्युटरमा एन्टिभाइरस सफ्टवेयर राख्नुपर्छ, सुनाइ पाठ १२ का आधारमा तर्क दिनुहोस् ।**

## भाषातत्त्व

१. **तलको तालिकामा दिइएका प्रत्यक्ष कथन र अप्रत्यक्ष कथनका वाक्य पढ्नुहोस् । प्रत्यक्ष कथनका वाक्यलाई अप्रत्यक्ष कथनमा परिवर्तन गर्दा भएका कार्य 'प्रक्रिया' शीर्षकअन्तर्गत दिइएका छन्, तिनका बारेमा पनि हेक्का राख्नुहोस् र माथिको पाठबाट प्रत्यक्ष कथनमा रहेका पाँचओटा वाक्य टिप्नुहोस् :**

| **प्रत्यक्ष कथन** | **अप्रत्यक्ष कथन** | **प्रक्रिया** |
|---|---|---|
| १. गुरुले भन्नुभयो, "पढाइ त राम्रो छ ।" | - गुरुले के भन्नुभयो भने पढाइ त राम्रो छ ।<br>- पढाइ त राम्रो छ भनी गुरुले भन्नुभयो ।<br>- गुरुले पढाइ राम्रो भएको विचार व्यक्त गर्नुभयो ।<br>- गुरुले पढाइ राम्रो भएको बताउनुभयो । | - उद्धरण चिह्न हटाइएको, कथन अंश र कथयिता अंशलाई के ..भने, भनी, एको संयोजकद्वारा जोडिएको |

| | | |
|---|---|---|
| २. विद्यार्थीले एक स्वरमा भने, "हजुरको प्रेरणाले नै हामी राम्रो पढ्न सक्ने भएका हौँ ।" | - विद्यार्थीले के ठहऱ्याए भने गुरुको प्रेरणाले नै उनीहरू राम्रो पढ्न सक्ने भएका हुन् ।<br>- विद्यार्थीले गुरुको प्रेरणाले नै उनीहरू राम्रो पढ्न सक्ने भएको बताए । | - कथयिता अंशको क्रियापदलाई कथन अंशको आशयअनुसार बताउ, ठान्, ठहऱ्याउ, कामना गर्, प्रतिबद्धता व्यक्त गर्, निर्देशन दिई आदिमा परिवर्तन गरिएको |
| ३. गुरुले भन्नुभयो, "तिमीहरू निकै मिहिनेती छौ ।" | - गुरुले उनीहरू निकै मिहिनेती भएको ठहऱ्याउनुभयो ।<br>- गुरुका अनुसार उनीहरू निकै मिहिनेती छन् ।<br>- गुरुले उनीहरूलाई निकै मिहिनेती ठान्नुभयो । | - कथन अंशको पुरुषलाई कथयिता अंशको पुरुषअनुसार परिवर्तन गरिएको, कथन अंश द्वितीय पुरुषमा भएको ठाउँमा कथयिता अंशको कर्मका अनुसार परिवर्तन गरिएको |
| ४. विद्यार्थीले भने, "हामी सक्दो मिहिनेत गर्छौं ।" | - विद्यार्थीले सक्दो मिहिनेत गर्ने प्रतिबद्धता व्यक्त गरे ।<br>- विद्यार्थीले सक्दो मिहिनेत गर्ने बताए । | - निकटतावाचक शब्द 'यो' र 'यस' लाई दुरीवाचक शब्द त्यो र त्यसमा परिवर्तन गरिएको |
| ५. गुरुले भन्नुभयो, "सबैको परीक्षा राम्रो होस् ।" | - गुरुले सबैको परीक्षा राम्रो होस् भन्ने कामना गर्नुभयो ।<br>- गुरुले सबैको परीक्षा राम्रो होस् भन्ने चाहनुभयो । | |
| ६. गुरुले भन्नुभयो, "यी किताबलाई यस बेन्चमा राख ।" | - गुरुले ती किताबलाई त्यस बेन्चमा राख्न निर्देशन दिनुभयो । | |

| | | |
|---|---|---|
| ७. रिमाले भनिन्, "प्रतिष्ठा, तिमी दुईचार दिन घरमै आराम गर ।" | - रिमाले प्रतिष्ठालाई दुईचार दिन घरमै आराम गर्ने सल्लाह दिइन् । | |
| ८. डोल्माले भनिन्, "नेपालले साहसिक पर्यटन क्षेत्रमा निकै प्रगति गर्ला ।" | - डोल्माले नेपालले साहसिक पर्यटन क्षेत्रमा निकै प्रगति गर्ने सम्भावना व्यक्त गरिन् । | |
| ९. आरिफले भने, "आहा ! यहाँबाट रारा ताल कति राम्रो देखिँदो रहेछ ।" | - आरिफले त्यहाँबाट रारा ताल सुन्दर देखिएकामा खुसी व्यक्त गरे । | |
| १०. सुल्तानले आसिफलाई भने, "यहाँ तिमी कहिले आयौ ?" | - सुल्तानले आसिफलाई त्यहाँ कहिले आएको भनी सोधे । | |

२. **माथिको तालिकामा दिइए जस्तै दिइएको अनुच्छेदमा प्रयुक्त प्रत्यक्ष कथनलाई अप्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् :**

एक पटक एक जना विद्वान् दार्शनिक एरिस्टोटलकहाँ गए । विद्वान् आएको देखेर एरिस्टोटलले भने, "तपाईँ किन यहाँ आउनुभयो ?" विद्वान्ले भने, "तपाईँलाई पढाउने गुरुका बारेमा जान्ने चाहनाले आएको हुँ ।" एरिस्टोटलले भने, "मेरा गुरुका बारेमा किन जान्न चाहनुहुन्छ ?" विद्वान्ले भने, "म उहाँसँग भेट गर्न चाहन्छु ।" एरिस्टोटलले भने "तपाईँ मेरा गुरुसित भेटघाट गर्न सक्नुहुन्न ।" विद्वान्ले भने, "के उहाँ यस संसारमा हुनुहुन्न ?" एरिस्टोटलले भने, "हैन, यस संसारमा उहाँ सधैँ रहनुहुन्छ । मेरा गुरु त कहिल्यै मर्नुहुन्न ।" "यसको मतलब मैले बुझिनँ" विद्वान्ले भने । एरिस्टोटलले भने, "यस संसारमा जति पनि मूर्ख छन् ती सबै मेरा गुरु हुन् । संसार रहुन्जेल मूर्ख पनि रहिरहन्छन् ।" विद्वान्ले फेरि भने "तपाईँले किन मूर्खलाई गुरु बनाउनु भयो ?" एरिस्टोटलले भने, "दुर्गुण कस्ता कस्ता हुन्छन् भन्ने बुझ्न" । विद्वान्ले भने, "दुर्गुणका बारेमा किन्न जान्न चाहनुभयो ।" एरिस्टोटलले भने "सबभन्दा पहिले म आफूमा रहेका सबै दुर्गुण त्याग्न चाहन्थे ।" विद्वान्ले भने, "मैले बुझेँ । अब म जाऊँ ?" एरिस्टोटलले भने, "जानुहोस् ।"

३. **दिइएको संवाद पढ्नुहोस् र त्यसमा आएका कथनलाई अप्रत्यक्ष कथनमा परिवर्तन गरेर एउटा अनुच्छेद तयार पार्नुहोस् :**

(निर्देश पढ्ने कोठामा बसेर किताब मिलाउँदै छन् । उनका बुबा त्यहाँ आउनुहुन्छ )

बुबा - छोरा, भात खायौ ?

निर्देश - खाएँ बुबा ।

बुबा - छोरा, आज विद्यालय छिटै जाऊ है ।

निर्देश - किन बुबा ?

बुबा - आज पानी पर्ला जस्तो छ ।

निर्देश - झोलामा छाता हालेको छु ।

बुबा - छाताले थेग्न नसक्ने पानी पर्ला जस्तो छ । यसैले चाडै जाऊ भनेको हुँ ।

निर्देश - हस् बुबा । (एकछिन पछि) बुबा, म जाऊँ ?

बुबा - राम्रोसँग जाऊ छोरा ?

(निर्देश विद्यालय प्रस्थान गर्छन् )

४. **दिइएको अनुच्छेदबाट अप्रत्यक्ष कथनमा रहेका चारओटा वाक्य खोज्नुहोस् र तिनलाई प्रत्यक्ष कथनमा बदल्नुहोस् :**

तेन्जिङले निमासँग पुस्तकालय जाने प्रस्ताव राख्यो । निमाले स्वीकृति जनाई । रतियाले आफू पनि पुस्तकालय जान चाहेको बताई । तीनै जना पुस्तकालय गए । त्यहाँ उनीहरूले दोर्जेलाई पनि भेटे । दोर्जेले उनीहरूसित पुस्तकालय आउनुको प्रयोजन सोध्यो । उनीहरूले नेपालको लोक संस्कृति र साहित्यका बारेमा शोधखोज गर्न आएको बताए । दोर्जेले उनीहरूलाई कर्नालीको लोक संस्कृति नामक पुस्तक पनि पढ्नुपर्ने सल्लाह दियो । उनीहरूले सुझावका लागि दोर्जेलाई धन्यवाद दिए ।

५. **दिइएको तालिकामा दिइएका वाक्यको उद्देश्य र विधेय खण्ड पढ्नुहोस् र तालिकाको अन्त्यमा दिइएको व्याख्यात्मक अंशलाई समेत आधार बनाई माथिको पाठबाट पाँचओटा वाक्य टिपेर तिनको उद्देश्य खण्ड र विधेय खण्ड छुट्याउनुहोस् :**

| **वाक्य** | **संरचना** | |
|---|---|---|
| | **उद्देश्य खण्ड** | **विधेय खण्ड** |
| १. पेम्बा मिहिनेती विद्यार्थी हो । | पेम्बा | मिहिनेती विद्यार्थी हो । |

| | | |
|---|---|---|
| २. मिहिनेती पेम्बा परीक्षामा सफल हुन्छ । | मिहिनेती पेम्बा | परीक्षामा सफल हुन्छ । |
| ३. पेम्बाकी आमाले घरका सबैलाई चियाखाजा दिनुहुन्छ । | पेम्बाकी आमाले | घरका सबैलाई चियाखाजा दिनुहुन्छ । |
| ४. मिहिनेती पेम्बा धेरै चलाख केटो हो । | मिहिनेती पेम्बा | धेरै चलाख केटो हो । |
| ५. त्यस केटाले कर्णप्रिय गीत गायो । | त्यस केटाले | कर्णप्रिय गीत गायो । |
| ६. त्यस ठुलो केटाले गुलियो आँप खायो । | त्यस ठुलो केटाले | गुलियो आँप खायो । |
| ७. त्यस मिहिनेती केटाले बहिनीलाई गृहकार्य सिकायो । | त्यस मिहिनेती केटाले | बहिनीलाई गृहकार्य सिकायो । |
| ८. पासाङको कान्छो भाइ त्यस चलाख केटाले गाउँका धेरै मान्छेलाई सहयोग गरेको छ । | पासाङको कान्छो भाइ त्यस चलाख केटाले | गाउँका धेरै मान्छेलाई सहयोग गरेको छ । |
| ९. गाउँका सबै मान्छे उसलाई धेरै माया गर्छन् । | गाउँका सबै मान्छे | उसलाई धेरै माया गर्छन् । |

- माथिको तालिकामा दिइएका एउटा उद्देश्य र एउटा विधेयको संरचनामा रहेका भाषिक एकाइ वाक्य हुन् ।
- वाक्यमा जसका बारेमा केही कुरा भनिन्छ त्यसलाई बुझाउने पद वा पदावली उद्देश्य हो भने जे कुरा भनिन्छ त्यसलाई बुझाउने पद वा पदावली विधेय हो । 'पेम्बा धेरै मिहिनेत गर्छ ।' वाक्यमा पेम्बाका बारेमा भनिएकाले 'पेम्बा' उद्देश्य हो भने 'धेरै मिहिनेत गर्ने कुरा' भनिएकाले 'धेरै मिहिनेत गर्छ ।' अंश विधेय हो ।
- उद्देश्य र विधेयअन्तर्गत एक वा एकभन्दा बढी पद रहन सक्छन् । 'पेम्बाकी आमाले घरका सबैलाई चियाखाजा दिनुहुन्छ ।' वाक्यमा पेम्बाकी आमाका बारेमा भनिएकाले 'पेम्बाकी आमा' उद्देश्य हो भने 'घरका सबैलाई चियाखाजा दिने कुरा' भनिएकाले 'घरका सबैलाई चियाखाजा दिनुहुन्छ ।' विधेय हो । यस उदाहरणमा उद्देश्यअन्तर्गत दुईओटा पद आएका छन् भने विधेयअन्तर्गत चारओटा पद आएका छन् ।
- उद्देश्यमा नामपद र विधेयमा क्रियापद मुख्य घटकका रूपमा रहेका हुन्छन् । मुख्य घटकलाई शीर्ष पनि भनिन्छ । उद्देश्यमा नामपद शीर्षका रूपमा रहने भएकाले यसलाई नामपदावली र विधेयमा क्रियापद शीर्ष बन्ने भएकाले यसलाई क्रियापदावली

पनि भनिन्छ । उद्देश्य र विधेयमा शीर्षका रूपमा रहेका नामपद र क्रियापदबाहेक अन्य पद पनि आउन सक्छन् । शीर्षबाहेकका पदहरूलाई चाहिँ विस्तारक भनिन्छ ।

**६. दिइएको तालिकामा उद्देश्य र विधेयअन्तर्गत विस्तारक र शीर्ष दुवै प्रयोग भएका केही उदाहरण दिइएका छन् । यस्तै अन्य पाँचओटा वाक्य पाठबाट खोजेर लेख्नुहोस् :**

| उद्देश्य (नाम पदावली) | | विधेय (क्रिया पदावली) | |
|---|---|---|---|
| **विस्तारक** | **शीर्ष (कर्ता)** | **विस्तारक** | **शीर्ष (समापक क्रिया)** |
| - | म | आमाबुबाको सबैभन्दा जेठो सन्तान | हुँ । |
| मेरो | बुबा | भारी बोक्ने काम | गर्नुहुन्थ्यो । |
| मेरी | आमा | खेतीकिसानी | गर्नुहुन्थ्यो । |
| मेरा हजुरबुबा हजुरआमा | दुवैले | जीवनसङ्घर्षबाट सदाका लागि विश्राम | लिइसक्नुभयो । |
| आमाबुबाको जेठो सन्तान | मैले | खेतीपातीबाट आफ्नो जीवन निर्वाह | गरिरहेको छु । |
| मेरी | जीवन सँगिनी चाहिँ | चोमोलुङ्मा औद्योगिक प्रतिष्ठानमा कार्यरत | छिन् । |
| चोमोलुङ्मा औद्योगिक प्रतिष्ठानका सबै | सामान | हाम्रो घरमा | छन् । |
| चोमोलुङ्मा औद्योगिक प्रतिष्ठानका | सामान | आप्रवासी नेपालीहरूका घरमा पनि पर्याप्त मात्रामा | छन् । |
| आप्रवासीलगायत हामी सबै | नेपाली | चोमोलुङ्मा औद्योगिक प्रतिष्ठानको प्रगति देखेर धेरै खुसी | छौँ । |

**७. दिइएको अनुच्छेदमा प्रयुक्त वाक्यबाट उद्देश्य खण्ड र विधेय खण्ड छुट्याउनुहोस् :**

हामी पोखरा गयौँ । हामी पहिलो दिन फेवाताल घुम्यौँ । हामी फेवातलामा डुङ्गा चढ्यौँ । धेरै विदेशी पर्यटक फेवातालमा आएका थिए । हामीले गीत पनि गायौँ । तीन जना पर्यटक नाचे । गाउँका धेरै मानिस त्यहाँ भेला भएका थिए । केही गाउँलेले ताली बजाए । केहीले गीत गाए । हामी सबै त्यस दिन खुब रमायौँ ।

७. **शुद्ध बनाई पुनर्लेखन गर्नुहोस् :**

गत सनिवार विहान रिमरीम उज्यालो हुँदैगर्दा म कोटेश्वरबाट सोलु दुधकुण्ड जाने माइक्रोबसमा चढेँ। बस भक्तपुर, धुलिखेल, नेपालथोक, खुर्कोट, घुर्मी, हिलेपानि, ओखलढुङ्गा, ठाडे हुँदै बेलुका ४ वजे सोलुसल्लेरि पूग्यो ।

## सिर्जना र परियोजना कार्य

१. **पढाइ वा अन्य क्षेत्रमा सफलता हासिल गर्ने तपाईंका आफन्त वा तपाईंले चिनेजानेको कुनै व्यक्तिसँग सम्पर्क राखी उहाँले गरेका सङ्घर्ष, परिश्रम र सफलतालाई समेटेर एउटा रिपोर्ताज लेख्नुहोस् ।**

२. **कक्षामा सल्लाह गरी विभिन्न छापा वा अनलाइन पत्रिकामा प्रकाशित रिपोर्ताज सङ्कलन गर्नुहोस् र आफूले सङ्कलन गरेको रिपोर्ताज कक्षामा प्रस्तुत गर्नुहोस् ।**

# परिशिष्ट

## सुनाइ पाठ १

### दोभानमा भेट भएपछि

यहाँ पनि
म जस्तै अर्को नदी रहेछ ।

दोभानमा भेट भएपछि
दुई फरक बाटाबाट आएका नदीहरू
आफू जस्तै अर्को नदी देखेर छक्क परे ।

दुवैको यात्रा उस्तै थियो
सङ्घर्षले भरिएको बाटो उस्तै थियो
हृदयको सङ्गीत उस्तै थियो
प्रेमको सपना उस्तै थियो ।

कसलाई जित्नु छ र अब ?

दोभानमा भेट भएपछि
बाँकी यात्रा पूरा गर्न
उनीहरू सँगसँगै मिलेर बग्न थाले ।

*विप्लव ढकाल*

## सुनाइ पाठ २

# अन्तर्मनको यात्रा

औसत मान्छे असल हुन सक्दैन । उसको मन, वचन र कर्म एकै गर्न सम्भव छैन तर मान्छे असल नहुनेबित्तिकै खराब नै हुँदैन । असल र खराबका बिच निकै खुट्किला हुन्छन् । इन्द्रेनीका जस्तै धेरै रङ र तिनका जोर्नीपिच्छेका मन, वचन र कर्ममा जति कम फरक भयो मान्छे उति गतिलो हुन्छ । त्यसका लागि ऊ स्पष्ट चिन्तक, स्पष्ट वक्ता र स्पष्ट कर्ता हुनुपर्छ । जसलाई लोकले छुचो पनि भन्छ ।

म साहित्यकारका माझ पनि बाँचेँ, नाचेँ । साहित्यकर्मी, कलाकार हृदयजीवी हो । ऊसँग केवल मुटु हुन्छ । त्यही पनि यौटा मात्र तर ठान्छ ऊसँग हजारौँ मुटु छन् र हरेक मुटुको अनन्त सम्भावना छ । ऊ केवल मुटु चिन्छ । केवल मुटुको भाका बोल्छ । केवल मटुकै भाका बुझ्छ । जजसले जति जति मुटु दियो उति उति बटुल्छ अनि सबै आफ्नै भन्ने ठान्छ । जजसले अलि अलि माया दिन्छन्, त्यत्यसलाई आफ्नो त्यही एउटा मुटु सिङ्गासिङ्गै बाँड्न खोज्छ । त्यसरी उसले मुटुको दुरूपयोग गर्छ । अरू केको दुरूपयोग गरोस् ? उसँग मुटुबाहेक के हुन्छ र ? उसले त्यही मुटु घोटेर लेख्छ । त्यही मुटु घोटेर माया गर्छ । त्यही मटु घोटेर बाँच्छ । जसलाई पनि माया गर्छ । जति पनि माया गर्छ । ....मैले आफ्नो युवावस्था साहित्यलाई समर्पित गरेँ । म जतिन्जेल साहित्यमा थिएँ, मैले साहित्य नै सास फेरेँ । मेरो साहित्यभन्दा बाहेक अरू केही थिएन । बाँच्ने आवश्यकताले जागिरमा लागेँ, विदेश बसाइँ सरेँ, मेरो साहित्य साधना घट्यो तर मरेन । म नयाँ साहित्यिकर्मीसँग त्यति भिज्न सकिनँ तापनि साहित्यकर्मीहरू नै मेरा सबभन्दा धेरै, सबभन्दा नजिकका, सबभन्दा असल र सबभन्दा आत्मीय मित्र छन् । मेरो युवावस्थाका दौँतरी साहित्यकर्मी आज चालिस वर्षअघि जस्तै आत्मीय छन् । नामले मात्र चिनेका वा चिन्दै नचिनेका साहित्यकर्मी पनि एक वचन बोल्दै आत्मीय हुन्छन् । त्यो व्यक्ति व्यक्तिका बिचको सम्बन्ध होइन । त्यो दुई साहित्यकर्मीबिचको पनि सम्बन्ध होइन । त्यो निःस्वार्थ साहित्य सम्बन्ध हो । अक्षर र शब्दको सम्बन्ध हो, कलाको सम्बन्ध हो । त्यहाँ मह, दुध, पैसा, पद, प्रतिष्ठा, शक्तिको कुनै गन्ध हुँदैन । ती भावनाजीवी अक्षरकर्मी कलाकार मेरा सबभन्दा आत्मीय र सबभन्दा आदरणीय प्राणी हुन् ।

*जगदीश घिमिरे*

## सुनाइ पाठ ३

# घान्द्रुक यात्रा

मैले धेरै चर्चा सुनेको घान्द्रुक हेर्न जाने मौका मार्च १९६७ मा प्राप्त गरेँ । मेरा एडिनवर्गका गुरुकी छोरी क्लेयर गेडेस पदयात्रा र पर्वतारोहणमा अत्यन्त रुचि राख्थिन् र एक हप्ताको छुट्टीमा भारतबाट काठमाडौँ आइपुगिन् । मैले उनको यात्राका लागि पर्वतको नजिकै भएको घान्द्रुक छानेँ । हामी हवाईजहाजबाट पोखरा पुगी पर्यटन विभागद्वारा सञ्चालित एउटा लजमा बस्यौँ । भोलिपल्ट मार्च २ तारिखका दिन हामी पोखराबाट हिँड्यौँ । उत्तरतिर थाकखोला जाने मुख्य व्यापारिक मार्गतर्फ अग्रसर हुँदै बजारको उत्तरतिर ढुङ्गाखानी पार गरी हामी अघि बढ्यौँ । बाटामाथि देब्रेतिर ढुङ्गा चिरेर बनाइएको पुरानो सिँचाइ कुलाको केही रेखा देखिन्थ्यो । त्यसपछि हामी गोला ढुङ्गा यत्रतत्र छरिएको याङ्दी खोला तरेर सेती नदीको पश्चिमतिरको गरैंगरा परेको पाखाबाट उकालो चढ्यौँ । मैले सन् १९६२ मा हेरिसकेको खासगरी डोक्पाहरूको बाहुल्य भएको तिब्बती शरणार्थी क्याम्प (८७५ मिटर) नदीको उच्च बगरका रूपमा रहेको थियो । अहिले केराका बोटको हरियाली तथा जताततै घारीले ढाकेको एउटा सुसङ्गठित गाउँमा परिणत भएको रहेछ । गोला ढुङ्गाको समूहबाट बनेको भिर पार गरी हामी एउटा ठाडो खोल्साको गोरेटो उकालो लागी तल्लो ह्याङ्जा (१०४१ मिटर) को अग्ला खेतमा पुग्यौँ । दुई किलोमिटर टाढा गएपछि माथिल्लो ह्याङ्जा (१०६६ मिटर) पुगिन्थ्यो । बाहुन र छेत्री बसेका दुई ह्याङ्जा कोदोबारी, सुन्तलाघारी र रमणीय राता घर भएका विस्तृत क्षेत्रसँग मिल्न मिल्न पुगेका थिए । गाउँका बाटामा हामीले उत्तरतर्फ थाकखोलामा अन्न बोकेर खच्चडका ताँती भेटयौँ । घान्द्रुकबाट किनेर काठमाडौँको उत्तरमा पर्ने सरकारी फार्मबाट लैजान लागिएका भेडाबाखाको एक बथान पनि भेट्यौँ ।

माथिल्लो ह्याङ्जाको पश्चिममा हाम्रा अगाडि याङ्दी खोलाको बाढीले बनाएको मैदान थियो । सो मैदान कास्की डाँडाको ठाडो भिरालो मोहडा र धम्पुसको डाँडाबिचमा रहेको उपत्यकाबाट घेरिएको थियो । केही थकाली भट्टी भएका बारी नाघेर हामी पश्चिमतिर बढ्दै गयौँ र एउटा भट्टीमा चिया खायौँ । बाँसका मान्द्राले बनेका ती साधारण भट्टीघर आइमाईको रेखदेखमा हुन्छन् । भान्साको सफाइ र आकर्षक सेवाले थाकेका बटुवालाई लोभ्याउँछन् । साधारणतया धान थन्क्याउनासाथ भट्टीहरू जताजतै देखा पर्न थाल्छन् र हिउँदभर खुब व्यापार चम्कन्छ । अन्तिममा फापर थन्क्याउने समयमा भट्टीमालिक आआफ्ना सामान बटुलेर आफ्ना घर थाकखोला फर्कन्छन् । पोखरादेखि बुटवल जाने पुरानो बाटाका भट्टीका लाइन राजमार्ग बनेपछि यत्रतत्र छरिन पुगे । भट्टीका लागि भाडामा दिएको धानखेतको बहालस्वरूप पहिले तिब्बती नुन दिने चलन भएकामा अब नगद दिने चलन आयो ।

*हर्क गुरुङ*

## सुनाइ पाठ ४

# जाडो र स्वास्थ्य

हिजोदेखि ठन्डी लागेको जस्तो छ । जिउ केही शिथिल भएको छ । यसपालि उग्र जाडो भयो । अस्तिमात्र नजिकैको पहाडमा हिउँ पऱ्यो । यता वर्षा ऋतु झैँ झरी परिरह्यो । हिजो बल्ल आकाश उघ्रियो तैपनि बादलका टुक्रा धम्की दिने भाउले आकाशमा अडिरहेका छन् । पश्चिमतिर आकाश कालो भएर आएको देख्दा कहिले चिसो र सर्दीबाट त्राण पाइएला जस्तो हुन्छ । उनी लुगा मेरा लागि वर्जित छ किनभने उन मेरो प्रकृतिको अनुकूल पर्दो रहेनछ । उनी कपडा प्रति मेरो प्रकृति एलर्जिक छ । यसपालिको जाडो बिना उनी लुगा लाएर मैले काटेँ । तीन तहको लुगा र तगुवा भोटोले ठुलो मदत गऱ्यो । यद्यपि मलाई जाडोयाम रमाइलो लाग्छ तर शरीरमा यसको प्रतिकूलता पर्छ । यसपालि जाडादेखि वाक्क भइयो ।

हिजो डेराबाट रेकेट बनाएर पठाएका थिए । आज उठ्नेबित्तिकै ब्याडमिन्टनको तीन खेल खेलेँ । आजकल म बडो छिट्टै थाक्न लागेको छु । यता केही महिनादेखि शारीरिक परिश्रम मेरो शरीरका लागि असाधारण ढङ्गले प्रतिकूल परेको जस्तो लाग्छ । त्यसो त बाहिरबाट मेरो स्वास्थ्य ठिक नै छ । आजै खेलपछि बढो क्लान्त भएको अनुभव मलाई भयो । उमेर बढ्दै गएर हो भनेदेखि यस्तो हठात् किसिमबाट यसको लक्षण प्रकट नहुनु पर्ने । तीन तीन महिनैमा स्पष्ट रूपले अनुभव हुने गरी यस्तो नहुनु पर्ने । जे होस्, शरीर कमजोर भएको अनुभव हुन्छ । मानसिक चिन्ता पनि शारीरिक क्लान्तिको कारण हुन सक्छ ।

*विश्वेश्वरप्रसाद कोइराला*

## सुनाइ पाठ ९

# टुटेको सपना

मानेरुम्डु बितेको भोलिपल्ट देखिन् खुम्जुङ उपत्यकामा बिउँझिएको चुनावको चहलपहल चिसो भएको पनि कैयन् दिन भइसकेको छ । स्याङबोचे, ताङबोचे, पाङबोचे, खुन्दे र त्यसको सेरोफेरोका अन्य गाउँका भोटरसमेतको निम्ति पाइक पर्ने गरेर खुम्जुङ उपत्यकामा खडा गरिएको चुनाव बुथको अब नामनिसानसम्म पनि छैन । खुम्जुङबाट दिनदिनै देखिने पुमरी, अमालब्लान, लोत्से, मकालु आदि आदि हिमशृङ्खलाका चुचुरासहित सगरमाथासमेतका चुचुराको हाँकले भने अझसम्म पनि रङ बदलेको छैन । अब ती हिमशृङ्खलाका चुचुराका हाँकको अस्तित्वले अलिकति पनि रोमाञ्चित तुल्याउँदैन पेमा दोर्जीलाई । न त ती चुचुराको गाथाले मनोरञ्जन नै दिने गर्छ

उसलाई । साँच्चि त्यतातिर साह्रै उदास हुँदै आइरहेको छ पेमा दोर्जी चुनावको दिनदेखिन् किनभने अब देखिन् ती हिमशृङ्खलामा उसले कहिले पनि पाइलो हाल्न सक्ने छैन । न त हिउँले छोपिएका चट्टानका ढुङ्गामा घुयेँत्रो घुमाए झैँ काँटा घुमाएर डोरी अल्झाउन सक्ने छ, न त जुमार तानेर हिमालको उचाइलाई छोट्याउन सक्ने छ । अब उसका निम्ति हिमाल चढ्दा प्रयोग गरिने साराका सारा औजार काम नलाग्ने भइसकेका छन् । हरे ! विगत छ महिनाअघि चुनाव के आएको थियो त्यसले उसको सगरमाथाको चुचुरोमाथि विजय प्राप्त गर्ने धोकाको सम्भावनाको फाँटलाई सिनित्त पुछिदिएको छ ।

*दौलतविक्रम बिष्ट*

## सुनाइ पाठ ६

### *झमककुमारी घिमिरे*

झमककुमारी घिमिरेको जन्म वि.सं २०३७ असार २५ गतेका दिन धनकुटा जिल्लाको कचिँडे गाउँमा भएको हो । बुबा कृष्णबहादुर घिमिरे र आमा आशादेवी घिमिरेकी प्रथम सन्तान झमक अन्य शिशु झैँ सामान्य रूपमा जन्मेकी हुन् । समय क्रममा शारीरिक वृद्धि सही किसिमले हुन नसकेपछि परीक्षण गराउँदा उनलाई 'सेरेब्रल पाल्सी' नामको मस्तिष्क रोग भएको पत्ता लाग्यो । हातगोडा नचल्ने, उभिन, हिँड्न र बोल्न नसक्ने भए पनि उनी अरूले भनेको कुरा सुन्न र बुझ्न चाहिँ सक्थिन् । खुट्टाको तीन औँला मात्र चल्ने उनले तिनै तीन औँलाको सहयोगबाट खाना खाने, लुगा लगाउनेलगायतका आफूले सक्ने काम आफैँ गर्थिन् ।

शारीरिक अशक्तता भएकै कारण औपचारिक रूपमा अध्ययन गर्न पाउने अवसरबाट वञ्चित भएकी झमकले घरमा भाइ र बहिनीले पढेलेखेको देखेसुनेर शिक्षा आर्जन गरेकी हुन् । खाने मुखलाई जुँगाले छेक्दैन भने झैँ भाइबहिनीका किताब पढ्दै र स्वाध्ययन गर्दै उनले उत्कृष्ट साहित्य सिर्जना गर्न सक्ने योग्यतासमेत हासिल गरिन् । आधा दर्जनभन्दा बढी साहित्यिक कृति रचना गरिसकेकी झमकको सबैभन्दा चर्चित पुस्तक 'जीवन काँडा कि फूल' हो । वि.सं २०६७ को मदन पुरस्कार प्राप्त गर्न सफल यस कृतिमा उनले आफूले भोगेको पीडा र सङ्घर्षको गाथा प्रस्तुत गर्नुका साथै समाजमा व्याप्त अन्धविश्वास, भेदभाव, विकृति र विसङ्गतिको अन्त्य हुनुपर्ने विचार व्यक्त गरेकी छन् । यस कृतिको अङ्ग्रेजी, चिनियाँ, आसामी र हिन्दी भाषामा अनुवाद हुनुका साथै चलचित्रसमेत बनिसकेको छ । निरन्तर सङ्घर्ष गर्दै रचेका उत्कृष्ट साहित्यिक कृतिद्वारा उनले नेपाली साहित्य र समाजलाई उल्लेख्य गुन लगाएकी छन् । उनको उच्च मनोबल, उनले गरेको सङ्घर्ष र निरन्तरको साधना प्रत्येक व्यक्तिका लागि प्रेरणादायी बनेको छ ।

आफूले गरेको उल्लेख्य योगदानका कारण उनले 'प्रबल गोरखा दक्षिण बाहु चौथो' लगायत दर्जनौँ पुरस्कार एवम् सम्मान पनि प्राप्त गरिसकेकी छन् । मध्यपश्चिम विश्वविद्यालयले उनलाई मानार्थ विद्यावारिधि उपाधिबाट समेत सम्मान गरिसकेको छ । नेपाल सरकारले रु. एक करोड असी लाखको लागतमा काठमाडौँमा आवास निर्माण गरिदिएर उनलाई सम्मान गरेको छ । उनी अहिले पनि साहित्य सिर्जनामा पूर्णतः समर्पित छिन् । यसरी आफू अशक्त भएर पनि सङ्घर्ष गर्दै साहित्यको सिर्जनामा निरन्तर समर्पित भइरहने झमक नेपाली साहित्यकी विशिष्ट रत्न हुन् ।

## सुनाइ पाठ ७

### वन

आँसु खसाली रोइरहेँथे जीवन वनका बिच
खोजी खोजी कतै नपाई मेरो मनका चिज
टुटेफुटेका आशामाथि नयन दुःखका नीर
कहाँ कहाँको कता कताको मेरो मनको पिर ।

लालसाले मोहनीको रूप गरी धारण
बोली गहना झल्काई रुन्छौ तिमी कुन कारण ।

विलासको यो महल मनोहर हुन्छु म तिम्री रानी
मैले बोलेँ, "हुन्छ सबै यो भोलि धुलो र खरानी ।"
धर्म बोले, "कुन मन्दिरमा पूजा गर्छौ आऊ"
मैले बोलेँ, "वीरहरूको बलिदान भएको ठाउँ"

सहानुभूतिले सकरुण बोलिन्, "तब किन रुन्छौँ भाइ ?"
मैले बोलेँ, "समय छ छोटो सेवा गर्न मलाई ।"

दोस्त कहाँ छन् ? साथ छ को को ? घर हो तिम्रो कुन देश ?
जान्छौ कुन पुर भवन मुसाफिर ? ल्यायौ कुन सन्देश ?
"दोस्त छ मेरो शुभ उद्योगी, साथ छ साहस बेस
विश्व सबै घर हृदयपुरीतिर ल्याउँछु सेवा सन्देश ।"

*लक्ष्मीप्रसाद देवकोटा*

## सुनाइ पाठ ८

### जीवन

एक दिनको साँझ पहेँलो घाममा पल्टेको छ काठमाडौँ सहर । बाटो, फाँट चमकन्न, कुनै रङ छैन, केही नयाँपन छैन । आफूभित्रको मनदेखि लिएर सारा आकाश फुङ्ग उडेको, रित्तो । मलाई विरक्त लाग्छ सधैँ कसरी कता तह लगाउने यी साँझहरूलाई ? .... म विचारधारालाई अर्कोतिर मोड दिँदै नयाँ सडकतिर लम्कन्छु । यो साँझ कहीँ मिल्काएर आउनु छ, कसै गरेर बिताउनु छ । म पनि जसोतसो साँझ मिल्काइदिन्छु, एउटा गोरखापत्र पढेर केही झ्याउरे सुनेर । साँझ बित्छ र सम्झन्छु यो रात आफ्नो । त्यसैले त आफ्नो बाटो भएर आफ्नै घर फर्कनुपर्छ । एकछिनसम्मको मुसलधारे पानीपछि फेरि काठमाडौँको आकाशमा बादल फाट्छ । म फर्किन्छु उही बाटो, मोड र मन्दिर भएर । बाटो सब चम्कन्छन्, साँझसँगै रातको एक हिस्सा पनि कहीँ बिताएर आइरहेकी छु । हावा बल गरेर सुइँसुइँती चल्छ । रात शीतल नै छ तर मभित्र गर्मी छ । कुनै पिरबिना, अर्थबिना ममा आएको । कुनै रोगै नभई मेरा नसा नसा दुखेका छन् । विचार गर्छु कस्तो एकोहोरो, कस्तो एकनास यो जीवन पनि । हिँड्दाहिँड्दै परीकथामा जस्तै एउटा रहस्यको ढोका खुलिदिए पनि हुने, केही भए पनि हुने तर केही हुँदैन । कि त सास फेर्न बिर्सनुपर्‍यो आफैँलाई थाहा नपाउन नत्र त यो सासको ओहोरदोहोरले बिताउनु छ स्थिति र जीवन, चाहे जीवन जतिसुकै महाशून्य किन नहोस् । जीवनलाई हेर्न यो निष्क्रिय सान्त्वना जो अहिले म समातिरहेछु, त्यसले मलाई हुत्याइरहन्छ पछिबाट तर म विवश छु, मैले केलाई अवरोध गर्ने ? म केलाई अवरोध गरूँ ? म आफ्नो छातीमा कहीँकतै अभावको खोटो पाउँदिनँ । यो त भरिभराउ छ, समतल छ तर यो सम्पूर्णता होइन, अवश्य होइन । फेरि छटाकछिटिक पानी पर्छ । म मन्दिरअघि छु । ....मन्दिरउता बारा पसलको छाप्रो, सडकपारिको लठ्ठाबाट एक टुक्रा उज्यालो छाप्राको अन्धकार लखेटेर पसेको छ, मानौँ यो लठ्ठालाई जलन छ छाप्रासित ।

*पारिजात*

## सुनाइ पाठ ९

### यन्त्र मानव

सहरको एक कुनामा मानिसको भिड बढ्दै थियो । त्यस भिडका मानिस बडो आश्चर्य मान्दै मज्जा लिइरहेका थिए । त्यहाँ भिड जम्मा गरेको थियो एक यन्त्र मानवले । दुरुस्त मानव झैँ लाग्ने त्यस

यन्त्र मानवले मानव हाउभाउको नक्कल गर्थ्यो । वेला वेलामा अनौठा आवाज निकालेर मानिसलाई बोलाउँथ्यो । भिडका मानिस त्यसलाई विज्ञानको उच्चतम आविष्कार ठानी आश्चर्यचकित भएर हेरिरहेका थिए ।

भिडका मानिस त्यस यन्त्र मानवलाई नजिकैबाट नियालिरहेका थिए । कोही यन्त्र मानवसँग बडो आरामले हात मिलाइरहेका थिए । कोही अचम्म मानेर त्यसलाई सुमसुम्याइरहेका थिए । कोही सँगै बसेर फोटो खिचाइरहेका थिए । भिडका केही वृद्धवृद्धा भगवान्को आधुनिक अवतार ठानेर त्यस यन्त्र मानवको चरण स्पर्श गरिरहेका थिए ।

मानिसको भिड निकै बढिसकेको थियो । एक्कासि यन्त्र मानवले आवाज निकाल्यो ।

“खानका लागि दुईचार रुपियाँ पाऊँ हजुर !”

यन्त्र मानवले भिडमा हात पसार्‍यो । भिडका मानिस अचम्मित भए ।

कसरी यन्त्र मानवले मान्छे झैँ मिठो बोल्न सक्छ ? यन्त्र मानवलाई पैसाको के काम ? भिडका मानिस प्रश्न प्रतिप्रश्न गर्न थाले ।

यन्त्र मानवले मिठो आवाजमा भन्यो, “आधुनिक जमानाको यो आधुनिक सहरमा मैले भिख माग्ने तरिका मात्र परिवर्तन गरेको हुँ । वास्तवमा म हजुरहरू जस्तै मान्छे हुँ ।

यन्त्र मानवको यस्तो कुरा सुनेपछि भिडका मानिस यन्त्रवत् भए ।

*कृष्ण बजगाईं*

## सुनाइ पाठ १०

### झतेर

कान्छा : हरि तिमी लहडी छौ । सुन त, दुलहीले छोएको तिमीले खाएपछि तिमीले छोएको अरूले खाएनन् भने नि.... ।

हरि : हुन्छ, दुलहीले छोएको तपाइँहरू बिस जना नखानुहोला, नखानुहोस् । उनीले छोएको खाने संसारमा बिस लाख मानिस छन् । अझ करौडौँ पशुपन्छी छन् । हुन्छ, तपाइँहरू घृणाले नाता टुटाउँदै जानुस्, प्रेमले नाता जुटाउनेहरू जगत्मा अनगिन्ती छन् ....।

कान्छा : हरिले ठिक भन्यो । म त खान्छु, भोकै बस्न सक्दिन । ....

माहिला : ....खान मन लाग्ने खान्छन्, मन नलाग्ने खाँदैनन् । यसमा केको करकर ....।

जेठा : कान्छाले भनेको कुरा पच्चिसैआना बेमनासिब त भन्दिन तर पुस्तौँदेखि चलिआएको कुरालाई हम्मेसी...

कान्छा : ....कहिलेदेखि के चलेर आयो ? हजारौँ वर्ष लुगै नलगाउने चलन थियो ...., पर्वतका पत्थरी गुफाको हुँदाहुँदै ऐनाघर भइसक्यो ....। काँचो खानाको पक्वान्न भइसक्यो । ताडपत्रको पुस्तक भइसक्यो ....। रथका ठाउँमा रेल, मोटर, हवाईजहाज, रकेट भइसक्यो । दियालाका ठाउँमा बिजुली बत्ती भइसक्यो । ... तपाइँहरू अनन्त समयको कुनो भागलाई केन्द्र सम्फेर टिक्नुहुन्छ ? अहिले हामी जसरी चलिरहेका छौँ, यो हाम्रो चलन हो । चल्न छोडिसकेका चलन जसले चलाए तिनैसँग मरेर गए । अब फेरि तिनैलाई अँगाल्ने ? ....

काहिँला : हाम्रा कान्छाले पढेको सार यै भो ....।

कान्छा : मैले विदेशमा ठुला ठुला होटलमा गएर खाएको छु । जुत्ता लाएको खुट्टा टेबुलमुन्तिर घुसारेर टेबुलमास्तिर राखिएको पुलाउ भात चम्चाले खाएको छु । मैले छोएको तपाइँहरू सबैले खाइसक्नु भएको छ । अब कता गयो हाम्रो जात ? ....विदेशमा जाँदा सब नेपाली नेपाली छौँ भने यहाँ आउनेबित्तिकै किन सङ्कुचितपना लिनु ....।

*बालकृष्ण सम*

## सुनाइ पाठ ११

# टाउको

म टोपी टिपेर टाउको छोप्छु तर कपाल मात्र छोपिन्छ, टाउकाभित्रको सिलिङबिलिङ छोपिँदैन बरु त्यहाँ एउटा छाल आउँछ । एउटा भुमरी पर्छ, भुमरीमा म फन्न रिङ्छु, देश रिङ्छ, विश्व रिङ्छ मानौँ सिङ्गै ब्रह्माण्ड अटाएको छ मेरो टाउकोभित्र । आमै नि ! कति ठुलो हुन्छ मान्छेको टाउको ! पृथ्वीभन्दा धेरै ठुलो, ब्रह्माण्डभन्दा धेरै ठुलो ! ओहो ! यत्रो भयङ्कर टाउको मैले कसरी बोकेको छु ? मलाई खलखली पसिना आउँछ, टाउको छाम्छु, एउटा सानो जुम्रो छ्यास्स टेबुलमा खस्छ । ब्रह्माण्डभन्दा ठुलो टाउकाको बासिन्दा यो जुम्राले मानौँ आफ्नो परिचय दिन्छ, "म त्यस गोल दुनियाँको सर्वश्रेष्ठ जुम्रा जाति हुँ । म पनि यस गोल दुनियाँको सर्वश्रेष्ठ मानव जाति हुँ । दुवैको पृथ्वी गोल छ भने जुम्रा र मान्छेमा के फरक छ ? जब मेरो टाउको धेरै फोहोर हुन्छ, जुम्राको सृष्टि हुन्छ। जबसम्म म नुहाउन्नँ, उसको स्थिति हुन्छ, एकअर्कासित मायापिरती हुन्छ, लिखा जन्मिन्छन् । लिखाबाट जुम्रा बन्छन्, यो रौँबाट ऊ रौँ, यो कुनाबाट ऊ कुना ओहोरदोहोर चलिरहन्छ । जुम्रामा पनि कुनै भास्कोडिगामा र कुनै कोलम्बस नौला नौला ठाउँको पत्ता लगाउलान् । जुम्रामा पनि कुनै व्यास, होमर जस्ता कवि होलान् । कोपर्निकस, न्युटन, र आइन्स्टाइन निस्केर टाउकाको परिधि र

व्यासको लेखाजोखा गर्लान् । गुरुत्वाकर्षण र सापेक्षतावादको व्याख्या गर्लान् । त्यहाँ पनि कृष्ण, कन्फ्युसियस, क्राइस्ट, बुद्ध र मोहम्मद जन्मेर जुम्रा जातिको उद्धारका लागि भरमग्दुर कोसिस गर्लान् । त्यहाँ पनि गाँसबासका निम्ति युद्ध होला । ढाडी जुम्राहरू चम्कनाहरूलाई छिनछिनमा सताउँदा हुन् तर जब म नुहाउन थाल्छु, साबुनको भ्mोलले जुम्रालोकमा हाइड्रोजनको काम गर्छ । महाप्रलय भएर उनीहरूको दुनियाँ उजाड हुन्छ । मेरो र जुम्राको संसारमा के फरक छ ? मेरो र जुम्राको अस्तित्वमा के फरक छ ? बरु हुन सक्छ, पृथ्वी कसैको गोल टाउको हो, मान्छे त्यस टाउकाको जुम्रा । जब टाउकोवाला नुहाउन थाल्छ, हाम्रो प्रलय हुन्छ । फोहोरै राखिछाडोस् बरु उसले आफ्नो टाउको । म सोच्दै जान्छु, जुम्रा टेबुलमा रगरगाउँछ, कस्तो अनुभव हुँदो हो त्यसलाई टेबुलमा । उसले यहाँबाट फेरि फर्कन पायो भने जुम्रा लोकमा कस्तो यात्रा वृत्तान्त सुनाउँदो हो, "बुझ्यौ, हाम्रो संसारभन्दा बाहिर अर्कै संसार रहेछ । ।" हो, पक्कै यस्तो व्याख्यान छाँट्दो हो । एउटा कुतूहल ल्याउँदो हो ।

*भैरव अर्याल*

## सुनाइ पाठ १२

# कम्प्युटर

कम्प्युटर एक व्यवस्थित विद्युतीय यन्त्र हो । यसलाई व्यवस्थित बनाउने काम यसमा रहेका हार्डवेयर र सफ्टवेयरले गरेका हुन्छन् । विद्युतीय शक्तिबाट चल्ने प्रोसेसर, मोनिटर, माउस, किबोर्ड, प्रिन्टर जस्ता विभिन्न भौतिक यन्त्र हार्डवेयर हुन् । ती यन्त्रलाई सञ्चालन गर्न कम्प्युटरले बुझ्ने भाषामा तयार गरिएको निर्देशनको समष्टि चाहिँ सफ्टवेयर हो । यिनै हार्डवेयर र सफ्टवेयको कार्यका आधारमा कम्युटरलाई निवेश योजना, भण्डारण र उत्पादन गरी चार भागमा राखेर बुझ्न सकिन्छ । यी चार भागमध्ये निवेशअन्तर्गत कम्प्युटरमा तथ्याङ्क वा निर्देशन प्रविष्ट गराउने कार्य हुन्छ । यस कार्यमा प्रयोग हुने उपकरण माउस, किबोर्ड, क्यामेरा, माइक्रोफोन आदि हुन् । योजनाअन्तर्गत कम्प्युटरमा प्रविष्ट भएका कुनै तथ्याङ्कलाई निर्देशनअनुसार गणना, वर्गीकरण वा विश्लेषण हुने गर्छ । यसअन्तर्गतको मुख्य उपकरण प्रोसेसर हो । कुनै सूचनालाई लामो समयसम्म सुरक्षित राखी आवश्यक परेको समयमा पुनः प्रयोग गर्न उपलब्ध गराउन भण्डारणको महत्त्वपूर्ण भूमिका हुन्छ । सिडी, डिभिडी, हार्डडिस्क, पेनड्राइभ, मेमोरी कार्ड आदि उपकरण यसअन्तर्गत पर्छन् । कम्प्युटरमा भएका कुनै तथ्याङ्क वा सूचनालाई देखाउनु उत्पादन हो । उत्पादनको कार्य सम्पन्न गर्ने उपकरण मोनिटर, प्रोजेक्टर, स्पिकर, प्रिन्टर आदि हुन् । कम्प्युटरले आफैँ नियम बनाउँदैन । यसले पूर्वनिर्धारित नियम र त्यसअनुसार दिइएका निर्देशअनअुसार तथ्याङ्कलाई गणना

तथा प्रशोधन गरी त्यसको परिणामलाई देखाइदिन्छ । उक्त परिणामलाई भण्डारण पनि गर्छ । कम्प्युटरलाई विद्युतीय सञ्जालसँग जोड्दा सञ्जालमा आबद्ध भएका सबै कम्प्युटरबिच सूचना आदानप्रदान गर्न सकिन्छ । यसैले कम्प्युटर र इन्टरनेटको सहकार्यबाट सूचना आदानप्रदान, अध्ययनअध्यापन र किनबेचलगायतका विभिन्न कार्य गर्न सकिन्छ। संसारमा समस्या नभएको कुनै व्यक्ति र वस्तु हुँदैन भने झैँ कम्प्युटरमा पनि वेला वेलामा समस्या आउन सक्छ । मानिसलाई कोरोनालगायतका विभिन्न भाइरसले वेला वेलामा सताए जस्तै कम्प्युटरलाई पनि ब्रोन्टक, बुट सेक्टर जस्ता विभिन्न भाइरसले सताउन सक्छन् । यसैले कम्प्युटरलाई सधैँ स्वस्थ र क्रियाशील बनाउन यसमा एन्टिभाइरस सफ्टवेयर पनि अनिवार्य रूपमा इन्स्टल गर्नुपर्ने हुन्छ ।